ॐ

सा विद्या या विमुक्तये

महेश संन्यास आश्रम एवं महेश संस्कृत गुरुकुलम्

रजत-स्मारिका २०७५

ब्रह्मलीन परमपूज्य गुरुवर

श्री १००८ डा. स्वामी रामानन्द गिरिजी महाराजका

श्रीचरणमा सादर समर्पित

प्रकाशक

महेश संस्कृत गुरुकुलम्

देवघाट - ५, तनहुँ

रजत–स्मारिका २०७५

संरक्षक-	श्री १००८ स्वामी मधुसूदनानन्द गिरि
निर्देशन-	श्री १००८ स्वामी रमणानन्द गिरि
परामर्श-	श्री १००८ स्वामी केशवानन्द गिरि
प्रधान सम्पादक-	डा. गुरुप्रसाद सुवेदी
सम्पादक-	पर्वतराज घिमिरे
	चिरञ्जीवी खतिवडा
सहयोगी-	सूर्यमणि जमरकट्टेल
प्रकाशन मिति	रामनवमी, २०७५ चैत्र ३० गते
सर्वाधिकार	प्रकाशकमा सुरक्षित
प्रति	५५५ प्रति।
सहयोग	२००/-
मुद्रक	हाइडल प्रेस प्रा.लि., काठमाडौँ

महेश संन्यास आश्रमद्वारा सञ्चालित

महेश-संस्कृत-गुरुकुलम्

देवघाट - ५, तनहुँ, नेपाल।

फोन : (०५६) ५०००४७, ५०००२०, ९८५५०८८८८३

E-mail : msgurukulam@gmail.com

web : gurukulam.edu.np

ॐ



महेश संन्यास आश्रम

महेश संस्कृत गुरुकुलम्

फोन- (०५६) ५०००२०/५०००४७
मोबाइल- ९८५५०८८८८३
ईमेल- msgurukulam@gmail.com
वेब- www.gurukulam.edu.np
फेसबुक- msgurukul

रजतवर्ष महोत्सव समारोह मूल समिति

देवघाट – ५, तनहुँ

शुभाशंसा

वैदिकसनातनधर्मस्य सनातनसंस्कृतेः संस्कृतशिक्षायाश्च संरक्षणाय वेदान्तविद्यावारिधिभिः पूज्यचरणैर्गुरुभिः स्वामिरामानन्दगिरिमहाराजैः संस्थापितस्यास्य महेशसंस्कृतगुरुकुलस्य रजतवर्षमहोत्सवो नैकविधैः कार्यक्रमैः साकं सम्पन्न इति सर्वेषामपि संस्कृतानुरागिणां कृते महद्धर्षप्रकर्षविषयः ।

वाराणस्यामध्ययनकालादेव गुरूणां मनसि संस्कृतगुरुकुलस्थापनस्य महतीच्छासीत् । व्यवहारानभिज्ञानां कठोरानुशासनप्रियाणाञ्च तेषां स्वभावं दृष्ट्वा कथमेते बृहदाश्रमं गुरुकुलञ्च सञ्चालयिष्यन्तीति सन्देहः सर्वेषां मानसपटले उदेति स्म । परन्त्वधुना समागत्य अनुभवामि यद् गुरूणां मनसि समुदितः सङ्कल्पो न केवलं तेषामेवेच्छा, अपि तु श्रीविद्येश्वरस्य शिवस्यैव सङ्कल्प आसीत् । शिवसङ्कल्पपूरणभारोऽपि शिवस्यैवेति शिवकृपयैवाल्पेनापि कालेन महेशसंस्कृतगुरुकुलं संस्कृतवाङ्मयस्यानुसन्धानकेन्द्ररूपेण प्रतिष्ठमानं वर्तते । गुरूणां विद्याव्यसनम्, त्यागमयं निःस्पृहजीवनम्, आदर्शचरितम्, अनुशासनप्रियत्वञ्च गुरुकुलस्य सम्बलं वर्तते । एवं ब्रह्मविद्वरिष्ठानां स्वामिमहेशानन्द-खप्तडबाबा-श्यामचैतन्यबाबा-प्रभृतीनां महापुरुषाणामाशीरप्येतस्य गुरुकुलस्यास्याधारभूमिरिति मन्यामहे ।

गुरुवर्याणां ब्रह्मीभावानन्तरं गुरूणामाज्ञानुपालनं तदीयसङ्कल्पानुसरणं च समेषां शिष्याणां कर्तव्यमिति मे प्रतिभाति । गुरुकुलस्थानां गुरुसेवानुरक्तानां परमतत्त्वानुचिन्तनसमर्पितस्वान्तानां समेषामपि गुरुभ्रातृणां भक्तानां गुरुकुलाचार्याणामन्तेवासिनाञ्च जीवने सदा गुरुकृपाभिवृष्टिर्भवेत् । गुरुकृपया शुद्धान्तःकरणानां तेषां हृदये जीवब्रह्मैक्यं निरन्तरं परिस्फुरेदिति प्रत्यगभिन्नपशुपतिचरणे सम्प्रार्थयन् रजतस्मारिकायाः प्रकाशनेन गुरुकुलस्यास्य प्रज्ञालोक आसेतुहिमालयं प्रसरेदिति शुभमाशंसे । शिवमस्तु ।

वि.सं. २०७५ चैत्र १८

पापमोचिनी एकादशी

मधुसूदनानन्द

स्वामिमधुसूदनानन्दगिरिः

संरक्षकः- महेशसंन्यासाश्रमस्य

अध्यक्षः- रजतवर्षसमारोहमूलसमितेः



नेपाल संस्कृत विश्वविद्यालय
Nepal Sanskrit University
बेलझुण्डी, दाङ
Beljhundi, Dang

उपकुलपतिको कार्यालय — Office of the Vice Chancellor

पत्र संख्याः- (फा.नं.)/ च.नं. — मितिः- २०७५/१२/२१

चलानी नम्बरः-

शुभकामना

महेश सन्यास आश्रम तथा महेश संस्कृत गुरुकुलको स्थापना भएको २५ वर्ष भएछ । नेपाल संस्कृत विश्वविद्यालयको सम्बन्धनमा स्थापित यस गुरुकुलले पौरस्त्य ज्ञान र संस्कार संस्कृतिका जानकार सक्षम मानवशक्तिको उत्पादनमा पुऱ्याएको योगदान अत्यन्त नै स्मर्तव्य रहेको छ । सनातन वैदिक धर्मसंस्कृतिको सुरक्षण, प्रवर्द्धन र विस्तारका निमित्त यस गुरुकुलको परिचय विवर्द्धमान् रहेकाले म अत्यन्त नै हर्षित छु । पश्चिमतिरबाट सुरसाको मुख बाएर आएको उपभोक्तावादी मूल्यमान्यता र संस्कारसंस्कृतिका कारणले भक्तिनामकी आमा तरुणी र ज्ञानवैराग्य नामका छोरा चाहिं जराजीर्णवृद्ध बनेको भागवतीय रूपक आजका युगमा सार्थक बनेजस्तै २०३०को दशकबाट नयाँ शिक्षा नामको शिक्षा नियोजनका कारणले पौरस्त्य ज्ञानविज्ञान, दर्शन र भाषावाङ्मयको संरक्षणमा नेपाली सामान्य जनता र योगी सन्यासीहरू लाग्नुपरेको थियो । वस्तुतः पौरस्त्य ज्ञानविज्ञान कला,भाषासाहित्यको आविर्भाव नै यति-वैरागीबाट भएको तथ्य हाम्रा सामुन्ने घामजत्तिकै छर्लङ्ग छ । बशिष्ठको ज्ञानसाधनाले रामलक्ष्मण उत्पादन गरेको थियो भने गुरु सान्दीपनिका ज्ञान निष्ठाका कारणले कृष्ण र बलराम विश्वले पाएको थियो । आज पाश्चात्य देशबाट ल्याइएको शिक्षणपद्धतिका उत्पादनमा भुलेर हाम्रा पौरस्त्य गुरुकुल परिपाटिको शिक्षण पद्धतिलाई विस्थापन गरेको दुष्कर्मको परिणामस्वरूप आज देश र समाजले हत्या, हिंसा, आतङ्क, चोरी, डकैती,बलात्कारीजस्ता अनेक प्रकारका अशान्तकारक तत्त्वका मुठीको माखो बन्दै गएको छ । हामी हाम्रै हिमकन्दरामा प्रादुर्भूत सभ्यता संस्कार तथा धर्मसंस्कृतिसँग अपरिचित बन्दै जान लागेका छौं । त्रिकालदर्शी ऋषिमहर्षिका सन्तति हामी वातावरण विनासका कारणले चक्रवातको ढुकुर बनेर रोइरहेका छौं । आकाश शान्त रहोस्, पृथ्वी शान्त राखौं, वनस्पति शान्त राखौं आदिका माध्यमले विश्वलाई प्राकृतिक सम्पदाका महत्त्वको शिक्षा प्रदान गर्ने ऋषिपुत्र हामी आज लाजै नमानीकन (इन्भायरामेन्ट जोगाउने सन्देश सुनाउँछौं) । प्राकृतिक वातावरणको प्रदूषणले केही दिन पहिले हिलो वर्षाएको पनि त हामी सबैले अनुभव गरेकै कुरो हो । ओजोन पातलिएका कारणले सूर्यको परावैजनी किरण पृथ्वीमा ओइरिएर जीवलाई पुऱ्याउने क्षतिका सम्बन्धमा आजका विज्ञानले भन्दा प्राचीन वेदविज्ञानले राम्ररी पत्ता लाएकै कारणले द्यौशान्तिको सन्देश दिइएको थियो । अनेक प्रकारका अदृश्य किटाणुलाई पराजित गर्नकै निमित्त तुलसा रोपणको चलन चलाइएको थियो ।

आगामी दिनमा यस गुरुकुलले वेदविज्ञानको अनुसन्धान र व्याख्या विश्लेषणतिर आफ्नो पठनपाठनको शैलीलाई अभिमुख गराउन सको भने सुनमा सुगन्ध थपिनेथियो भन्ने मलाई लागेको छ । योग,आयुर्वेद, जडीबुटी र प्रकृतिक चिकित्सा पौरस्त्य जगत्का मूलसम्पत्ति हुन् । क्रमशः ज्ञान र योगलाई स्वास्थ्य र शिक्षा अनि संस्कारसंस्कृतिको संवर्द्धनका निमित्त हिजो हाम्रा पुर्खाले जसरी प्रयोग गरेका थिए त्यसरी नै यस प्रकारका गुरुकुलहरूको ध्यान यतातिर पनि जान सके विश्वले आर्यहरूको बौद्धिक र आचरणका शक्तिको चमत्कार बुझ्ने मौका पनि पाउने थियो । अग्न्यास्त्र,पर्वतास्त्र, वायव्यास्त्र, ब्रह्मास्त्र, पाशुपतास्त्रजस्ता पारमाणविक शस्त्रास्त्र यिनै पर्णशाला र हिम कन्दरामा साधना गरेर बसेका ऋषिहरूको आविष्कार थियो भन्ने पनि हामीले विश्वलाई बताउन सक्नुपर्दछ ।कालकुट विष पिएर पनि पेटमा पुग्न नदीकन गलामा नै राखेर त्यसको असरलाई निस्प्रभ बनाउने विज्ञान हाम्रै शिवसँग रहेको तथ्य पनि हामीले खोल्न सक्नुपर्दछ । अग्निकुण्डमा शिर हवन गरिएकाले बोकाको टाउको जोडेर मान्छेलाई जीवनप्रदान गर्ने विज्ञान पनि हामीसँगै थियो । मान्छेका शरीरमा हात्तीको टाउको जोडेर जीवनलाई उपयुक्त बनाउन सक्ने सामर्थ्य पनि हाम्रै शिवले आर्जन गरेका थिए । पौरस्त्य विज्ञानले गरेका जति चमत्कार आजका विज्ञानले गर्न अझै धेरै समय लाग्ने छ । यस सन्यास आश्रमले भेषयति होइन वास्तविक क्षमतावान् यति उत्पादन गर्न सकोस् भन्ने हार्दिक शुभकामना हरिहरक्षेत्रको यो पवित्र आश्रमको भविष्यका निमित्त अभिव्यक्त गर्दै कलमलाई विश्रान्ति दिन्छु ।

(प्रा.डा. कुलप्रसाद कोइराला)
उपकुलपति
उपकुलपति

सम्पादकीय

पूज्य गुरुवर श्री १००८ डा. स्वामी रामानन्द गिरिजी महाराजले वैदिक सनातन धर्म र संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यका साथ २०५० मा यस महेश संन्यास आश्रमको स्थापना गर्नुभयो। संस्कृत शिक्षाविना सनातन धर्म र संस्कृतिको रक्षा हुँदैन, धर्म र संस्कृतिविना राष्ट्रको समेत अस्तित्व रहदैन भन्ने भावनाका साथ आश्रमसँगै महेश संस्कृत गुरुकुलको पनि सञ्चालन गर्नुभयो। एकजना निःस्पृह सन्त, निजी गार्हस्थ्य जीवनबाट पूरै विरक्त भएर पनि धर्म, संस्कृति, राष्ट्र र राष्ट्रियताको लागि अनुरक्त हुनु अनि संस्कृत शिक्षाको प्रचारप्रसारका लागि आजीवन प्रवृत्त हुनु यो सबै भगवदिच्छा होला। परिणाम पनि त्यस्तै देखिन्छ। कुनै व्यक्तिको सङ्कल्प कहिल्यै पूर्ण हुँदैन। तर व्यक्तिको सङ्कल्प शिवसङ्कल्प बनेको छ भने त्यो पूर्ण हुन्छ। अवश्य हुन्छ। कारणवश नभए शिवजीले नै पूर्ण गर्नु हुन्छ। यहाँ पनि त्यस्तै देखिएको छ। समय प्रतिकूल भए पनि यहाँ धेरै अनुकूल काम भएका छन्। आश्रम भौतिक पूर्वाधार र शैक्षिक प्राज्ञिक गतिशीलताको दृष्टिले समृद्ध हुँदै गएको छ। यसको मूल हो - स्वामीज्यूको निःस्पृह समर्पण र संस्कृतशिक्षाप्रतिको दृढ अनुराग।

विगत २५ वर्षमा यस आश्रमले र गुरुकुलले जे गऱ्यो त्यो समाज सामु स्पष्ट छ। तर यतिमात्र पर्याप्त छैन। धेरै काम गर्न बाँकी छ। संस्कृत र आध्यात्मिक चेतनाको उज्यालो सर्वत्र छर्नु छ। समाजको दृष्टि बदल्नु छ। बहिर्मुख समाजलाई अन्तर्मुख बनाउनु छ। राष्ट्र र राष्ट्रियताप्रति जागरुक बनाउनु छ। धर्माधर्मको विवेक गर्न र स्वकार्यको बोध गर्न सक्ने बनाउनु छ। पूरै समाजलाई चरित्रवान्, सभ्य र सुसंस्कृत बनाउनु छ। आध्यात्मिक समुन्नतिवाट मात्र त्यो कुरा सम्भव छ। हाम्रो यस गुरुकुलको र सद्गुरुदेवका शिष्यहरूको अबको यात्रा त्यतैतिर अभिमुख छ। अविश्रान्त यात्रा गर्नु छ। गुरुसेवाको रूपमा कर्तव्यको रूपमा। यसैमा कल्याण छ। कुर्वन् भद्राणि पश्यति। चरैवेति चरैवेति। कृतं सम्पद्यते चरन्।

समय गतिशील रहेछ, छिटै बितेछ। अब स्वामीज्यू हाम्रा सामु हुनुहुन्न। उहाँको दिव्य ज्योति उहाँका शिष्य स्वामी रमणानन्द गिरिजीमहाराजका रूपमा अवतरित भएको छ। उहाँलाई श्री १००८ स्वामी मधुसूदनानन्द गिरिजीमहाराजको मार्गदर्शन र अन्य गुरुभाइहरूको साथ प्राप्त छ। त्यसैले गुरुकुलले निरन्तर सफलता प्राप्त गर्नेछ।

यस वर्ष यस आश्रम र गुरुकलले पच्चीस वर्षे यात्रा पूरा गरिसकेको छ। विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन्। ती कार्यक्रमहरूको संस्मरणका लागि यो स्मारिका तयार गरिएको हो। यसमा हालसम्मका सबै गतिविधिहरूलाई समेट्न सकिएन र सम्भव पनि थिएन। हतारमा जे सम्भव थियो गरियो। यसमा यस वर्ष गरिएका कार्यक्रमको विवरण र विचार पत्रहरू समेटिएका छन्। यो सबै पूज्य गुरुदेव डा. स्वामी रामानन्दजीको कृपा हो, प्रेरणा हो र शुभाशीर्वाद पनि। यो सबै उहाँकै स्मृतिमा समर्पित छ।

अन्त्यमा यस आश्रमको र गुरुकुलको आजसम्मको यात्रामा साथ दिने सम्पूर्ण सहयात्रीहरू गुरुजन छात्रगण भक्तजनलाई र रजतवर्षका कार्यक्रम सम्पन्न गर्न प्राज्ञिक तथा भौतिक सहयोग गर्ने सम्पूर्ण विद्वज्जनमा र शुभेच्छुकहरू सबैमा गुरुकृपाभिवृष्टिको कामना गर्दै हार्दिक आभार प्रकट गर्दछु। साथै यस रजतस्मारिकाको लागि रचनाहरू उपलब्ध गराउने आदरणीय गुरुजन एवं विचारपत्र लेखकहरूमा हार्दिक आभार प्रकट गर्दै यसको सम्पादनमा सहयोग गर्ने चिरञ्जीवी खतिवडा, पर्वतराज घिमिरे लगायत सम्पूर्ण सहयोगीहरूमा हार्दिक धन्यवाद।

डा. गुरुप्रसाद सुवेदी

महासचिव- रजतवर्ष महोत्सव समारोह मूल समिति

विषयसूची

***

गुरुकुल स्थापनाको पूर्वपीठिका

– स्वामी रमणानन्द गिरि

स्थान : बनारस

अवस्था : उत्तरमध्यमा पढ्दै गरेको विद्यार्थी जीवन

धादिङमा जन्मिएर १० वर्षकै उमेरमा आमाबाबु गुमाई तीव्र सङ्घर्षका बीच बनारस पुगी संस्कृत अध्ययन गरिरहेको भारद्वाजगोत्रीय एउटा किशोर। भागीरथी गङ्गामा स्नान आदि नित्यकर्म सकेर आफ्नो अध्ययन एवं आगामी जीवनको लक्ष्यको विषयमा विचार गरिरहेको छ। विचारले एकाग्र भावको रूप लिन्छ। न निद्रा, न तन्द्रा। झिलिक्क बिजुली चम्किएझैँ आफ्ना अघि मध्य आकाशमा दुई महापुरुषको आकृति देख्छ। उसको अन्तर्मनले तत्कालै भन्छ- सेता दाह्री भएका एउटा महापुरुष पाणिनि हुन् र अर्का दण्डधारी युवकचाहिँ आद्य जगद्गुरु शङ्कराचार्य हुन्। त्यो किशोरले यो दर्शनलाई आफू जन्मिनुको ईश्वरीय इच्छा सूचित गरिएको ठान्छ र निश्चय गर्छ- अब उप्रान्त आफ्नो पूर्ण जीवनलाई पाणिनीय व्याकरण र शाङ्कर वेदान्तको अध्ययन-अध्यापनमा लगाउँछु।

***

स्थान : दिल्लीस्थित विश्वनाथ संस्कृत महाविद्यालय

अवस्था : अध्यापनरत, अधबैँसे।

काठमाडौँको रानीपोखरी छात्रावासमा बसी आचार्य तहको अध्ययन सम्पन्न भइसकेको छ। नियतिको अदृश्य डोरीले बिस्तारै वैराग्य र संन्यासमार्गतिर मन तानिएको छ। खानु, लाउनु र परिवारको भरण-पोषण गर्नुमात्र मेरो लक्ष्य होइन। बरु आफ्ना सबै स्वार्थ त्यागी नेपाल आमा र संस्कृत जननीको सेवा गर्न पाए हुन्थ्यो भन्ने प्रबल इच्छाले जित्छ। त्यो बेलामा प्रथम श्रेणीमा आचार्य उत्तीर्ण गरेको विद्वान्लाई कन्या दिन कसले नचाहेको होला र ? तर यी सबै प्रस्तावलाई र तीनधारा पाठशालामा शिक्षक पदको स्थायी नियुक्तिलाई पनि लात मार्दै गुरुको खोजीमा हुइँकिन्छ। सौभाग्यवश विद्वत्ता र वैराग्य दुवैका पर्याय अनन्तश्रीविभूषित स्वामी महेशानन्द गिरिजी महाराजको आश्रय मिल्छ। उहाँको साथमा वेदान्त अध्ययन गर्ने र गुरुसेवाको रूपमा गुरुको महाविद्यालयमा अध्यापन गराउने क्रम चलिरहेकै क्रममा माथि उल्लिखित अवसर आइपुग्छ।

आश्रममा भोजन आदि गरेर महाविद्यालयमा प्रवेश गर्न लाग्दा ढोकामा उभिएको पालेले रोक्छ। उसले नाम तोकेर बोलाउँदै भन्छ- "स्वामीजी तपाईंले यो महाविद्यालयभन्दा पनि उत्कृष्ट गुरुकुल खोल्नुहुनेछ। त्यसैले काठमाडौँ जानुहोस्।" गुरुकुल खोली संस्कृतको सेवा गर्ने आफ्नो मनभित्रको प्रबल इच्छालाई यो पालेले कसरी जानेछ ? फेरि ठाउँ नै तोकेर काठमाडौँ जाऊ भनेर किन भन्छ ? केही आश्चर्य मान्दै पुछनी भयो- "हैन पाले दाइ ! मनभित्रको कुरो कसरी थाहा पायौ ? फेरि कुनै विज्ञ ज्योतिषले भविष्यवाणी गरेझैँ ठाउँ तोकेर कसरी भन्यौ ?" उताबाट उत्तर आउँछ- "मैले यक्षिणी सिद्ध गरेको छु। यक्षिणीले मैले जान्न चाहेको मान्छेको सारा रहस्य बताइदिन्छिन्। तर उनले मैले नसोधिकनै तपाइँको विषयमा बताइन्। काठमाडौँमा सहयोगी भक्तहरू तयार छन् अरे। तपाइँ त्यहाँ जानुभयो भने सबैको सहयोगबाट यौटा विशाल गुरुकुल बन्छ अरे। यो महाविद्यालयभन्दा पनि विशाल र उत्कृष्ट।" सुन्दै आश्चर्यलाग्दो। एउटा पालेको मुखबाट ईश्वरीय इच्छा प्रकट भयो, त्यो पनि एउटा विद्वान् एवं विरक्त सन्तको जीवनलाई मार्गनिर्देशन गर्ने गरी। यक्षिणी देवयोनि हो, कर्णपिशाचिनी आदिजस्तो होइन। फेरि कर्णपिशाचिनीजस्ता क्षुद्र सिद्धिहरूले भूतकालको मात्र सटिक जानकारी दिन्छन्, भविष्य बताउन सक्दैनन्। एउटा पालेले देवयोनि यक्षिणीलाई नै सिद्ध गरेको हुनु, अनि फेरि यक्षिणी सिद्ध गरेको मान्छे पाले बनेर रहनु। यी सबै अनौठा कुराहरूको संयोगले ती स्वामीजीलाई आफ्नो जीवनको कार्यक्षेत्र परमात्माले तोकिदिनुभएको स्पष्ट आभास हुन्छ।

यी दुवै घटनामा उल्लेख गरिएका पात्र अरु केही नभई हामी सबैका परमपूज्य गुरुवर हुनुहुन्छ, ब्रह्मलीन सन्तशिरोमणि **श्री १००८ डा. स्वामी रामानन्द गिरिजी महाराज**। त्यसैगरी माथिल्ला परिघटनामा जुन ईश्वरीय अभियान र प्रेरणाको प्रसङ्ग आएको छ, त्यसको मूर्त रूप हो- महेश संन्यास आश्रमद्वारा सञ्चालित महेश संस्कृत गुरुकुलम्।

गुरुवरको मुखबाट यी दुवै घटना सुन्दा म झस्किएको थिएँ। मलाई लागेको थियो, मैले सेवा गरिरहेको संस्था कुनै एउटा मान्छे या समूहको सदिच्छामात्र नभई पवित्र ईश्वरेच्छा नै हो। शिव र पार्वतीको क्रीडास्थल यो पवित्र हिमवत्खण्डलाई फेरि संस्कृत वाङ्मयको प्रकाशबाट आलोकित गर्ने दैवेच्छा कुनै महापुरुषमा मात्र प्रकट हुन सक्थ्यो। तर त्यसका लागि विरक्त, विद्वान् र आत्मशक्तिसम्पन्न महामानवको आवश्यकता पर्दथ्यो। शिवइच्छाको दिव्य एवं तीव्र वेगलाई धारण गर्न सक्ने महामानवको रूपमा नियतिले गुरुवरलाई उभ्यायो र त्यो दिव्य विधानमा संलग्न भई सेवा गर्ने सौभाग्यपूर्ण अवसर हामीलाई पनि प्रदान गऱ्यो। गुरुवरले काठमाडौँका भक्तहरूसँग परामर्श गरी गुरुकुल खोल्ने तयारी गरिरहँदा **ब्रह्मविद्वरिष्ठ खप्तड बाबाले** देवघाटमा जाऊ भनी ठाउँ तोकिदिएको, देवघाटमा ठाउँ खोजी गर्ने सन्दर्भमा वीतराग परमादरणीय सन्त **श्री १००८ स्वामी परमानन्द सरस्वतीजी महाराज** आफैँ खटिई सत्प्रेरणा दिनुभएको पाइन्छ। आश्रमको अक्षयकोष खडा गर्न दान दिने चन्दादाताहरूको सूचीमा अर्का **ब्रह्मविद्वरिष्ठ श्यामचैतन्य बाबा**को नाम देखिन्छ।

शिव र पार्वतीको विवाहमा ब्रह्मा, विष्णु पनि जन्ती बनेका थिए भनेजस्तो जुन अभियानको आरम्भमा खप्तड बाबा, श्यामचैतन्य बाबाजस्ता ब्रह्मवेत्ताहरूको प्रत्यक्ष सहभागिता थियो त्यो अभियान पक्कै मानिसको तहबाट मात्र नभई ईश्वरीय विधानबाटै आरम्भ भएको सहजै अनुमान गर्न सकिन्छ। ब्रह्मज्ञानीहरूको सङ्कल्प अमोघ हुन्छ। त्यो आफैँमा परिपूर्ण र कालजयी पनि हुन्छ। त्यसैले महेश संस्कृत गुरुकुलको अभियान स्वयंमा कालजयी छ। हामीले गुरुकुलका आगामी लक्ष्य र योजनाहरू पनि आफ्नो मनको कल्पनामा भन्दा यिनै महापुरुषहरूको सङ्कल्पबीजमा खोज्नुपर्दछ। घात-प्रतिघातले गाँजिएको आधुनिक समाजमा बसी त्यस्तै अन्न खाई अपवित्र बन्दै गएको मनले ईश्वरीय विधानको लक्ष्यनिर्धारण के गर्न सक्ला र ? अतः त्यतातर्फ प्रयास गरिएन। तर पनि केही सङ्केतहरूको अर्थ बुझ्ने प्रयास गरिएको छ।

२०६८ पुस २८ गते साँझमा संस्कृत स्वाध्यायको क्रममा गुरुले भन्नुभएको थियो - "फेरि रामानन्दयुग आउनेवाला छ, चाहे सहयोग गर या नगर।" यो सुनिरहँदा गुरुले आफ्नो व्यावहारिक परिचय र व्यक्तित्वलाई बिर्सेर अर्कै भावलोकबाट बोल्नुभएको हो भन्ने स्पष्ट अनुभव भइरहेको थियो। कहिलेकाहीँ हाम्रो नाम नै तोकी भन्नुहुन्थ्यो- "हे छात्रहरू ! यो युग थोत्रो ताप्केजस्तो भइसक्यो, यसलाई फेरिदेओ !" अतिमानवीय अवस्थामा तत्त्वज्ञानी सन्तको मुखबाट निस्केका यी शब्दहरूले नै महेश संस्कृत गुरुकुलको भावी कार्यदिशा र योजनाको तर्जुमा गरिसकेका छन्। मैले बुझेअनुसार अबको समाज संस्कृत भाषा, वैदिक उत्प्रेरणा र आध्यात्मिक दर्शनतर्फ आकर्षित हुँदै जानेछ। वैदिक संस्कृतिको जयघोष हुने त्यस युगलाई चाँडैभन्दा चाँडै निर्माण गर्न सक्ने संस्कृतज्ञ सच्चरित्र विद्वान्हरू जन्माउनु नै महेश संस्कृत गुरुकुलको स्थायी नीति र लक्ष्य हो। छिट्टै महेश संस्कृत गुरुकुल संस्कृत माध्यमको गुरुकुल बन्नेछ। केवल कक्षा कोठाको अध्ययन-अध्यापनमा मात्र सीमित नभई संस्कृत क्षेत्रको आधिकारिक अनुसन्धानकेन्द्रको रूपमा यसले विकसित हुनुपर्ने छ। समयको आवश्यकताले भन्दैछ- नेपालभरि छरिएर रहेका सयौँ गुरुकुलहरू, जोसँग शास्त्रीय विशेषज्ञ विद्वान्हरूको कमी छ, उनीहरूका लागि दूर कक्षाशिक्षणको व्यवस्था गर्नुपर्छ। आधिकारिक गुरुहरूको पाठलाई प्रविधिमार्फत् सुरक्षित गरी संसारभरिबाटै पढ्न सकिने बनाउनुपर्छ। नेपाल र नेपालबाहिर पनि भाषा, व्याकरण र दर्शनको

प्रशिक्षणमूलक शिविरहरू चलाइनुपर्छ। युगले जुन दिन माग्नेछ त्यही समयमा आधुनिक प्रविधि र शास्त्रीय ज्ञान दुवैमा निपुण जनशक्तिहरूलाई कर्मक्षेत्रमा उतार्न सक्ने गरी तयारी गर्नुपदर्छ। सरकारी विश्वविद्यालयबाहेक निजी क्षेत्रमा पनि संस्कृतको छुट्टै विश्वविद्यालयको माग भइरहेको सन्दर्भमा संस्कृतको खुल्ला विश्वविद्यालयको परिकल्पनालाई साकार बनाउनुपर्छ। विशेषतः वैचारिक अधःपतनले ठाउँठाउँमा प्वाल परेको ताप्केजस्तो यस समाजको प्वाल टाल्न सक्ने चरित्रवान् विरक्त विद्वान्हरूको पङ्क्ति गुरुकुलले दिनुपर्ने छ। संक्षिप्त शब्दमा भन्दा शङ्कराचार्य-विवेकानन्द जस्ता युग हाँक्ने सन्त, पद्मप्रसाद भट्टराई-कुलचन्द्र गौतमजस्ता युग हाँक्ने विद्वान् र भानुभक्त-लेखनाथ र लक्ष्मीप्रसादजस्ता युग हाँक्ने साहित्यकारहरू जन्माउनु नै महेश संस्कृत गुरुकुलको सार्वदिक लक्ष्य हो।

***

गुरुकुलगीतम्

बुद्ध-जानकी-जनकविधानां
ज्ञानिजनानामाशीर्वचसा
मुनिवृन्दानां विमलमहिम्ना
विवर्धमानं सततम्
(जयतु सदा गुरुकुलमस्माकम् ।।)२

वेदपुराणस्मृतिसंग्रथिता
सुरगणसेव्या संस्कृतजननी
स्वमातरं तां करुणापूर्णाम्
सन्ततकृतप्रणामम्
(जयतु सदा गुरुकुलमस्माकम् ।।)२

गण्डकी-त्रिशूलीसंगमपूते
देवगणैरटितेऽस्मिन् क्षेत्रे
श्रीविद्येश्वरप्रभोर्महेशात्
अधिगतकृपाप्रसादम्
(जयतु सदा गुरुकुलमस्माकम् ।।)२

त्यागी तपस्वी गुरुजनहरूको
बुद्ध जानकी देव पशुपतिको
पाई निरन्तर कृपा अजस्र
गर्दै प्रगति शिखर चुमोस्
(जय जय गुरुकुलको होस् ।।)२

ज्ञान विज्ञान शान्ति र श्रममा
रम्दै राष्ट्र र राष्ट्रिय ध्वजमा
भाषा संसकृति धर्म कलाको
अध्याय अझ नवीन रचोस्
(जय जय गुरुकुलको होस् ।।)२

स्वच्छ निर्मल हिमगिरि खुलेझै
परम पवित्र नदी बहेझैँ
रवि किरणको आभाजस्तै
दिग्दिगन्तर फैलिरहोस्।
(जय जय गुरुकुलको होस् ।।)२

रजतवर्षको विहङ्गावलोकन

- डा. गुरुप्रसाद सुवेदी

विषयप्रवेश

सन्त महात्माहरूको चर्चा गर्दा शास्त्रकारहरू भन्छन्- **परार्थैकान्तजीविनः**। अर्थात् सन्तहरू आफ्ना लागि केही गर्दैनन्, तर समाजका लागि सबैथोक गर्छन्। यो कुरा **श्री १००८ डा. स्वामी रामानन्द गिरिजी** महाराजमा चरितार्थ हुन्छ। स्वामीजीले यो संस्थाको माध्यमले समाजका लागि मात्र होइन सिङ्गो राष्ट्रकै लागि ठुलो गुन लगाउनुभएको छ। स्वधर्म र सनातन स्वसंस्कृतिप्रति समाजमा चासो बढेको छ। गुरुकुलशिक्षा परम्पराको पुनर्जागरण भएको छ। अबको जमानामा "संस्कृत पढेर केही हुँदैन, संस्कृत पढेर काम पाइदैन, हुने खानेले आफ्ना सन्ततिलाई संस्कृत पढ्न पठाउने होइन" भन्ने सामाजिक मान्यता समाप्त हुँदैछ। गुरुकुलमा बसेर संस्कृत पढ्नु अब करको होइन, रहरको विषय बनेको छ। यस किसिमको सामाजिक चिन्तनको आधारबिन्दु हो महेश संस्कृत गुरुकुलले चलाएको गुरुकुलशिक्षाको राष्ट्रव्यापी अभियान। यसका अभियन्ता हुनुहुन्छ - **श्री १००८ डा. स्वामी रामानन्द गिरिजी महाराज**।

अहिले आएर हामीलाई लाग्न थालेको छ- स्वामीज्यूले आफ्नो व्यक्तिगत होइन समष्टि ईश्वरीय चेतनाबाट अभिप्रेरित भएर काम गर्नुभएको थियो। शास्त्रीय मान्यताअनुसार उहाँ आधिकरिक पुरुष हुनुहुन्थ्यो। ईश्वरीय आज्ञाबमोजिम आफ्नो कृत्य पूरा गर्नुभयो र अहिले उहाँले आफ्नो शरीरचर्याको संवरण गर्नुभयो। **यावदधिकारमवस्थितिराधिकारिकाणाम्।** (ब्रह्मसूत्र) आफ्नो कृत्यबाट आफु त अमर बन्नुभएको छ नै, साथमा आफ्ना हजारौँ शिष्यगणलाई पथप्रदर्शन समेत गर्नुभएको छ। समाजलाई वेदादि शास्त्रोक्त स्वधर्मको पालन, सनातन संस्कृतिको रक्षा, संस्कृत वाङ्मयको शिक्षा र स्वकर्तव्यपालनको दीक्षा राष्ट्र र राष्ट्रियताको लागि समर्पित हुने सन्देश दिनु भएको छ। यसको आधार बनेको छ- देवघाटधाममा अवस्थित महेश संन्यास आश्रम एवं महेश संस्कृत गुरुकुल।

वैदिक सनातन धर्म संस्कृति र संस्कृत विद्याको संरक्षण संवर्द्धन गर्ने उद्देश्यका साथ वि. सं. २०५० मा महेश संन्यास आश्रम एवं महेश संस्कृत गुरुकुलको स्थापना भएको हो। आफ्ना गुरु निरञ्जनपीठाधीश **श्री१००८ स्वामी महेशानन्द गिरिजी** र **श्री १००८ स्वामी सच्चिदानन्द पुरी (खप्तडबाबा)** को शुभाशीर्वाद लिएर परम श्रद्धेय गुरुवर **श्री १००८ डा. स्वामी रामानन्द गिरिजी महाराज**को सदिच्छा र शिवसङ्कल्पबाट स्थापित यस संस्थाले श्रद्धालु भक्तजनहरूको उत्साहबाट दिनानुदिन प्रगति गर्दै हाल वि.सं. २०७५ मा पच्चीसौँ वार्षिकोत्सवका साथै रजत वर्ष महोत्सव मनाइरहेको छ। यस सन्दर्भमा यस संस्थाको स्थापनादेखि हालसम्म आइपुग्दा भोगेका वा अनुभव गरेका असङ्ख्य अनुभूतिहरू स्मृतिपटलमा ताजै छन्। २०७५ को रजतवर्ष मनाउने अवसरमा यस रजतवर्ष स्मारिकामा ती असङ्ख्य अनुभूतिहरूमध्ये केही अविस्मरणीय संस्मरणहरूलाई उतार्न खोजिएको छ। साथै यस संस्थाका संस्थापक **स्वामी रामानन्द गिरिजी** महाराजसँग जोडिएका केही महत्त्वपूर्ण संस्मरणहरूलाई समेत यहाँ समेट्ने प्रयास गरिएको छ।

पृष्ठभूमि


प्रसङ्ग सुरु गरौँ आश्रमको स्थापनाकै पृष्ठभूमिबाट। यो २०४० देखि २०४८ सम्मको कुरा हो। स्वामीजीले राजर्षि जनकको विदेह सिद्धान्तको समीक्षात्मक अध्ययन विषयमा विद्यावारिधि उपाधि प्राप्त गरेपछि विशेष अध्ययनको क्रममा वाराणसी जाने आउने गर्नुहुन्थ्यो। त्यहाँ आफ्ना वेदान्तविद्याका र संन्यासदीक्षाका गुरु निरञ्जन पीठाधीश्वर **स्वामी**

महेशानन्द गिरिजी महाराजको सत्सङ्ग र सान्निध्य प्राप्त भएको थियो। स्वामीजी वेदान्त विद्यामा पारङ्गत निरन्तर शास्त्रचिन्तनमा निमग्न साच्चिकै ब्रह्मनिष्ठ सन्त हुनुहुन्थ्यो। आफ्ना गुरुजीको शास्त्रनिष्ठा र विद्याव्यसनको प्रभाव स्वामी रामानन्दजीमा थियो। यसका साथै आफुले र आफुजस्तै अन्य हजारौँ नेपाली छात्रहरूले संस्कृत पढ्न वाराणसीमा गएर दुःख पाएको विषयले उहाँलाई सताइरहन्थ्यो। यसै सिलसिलामा स्वामीज्यूको विद्याव्यसनबाट प्रभावित जाउलाखेल निवासी सत्सङ्गप्रेमी माधवप्रसाद पौड्यालयसँग वाराणसी यात्राका क्रममा परामर्श हुँदा नेपालमा नै आफ्ना गुरुको नाममा संन्यास आश्रम एवं गुरुकुल सञ्चालन गर्ने र त्यसका लागि भक्तजनबाट सहयोग जुटाउने कुराको सूत्रपात भयो। जसको लागि आरम्भिक जग्गा किन्न माधवजीकी धर्मपत्नी मीना पौड्यालबाट आफ्नो थैली खोल्ने बचनबद्धता व्यक्त भयो। यही परामर्श र शिवसङ्कल्पको आधारमा महेश संन्यास आश्रमको जग बसेको पाइन्छ।

संस्थाको सुरुवात

त्यस पछिको नेपाल आगमनमा काठमाण्डौको प्रकाश संन्यास आश्रममा सत्सङ्गका लागि स्वामीज्यूको बसाइ हुँदा वि.सं. २०५० वैशाखमा (सम्भवतः) भक्तजनहरूको उपस्थितिमा स्वतन्त्र संस्थाको रूपमा महेश संन्यास आश्रम खोल्ने र संस्कृतशिक्षाको प्रचार प्रसारका लागि महेश संस्कृत गुरुकुल सञ्चालन गर्ने औपचारिक निर्णय भएको देखिन्छ।

२०५०/०४/०१ मा महेश संन्यास आश्रमको निम्नानुसार औपचारिक पहिलो बैठक बसेको र निम्न निर्णय भएको कुराले ऐतिहासिक महत्त्व राख्छ भन्ने मलाई लाग्छ -



२०५०।४।१

पहिलो बैठक


संस्कृत विद्याको संरक्षण तथा सम्वर्द्धन गर्ने गुरुकूल परम्परा नै एक अत्यन्त उपयोगी तथा सारगर्भित व्यवस्था भएकोमा हालको परिप्रेक्ष्यमा उक्त गुरुकूल परम्परा ह्रास हुँदै गएकोले गुरुकूल परम्पराको उत्थान भएमा वैदिक सनातन धर्मको संरक्षण तथा प्रचार प्रसार हुने र संस्कृत विद्याको पनि प्रचार प्रसार हुने हुँदा उक्त उद्देश्य-पूर्तिको लागि गुरुकूल सञ्चालन गर्ने हाम्रो देहायका अध्यक्ष तथा सदस्यहरूको एकमत भएकोले उक्त गुरुकूल परम्परा संस्थागतरूपमा संचालन गर्नको लागि निम्नलिखित अध्यक्ष तथा सदस्यहरू भएको एक संचालक समिति गठन गरिएको छ।

संस्थाको नाम :- "महेश संन्यास आश्रम"।
स्थान :- गण्डकी अञ्चल, तनहुँ जिल्ला, सिसाइ-काफल डाँडा गा.वि.स. देवघाट।

(क) डा. स्वामी रामानन्द गिरिजी महाराज - अध्यक्ष
(ख) स्वामी श्रीशान्तानन्द गिरिजी महाराज - उपाध्यक्ष
(ग) स्वामी श्रीपरमानन्द सरस्वती - सदस्य
(घ) श्री ज्ञानानन्द - ,,
(ङ) श्री दीर्घराज कोइराला - ,,
(च) श्री गीरिधरलाल टिबेवाला - ,,
(छ) श्री गोपाल राई - ,,
(ज) सांसद श्री विदुरप्रसाद पौडेल - ,,
(झ) श्री मधुसुदन ज्ञवाली - ,,
(ञ) श्री जंगबहादुर विष्ट - ,,
(ट) श्री मणिराज उपाध्याय - ,,
(ठ) श्री मंगल कार्की - ,,
(ड) श्री पूर्ण बहादुर भुजु - ,,
(ढ) श्री नरहरि न्यौपाने - ,,
(ण) श्री माधवप्रसाद पौडेल - ,,
(त) श्री रामप्रसाद भण्डारी - ,,
(थ) श्री हिरालाल महासरस्वती - ,,
(द) श्री हेम बहादुर प्रधान - ,,
(ध) श्री लिलाभक्त आचार्य - ,,

निर्णयहरू

१- ऐन-नियम अनुसार महेश संन्यास आश्रमको विधान बनाई जिल्लाप्रशासन कार्यालय तनहुँ दमौलीमा पेश गर्ने र स्वीकृत भई आश्रमको संचालन (कार्यान्वयन) गर्ने।



२- यो संस्था संचालनको लागि देहाय बमोजिमको अध्यक्ष तथा सदस्यहरू रहने गरी कार्यकारिणी समिति गठन गरिएको छ।

(क) अध्यक्ष - डा. स्वामी रामानन्द गिरिजी महाराज
(ख) सदस्य - श्री जंगबहादुर विष्ट
(ग) ,, - श्री मणिराज उपाध्याय
(घ) ,, - श्री पूर्णबहादुर भुजु
(ङ) ,, - श्री माधवप्रसाद पौडेल
(च) ,, - श्री मधुसुदन ज्ञवाली
(छ) ,, - श्री रामप्रसाद भण्डारी

ज्ञानानन्द -

त्यसपछि मिति २०५०/०४/१९ मा जिल्ला प्रशासन कार्यालय तनहुँ दमौलीमा प्रचलित नियमबमोजिम महेश संन्यास आश्रमको औपचारिक दर्ता भएको देखिन्छ। संस्था दर्ता गर्ने क्रममा सदस्य रामप्रसाद भण्डारीको र सुरुमा भूमि उपलब्ध गराउने क्रममा केदार विष्टको भूमिका अतुलनीय रहेको देखिन्छ। औपचारिक दर्तापछि प्रचलित ऐन कानुन समेतलाई दृष्टिगत गरी यस संस्थाले आश्रमको नियमित क्रियाकलाप सञ्चालन गर्ने, स्वाध्याय प्रवचन गर्ने, ग्रन्थलेखन तथा प्रकाशन गर्ने, भक्तजनबाट प्राप्त दान दातव्यको व्यवस्थित अभिलेख राख्ने, बैंकमा खाता खोली कारोबार गर्ने र योजना बनाई क्रमशः सन्तनिवास, छात्रावास, गुरुनिवास, गुरुकुलभवन, भान्साघर, पुस्तकालय, प्रवचनकक्ष र भक्तनिवासको निर्माण गर्ने काम हुँदै गयो। आवश्यकताअनुसार वरपरको जग्गा खरिद गरी भौतिक निर्माण गर्दै जाँदा थप भवनहरूको निर्माण भएको र आश्रमको स्वरूप पनि फैलिँदै गएको देखिन्छ।

गुरुकुलको सञ्चालन र शैक्षिक यात्रा

संस्थाको स्थापनासँगै २०५०/११/१५ मा नै गुरुकुल सञ्चालन गर्न ११ सदस्यीय गुरुकुल सञ्चालक समिति गठन भएको र त्यसै वर्षको श्रीरामनवमीका दिन गुरुकुलको प्रारम्भ भएको देखिन्छ। त्यसलाई व्यवस्थित रूपमा अगाडि बढाउन मिति २०५२ असार ३१ गतेको संस्थाको बैठकले विशुद्ध गुरुकुल परम्परा अनुकूल विद्यालय सञ्चालनका लागि नियमावली बनाउन गुरुप्रसाद सुवेदीलाई जिम्मा दिएको र सोही नियमबमोजिम प्रक्रिया अगाडि बढ्दै मिति २०५२/११/२४ मा जिल्ला शिक्षा कार्यालय तनहुँबाट कक्षा ६ देखि पढाउन पाउने गरी महेश संस्कृत गुरुकुलको अनुमति प्राप्त भएको देखिन्छ।

स्थापनाकालमागुरुकुललाईप्रचलितनियमअनुसार दर्ता गरी सञ्चालन गर्न प्रसिद्ध शिक्षासेवी रामजीप्रसाद अर्यालले अभिप्रेरित गर्नुभएको थियो भने साहित्याचार्य श्रीकृष्णप्रसाद ज्ञवालीले प्रथम प्रधानाचार्यको रूपमा रहेर गुरुकुल सञ्चालनमा योगदान गर्नुभएको थियो। उहाँको असमर्थतापछि गुरुप्रसाद सुवेदीलाई वि.सं. २०५३ फाल्गुन ११ गतेदेखि गुरुकुलको प्रधानाचार्य पदमा नियुक्त गरिएकोमा गुरुकुलको प्रथम दशक अर्थात् वि.सं. २०६०/११/०१ सम्म उहाँ त्यस पदमा कार्यरत रहनुभयो। यो नै गुरुकुलको आरम्भिक अवस्था थियो भन्न सकिन्छ। त्यस अवधिमा संस्कृतभाषा साहित्य पढाउन गुरुप्रसाद सुवेदी, व्याकरण एवं कर्मकाण्ड पढाउन ऋषीश्वर लामिछाने, वेद पढाउन पीताम्बर दाहाल, व्याकरण पढाउन शुकदेव पौडेल र गणित पढाउन हरिलाल अर्याललाई संस्थाले नियुक्त गरेको र उहाँहरूले निष्ठाका साथ गुरुकुलको शैक्षिक समुन्नति गर्नुभएको देखिन्छ। यस्तै नेपाली पढाउने योगाचार्य वासुदेव ढकाल, सामाजिक शिक्षा पढाउने लक्ष्मण सुवेदी र गणित पढाउने माधवप्रसाद उपाध्यायको योगदान पनि अविस्मरणीय छ। यस्तै रामेश्वर उपाध्याय, कृष्णप्रसाद सुवेदी, कुलचन्द्र सुवेदी, कृष्णप्रसाद पौडेल, रेवतीरमण सापकोटा आदि गुरुहरूको पनि योगदानलाई बिर्सन मिल्दैन। वि.सं. २०६०/११/०१ देखि २०६९/१२/३१ सम्म गुरुकुलको प्रधानाध्यापक पदमा कृष्णप्रसाद अधिकारीको योगदान रह्यो। त्यस पछि भने हालसम्म यसै गुरुकुलबाट शिक्षित र पूज्य गुरुदेवबाट दीक्षित स्वामी केशवानन्द गिरिजीले गुरुकुलको प्रधानाचार्यको रूपमा नेतृत्व समालिरहनुभएको छ।

वि.सं. २०५३ सालमा काञ्ची कामकोटी पीठका शङ्कराचार्यको देवघाटमा आगमन, गुरुकुलमा स्वागत, संस्कृतमा शङ्कराचार्य चरितविषयक नाटक प्रदर्शन, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सहयोगमा ६ महिने कर्मकाण्ड प्रशिक्षण, संस्कृतभाषा प्रशिक्षण आदि त्यतिबेलाका महत्त्वपूर्ण संस्मरणहरू हुन्। सुरुमा ३० जनाबाट गुरुकुल यात्रा प्रारम्भ भएकोमा २०५५ सालमा ४० जना भएको र क्रमशः छात्रसंख्या बढ्दै हाल २५० सम्म छात्रहरूले गुरुकुलमा अध्ययन गरिरहेको देखिन्छ ।

२०५० मा कक्षा ६ पढ्दै क्रमशः कक्षोन्नति हुँदै प्रवेशिका (एस्.एल्.सी.) तह उत्तीर्ण गरेका छात्रहरूका लागि उत्तरमध्यमा तह सञ्चालन गर्न नेपाल संस्कृत विश्वविद्यालयसँग सम्बन्धन माग भएकोमा मिति २०५६/०५/०४ मा उत्तरमध्यमा तहको सम्बन्धन प्राप्त भएको थियो। मिति २०५६/०६/०५ मा तत्कालीन पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाट समुद्घाटन भएको विद्यापीठमा क्रमशः शास्त्री तथा आचार्य तहसम्मको पढाइ भएको र विश्वविद्यालयभरमै अरू विद्यापीठका छात्रहरूलाई समेत पछि पार्दै सर्वोत्कृष्ट स्थान समेत प्राप्त हुँदै आएको देखिन्छ। विद्यापीठमा नेपाली विषय पढाउने बुद्धिनाथ अधिकारी र संस्कृतसाहित्य पढाउने कृष्णप्रसाद वस्ती, कुलशेखर पौडेलको समेत योगदानलाई भुल्न मिल्दैन।

उत्तरमध्यमा पछि वि.सं. २०५८ मा शास्त्री तह र २०६१ मा आचार्य तहको समेत सम्बन्धन प्राप्त भयो। आरम्भका दिनहरूमा ऐच्छिक विषयको रूपमा क वर्गमा उत्तरमध्यमा तहमा शुक्लयजुर्वेद, नीतिशास्त्र तथा शास्त्री र आचार्य तहमा शाङ्करवेदान्त विषयमात्र रहेकोमा क्रमशः नव्यव्याकरण विषय पनि समावेश हुँदै आएको छ। यसप्रकार संस्थाले दिनप्रतिदिन शैक्षिक उन्नतितर्फ पाइला चाल्दै गएको देखिन्छ र सञ्चालकको भूमिकामा रहेका व्यक्तिहरूले अझै उत्साहका साथ कर्तव्यनिष्ठ बन्दै जाने हो भने यो संस्थाले एकदिन युगपरिवर्तनकारी स्वरूप लिन सक्ने कुरामा आश्वस्त हुन सकिन्छ।

साहित्यिक गतिविधि

यस महेश-संस्कृत-गुरुकुलका संस्थापक पूज्य गुरुदेव डा. स्वामी रामानन्द गिरिजी महाराज मूलतः अद्वैत वेदान्त विद्याबाट दीक्षित संन्यस्त महात्मा भएर पनि साहित्यसाधनामा ज्यादै अभिरुचि राख्नुहुन्थ्यो। उहाँको साहित्यप्रतिको अभिरुचिकै कारण गुरुकुलमा समयसमयमा साहित्यिक कार्यक्रम हुने गर्दथे। छात्रहरूले छन्दोबद्ध कविताहरूको रचना गर्दथे र स्वामीजीले ज्यादै रुचिका साथ ती साहित्यिक रचनाहरू सुन्ने गर्नुहुन्थ्यो। मध्य नेपालको साहित्यिक चेतनाको उर्वरभूमि चितवन एवं यस वरपरका साहित्यिक विद्वज्जनहरूसँग सम्बन्ध जोड्ने र यहाँका छात्रहरूको साहित्यिक प्रतिभाको क्षेत्र फराकिलो पार्ने उद्देश्यले स्थानीय कवि-कवयित्रीहरूको बीचमा साहित्यिक कार्यक्रमहरूको विस्तार हुन थाल्यो। यसै सन्दर्भमा वि. सं. २०६० देखि मकर-काव्य-यामिनीको शुभारम्भ भयो। हरेक साल पौषमासान्तको रात्रिमा महेश संन्यास आश्रममा हुने काव्य पाठ वा साहित्यिक सम्मेलनलाई मकर-काव्य-यामिनी भनिन्छ। यसको परिकल्पनामा सन्त कवि गोविन्दराज विनोदी र सहजीकरणमा बुद्धिनाथ अधिकारीको नाम अविस्मरणीय छ। यसपछि हरेक वर्ष सञ्चालन हुँदै आएको मकर-काव्य-यामिनीमा प्रसिद्ध साहित्यकार, प्राज्ञ र समालोचकीय प्रतिभाका धनी प्राध्यापकहरूको पनि उपस्थिति भएको छ। यसै सन्दर्भमा वि. सं. २०६४ मा राष्ट्रकवि माधव घिमिरे पनि आउनुभएको छ। यो मकर-काव्य-यामिनी छन्दकविता परम्पराको पुनर्जागरणमा एउटा मूल आधारबिन्दु बन्न पुगेको छ।

ग्रन्थप्रकाशन

महेश-संन्यास-आश्रमको विधानअनुसार यस संस्थाले सुरुदेखि नै ग्रन्थलेखन र प्रकाशनको काम गर्दै आएको छ। विशेष गरी अद्वैतवेदान्त दर्शनका महत्त्वपूर्ण ग्रन्थहरूलाई संस्कृतभाषाबाट नेपालीभाषामा अनुवाद र व्याख्या गरी प्रकाशन गर्ने काम यस महेश-संन्यास-आश्रमले गरिरहेको छ। यस संस्थाका पीठाधीश श्री १००८ स्वामी रामानन्द गिरिज्यूले माण्डूक्यकारिकामा विद्वत्तापूर्ण व्याख्या लेख्नुभएको थियो। त्यसको प्रकाशन २०५० सालमा नै गरिएको थियो। त्यसपछि क्रमशः रामगीता, शिवमहिम्नःस्तोत्र, वेदस्तुति, रुद्राष्टाध्यायी, दुर्गासप्तशती, शिवमहिम्नःस्तोत्र विशेष व्याख्या, देवीगीता, ईशादि नौ उपनिषद्, श्रीमद्भगवतगीता र हालै लघुसिद्धान्तकौमुदी १ र २ भाग समेतको प्रकाशन भएको छ। यस आश्रमको र श्रद्धेय

स्वामीज्यूको अभिन्न पर्यायको रूपमा श्रीमद्भागवत रामानन्दी टीका आठभागमा प्रकाशित भएको छ। यसलाई श्रद्धालु भक्तजनले निकै रुचाएको र भागवतको मूल मर्मलाई सजिलोसँग स्पष्ट गर्ने आधारको रूपमा समेत मानिएको छ। आगामी दिनमा अरू ग्रन्थहरूको समेत व्याख्या तयार गरी प्रकाशित गर्दै जाने लक्ष्य आश्रमले राखेको छ। यसबाहेक अनुसन्धान केन्द्र सञ्चालन गर्ने र अनुसन्धानात्मक कृतिहरूको प्रकाशन समेत गर्नुपर्ने देखिन्छ ।

विशिष्ट व्यक्तिको आगमन र अवलोकन

वि.सं. २०५३ सालमा काञ्ची कामकोटी पीठका शङ्कराचार्य अनन्त श्रीविभूषित स्वामी जयेन्द्र सरस्वतीज्यूको यस महेश संन्यास आश्रममा आगमन भयो। स्वामीज्यूको आगमनबाट यस आश्रमले आरम्भिक समयमा नै शुभाशीर्वाद र सत्प्रेरणा प्राप्त गरेको थियो। मिति २०५६/०६/०५ मा विद्यापीठको समुद्घाटनका लागि पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको र तत्कालीन नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा. माधवराज गौतमको आगमन भयो। त्यसपछि वि. सं. २०५९/१२/२८ रामनवमीमा गोपालभवनको समुद्घाटनका लागि तत्कालीन शिक्षामन्त्री देवीप्रसाद ओझाको र नेपाल संस्कृत विश्वविद्यालयका तत्कालीन शिक्षाध्यक्ष प्रा. माधवशरण उपाध्यायको आगमन भएको थियो। २०६३ मा सुप्रसिद्ध योगऋषि स्वामी रामदेवज्यूको आगमनले हामीलाई उत्साहित बनाएको थियो भने २०६४ मा नेपालका तत्कालीन उपराष्ट्रपति परमानन्द झाको समेत आगमन भएको थियो। त्यस्तै २०६७ मा नेपालका प्रथम राष्ट्रपति रामवरण यादवज्यूको पनि आगमन भएको थियो। यस्तै नेपाल संस्कृत विश्वविद्यालयबाट विभिन्न समयमा उपकुलपतिज्यूहरू आचार्य पूर्णचन्द्र ढुङ्गेल, प्रा. शिवहरि मरहट्टा प्रा. विदुरप्रसाद पौडेल र प्रा.डा. कुलप्रसाद कोइरालाबाट समेत यस गुरुकुलको अवलोकन एवं हार्दिकतापूर्ण सहयोग प्राप्त भएको थियो ।

२०७५ जेठ ३ मा जगन्नाथ पुरीमा स्थित गोवर्धन मठका जगद्गुरु शङ्कराचार्य **अनन्तश्रीविभूषित स्वामी निश्चलानन्द सरस्वतीज्यू**को आगमन भयो। यसप्रकार महेश संन्यास आश्रममा समयसमयमा विशिष्ट व्यक्तिहरूको आगमन र शुभभाव प्राप्त हुँदै आएको छ। सबैको शुभभावले संस्थाले दिनप्रतिदिन आफ्नो लक्ष्यतर्फ पाइला चालिरहेको छ।

महायज्ञ र ज्ञानयज्ञ

यस महेश संन्यास आश्रमको अधिष्ठाता देवताको रूपमा २०६३ मा भगवान् विद्येश्वरको स्थापना गरियो। यस मन्दिरको स्थापना र भगवान्को प्रतिष्ठापछि महेश संन्यास आश्रमले एउटा उपनीत वटुकले झैं कौमार्य अवस्थामा पुगेको महसुस गरेको थियो। त्यसपछिको चरण देवघाटधाम विराट् ज्ञानमहायज्ञको थियो।

वि.सं. २०६५ मा देवघाटधाम विराट ज्ञान महायज्ञ २०६५ को भव्य आयोजना गरियो। यस महायज्ञमा देश-विदेशका हजारौँ भक्तजनको श्रद्धा महेश संन्यास आश्रमसँग जुट्न गयो। वि. सं. २०६५ फागुन १८ गते देखि २६ सम्म सम्पन्न भएको त्यस महायज्ञमा निरञ्जन पीठाधीश आचार्य महामण्डलेश्वर अनन्तश्रीविभूषित स्वामी पुण्यानन्द गिरिजी महाराजबाट सुमधुर श्रीमद्भागवतकथाको वाचन भयो। महायज्ञमा चतुर्वेदपारायण, गायत्री लक्ष्यहवन, महारूद्राभिषेक, शतचण्डी, पञ्चदेवोपासनासहित धान्याचल, तुलादान समेतका अनुष्ठानहरू सम्पन्न भएका थिए। महायज्ञमा **निरञ्जन पीठाधीश परमगुरु स्वामी महेशानन्द गिरिजी महाराजको** शुभाशीर्वाद र सत्प्रेरणा थियो भने अन्य सबै सन्त-महात्मा र विद्वज्जनहरूको समेत प्रत्यक्ष सहभागिता थियो। तत्कालीन संविधानसभाका सभामुख माननीय सुवास नेम्वाङ्को उपस्थितिमा समुद्घाटन भएको त्यस महायज्ञमा करिब पाँच हजार मानिसहरूको दैनिक उपस्थिति थियो। त्यस महायज्ञबाट यो महेश संन्यास आश्रमको सुदीर्घकालसम्म चलिरहने विद्यावितरणरूप ज्ञानयज्ञलाई सहयोग र उत्साह थपिएको थियो।

स्वामीज्यूको महाप्रयाण, रजतवर्ष महोत्सव र महायज्ञ

महेश संन्यास आश्रमले उन्नतिको पाइला टेक्न थालेको मात्रै थियो। नियतिको कारण २०७४ असार २४ गते गुरुपूर्णिमाको तिथिमा स्वामीज्यूले आफ्नो पाञ्चभौतिक शरीरलाई अकस्मात् पञ्चमहाभूतमा मिलाइदिनुभयो र आफु व्यष्टि चेतनाबाट समष्टि चेतनामा समाहित हुन पुग्नुभयो। उहाँका उद्देश्य महान् थिए। ती सबै पूरा हुन सकेका थिएनन्। धेरै काम बाँकी नै थिए। पोखरामा गएको बेला उहाँको शरीर अकस्मात् अस्वस्थ भयो। उपचारका प्रयत्नहरू असफल भए, उहाँ ब्रह्मलीन हुनुधयो।

स्वामीजी भन्नुहुन्थ्यो- आत्मा अविनाशी सनातन तत्त्व हो। शरीर प्रारब्धको अधीनमा हुन्छ, त्यो नश्वर हो। नश्वर शरीरका माध्यमले अविनाशी परमतत्त्वलाई प्राप्त गर्न सकिन्छ, देशको समाजको हित हुने महान् कार्य गर्न सकिन्छ र गर्नुपर्छ पनि। जन्मिने र मर्ने, खाने र शौच गर्ने, अलिकति धन कमाउने र एकदिन मर्ने मात्रै हो भने त्यस्ता व्यक्तिको जीवन व्यर्थ छ। स्वामीजीले जे भन्नुहुन्थ्यो त्यो कुरा आफ्नै उदाहरणबाट देखाइदिनुभयो। अब स्वामीजीकै कृपापात्र शिष्य रमणानन्दजी संस्थाको अध्यक्षको रूपमा दायित्व वहन गरिरहनुभएको छ र आश्रमका पीठाधीश **श्री १००८ स्वामी रमणानन्द गिरिजी महाराज**को रूपमा परिचित हुनुभएको छ। उहाँलाई र पूरै संस्थालाई वीतराग सन्त **श्री १००८ स्वामी मधुसूदनानन्द गिरिजी** महाराजको संरक्षण प्राप्त छ र ब्रह्मलीन स्वामीज्यूको सत्प्रेरणा र चेतनाले संस्थालाई निरन्तर गतिशील बनाइरहने पर्याप्त आधारहरू देखिएका छन्।

स्वामीज्यूकै नेतृत्वमा संस्थाले महेश संन्यास आश्रम एवं महेश संस्कृत गुरुकुलको पच्चीसौँ वर्ष २०७५ लाई रजतवर्षको रूपमा भव्यताका साथ मनायो। यस अवसरमा सन्त सम्मेलन, गुरुकल सम्मेलन, विद्वत्सम्मलेन लगायतका विभिन्न कार्यक्रमहरू सम्पन्न भए। मुख्य कार्यक्रमको रूपमा देवघाटधाम विराट् ज्ञानमहायज्ञ २०७५ सम्पन्न भयो। २०६५ को महायज्ञको समापनका अवसरमा सङ्कल्पकर्ता श्रद्धेय **डा. स्वामी रामानन्द गिरिजी महाराज**ले हरेक दशवर्षमा महायज्ञको आयोजना गर्ने सङ्कल्प प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। स्वामीज्यूको त्यो शिवसङ्कल्पलाई पूर्ण गर्नुपर्छ भनेर उहाँका शिष्य र श्रद्धालु भक्तजनले २०७३ सालदेखि नै चर्चा गरेका थिए, त्यही स्वामीज्यूको शिवसङ्कल्पलाई पूर्ण गर्ने उद्देश्यका साथ २०७५ मा स्वामीज्यूको पावन स्मृति र रजतवर्ष परिपूर्तिको अवसर पारेर देवघाटधाम विराट् ज्ञानमहायज्ञको दोस्रो संस्करण सम्पन्न गरियो।

यस रजतवर्ष महोत्सवका अवसरमा आयोजना गरिएको ज्ञानसभा एवं महायज्ञको समुद्घाटनका लागि नेपालका सम्माननीय **राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको** आगमन भएको थियो। त्यस अवसरमा गुरुकुलको शिक्षण भवनको समुद्घाटनसमेत भएको थियो। ज्ञानसभामा प्रज्ञाप्रतिष्ठानका उपकुलपति डा. जगमान गुरुङ्ग एवं नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत सेवा आयोगका अध्यक्ष प्रा. डा. वेणीमाधव ढकालसमेतका विशिष्ट विद्वान्हरूको उपस्थिति थियो। महायज्ञको बीचमा आयुर्वेद शिरोमणि आचार्य बालकृष्णजीको र भगवान पशुपतिनाथका प्रधान अर्चक हिलियाना गणेश भट्टज्यूको समेत विशेष उपस्थिति थियो।

बीच बीचमा विभिन्न राजनीतिक दलका वरिष्ठ नेताहरूको आगमन भयो भने समापनमा गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय पृथ्वी सुब्बा गुरुङ् आउनुभएको थियो। यस महेश संन्यास आश्रमका वर्तमान पीठाधीश श्री १००८ स्वामी रमणानन्द गिरिजी महाराजको श्रीमद्भागवतमा आधारित सुमधुर प्रवचनले महायज्ञमा उपस्थित भक्तजनहरू भक्तिरसमा आप्लावित भएका थिए भने यसै गुरुकुलबाट तयार भएका १०८ वटुकबाट एकैचोटि एक स्वरमा वाचन गरिएको

श्रीमद्भागवत पारायणले समेत अपूर्व आनन्दको अनुभूति दिलाएको थियो। महायज्ञको अवसरमा देश-विदेशबाट दशौँ हजार भक्तजनहरू उपस्थित भए। ती सबै भक्तहरू गुरुकुलको अनवरत चलिरहेको वैदिक शिक्षारूप ज्ञानयज्ञमा समेत जोडिन पुगेका छन्। यसप्रकार रजतवर्षको अवसरमा आयोजित यस महायज्ञबाट पनि स्वामीज्यूको शिवसङ्कल्प पूर्ण गर्न सफलता प्राप्त हुने अपेक्षा राखिएको छ।

उत्पादन र अपेक्षा

यस महेश संस्कृत गुरुकुलबाट शिक्षित र दीक्षित जनशक्ति हाल देश-विदेशमा मर्यादित पदमा रहेर वैदिक सनातन धर्म र संस्कृतिको प्रचार-प्रसारमा लागिरहेका छन्। वि. सं. २०६५ मा पहिलो पटक शाङ्करवेदान्त विषयमा आचार्य तह उत्तीर्ण गरेका सबै छात्रहरू अहिले विभिन्न विश्वद्यालयहरूका उपप्राध्यापक पदमा कार्यरत भइसकेका छन्। त्यसपछिका जनशक्तिहरू पनि विभिन्न विद्यालय, महाविद्यालय र विश्वविद्यालयहरूमा आबद्ध भएर संस्कृत विद्याको प्रचार-प्रसारमा जुटेका छन्। पाश्चात्त्य शिक्षाको प्रभावले सनातन संस्कृति ओझेलमा परेको र राष्ट्र एवं राष्ट्रियता नै सङ्कटमा पर्ने हो कि ! भन्ने आशङ्का भइरहेको अवस्थामा संस्कृत शिक्षाको पुनर्जागरणका माध्यमले समाजको रूपान्तरण गर्न यस महेश संस्कृत गुरुकुलले ठुलो योगदान दिनेछ भन्ने कुरामा आश्वस्त हुन सकिन्छ। श्रद्धेय स्वामी रामानन्द गिरिजीले देशको वर्तमान अवस्थाप्रति चासो र चिन्ता गर्दै देशको अस्तित्वलाई सुदीर्घकालसम्म जोगाइरहन संस्कृत शिक्षा नै प्रमुख उपाय हो भन्ने विचार व्यक्त गर्नुहुन्थ्यो। उहाँको त्यो विचार र मार्गदर्शनका आधारमा उहाँका शिष्यगण गुरुकुलशिक्षाको पुनर्जागरणमा लागिरहनुभएको छ। यसबाट ऋषिमुनिहरूको तपोभूमिको रूपमा परिचित नेपालले आफ्ना पूर्वजको ज्ञानवैभवलाई फेरि प्राप्त गर्ने र विश्वभर आध्यात्मिक चेतनाको माध्यमले शान्तिको सन्देश फैलाउन सक्ने कुरामा आशावादी हुन सकिन्छ। अमेरिकाको प्रवासका क्रममा स्वामीज्यूले आफुलाई त्यस्तो गुरुकुल सञ्चालन गर्ने इच्छा भएको जहाँ पालेले पनि संस्कृत बोलोस् भन्नुभएको थियो। त्यो सङ्कल्पलाई समेत हामीले पूर्ण गर्नुपर्ने देखिन्छ।

सञ्चालनप्रक्रिया र आर्थिक पाटो

संस्था सञ्चालनका लागि तयार गरिएको विधान र प्रचलित नियम कानुनको पालना गरी महेश संन्यास आश्रमको सञ्चालन गरिएको छ। विधानवमोजिम २१ सदस्यीय महेश संन्यास आश्रम सञ्चालक समिति रहेको छ भने ९ सदस्यीय कार्यसमितिले संस्थाका नियमित कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। संस्थासञ्चालनका लागि भक्तजनबाट प्राप्त आर्थिक सहयोग प्रचलित आर्थिक नियमबमोजिम बैंकमा जम्मा गर्ने र खर्च गर्दा पनि व्यवस्थित अभिलेख राखी हरेक आर्थिकमासान्त समाप्तिपछि लेखापरीक्षण गराउने र साधारणसभाबाट अनुमोदन गरी सम्बन्धित निकायमा प्रस्तुत गर्ने गरिन्छ। यो त भयो प्रशासनिक प्रक्रिया। विरक्त सन्तको नेतृत्वमा संस्था चलेको र कार्यकर्ताहरू पनि सन्तको आदर्शमा रहेर काम गर्ने भएकोले यहाँ प्राप्त हरेक वस्तुको सदुपयोग हुने निश्चित छ। त्यसैले श्रद्धालु भक्तजनले खुसीका साथ श्रद्धाराशि अर्पण गर्छन् र त्यसैबाट संस्थाको सञ्चालन भइरहेको छ।

यस महेश संन्यास आश्रममा आश्रमको सञ्चालनका लागि आवश्यक भूमि र भौतिक सम्पदा सबै दाताहरूको दानबाट प्राप्त भएको हो। यस सन्दर्भमा संस्थाको आरम्भमा सहयोग गर्ने उदारमना दाताहरूको योगदान कहिल्यै बिर्सन मिल्दैन। गुरुनिवासभवन पोख्रेली भक्तजनले निर्माण गरिदिएका हुन् भने पुस्तकालय भवनको निर्माणका लागि कमल सिंह कार्कीले एक्लै लगानी गर्नुभएको हो। यस्तै काठमाण्डौनिवासी श्रीमती त्रिवेणी देवी संङ्ईले विद्यापीठ सञ्चालनका लागि गोपाल भवनको पहिलो र दोस्रो तला निर्माण गरी सहयोग गर्नुभएको थियो। त्यसको माथिल्लो तला आचार्य निवासको रूपमा ब्रह्मलीन स्वामीज्यूको निवासका लागि काठमाडौँ

निवासी जनकदेव पाण्डेयले तयार गरिदिनुभएको थियो। पछाडिको ३२ कोठे शिक्षण भवन निर्माण गर्दा छुट्टाछुट्टै कोठा बनाउन ३२ जना भक्तजनहरूले सहयोग गर्नुभएको थियो भने त्यसको शुभारम्भमा विश्वविद्यालय अनुदान आयोगबाट समेत सहयोग प्राप्त भएको थियो। सन्त सेवा आश्रम निर्माण गर्न काठमाडौँ निवासी जीवकुमारी लामिछानेले एक्लै रू. १ करोड पच्चीस लाख खर्च गर्नुभयो भने गुरुमन्दिर निर्माण गर्दा करिब ४ हजार भक्तजनबाट मात्र ११०० को दरले सहयोग प्राप्त भयो। यसरी सहयोग गर्ने दाताहरू धेरै नै हुनुहन्छ।

नियमित सञ्चालनतर्फ हाल मासिक ४ लाखसम्म खर्च लाग्ने गरेको छ। त्यसबाहेक गुरुकुलका छात्रहरूको भोजनका लागि नियमित अन्नदान गर्ने भक्तहरू पनि छन् । अन्नदान सङ्कलनमा यस आश्रमका सदस्य हेटौडानिवासी रामप्रसाद सुवेदी सक्रिय हुनुहुन्छ। यस्तै आचार्य कपिलदेव सुवेदीको नेतृत्वमा गुरुकुल प्रवर्धन समाजले पनि गुरुकुलका लागि अभिभावक जुटाउने काम गरिरहेको छ।

गुरुकुलका अन्नदान (मुठ्ठीदान) संयेजक श्री रामप्रसाद सुवेदीज्यूके संयोजकत्वमा मकवानपुर, सिमरा र काठमाडौँका भक्तहरूले दशकौँदेखि गुरुकुललाई वर्षभरि आवश्यक पर्ने सम्पूर्ण खाद्यान्न व्यवस्था गरिरहनुभएको कुरा अविस्मरणीय छ। साथै संस्थापक गुरुवरको देहावसानपछि आचार्य कपिलदेव सुवेदीज्यूको अगुवाइमा गठित गुरकु प्रवर्धन समाजमा आबद्ध सयौँ अभियन्ता र अभिभावकहरूले गुरुकुलमा अध्ययनरत छात्रहरूको शैक्षिक अभिभावक बन्ने आशालाग्दो अभियानको थालनी गर्नुभएको छ र यो अभियानले गुरुकुलको स्थायित्वमा ठुलो टेवा पुऱ्याउने देखिन्छ।

आगामी कार्यदिशा

संस्थाले पच्चीस वर्षको यात्रा पूरा गरिसकेको छ। हाल सम्मका उपलब्धिहरू पनि कम छैनन् तर यत्तिकैमा सन्तोष मान्ने अवस्था छैन। वर्तमान समाज र देशको वर्तमान परिस्थिति फरक छ। संस्था र संस्था सञ्चालकहरूको काँधमा जिम्मेवारीहरू थपिएका छन्। प्राचीन ऋषि परम्पराको आदर्शलाई वर्तमान युगमा निरन्तरता दिनु कम चुनौतिको विषय हैन। त्यसैले संस्था सञ्चालकहरूले जिम्मेवारीपूर्वक योजनाबद्ध ढंगले आगामी कार्यदिशा निर्धारण गर्नुपर्ने देखिन्छ। मूलतः यस संस्थाका दीर्घकालीन र अल्पकालीन योजनाहरू निम्नानुसार छन्।

- हाल चलिरहेका अध्ययन अध्यापन, ग्रन्थ-प्रकाशन, प्रववचन, आदिलाई निरन्तरता दिने।
- प्रमाणपत्रलाई भन्दा शास्त्रीय विषयहरूको अध्यापन प्रणालीलाई बढी महत्त्व दिने।
- विधिपूर्वक वेदाध्ययन र कण्ठस्थीकरणको प्राचीन परम्परालाई व्यवस्थित गर्ने।
- स्वशाखासँगै चारै वेदका उपलब्ध सबै शाखाको समेत विधिपूर्वक अध्यापन गर्ने।
- सूत्रग्रन्थको कण्ठस्थीकरणसहित प्रकरणग्रन्थलाई पूरा तयारी गर्ने वातावरण बनाउने।
- संस्कृतभाषा र साहित्यसँगै अन्य शास्त्रीय विधामा समेत पारङ्गत जनशक्ति तयार गर्ने।
- राष्ट्र राष्ट्रियताका लागि समर्पित अनुशासित र चरित्रवान् जनशक्ति उत्पादन गर्ने।
- क्रमशः गुरुकुलमा छात्रसङ्ख्या बढाउदै जाने र शास्त्रीय विषयहरू पनि थप गर्दै लैजाने।
- गुरुकुलपरिसरमा छुट्टै भवन बनाई सुविधासम्पन्न व्यवस्थित पुस्तकालय सञ्चालन गर्ने।
- अनुसन्धान केन्द्र सञ्चालन गर्ने र साना ठुला अनुसन्धानका कार्यक्रम सञ्चालन गर्ने।
- संस्कृत वाङ्मयभित्रका महत्त्वपूर्ण विषयहरू समेटेर अनुसन्धानात्मक पत्रिका प्रकाशित गर्ने।

- महेश संन्यास आश्रमसँग सीमा जोडिएका जग्गा खरिद गरी आश्रम परिसर विस्तार गर्ने।
- भक्तजनबाट प्राप्त श्रद्धाराशि सङ्कलन गरी अक्षयकोषको रकम अभिवृद्धि गर्ने।
- शास्त्रीय वर्णाश्रम मर्यादाको वैज्ञानिक र व्यवहारानुकूल पक्षलाई संरक्षण सम्वर्धन गर्ने।
- आवधिक योजना बनाई समुदायका सबै वर्ग र समूहलाई गुरुकुलशिक्षाबाट लाभान्वित पार्ने।
- गुरुकुललाई स्वाबलम्बी बनाउने किसिमका अन्य कार्यक्रमहरू समेत सञ्चालन गर्ने।
- अन्यत्र पनि गुरुकुलका शाखा विस्तार गरी गुरुकुलशिक्षालाई देशव्यापी बनाउने।
- देशभरका गुरुकुलसँग समन्वय गरी गुरुकुल विश्वविद्यालयको परिकल्पनालाई साकार पार्ने।
- ऋषिपरम्पराप्राप्त आध्यात्मिक चेतनाको विस्तार गरी पूरै विश्वलाई नै शान्त र स्वस्थ बनाउने।

उपसंहार

संसारमा हरेक दिन हजारौँ मानिसहरू जन्मिने र मर्ने गर्छन्। तीमध्ये केही यस्ता हुन्छन् जसले नश्वर शरीरबाट पनि केही महत्त्वपूर्ण काम गर्छन् र अनश्वर कीर्ति प्राप्त गर्छन्। केही त यस्ता हुन्छन्, जसले मृत्युलाई पनि जितेका हुन्छन् र अमरत्व प्राप्त गरेका हुन्छन्। ती महापुरुष हुन्। यस्ता महापुरुषहरू स्वयं कृतकृत्य हुन्छन्, सारा संसारलाई पनि कल्याणको बाटो देखाउँछन् र कृतकृत्य हुन सिकाउँछन्।

श्रद्धेय स्वामी रामानन्द गिरिजी महाराज महापुरुष हुनुहुन्थ्यो। उहाँले समाजलाई कर्तव्यको शिक्षा दिनुभएको छ। हरेक व्यक्तिलाई असल जीवन जिउन उत्प्रेरित गर्नुभएको छ। स्वामीजी भन्ने गर्नुहुन्थ्यो जन्मिनु र मर्नु मात्र जीवनको लक्ष्य होइन। त्यस्तो जीवन के जीवन ? जो जन्मिएर केवल मर्छ। वास्तवमा मानिस आफ्नो लागि होइन समाजका लागि बाँच्न सक्नुपर्छ। बाँच्नु पनि बोधका साथ, अर्थात् सचेत भएर। व्यवहार गर्नु पनि बोधका साथ, कर्तव्याकर्तव्यको विवेकका साथ। स्वामीजीले यो कुरा प्रवचनबाट पनि सिकाउनुभयो र व्यवहारबाट पनि देखाउनुभयो। स्वामीजीको पाञ्चभौतिक शरीर त पञ्चत्वमा बिलायो तर उहाँले यो आश्रम र गुरुकुलको माध्यमले लोकको उपकार गर्नुभयो र सदाका लागि अमर हुनुभयो।

स्वामीजी ब्रह्मलीन भएपनि उहाँको अभियान महेश संन्यास आश्रमको रूपमा र महेश संस्कृत गुरूकुलको रूपमा हाम्रा सामु छ। यसले वैदिक सनातन धर्म, संस्कृतिको संरक्षण संवर्द्धन गर्ने, सत् शिक्षाद्वारा समाजलाई सन्मार्ग तर्फ डोऱ्याउने, राष्ट्र र राष्ट्रियताको जगेर्ना गर्ने, समाजलाई समुन्नत, समृद्ध र शान्त बनाउने महान् लक्ष्य लिएको छ। त्यसलाई पूरा गर्न हामी सबैको निरन्तर सक्रियता र उत्साह आवश्यक छ।

***

रजतवर्ष महोत्सवभित्रका उत्सवहरू

– उपप्रा. फणीन्द्रप्रसाद पौडेल

गुरुकुलको रजतवर्ष महोत्सव भव्य रूपमा मनाउनुपर्छ - गुरुदेवको आज्ञा प्राप्त भयो। रजतवर्षलाई कसरी महोत्सवमय बनाउने भन्ने छलफल चल्न थाले। यसै बीचमा गुरुदेव ब्रह्मलीन हुनुभयो। अभिभावक गुमाएको गुरुकुल र गुरुविनाका हामी स्तब्ध बन्यौँ। गुरुदेवको व्यष्टि शरीरमा रहेर क्षणिक लीला गरिरहेको समष्टि चैतन्यलाई हाम्रा कुनै उत्सव, महोत्सवको के-कति अर्थ रहन्छ, थाहा छैन। हामीले चाहिँ गुरुआज्ञालाई कर्तव्य ठान्यौँ, गङ्गाको जल उठाएर गङ्गाजीलाई नै अर्घ्य भनेझैँ गुरुबाट प्राप्त ज्ञानले गुरुकै पूजा गर्ने निश्चय भयो। गुरुजीको सशरीर दिव्य उपस्थितिमा सञ्चालन गर्ने गरी कल्पना गरिएका महोत्सवका विभिन्न कार्यक्रमहरू उहाँको स्मृति र आशीर्वादमा सञ्चालन हुने गरी तय भए। अनि गुरुकुलको पच्चीसौँ वार्षिकोत्सव २०७४ चैत्र १२ गते श्रीरामनवमीका दिन विशेष समारोहका बीच महेश संन्यास आश्रम र गुरुकुलको रजतवर्ष महोत्सवका यी तालिकाबद्ध कार्यक्रमहरू सार्वजनिक भए-

- मेचीमहाकाली सत्सङ्गयात्रा
- अभिभावक सम्मेलन (२०७५ वैशाख ४ गते, देवघाट)
- छात्रसम्मेलन (२०७५ असार २३ गते, काठमाडौँ)
- विद्वत्सम्मेलन एवं प्रथम गुरु स्मृति महोत्सव (२०७५ साउन ९,१० र ११ गते, काठमाडौँ)
- कविसम्मेलन एवं प्रथम गुरुस्मृति महोत्सव (२०७५ साउन १९ गते, पोखरा)
- सन्तसम्मेलन एवं प्रथम गुरु स्मृति महोत्सव (२०७५ साउन २५ र २६ गते, देवघाट)
- भक्तसम्मेलन एवं सङ्कीर्तन महोत्सव (२०७५ मंसिर ७ र ८ गते, काठमाडौँ)
- राष्ट्रिय गुरुकुल सम्मेलन (२०७५ मंसिर १४ र १५ गते, देवघाट)
- साहित्यसम्मेलन एवं मकर काव्य यामिनी (२०७५ पुस ३० गते, देवघाट)
- देवघाटधाम धार्मिक सांस्कृतिक महोत्सव (२०७५ माघ २१ गते, देवघाट)
- देवघाटधाम विराट् ज्ञानमहायज्ञ (२०७५ माघ २२ गतेदेखि फागुन १ गतेसम्म, देवघाट)
- रजतवर्ष महोत्सव समापन एवं गुरुकुल आश्रमको २६ औँ वार्षिकोत्सव (२०७५ चैत्र २९ र ३० गते, देवघाट)

मेची-महाकाली सत्सङ्गयात्रा

महेश संन्यास आश्रम एवं गुरुकुल दाताहरूको मुष्टिदान र सद्भावमा सञ्चालित एउटा साझा अभियान हो। वि.सं. २०५० यता औपचारिक रूपमा र त्यसपूर्व अनौपचारिक रूपमा सञ्चालन हुँदै आएको यस अभियानप्रति धेरै संस्कार, संस्कृत र संस्कृतिका प्रेमीहरूले तन, मन, धन अर्पण गरेका छन्। ती सबैलाई आफ्नो गौरवमय रजतवर्षको खुशीमा सहभागी बनाउनु गुरुकुलको परम कर्तव्य हो। यो काम एउटै आँगनमा मात्र सम्भव थिएन, त्यसैले मेची महाकाली सत्सङ्ग यात्रा तय भयो, विभिन्न क्षेत्रका श्रद्धालुहरूका माझमा पुगेर संस्कार र संस्कृतको महिमागान गर्ने उद्देश्यले।

वि.सं. २०७५ को शुभारम्भसँगै पवित्र यज्ञभूमि स्वर्गद्वारीको प्रत्यक्ष आशीर्वाद प्राप्त गरेका दाङवासीका बीचबाट प्रारम्भ भएको सत्सङ्गयात्रा प्रारम्भिक कल्पनाभन्दा पनि उपलब्धिपूर्ण र महत्त्वपूर्ण बन्दै गयो। यात्राकै क्रममा अभियानका प्रमुख व्यक्तित्व श्रद्धेय स्वामी रमणानन्द गिरिजी महाराजले आफ्ना उद्बोधनहरूमा गुरुकुलको यात्रालाई देशदर्शन यात्राका

रूपमा अर्थ्याउनुभएपछि मेची-महाकाली सत्सङ्गयात्रा देशदर्शन यात्राकै रूपमा सञ्चालन भइरहेको छ। मुख्यतः अभियानका रूपमा देशका पवित्र तीर्थहरूको दर्शन गर्नु, क्षेत्रगत रूपमा सञ्चालित गुरुकुलहरूको अवलोकन गर्नु र परमपूज्य गुरुदेवका चरण परेका पवित्र स्थलहरूको स्पर्श गर्नु यो अभियानको उद्देश्य हो। महायज्ञको प्रचार-प्रसारका निम्ति पनि यो यात्रा अत्यन्त उपयोगी बन्यो। साथमा संस्कृत, संस्कार र गुरुकुलको प्रचारमा यात्रा ज्यादै फलदायी बन्यो। बदलिँदो परिवेशमा गुरुकुल सञ्चालन गरेर दक्ष जनशक्ति उत्पादन गरी सभ्य समाजको निर्माणमा योगदान पुऱ्याउन लागिपरेको संस्था र त्यसका अभियन्ताहरूका निम्ति यो यात्रा आफैँमा देश, समाज र परिवेश बुझ्ने अवसर बनेको छ। २०७५ चैत्र ३० गते श्रीरामनवमीसम्म औपचारिक रूपमा चलिरहने सत्सङ्ग अभियानअन्तर्गत सातै प्रदेशका १०८ भन्दा बढी मञ्च र स्थलहरूमा सत्सङ्गका कार्यक्रमहरू सञ्चालन भइसकेका छन् भने केही चलिरहेका छन्। गौरवमय रजतवर्ष महोत्सवको पहिलो अभियानका रूपमा सञ्चालित देशदर्शनको यो कार्यक्रम गौरवमय बनेको छ। महेश संन्यास आश्रमका संरक्षक श्री १००८ स्वामी मधुसूदनानन्द गिरिजी महाराज, पीठाधीश श्री १००८ स्वामी रमणानन्द गिरिजी महाराज, महेश संस्कृत गुरुकुलका प्रधानाचार्य श्री १००८ स्वामी केशवानन्द गिरिजी महाराज, ब्रह्मचारीद्वय ईश्वरानन्दजी र हंसानन्दजी अनि महेश संस्कृत गुरुकुल विद्यापीठका प्राचार्य डा. गुरुप्रसाद सुवेदी र हामीसमेतको सहभागितामा सञ्चालन भएको यो यात्रा रजतवर्षभरि औपचारिक रूपमा नै चलिरहेको छ।

अभिभावक सम्मेलन

महेश संस्कृत गुरुकुल एउटा ठुलो परिवार हो, जहाँ ४५ भन्दा धेरै जिल्लाका २०० भन्दा बढी छात्रहरू सामूहिक बसाइ र अध्ययन गर्दछन्। हिमालदेखि तराई र सुगमदेखि दुर्गम भूगोलका यति धेरै छात्रहरूको सामूहिक बसाइ आफैँमा महत्त्वपूर्ण विषय हो। जानेर या नजानेर भए पनि आफ्ना प्यारा छोराहरूलाई घरदेखि टाढा संस्कृत पढ्न पठाउने अभिभावकप्रति गुरुकुल सधैँ आभारी छ। तिनै आफ्ना अभिभावकहरूसँग गुरुकुलको गौरवमय रजतवर्षको खुशी साट्ने र ब्रह्मलीन परमपूज्य गुरुदेवको गौरवगाथाको स्मरण गर्ने उद्देश्यले मिति २०७५ वैशाख ४ गते अभिभावक सम्मेलनको आयोजना गरिएको हो। गुरुकुलको मुख्य केन्द्र देवघाटधाममा आयोजित सम्मेलनमा गुरुकुलमा अध्ययनरत विद्यार्थीका अभिभावकहरू, पूर्वछात्रका अभिभावक र गुरुकुलको स्थापनादेखि निरन्तर विकासमा लागिरहनुहुने स्थायी अभिभावकहरूको उल्लेख्य उपस्थिति रह्यो। श्रद्धेय स्वामी मधुसूदनानन्द गिरिजी महाराज र गुरुकुलम्का प्रधानाचार्य केशवानन्द गिरिजी महाराजको विशेष समुपस्थितिमा सञ्चालित सम्मेलनमा हामीलाई पनि अभिभावकहरूलाई सम्बोधन गर्ने अवसर प्राप्त भयो। विशेष गरी आफ्ना छोराहरूलाई सभ्य नागरिक बनाउन चाहिरहेका अभिभावकहरूले गुरुकुलको परोपकारी संस्कृतसेवाको महाअभियानमा आफू र आफ्नो सन्तान जोडिन पाएकोमा अभिव्यक्त कृतज्ञता र गुरुकुलको अभियानलाई आफ्नो अभियान बनाएर अघि बढ्न गरेको प्रतिबद्धताले सम्मेलन सार्थक बन्यो। सम्मेलनका वक्ताहरूले संस्कृत, संस्कार र समसामयिक आवश्यकताका बारेमा अभिभावकहरूलाई स्पष्ट पारिदिनुभयो। यसले वैचारिक रूपमा गुरुकुलले अभिभावक र अभिभावकले गुरुकुललाई झनै राम्ररी बुझ्ने सुअवसर प्राप्त भयो। शिक्षक, शिक्षार्थी र अभिभावकको त्रिकोणात्मक समायोजनद्वारा प्रभावकारी प्रशिक्षण गर्न चाहने गुरुकुलको विशेष अभिभावक सम्मेलन यिनै सन्दर्भमा सार्थक बन्यो।

छात्रसम्मेलन

'गुरुकलका निम्ति छात्र नै धन हो र मान हो' यो परमपूज्य गुरुदेवको महावाणी हो। आफ्ना प्रिय छात्रहरूलाई उद्बोधन गर्ने सन्दर्भमा गुरुदेवबाट

सम्बोधित हुने छात्रधन गुरुकुलको एकमात्र लक्ष्य पनि हो। आफ्नो छात्रधन गुरुकुलमा रहँदा होस् या बाहिर रहँदा गुरुकुलले चासो राखिरहेको हुन्छ। त्यसमा पनि पच्चीस वर्षे यौवनयात्राको गौरवमय महोत्सवमा आफ्नो प्रिय धन बिर्सिने कुरै भएन। त्यसैले वि.सं.२०७५ असार २३ गते काठमाडौँमा आयोजना गरिएको हो पूर्वछात्रसम्मेलन।

सम्मेलन भएपछि प्रचलित क्रियाकलाप चल्ने नै भए। आमन्त्रित सहभागी र अतिथिहरूको उत्साहप्रद उपस्थिति, गुरुकुलीय मर्यादाको समुद्घाटन, गुरु र गुरुका हितैषीहरूको शुभकामना, सम्मेलनको औचित्य र उद्देश्य प्रकाशन अनि सम्मेलनका आकर्षक गुरुजनहरूको उद्बोधन जसरी हुनु आवश्यक थियो ती सबै त्यसरी नै सम्पन्न भए। सम्मेलनको दोस्रो सत्रमा महेश संस्कृत गुरुकुलका पूर्वछात्रहरूको संस्था महेश छात्र परिषद्को साङ्गठनिक गतिविधिहरू सञ्चालन भए। समापन सत्र आमन्त्रित अतिथि र सन्त गुरुहरूको स्नेहपूर्ण उद्बोधनले उत्साहित बन्यो। समग्रमा गुरुकुलको पूर्वच्छात्रसम्मेलन पशुपतिनाथको प्राङ्गण शङ्कराचार्य मठ काठमाडौँमा दिव्य किसिमले सम्पन्न भयो। गुरुकुलको पूर्णकालीन सदस्य, सम्मेलनको आयोजक र एउटा पूर्वछात्रका रूपमा सहभागी भएर छात्रसम्मेलनलाई हेरिरहँदा हामीलाई चाहिँ निम्न विशेष पक्षमा सम्मेलन विशेष भएको अनुभव भयो -

१. सम्मेलन गुरुकुलका पूर्वछात्रहरूको हो। त्यसमा देश-विदेशमा छरिएर रहेका छात्रहरू उपस्थित हुनुपर्थ्यो, भए। कर्मविशेषले देशभित्र र भारतसम्म छरिएका अधिकांशहरू सशरीर उपस्थित भए, टाढाको भूगोलमा पुगेकाहरूले विद्युतीय सञ्चारमार्फत् सहभागिता जनाए। घरमा भएका र परदेशमा गएका सबैसबैले आफ्नो गुरुकुलको गौरवमय रजतवर्षको विशेष अवसरमा आयोजित छात्रसम्मेलनलाई गुरु र गुरुकुलप्रति कृतज्ञता ज्ञापन गर्ने अवसरका रूपमा स्वीकार गरे। धेरैले आफ्ना सबै सफलतामा गुरुकुलमात्र कारण रहेको बताइरहँदा कतिपयले गुरुकुलको पूर्ण शिक्षा प्राप्त गर्न नसकेकोप्रति पश्चात्तापसमेत गर्न भ्याए भने केहीले बीचैमा गुरुकुल छोड्नुपर्दाका बाध्यता र गुनासा पनि साटासाट गरे। यी अर्थमा सम्मेलन एउटा अवसर बन्यो र सफल भयो।

२. आश्रम र गुरुकुलको २०५० बाट औपचारिक यात्रा थालनी गर्‍यो। हामीले यही सुन्यौँ र २०७५ सम्मका २५ वर्षे पूर्वछात्रहरूलाई सम्मेलनका अधिकारी ठान्यौँ, तर वास्तविकता अर्कै बन्यो। गुरुकुलको औपचारिक प्रमाणपत्र प्राप्त गरेका छात्रभन्दा दशकौँ अघिदेखि गुरुदेवको त्यागमय सार्वजनिक जीवन र ज्ञानबाट मार्गनिर्देश प्राप्त गरेका धेरै ज्ञात-अज्ञात शिष्यहरूले सो सम्मेलनलाई आफ्नो बनाउनुभयो। प्राकृतिक छात्रधनले गुरुकुलको ज्ञानभण्डार झनै भरियो। गुरुगौरव फैलियो र सम्मेलन सार्थक बन्यो।

३. गुरुकुलका पूर्वछात्र आश्रमका वर्तमान पीठाधीश स्वामीज्यूलाई आफ्नो पूर्वछात्रहरूको दिनचर्या बुझ्ने इच्छा भयो। गुरुकुलदीक्षित छात्रहरूको सेवा, संलग्नता वा जीवनवृत्ति विवरण तालिका तयार गरी भर्ने व्यवस्था सुचारु गरियो। गुरुकुलको शिक्षा कुनै निश्चित विषय र क्षेत्रका निम्ति मात्र होइन, छात्रविवरणले यही पुष्टि गर्‍यो। आफ्ना छात्रहरू प्रतिव्यक्ति भनेजस्तो विविध क्षेत्र र सेवामा संलग्न भएर उदाहरणीय जीवन बाँच्न प्रयास गरिरहेको देख्दा गुरुजन र हामी आफैँ पनि दङ्ग पर्‍यौँ। गुरुकुलका पूर्वछात्रहरूको सम्मेलन ज्ञानी, तपस्वी, ब्रह्मचारी, साधक, सन्त-महन्त, आचार्य, गुरु, अध्यापक, पुरोहित, अभियन्ता, कर्मचारी, व्यवसायी, सुरक्षाकर्मी, सञ्चारकर्मी, प्राविधिक, प्रकाशक र प्रशासकको महासम्मेलन बन्दाको छुट्टै आनन्द र गौरव अनुभव भयो। गुरुकुलको ठुलो परिवारलाई एकै ठाउँमा जम्मा गराएर आपसी ऊर्जा र उत्साहले अघि बढ्ने प्रेरणा दिन सम्मेलन सफल बन्यो।

विद्वत्सम्मेलन एवं प्रथम गुरुस्मृति महोत्सव

गुरुपूर्णिमा विद्याका उपासकहरूको विशेष पर्व हो। विद्वान् उत्पादन गर्ने केन्द्रका रूपमा स्थापित हुन खोजेको महेश संस्कृत गुरुकुलका निम्ति पनि यो पर्व विशेष नै थियो। त्यसमा पनि २०७५ को गुरुपूर्णिमा चाहिँ झनै विशेष बन्यो। कारण, ब्रह्मलीन परमपूज्य विद्वान् गुरुदेवको प्रथम वार्षिक स्मृतिदिवस र गुरुकुल आश्रमको गौरवमय रजतवर्ष महोत्सवभित्रको गुरुपूर्णिमा थियो यो। यस्तो महत्त्वपूर्ण पर्वलाई गुरुकुलले उत्सव नमनाउने कुरै भएन। त्यसैले शङ्कराचार्य मठ, पशुपति काठमाडौँमा श्रावण ९ देखि ११ गतेसम्म आयोजना गरिएको हो त्रिदिवसीय विद्वत् सम्मेलन एवं प्रथम गुरुस्मृतिमहोत्सव २०७५।

भोक र सोख व्यक्तिपिच्छे भिन्न भिन्न हुन्छन्। खाने-खुवाउने, बाँच्ने-बचाउने, बन्ने-बनाउने, पढ्ने-पढाउने आदि विषय भोक र सोखका रूपमा देखा पर्छन्। रामानन्द गुरुलाई पढ्ने-पढाउने भोक लाग्यो र सायद सोख पनि। यसैका निम्ति उहाँले जीवन अर्पण गरिदिनुभयो। महेश संन्यास आश्रम र गुरुकुल देखिएको उदाहरण हो। नदेखिएको र देखिन बाँकी धेरै ज्ञानसाधना केन्द्र र साधक जन्मिएका छन्, त्यस्ता गुरुको पूजा विद्याकै साधना, परिष्कार र विमर्शबाट मात्र हुन्छ भन्ने ठम्याइ हो, विद्वत्सम्मेलन। जुन विद्येश्वरको कृपाप्रसादमा विद्याको साधना गर्ने गुरुकुलको रजतवर्ष महोत्सवको पनि विशेष कर्म बन्यो।

२०७५ श्रावण ९ गते उद्घाटन भई ११ गते समापन भएको सम्मेलन त्रिदिवसीय र ६ सत्रात्मक बन्यो। सम्पूर्णानन्द विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय, विज्ञान तथा प्रविधि विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग, प्रज्ञा प्रतिष्ठान, जयतु संस्कृतम् अभियान र महेश संन्यास आश्रम तथा गुरुकुल लगायतका शैक्षिक प्राज्ञिक संस्थाका विशिष्ट पदाधिकारी र विभिन्न क्षेत्रका मूर्धन्य विद्वान्हरूको उल्लेख्य समुपस्थितिमा सञ्चालित सम्मेलन र त्यसका प्रत्येक सत्रहरू भव्य ज्ञानसभाका रूपमा सञ्चालन भए। विश्वविद्यालय अनुदान आयोगको सहयोगमा शिक्षासेवी विद्वान् गुरुदेवको प्रथम स्मृति दिवस र महेश संस्कृत गुरुकुलको गौरवमय रजतवर्ष महोत्सवको पावन अवसरमा आयोजित सम्मेलन निम्न उपलब्धिसहित ऐतिहासिक रूपमा सम्पन्न भयो।

१. विचार र पन्थको कित्ताकाटले विद्वान्हरूको सहयात्रा र विचार-विमर्श कठिन बन्दै गइरहेको परिवेशमा एउटा संस्कृतसेवी सन्तको सम्झनामा आयोजित सम्मेलनमा निःशर्त रूपमा विद्वज्जनको उपस्थिति आफैँमा ऐतिहासिक कर्म हो। जुन सर्वत्र देखिँदैन।

२. समाजको सर्वपक्षीय समुन्नतिका लागि संस्कृत शिक्षा, विश्वभाषामा संस्कृतको प्रभाव, गुरुकुलीय शिक्षाको प्रभावकारिताका लागि अवलम्बनीय शैक्षिक नीति, नेपालमा संस्कृत विद्याको गौरवाधानमा स्वामी रामानन्द गिरिको अवदानजस्ता शीर्षकमा सम्मेलनमा प्रस्तुत विशिष्ट अध्येताहरूका विचार र ती विचारमाथि विषयविज्ञ विद्वान्हरूका विमर्श सम्मेलनका मुख्य विशेषता हुन्।

३. संस्कतका अनुयायीले सुसंस्कृत जीवन जिउनुपर्ने प्राज्ञ जगमान गुरुङको निर्देश। धर्मको मात्र होइन समग्र सभ्यताकै उपजीव्य स्रोत हो संस्कृत भन्ने शताब्दीपुरुष सत्यमोहन जोशीको ठहर, संस्कृतलाई बिर्सिए विश्वभाषा परिवार नै अपाङ्ग हुने वरिष्ठ भाषशास्त्री प्रा.डा. माधवप्रसाद पोखरेलको निष्कर्ष, संस्कृतकै ज्ञाताहरूले सदावहार संस्कृतको उपयोगितालाई ओझेलमा पारेकाले पश्चात्ताप गरी संस्कृतको प्रचार-प्रसारमा नलागे हाम्रो अस्तित्व नै समाप्त हुन्छ भन्ने प्रा.डा. विद्यानाथ कोइरालाको चेतावनी र पछिल्लो कालखण्डमा नेपालमा संस्कृतको गौरवाधानमा अग्रणी भूमिका खेल्ने मूर्धन्य संस्कृतसेवी हुन् रामानन्द गिरि भन्ने प्रा.

राजेन्द्र सुवेदीको निष्कर्षप्रस्तुति र सम्मेलनको अनुमोदन विद्वत्सम्मेलनका ऐतिहासिक उपलब्धि हुन्।

४. संस्कृत सेवाकै निम्ति रामानन्द गिरिले महेश संस्कृत गुरुकुल खोल्नुभएको हो भन्ने गुरुकुल आश्रमका संस्थापनाकालदेखिका सदस्यसमेत रहेका प्रा. डा. दीर्घराज घिमिरेको स्पष्टीकरण, रामानन्द गिरिको संस्कृत अभियानबाट प्रभावित भएर आफू प्रारम्भदेखि नै महेश संस्कृत गुरुकुलसँग जोडिएको प्राध्यापक शिवगोपाल रिसालको गर्वोक्ति, रामानन्द गिरिमा विद्यार्थीकालदेखि नै ज्ञाननिष्ठा भएकाले जीवन नै ज्ञान र संस्कृतलाई सुम्पेका हुन् भन्ने प्राज्ञ ज्ञानमणि नेपालको अनुभव, संस्कृत गुरु बनाउने शिक्षा हो, संस्कृतले नै रामानन्द गिरिलाई रामानन्द गुरु बनाएको हो भन्ने प्रा.डा. वासुदेव त्रिपाठीको निष्कर्ष, रामानन्द गिरिको अभियानलाई केही सहयोग गर्न सकेकोमा सन्तुष्ट बनेका आचार्य पूर्णचन्द्र ढुङ्गेल, प्रा.डा. वेणीमाधव ढकाल, प्रा. माधवराज गौतम र प्रा. डा. माधवशरण उपाध्यायको हर्षोद्गार, पटक-पटकको निमन्त्रणालाई समय र महत्त्व दिन नसकेर स्वामी रामानन्द गिरिको ऊर्जामय जीवनलाई नजिकबाट अनुभव गर्न नपाएको भन्ने जयराज आचार्यको खल्लो अनुभव अनि रामानन्द गिरिको सान्निध्यबाट धेरै कुरा सिक्ने अवसर प्राप्त गरेको डा. बद्री पोखरेल र मुकुन्द उपाध्यायको संस्मरणले गुरुदेवप्रति कृतज्ञता या श्रद्धाञ्जलि अर्पण गर्ने अवसरका रूपमा पनि सम्मेलन सफल रह्यो।

कविसम्मेलन एवं प्रथम गुरुस्मृति महोत्सव

प्रकृतिको खुल्ला काखमा विचरण गर्ने रहरले गुरुदेवलाई पोखरा पुर्‍यायो। सुन्दर पोखराका बाक्ला बस्तीमा ज्ञानसाधना भनेजस्तो नहुने देखेर नै होला, पशुपति र देवघाटमा विशाल आश्रम निर्माण गरेका साधुलाई चुरुङ्गा काउरेमा कुटी निर्माण गर्ने धुन चल्यो। पण्डित लीलाधर, ज्योतिष लीलाधर, लीलाभक्त, नारायणदत्त जस्ता पोख्रेली सज्जनहरूको साथमा रहँदै गर्दा चुरुङ्गाका स्थानीयवासी नारायण अधिकारी जोडिनुभयो। साधुसँगको अधिकारीको त्यो सम्बन्ध भगवान् शङ्करसँग भगवान् नारायणको जस्तो प्रगाढ बन्यो। एउटा सज्जन गुरु र असल चेलाले आँटे नहुने केही थिएन। अम्बरेश्वर भगवान्को तपःस्थली चुरुङ्गामा सुन्दर आश्रम निर्माण भयो। गुरुदेवको मन बढ्यो, नारायणजीको परिश्रम। आश्रम विशाल पनि बन्यो। अन्य भक्त र शुभेच्छुकहरू जोडिँदै गए। ब्रह्मविद्याको केन्द्रमा साधकहरूको सम्मान हुन थाल्यो। टाढा टाढाबाट तपस्वीहरू आउन थाले। गुरुदेवकै आज्ञाले देवघाटदेखि गुरुकुलका वटुकहरू आलोपालो क्रममा जाने आउने गर्न थाले। काठमाडौँदेखि देवघाटसम्मका सत्सङ्गीहरूले विश्रामस्थली बनाए। आश्रमले नपुगेर भगवतीको चरणमा ब्रह्मविद्यापीठ नै स्थापना भयो। समग्रमा गुरुदेव जीवनपर्यन्त चुरुङ्गामा रमाएर बस्नुभयो। संयोग भनौँ या स्वेच्छा गुरुदेवको भव्य क्रियाशील शरीरले निष्क्रिय हुने क्रम यहीँबाट सुरु गर्‍यो र फेरि चुरुङ्गा फर्किएन। यही गुरुधाममा पहिलो वार्षिक स्मृतिसभा गर्नु थियो। सल्लाहले गुरुकुलको रजतवर्ष महोत्सव पनि जोडियो। यसरी आयोजना भयो २०७५ साउन १९ गते शनिवारका दिन कविसम्मेलन एवं प्रथम गुरुस्मृति महोत्सव पोखरामा।

कविहरू आमन्त्रित भए। अतिथिहरूको टुङ्गो लाग्यो। चुरुङ्गा आश्रमका सचिव नारायण अधिकारीको अगुवाइमा महेश पराजुली, लक्ष्मण पौडेल, सरोजनारायण बराल, पीताम्बर बराल, नारायण बाँस्तोला, देवी शर्मा, पार्वती माता लगायतका गुरुभक्तहरूले सबैलाई खबर र कार्यक्रमको व्यवस्थापन गर्नुभयो। साउन १९ गतेको शनिबारले फुर्सद दिए पनि वर्षाले फुर्सद दिएन। लड्दै र भिज्दै पोखरादेखि भक्तहरू चुरुङ्गा पुग्नुभयो। गण्डकी प्रदेशका प्रमुख माननीय बाबुराम कुँवर दलबलका साथमा प्रमुख अतिथिका

रूपमा उपस्थित हुनुभयो। ग्रामीण परिवेशको सत्कार भयो। स्वामी रमणानन्द गिरिजी महाराजको अध्यक्षतामा महोत्सव सभा प्रारम्भ भयो। देवघाट र काठमाडौँदेखि आएका गुरुकुलका युवाकवि र पोखराका अग्रज कविका कविताले सबैलाई स्तब्ध बनायो। लक्ष्मण पौडेलको नेतृत्वमा आएका योगसाधकहरूको भीडले आश्रम नै भरिभराउ बन्यो। रम्य काव्यपाठका साथमा विशिष्ट विद्वान्ले गाएका सन्तमहिमाले साधनास्थली चुरुङ्ग गौरवान्वित बन्यो। प्रमुख अतिथिको साहित्य र सन्तप्रेमी वक्तव्यले सबैलाई हर्षित बनायो। सभापति स्वामीजीको उपदेशले गुरुदेवको अभावमा विक्षिप्त बनेकाहरूलाई सान्त्वना प्रदान गऱ्यो। गुरुकुलका योग्य अध्यापक पर्वतराजको कुशल सञ्चालनले सम्मेलन छरितो बन्यो। स्वामी गोकुलानन्दको निर्देशन र गुरुकुलका गुरु दीपककुमार सिग्देलको व्यवस्थापनमा तयार भएको स्वादिलो भोजनभण्डारा स्थानअनुकूल वितरण भयो। अम्बरेश्वर भगवान्को दर्शन, गुरुको स्मृतिगाथा, गुरुकुलको उत्साह, सुन्दर काव्यश्रवण, महोत्सवमा संस्मरण बने। यी सबैको संयोजनले महोत्सव सुन्दर र सफल बन्यो।

सन्तसम्मेलन एवं प्रथम गुरुस्मृति महोत्सव

गुरुदेवको प्रथम वार्षिक स्मृतिसभा गुरुकुलमा आयोजना गर्ने निश्चित थियो। भगवान्जस्तै गुरु पनि भक्तपराधीन हुने भएर होला निर्वाण तिथि काठमाडौँलाई छुट्टियो। देवघाटका निम्ति श्रावण २६ तय भयो। शिष्यहरूको छलफलले सन्तशिरोमणि गुरुदेवको पहिलो स्मृतिसभा सन्तहरूकै पूजा गरेर सम्पन्न गर्ने निर्णय गऱ्यो, अनि आयोजना भयो, श्रावण २५ मा प्रारम्भ भई २६ मा समापन हुने गरी दुई दिने सन्तसम्मेलन एवं प्रथम गुरुस्मृति महोत्सव २०७५।

पूज्य सन्तहरूको उपस्थिति, उल्लेख्य रहोस् भनेर निमन्त्रणा प्रारम्भ भयो। गलेश्वर आश्रम देवघाटधामका पीठाधीश अनन्तश्रीविभूषि महामण्डलेश्वर स्वामी आत्मानन्द गिरिजी महाराज, हरिहर संन्यास आश्रम देवघाटका पीठाधीश एवं नेपाल सन्त समाजका अध्यक्ष श्री १००८ स्वामी ज्ञानानन्द सरस्वती, अभय वेदान्त साधना कुटीर देवघाटधामका पीठाधीश श्री १००८ स्वामी कृष्णानन्द सरस्वती, श्री १००८ स्वामी सच्चिदानन्द पुरी, वैष्णव परिषद् नेपालका अध्यक्ष स्वामी देवराजाचार्य, मुक्तिनाथ पीठाधीश स्वामी कमलनयनाचार्यलगायतका सन्तहरू विशेष रूपमा आमन्त्रित हुनुभयो। देवघाट वरपरका सन्तहरूको बाक्लो उपस्थिति रहे पनि वर्षाका कारण निमन्त्रित सबै सन्तहरूको उपस्थिति रहन सकेन। गुरुदेवका तेजस्वी सन्तशिष्यहरू र भक्तहरूको श्रद्धामय उपस्थितिले सम्मेलन स्मरणीय बन्यो।

सन्तले स्थापना गरी सञ्चालित गुरुकुल आश्रमको रजतवर्ष महोत्सवको सन्तसम्मेलन प्राज्ञिक चिन्तन त हुने नै भयो, सम्मेलनलाई उपलब्धिपूर्ण बनाउन र सन्तउपदेशलाई विषयकेन्द्री बनाउन प्रा.डा. नारायणप्रसाद खनालद्वारा प्रस्तुत नेपालको संस्कृतशिक्षा विकासमा साधुसन्तको योगदान शीर्षक कार्यपत्र र सहप्राध्यापक डा. मतिप्रसाद ढकालद्वारा प्रस्तुत गुरुकुल शिक्षाको समृद्धिका लागि सन्तमनीषीहरूको मार्गदर्शन शीर्षकको कार्यपत्रमाथि विद्वान् सन्तहरूले गहन विश्लेषण गर्नुभयो। काठमाडौँ, पोखरा, हेटौँडा, दाङ, विराटनगर, भैरहवा लगायतका क्षेत्रबाट आवासीय रूपमा सहभागी हुन आउनुभएका र चितवन, नवलपरासी तथा देवघाटधामका स्थानीय गुरुकुलका अभिभावक तथा शुभचिन्तकहरूको व्यापक उपस्थिति रहेको पहिलो दिनको पहिलो सत्र सम्मेलनको औपचारिक शुभारम्भमा केन्द्रित भयो। दिवा ११ बजेबाट सुरु भएको पहिलो सत्र २ बजेसम्म चल्यो मधुसूदनानन्द गिरिजी महाराजको सभापतित्व र स्वामी आत्मानन्द गिरिजी महाराजको प्रमुख आतिथ्यमा सञ्चालित कार्यक्रममा स्वामी रमणानन्द गिरि, कृष्णानन्द सरस्वती, केशवानन्द गिरि लगायत अन्य वैष्णव सन्तहरूको विशेष आतिथ्य रह्यो। दोस्रो सत्र कार्यपत्रको विमर्शमा प्रयोग भयो। २६ गतेको पहिलो सत्र ब्रह्मलीन डा. स्वामी रामानन्द

गिरिजी महाराजको स्मृति र योगदानको परिचर्चा एवं महेश संन्यास आश्रम तथा गुरुकुलको योगदान र सम्भावनाको विश्लेषणमा केन्द्रित भयो। औपचारिक समारोहपछि ११ बजेबाट सन्तपूजन एवं गुरुस्मृति भण्डारा सुरु भयो। आमन्त्रित साधुसन्त, वटुक, अतिथिका साथमा ४ हजारभन्दा बढी श्रद्धालुहरूले गुरुकुलको पवित्र प्रसाद ग्रहण गर्नुभयो। यसरी एउटा ब्रह्मज्ञानी सन्तको स्मृतिसभामा भएको सयौँ सन्तहरूको सौहार्दपूर्ण उपस्थिति र हजारौँ श्रद्धालुहरूको श्रद्धामय सहभागिताले सन्तपरम्परालाई नै सम्मानित गऱ्यो र गुरुकुलको एउटा विशेष कार्यक्रम विशिष्ट रूपमा सम्पन्न भयो।

भक्तसम्मेलन एवं सङ्कीर्तन महोत्सव

भगवान् र भक्तको जस्तै सन्त र भक्तको पनि आफ्नै सम्बन्ध हुन्छ। भक्तका शङ्का सन्तले हरिदिने र सन्तका आवश्यकता भक्तले भरिदिने भएर नै होला यो सम्बन्ध निकै प्रगाढ देखिन्छ। सच्चा गुरु स्वामी रामानन्द गिरि महाराजमा पनि यही कुरा लागु हुन्छ। संस्कार, संस्कृत र ज्ञानमा निष्ठा राख्ने श्रद्धालु भक्तहरूको साथ र सहयोगमा स्थापना भई सञ्चालित महेश संन्यास आश्रम र गुरुकुलले यही पुष्टि गर्छ। श्रद्धामय मुठीदानका भरमा सञ्चालित गुरुकुलले निरन्तर प्रगतिको पच्चीस वर्ष पार गर्नु सामान्य कुरा होइन। तसर्थ आफ्ना मूल आधार सहयोगी भक्तहरूप्रति गुरुकुल सदैव कृतज्ञ रहन्छ। समयले ल्याउने हर्ष र उमङ्ग, आफ्ना अभिभावकहरूसँग साटासाट गर्ने प्रयत्न गरिरहन्छ। गौरवमय सफल रजतयात्रा गुरुकुलको विशेष उमङ्ग हो। यही खुशी सबैमा बाँड्न आयोजना गरिएको हो मंसिर ७ र ८ गते दुईदिने भक्तसम्मेलन एवं संकीर्तन महोत्सव।

काठमाडौँमा आयोजित भक्तसम्मेलन एवं संकीर्तन महोत्सव एउटा प्रतीकात्मक कार्यक्रम मात्र हो। आश्रम र गुरुकुलको सञ्चालनमा तन, मन र धनले समर्पित हुनुभएका श्रद्धालुहरूको सम्मान गर्ने प्रयास हो। श्रद्धालुहरूले पुगी-नपुगी अर्पण गरेको श्रद्धामय मुठीदान र आशीर्वादबाट संस्कृत सेवाको महाअभियान सञ्चालन भएकोप्रति अभिव्यक्त हर्षोद्गार मात्र हो। यसैले भगवन्नामसङ्कीर्तनको रसमाधुर्यमा अनुरक्त सज्जनहरूलाई एकत्रित गरेर गुरुकुलको महत्त्व बुझाउने कर्ममा नै सम्मेलन केन्द्रित रह्यो। भगवान्का भक्त, गुरुका भक्त, गुरुकुलका भक्त, संस्कारका भक्त, संस्कृतका भक्त, ज्ञानका भक्त, सदाचारका भक्त र स्वदेशका भक्त सम्मेलनका लक्ष्य थिए, सहभागी भए। एउटा सज्जनले अर्को सज्जनलाई भेट्दा कस्तो अनुभूति गर्छ ? भक्तसम्मेलन एवं सङ्कीर्तन महोत्सवले त्यही अनुभूति गरायो।

निष्कर्षमा संस्कार संस्कृत लोप हुँदै गएकोमा चिन्तित बनेकाहरूलाई आशावादी हुन अनुरोध गर्दै व्यक्ति स्वयंले पालना गरे मात्र निरन्तर प्रवाहित हुने सनातन धर्म, संस्कार र परम्परालाई प्रत्येकले पालना गर्ने निर्देशन सम्मेलनले दियो। साथमा योग्य गुरुका सुयोग्य चेला भनेझैँ गुरुदेवका मेधावी शिष्यहरूको ज्ञाननिष्ठा र गुरुभक्तिपूर्ण समर्पणलाई नजिकबाट अनुभव गर्ने चाँजो मिलाएर गुरुदेवको अभावमा गुरुकुलका गतिविधि कसरी अघि बढ्लान् ? भन्ने जनजिज्ञासा मेटाउने काम पनि गऱ्यो सम्मेलनले। हामीले यही बुझ्यौँ र सुन्दर स्वर्णयात्राको कल्पना गऱ्यौँ।

राष्ट्रिय गुरुकुल सम्मेलन

ब्रह्मलीन गुरुकुलको षोडशी सभा देवघाटमा सम्पन्न भएपछि देशैभर श्रद्धाञ्जलि सभा आयोजना भए। प्रत्येक क्षेत्रका सभामा गुरुदेवप्रतिका भिन्न भिन्न भाव र विचार प्रस्तुत भए। पूर्वाञ्चलको विराटनगरमा पूज्य गुरुदेवप्रति श्रद्धाञ्जलि अर्पण गर्ने र उहाँका उत्तराधिकारीलाई स्वागत सम्मान गर्ने महानगरले अभिनन्दन सभा आयोजना गऱ्यो। गुरु, गुरुकुल र

ज्ञानसँग सरोकार राख्नेहरूको सभ्य उपस्थितिलाई सम्बोधन गर्ने क्रममा आश्रमका वर्तमान पीठाधीश स्वामी रमणानन्द गिरिजी महाराजले महेश संस्कृत गुरुकुलको गौरवमय रजतमहोत्सवको सार्वजनिक निमन्त्रणा गर्नुभयो। स्वामीज्यूको आशीर्वचनपछि विशेष मन्तव्य प्रस्तुत गरेका पूर्वाञ्चलमा सञ्चालित प्रतिष्ठित गुरुकुलका सञ्चालकहरूले महेश संस्कृत गुरुकुलको रजत महोत्सव केवल देवघाटमा अवस्थित महेश संस्कृत गुरुकुलको मात्र नभएर देशैभरका गुरुकुलहरूको गौरवमय महोत्सव भएको ठहर गर्दै सोही रूपमा बुझिदिन स्वामीज्यूलाई अनुरोध गरे। उदार सज्जनहरूको त्यो भावले हामीलाई उत्साहित बनायो। गुरुकुल सभ्यताको पुनर्जागरण र प्रवर्धनमा लागिपरेकाहरूको आपसी सद्भाव र उत्साह वृद्धि गर्ने उद्देश्यले महेश संस्कृत गुरुकुलको परिसरमा मंसिर १४ र १५ गते राष्ट्रिय गुरुकुल सम्मेलन आयोजना भयो।

संस्कृत शिक्षाको केन्द्र बन्दै गइरहेको पवित्र नदीहरूको सङ्गमस्थल देवघाटधाममा गुरु र गुरुकुलका अभियन्ताहरूको महाभेला गर्ने कल्पना र योजनाका साथ गतिविधि अघि बढे। गतिलो व्यवस्थापन र उपस्थिति चुनौतीपूर्ण थियो। सहयोग र सहकार्यका निम्ति शिक्षासँग सरोकार राख्ने मन्त्रालयदेखि विभागसम्म र विश्वविद्यालयदेखि आयोगसम्म पुगियो, उपलब्धि केही भएन। अन्तमा यथालब्धोपचारैः भनेझैँ आश्रमीय व्यवस्थामा नै सम्मेलन आयोजना भयो। पूर्वदेखि पश्चिमसम्मका धैरै गुरु र गुरुकुलहरूलाई आमन्त्रण गरियो। सोचेजस्तो उपस्थिति हुन सकेन। क्षेत्रगत र तहगत प्रतिनिधित्व भने राम्रो भयो। महत्त्व बुझेका र पायक परेकाहरूको सहभागिताले सम्मेलन सफल बन्यो। १४ गते मध्याह्न ११ बजेबाट प्रारम्भ भएको उद्घाटन समारोह महेश संन्यास आश्रमका पीठाधीश स्वामी रमणानन्द गिरिज्यूको विशेष उपस्थितिमा आश्रमका संरक्षक स्वामी मधुसूदनानन्द गिरि महाराजको सभापतित्व र नेपाल भाषा आयोगका अध्यक्ष लवदेव अवस्थीको प्रमुख आतिथ्यमा सञ्चालन भयो। दोस्रो सत्र विशिष्ट विद्वान् पुरुषोत्तम भट्टराईको अध्यक्षता र भारतीय शिक्षण मण्डल गुरुकुल प्रकल्प विस्तारक आचार्य दत्तराज देशपाण्डेको प्रमुख आतिथ्यमा दिउँसो २ बजेदेखि ४ बजेसम्म सञ्चालन भयो। 'गुरुकुल शिक्षाको उद्देश्य र भावी कार्यदिशा' विषयक डा. रुद्र मिश्रको विशेष कार्यपत्रको प्रस्तुति र समीक्षामा केन्द्रित यस सत्रमा सहभागीहरूलाई पनि विचार प्रस्तुत गर्ने राम्रो मौका दिइयो। वाराणसीबाट आएका विद्वान् साधक ज्ञानेन्द्रजी र महेश्वर शर्मा पौडेलको समीक्षात्मक टिप्पणीपछि डा. गुरुप्रसाद सुवेदीले गुरुकुलको लक्ष्यचिन्तन र साझा कार्यदिशाका विचारबिन्दुहरू प्रस्तुत गर्नुभयो।

दोस्रो दिनको पहिलो सत्र राष्ट्रिय गुरुकुल शिक्षा परिषद् नेपालको सम्मेलन र पुनर्गठनमा केन्द्रित भयो भने तेस्रो सत्र दिउँसो ११ बजेदेखि १:३० बजेसम्म सहभागीको समूहगत छलफल, निष्कर्ष र घोषणापत्र तयारीमा खर्चियो। २ बजेपछि सञ्चालित समापन सत्र स्वामी रमणानन्द गिरि महाराजको अध्यक्षता र उच्चस्तरीय शिक्षा आयोगका सदस्य डा. शारदा थपलियाको प्रमुख आतिथ्यमा सञ्चालन भयो। विशिष्ट विद्वान्, पदाधिकारी र अभियन्ताहरूको प्रेरक शुभकामना तथा आपसी सहयोग र सहकार्यमार्फत् गुरुकुल शिक्षाको प्रवर्धनमा दत्तचित्त भएर लागिपर्ने साझा प्रतिबद्धतासहित सम्मेलन समापन भयो।

निचोडमा महेश संस्कृत गुरुकुलको गौरवमय रजतवर्ष महोत्सवअन्तर्गत गर्नैपर्ने एउटा महत्त्वपूर्ण कार्यक्रम सम्पन्न भयो। समस्यैसमस्याका बीच कसरी संस्कृत पढाउने ? भन्ने चिन्ता र अभावैअभावका बीच कसरी गुरुकुल व्यवस्थापन गर्ने ? भन्ने पिरलोमा परेकाहरूलाई केही उत्साह मिल्यो। स्थायी स्रोत र साधन नभए तापनि समर्पित भएर संस्कृतसेवामा लाग्न सकियो भने जनअनुमोदन प्राप्त हुन्छ र त्यो अर्काले पालेको भन्दा हृष्टपुष्ट हुन सक्छ भन्ने कुरा नबोलेर नै महेश गुरुकुलले सहभागीलाई बुझाउने प्रयत्न गर्‍यो। जुनसुकै सभा समारोह, लक्ष्यचिन्तनमा केन्द्रित हुनुपर्छ

भन्ने मान्यता राख्ने सन्तहरूको केन्द्रीयतामा सञ्चालित सम्मेलनले केही मर्यादा सिकाउने प्रयत्न गऱ्यो र गुरुकुलको आँगनमा गुरुकुलका संवाहकहरूको सभ्य समागम गराएर सम्मेलनले पूर्णता प्राप्त गऱ्यो।

साहित्यसम्मेलन एवं मकर काव्य यामिनी

गुरुकुल कलाको केन्द्र हो। यहाँ अन्य कलाका साथमा साहित्यकलाको पनि साधना हुन्छ। संस्कारमा रहेर आध्यात्मिक वातावरण प्राप्त गरेका ब्रह्मचारीहरूका सृजना बेजोड हुन्छन्, आफ्ना छात्रहरूको यही प्रतिभाको प्रवर्धनका निम्ति विशिष्ट स्रष्टा तथा समालोचकहरूको विशेष उपस्थितिमा मकर संक्रान्तिको पूर्वसन्ध्यामा पुस मासान्तको राती हरेक वर्ष गुरुकुलले मकर काव्य यामिनीनामक काव्यमेला नै आयोजना गर्दै आएको छ। आजसम्म आइपुग्दा ब्रह्मलीन परमपूज्य गुरुदेवको साहित्यप्रतिको रुचि र पोषणमा हुर्किएको मकर काव्ययामिनीले सोह्रवर्षे यौवन र उमङ्ग प्राप्त गरेको छ। राष्ट्रकवि माधवप्रसाद घिमिरे, घनश्याम कँडेल, वासुदेव त्रिपाठी, गोविन्दराज विनोदीजस्ता साहित्यसाधकहरूको ताते-तातेमा हुर्किएर प्रा.डा. चूडामणि बन्धु, प्रा. राजेन्द्र सुवेदी, प्रा.डा. महादेव अवस्थी, प्रा.डा. खगेन्द्र लुईंटेल, प्रा.डा. लक्ष्मणप्रसाद गौतम, प्रा.डा. नारायणप्रसाद खनालजस्ता कलापारखीहरूको कसी लागेको मकर काव्य यामिनीले नेपाली साहित्यक्षेत्रमा गौरवशाली इतिहास नै निर्माण गरेको छ। पवित्र नदीका सङ्गममा सन्तहरूको वात्सल्य पाएर हुर्किएको यामिनीले केन्द्रदेखि मोफसलसम्मका वरिष्ठदेखि कनिष्ठसम्म सबैखाले काव्यसाधकहरूको चित्त आकर्षित गरेको छ। त्यसैले सत्साहित्यको साधनास्थली गुरुकुलले हरेक यामिनीलाई विविधताले सिँगारेर अविस्मरणीय बनाउने प्रयास गर्दै आएको छ। २०७५ पुस मासान्तको मकर काव्य यामिनी महेश संस्कृत गुरुकुलको गौरवमय रजतवर्ष महोत्सवभित्रको शृङ्खला हो। अरु शृङ्खलाभन्दा यो शृङ्खला विशेष हुनैपर्थ्यो, त्यसैले विशेष रूपमा नै आयोजना भएको हो साहित्यसम्मेलन एवं मकर काव्य यामिनी २०७५।

मकर काव्ययामिनीको सोह्रौँ शृङ्खला नवीनतासहितको निरन्तरता हो। साहित्यसम्मेलन, रजतवर्ष महोत्सवको विशेषता हो। वरिष्ठ अग्रज स्रष्टादेखि नवअभ्यासी सर्जक र साहित्यानुरागीहरूको रमाइलो उपस्थिति सम्मेलनको मौलिकता हो। महेश संस्कृत गुरुकुलका अध्यक्ष स्वामी रमणानन्द गिरिजी महाराजको अध्यक्षता र प्रा.डा. चूडामणि बन्धुको प्रमुख आतिथ्यमा दिउँसो २ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालित सम्मेलनको पहिलो सत्र नेपाली साहित्य इतिहासको महत्त्वपूर्ण घटना हो। सम्मेलनका आकर्षण डा. रामप्रसाद ज्ञवालीद्वारा प्रस्तुत 'नेपाली छन्दकवितापरम्परामा युगचेतना' शीर्षक अध्ययनपत्रमाथि समालोचकीय विश्लेषण गर्ने प्रा.डा. महादेव अवस्थी, प्रा. राजेन्द्र सुवेदी र प्राध्यापक कपिल अज्ञातको निष्कर्ष सम्मेलनको उपलब्धि हो। रमणीय काव्य सृजना गर्ने छन्दकवि गोविन्दराज विनोदीलाई गुरुकुलले अर्पण गरेको अभिनन्दन समग्र नेपाली साहित्यसाधकहरूको सम्मान हो। प्रा.डा. चूडामणि बन्धुको छन्दकविता र युगचेतनाविषयक महनीय विवेचना, सभापतिको साहित्यको दार्शनिक व्याख्या, गुरुकुलका कवि आचार्य नीराजन पन्तको रसमय सञ्चालन सम्मेलनका स्मरणीय अनुभव हुन्।

बेलुका ७:३० बजेपछिको समय मकर काव्य यामिनीको हो। कुनै वर्ष ब्रह्ममुहूर्तसम्मै फैलिएको काव्यसाधनाको महायज्ञ यसपालि राती १२:०० बजेसम्म मात्र सञ्चालन गरियो। कवि भुवनहरि सिग्देल र पुरुषोत्तम सिग्देलजस्ता अग्रज स्रष्टा र डा. रामप्रसाद ज्ञवालीजस्ता आकर्षक स्रष्टाको मृदुल काव्यवाचन अनि गुरुकुलका नयाँ नयाँ कविहरूका लोभलाग्दा प्रस्तुति दोस्रो सत्रका विशेष आकर्षण हुन्। छन्दोबद्ध कविताकै वर्चस्व रहेको यसपालिको काव्य यामिनीमा विभिन्न क्षेत्रबाट सहभागी भएका ६० जनाभन्दा बढी कवि-कवयित्रीले आ-आफ्नो सृजना वाचन गरे। रजतवर्ष महोत्सव र महायज्ञको सामूहिक

निमन्त्रणासहित सम्मेलन पूर्ण भयो । उपलब्धिका दृष्टिले मकर काव्य यामिनीको सोह्रौँ शृङ्खला ज्यादै महत्त्वपूर्ण रह्यो । वरिष्ठ स्रष्टादेखि समालोचकसम्मको उपस्थिति र प्रस्तुतिले गुरुकुलका साहित्यसाधकहरूलाई मीठो प्रेरणा मिल्यो । नेपाली छन्दकवितापरम्परामा युगचेतनाले सधैँ विशेष महत्त्व पाउने गरेको सामूहिक निष्कर्ष निस्कियो । साहित्यसाधनामा उत्प्रेरक बनिरहेको गुरुकुलको यो विशेष आयोजना पनि विशेष रूपमा सम्पन्न भयो ।

देवघाटधाम धार्मिक/सांस्कृतिक महोत्सव

देवघाट गुरुङ, मगर र बोटेहरूको आधिक्य रहेको क्षेत्र हो । किनारबाट बग्ने पवित्र नदीहरूको पावनत्व प्राप्त गरेर विश्वका सनातन धर्मावलम्बीहरूको आस्थाको केन्द्र बनेको यो भूमि पछिल्लो समय संस्कृत वाङ्मयको अध्ययनकेन्द्रका रूपमा समेत परिचित बन्दै गएको छ । तपस्वी सन्तहरूको पदार्पण, मठ मन्दिरको निर्माण र गुरुकुल आश्रमको सञ्चालन मार्फत् विश्वकै ध्यान आकर्षण गरिरहेको देवघाटले स्थानीय जन र तिनका कलासंस्कृति बिर्सिनुहुँदैन । महेश संन्यास आश्रम र गुरुकुल यस कुरामा सचेत छ, त्यसैले आफ्नो गौरवमय रजतवर्ष महोत्सवको एउटा विशेष कार्यक्रमका रूपमा देवघाटधाम धार्मिक सांस्कृतिक महोत्सव आयोजना भएको हो । देवघाटका स्थानीय बासिन्दाका धार्मिक, सांस्कृतिक संस्कारहरूलाई ससम्मान प्रदर्शन गरेर हौसला प्रदान गर्नु महोत्सवको मुख्य उद्देश्य हो । गुरुकुलको आह्वान र व्यवस्थापन तथा देवघाट गाउँपालिकाको सहकार्यमा आयोजित देवघाटधाम धार्मिक, सांस्कृतिक महोत्सव स्थानीय जन र तिनका संस्कारको उच्च सम्मान हो । देवघाट गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापा संयोजक रहने गरी वडा नं. १, २, ३, ४ र ५ का अध्यक्षहरूको सदस्यतामा गठित उपसमितिको संयोजन र महेश संस्कृत गुरुकुल रजतवर्ष समारोह मूल समितिको व्यवस्थापनमा आयोजना हुने महोत्सवका निम्ति माघ २१ गतेको मिति तय भयो । देवघाटधामकै गौरवको रूपमा माघ २२ गतेदेखि फागुन १ गतेसम्म सञ्चालन हुन तम्तयार रहेको देवघाटधाम विराट् ज्ञानमहायज्ञ - २०७५ को भव्य र विशिष्ट मञ्चको पहिलो कार्यक्रमलाई सामान्य हुनु छुट थिएन । महोत्सव, महोत्सव नै बन्यो । १७०० दर्शकलाई आरामले बस्ने कुर्सी, स्तरीय साउन्ड सिस्टम र आकर्षक मञ्चले सजिएको विशाल पण्डालमा निर्धारित समयभन्दा केही ढिलो गरी प्रारम्भ भएको महोत्सवलाई महायज्ञका आमन्त्रित अतिथि र स्थानीय जनताको उल्लासमय उपस्थितिले पूर्णता प्रदान गर्‍यो ।

महोत्सव धार्मिक, सांस्कृतिक संस्कारको झाँकीसहितको प्रस्तुति र भजन प्रतियोगिताको सम्मिश्रण गरी सञ्चालन भयो । स्वामी रमणानन्द गिरिजी महाराजको अध्यक्षता अनि देवघाट गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापाको प्रमुख आतिथ्यमा सञ्चालित कार्यक्रमलाई रेडियो नेपालका सुपरिचित प्रस्तोता पुरुषोत्तम सापकोटा, प्रसिद्ध लोकगायक हिरालाल कँडेल, सङ्गीतसाधिका सङ्गीता मिश्रको विशेष उपस्थितिले आकर्षक बनायो । साथमा देवघाट गाउँपालिका वडा नं. ५ का अध्यक्ष यालबहादुर गुरुङ, देवघाट क्षेत्र विकास समितिका अध्यक्ष शिवराज पौडेल र देवघाट गाउँपालिकाका कार्यकारी निर्देशक रमेश सुवेदीको विशिष्ट उपस्थिति एवं देवघाटका प्रायः सबै सङ्घसंस्थाका सम्माननीय पदाधिकारी तथा सदस्यहरूको सहभागिताले महोत्सवलाई झनै औपचारिक बनायो । सांस्कृतिक प्रस्तुतिअन्तर्गत प्रस्तुत भएको बोटे समुदायको गीत, सजिसजाउ झाँकीसहितको मगर र गुरुङ समुदायको नृत्य कार्यक्रमका विशेष आकर्षण नै बने । काठमाडौँदेखि आएका सङ्गीतसाधकहरूको शास्त्रीय वाद्यवादन, गायन र प्रस्तुतिले महोत्सवलाई नै गरिमामय बनायो । धादिङदेखि चितवनसम्मका प्रसिद्ध भजन गायकहरूको जमघट र प्रतियोगितात्मक प्रस्तुति महोत्सवको छुट्टै आकर्षण बन्यो । भजन प्रतियोगितामा पहिलो बनेको महेश बाल समूहको बाल प्रस्तुति, दोस्रो बनेको अमलेश्वर भजन समूह धादिङ बैरेनीका ज्येष्ठ कलाकारहरूको कला प्रदर्शन, तेस्रो

स्थान प्राप्त गरेका रामजानकी बालिका आश्रम देवघाट चितवनका बालिकाहरूको मनमोहक प्रस्तुतिलगायत सान्त्वना सम्मान प्राप्त गरेको बसेनी चितवनको भजन समूहको गायन र अन्य सहभागी प्रतियोगी समूहहरूको कलापूर्ण प्रस्तुति महोत्सवका विशेषता बने। आमन्त्रित कलाकार, निर्णायक र सहभागीलाई गुरुकुलले गरेको सम्मान सबैलाई प्रेरणादायी बन्यो। समग्रमा स्थानीय संस्कार र संस्कृतिको सम्मान गर्ने रहरबाट सृजित सांस्कृतिक महोत्सव राष्ट्रिय कला र संस्कृतिकै सम्मान गर्ने कला-उत्सव बन्यो। सम्मेलनले गुरुकुलको गौरवमय रजतवर्षलाई झनै गरिमामय बनायो।

देवघाटधाम विराट् ज्ञानमहायज्ञ २०७५

देवघाटधाम विराट् ज्ञानमहायज्ञ २०७५ गुरुकुलको गौरवमय रजतवर्ष महोत्सवको सबैभन्दा महत्त्वपूर्ण कार्यक्रम हो। यसको घोषणा महेश संस्कृत गुरुकुलको सहयोगार्थ २०६५ सालमा आयोजित देवघाटधाम विराट् ज्ञानमहायज्ञमा भएको हो। 'हरेक १०/१० वर्षमा गुरुकुलले आदर्श महायज्ञ सञ्चालन गर्नू' ब्रह्मलीन गुरुदेवको आज्ञा नै यसको बीजविन्दु हो। दोस्रो शृङ्खलालाई रजतवर्ष महोत्सवमय बनाउने रहर र तयारी थियो। समयले गुरुदेवको स्मृति पनि थपिदियो। यत्रतत्र चलेका महायज्ञ र गुरुकुलको महायज्ञको बारेमा प्रशस्त विचार-विमर्शहरू भए। फराकिलो उद्देश्य र भव्य विधिव्यवस्थामा विराट् ज्ञानमहायज्ञ सञ्चालन गर्ने र त्यसमा विधिको भव्यता, व्यवस्थाको भव्यता र उपस्थितिको भव्यतालाई ध्यानमा राखेर गतिविधि सञ्चालन गर्ने निर्णय भयो। अनि आयोजना भयो महेश संन्यास आश्रम एवं महेश संस्कृत गुरुकुलको गौरवमय रजतवर्ष महोत्सवको विशेष अवसर र ब्रह्मलीन परमपूज्य गुरुवर डा. स्वामी रामानन्द गिरिजी महाराजको पावन स्मृतिमा मिति २०७५ माघ २२ गतेदेखि फागुन १ गतेसम्म देवघाटधाम विराट् ज्ञानमहायज्ञ २०७५।

वैदिक सनातन धर्म र संस्कृतिको संरक्षण, संवर्धन, प्राचीन वैदिक यज्ञपद्धतिको प्रशिक्षण र प्रचारप्रसार, समाजमा आध्यात्मिक चेतनाको पुनर्जागरण, पवित्र तीर्थ देवघाटधामको धार्मिक एवं सांस्कृतिक महत्त्वको प्रचार-प्रसार, गुरुकुलीय शिक्षाको सुदृढीकरणका लागि अक्षय श्रद्धाराशि सङ्कलन देवघाटधाम विराट् ज्ञानमहायज्ञका मुख्य उद्देश्य हुन्। महायज्ञको प्रारम्भदेखि अन्तिमसम्मका सबै गतिविधिहरू यिनै उद्देश्यको परिपूर्तिमा सञ्चालन भए। महायज्ञको आमन्त्रणमा आएर पवित्र गण्डकीमा स्नान गर्न पाउनु श्रद्धालुहरूका निम्ति महायज्ञको पहिलो विशेषता हो। सार्वजनिक रूपमा नेपालमा नै पहिलो पटक उखुको रसद्वारा भगवान् शङ्करको विधिवत् अभिषेक महायज्ञको अर्को विशेषता हो। जसमा व्यक्ति, समाज, राष्ट्र र विश्वकै समृद्धिको कामना गर्ने हजारौँ श्रद्धालुहरू सहभागी भए र पुण्य कमाए। परमहंस सन्त महात्माहरूको श्रीमुखबाट प्रवाहित कथामृतपान एवं श्रीमद्भागवत महापुराणको सामूहिक एक स्वरको दिव्य पाठपारायण श्रवण गर्ने अपूर्व अवसर महायज्ञको दुर्लभ विशेषता हो। ब्रह्मलीन परमपूज्य गुरुदेवका प्रिय शिष्य महेश संन्यास आश्रमका पीठाधीश स्वामी रमणानन्द गिरिजी महाराजको विद्वत्तापूर्ण रसमय दार्शनिक कथाप्रवचन र आश्रमका नैष्ठिक ब्रह्मचारीद्वय ईश्वरानन्द जी र भूमानन्दजीको आदर्श उच्चारणका लयमा गुरुकुलका १०८ वटुकहरूको सामूहिक अलौकिक श्रीमद्भागवत पाठपारायण महायज्ञकै गौरव हो। गुप्त नवरात्रको विशेष अवसरमा शतचण्डी पाठद्वारा भगवतीको आराधना महायज्ञको अर्को विशेषता हो। विशिष्ट सन्त महात्मा तथा प्रवक्ताहरूको दैनिक दार्शनिक प्रवचन, देवघाटधाम धार्मिक सांस्कृतिक महोत्सव, आध्यात्मिक शोभायात्रा, विधिपूर्वकको कलशयात्रा, ख्यातिप्राप्त कलाकारहरूको सुमधुर भजन-कीर्तन र झाँकी प्रदर्शन एवं गुरुकुलका बेजोड बालप्रतिभाहरूको प्रदर्शन महायज्ञका स्मरणीय विशेषता हुन्। यी विविध विशेषताहरूको समष्टि रूप महायज्ञ एउटा पूर्ण विशेषता हो। १६५ भन्दा बढी आचार्य गुरुजन र वटुकहरूले विधिपूर्वक सञ्चालन गरेका चतुर्वेद पाठपारायण, महारुद्राभिषेक, ब्रह्मगायत्री

लक्ष्यहवन, १०८ श्रीमद्भागवत पाठपारायण, पञ्चपुराण पारायण, धान्याचल, तण्डुलाचल, गोदान, तुलादान र पितृतर्पण आदि महायज्ञका मुख्य अनुष्ठान हुन्। देश तथा विदेशबाट आएका भक्तजनहरूलाई आवासीय रूपमा राम्रो स्वागत तथा सत्कार गर्ने रहर कठिन थियो। र पनि आश्रमको यथासम्भव राम्रो गर्ने प्रयास र श्रद्धालु भक्तहरूको मिलनसार विचार र व्यवहारले कठिन काम पनि सरल बन्यो। सन्तको आह्वानमा तपस्याका निम्ति तीर्थमा आएमा भक्तहरूको ठुलो उपस्थिति पनि सामान्य रूपमा नै व्यवस्थित बन्यो। छिमेकी मठमन्दिर, आश्रम र सङ्घसंस्थाको सद्भावपूर्ण सहयोगले पाहुनाको राम्रो स्वागत-सत्कार गर्न सकियो।

महायज्ञ उदारताको पाठशाला पनि हो। यसमा भोजनपानीको चिन्ता गरिरहनुपर्दैन। देवघाटधाम विराट् ज्ञानमहायज्ञमा त्यो कमी हुने कुरै भएन। आफ्ना आमन्त्रित पाहुनालाई सकेसम्म राम्रो र मीठो खुवाउन महायज्ञ आयोजकहरू तम्तयार थिए। स्वामी गोकुलानन्दको कुशल निर्देशन र व्यवस्थापनमा देवघाटका स्थानीय मातृशक्तिहरूको उत्साहपूर्ण स्वयंसेवाले भोजनपानीको व्यवस्था अत्यन्त व्यवस्थित बन्यो। युधिष्ठिरको यज्ञमा जुठा पत्तल टिप्ने सेवा गर्नुभएका भगवान् श्रीकृष्णको आदर्शलाई पछ्याउने कैयौँ अपरिचित स्वयंसेवीहरूको स्वैच्छिक सेवाले भोजन सेवा अत्यन्त सुचारु बन्यो। प्रतिदिनका भिन्न भिन्न मिठाइ र स्वैच्छिक परिकारले भोजनलाई रम्य र रसमय बनायो। परम्परागत पिर्काको बसाइ र आधुनिक कुर्सी दुवैको व्यवस्था अनि छरितो खुल्ला वितरण प्रणाली सबैको रुचिको विषय बन्यो। भोजन पानीको व्रत धारण गरेकाहरूलाई छुट्टै व्यवस्था भयो। सामूहिक भोजनमा सहभागी नहुनेहरूका निम्ति पनि अलग व्यवस्था गरियो। समग्रमा महायज्ञको विराट् भोजनव्यवस्था व्यवस्थित रूपमा सञ्चालन भयो।

महायज्ञको सुव्यवस्थापनका निम्ति समयमा नै गठन भएको महायज्ञ आयोजक मूल समितिले सोच-विचारपूर्वक काम गर्ने वातावरण र समय प्राप्त गऱ्यो। यसैको परिणाम आवश्यकताअनुसार उपसमितिहरू गठन हुँदै गए। जिम्मेवारीको बाँडफाँडले काम गर्न सजिलो भयो। रमाइलो कुरा माघ २२ गते उद्घाटन हुने महायज्ञको सम्पूर्ण तयारी माघ १६ गते नै सम्पन्न भयो। महेश संन्यास आश्रमका पीठाधीश स्वामीज्यूको अध्यक्षतामा विभिन्न क्षेत्रका लब्धप्रतिष्ठित विशिष्ट महानुभावहरूको उपस्थिति रहेको महायज्ञ आयोजक मूल समिति, कार्य सम्पन्न गर्न कुशल महेश संन्यास आश्रम सञ्चालक समितिका पदाधिकारी र विषयविज्ञ स्थानीयको सहभागितामा गठित कार्यसम्पादन समिति, विभिन्न सेवाक्षेत्रको जिम्मेवारी सम्हालेका स्थानीय स्वयंसेवी र गुरुकुलका सहयोगीहरूको सहभागितामा गठित साठीभन्दा बढी कार्यसम्पादन उपसमिति र क्षेत्रगत रूपमा गठित १०८ भन्दा बढी सहयोग समितिका सदस्यहरूको साझा प्रयासबाट देवघाटधाम विराट् ज्ञानमहायज्ञको विराट् विधि र व्यवस्था व्यवस्थित बन्यो।

सुधारिएका बाटाघाटा, सिँगारिएका घर-आँगन तथा स्वागतद्वार, टाँगिएका फूल-माला र तोरण, विधिपूर्वक नवनिर्मित यज्ञमण्डप र पूजास्थल, आधुनिक शैलीले व्यवस्थित रूपमा बनाइएका विशाल पाल-पण्डाल र सेवास्टलले सजिएको र हजारौँ श्रद्धालु पाहुनाहरूले भरिएको महायज्ञको औपचारिक समुद्घाटन माघ २२ गते सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले गर्नुभयो। महायज्ञ आयोजक मूल समितिका अध्यक्ष स्वामी रमणानन्द गिरिजी महाराजको सभापतित्व एवं सङ्घीय महिला, बालबालिका तथा समाजकल्याण मन्त्री माननीय थममाया थापा, महेश संन्यास आश्रमका संरक्षक स्वामी मधुसूदनानन्द गिरिजी महाराज, गलेश्वर आश्रमका पीठाधीश स्वामी आत्मानन्द गिरिजी महाराज, हरिहर आश्रमका पीठाधीश स्वामी ज्ञानानन्द सरस्वतीजी महाराज, अभय वेदान्त साधना कुटीरका पीठाधीश स्वामी कृष्णानन्द सरस्वतीजी महाराज, सङ्घीय संसद् सदस्य माननीय कृष्णकुमार श्रेष्ठ, माननीय कृष्णभक्त पोखरेल, देवघाट

गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापा, देवघाट क्षेत्र विकास समितिका अध्यक्ष शिवराज पौडेल लगायत आमन्त्रित विशिष्ट महानुभावहरूको विशेष समुपस्थिति र सञ्चारकर्मीहरूको बाक्लो उपस्थितिमा सञ्चालित देवघाटधाम विराट् ज्ञानमहायज्ञ २०७५ को समुद्घाटन ज्ञानसभा अत्यन्त सभ्य र भव्य रूपमा सम्पन्न भयो। महायज्ञको दैनिक कार्यतालिकाका अतिरिक्त विशिष्ट महानुभावहरूको गरिमामय आवागमन हरेक दिन भइरह्यो। माघ २३ गते भएको पशुपतिनाथका सेवक श्रद्धेय मूल भट्टज्यूको आगमन र आयुर्वेदशिरोमणि आचार्य बालकृष्णज्यूका पदार्पण महायज्ञका मुख्य उपलब्धि र आकर्षण बने। देवघाटका विशिष्ट सन्तहरूको दैनिक सान्निध्य, ख्यातिप्राप्त वक्ता-प्रवक्ताहरूको विशिष्ट उपस्थिति, देवघाट गाउँपालिका र देवघाट क्षेत्र विकास समितिका पदाधिकारीहरूको निरन्तर उत्साहमय सक्रियता र श्रद्धालु श्रोताहरूको उल्लेख्य उपस्थितिले ज्ञानमञ्च सधैँ भव्य रूपमा सञ्चालन भयो। फागुन १ गतेको समापन समारोहलाई गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय पृथ्वी सुब्बा गुरुङको प्रमुख आतिथ्यले गरिमामय बनायो। २ गतेको शास्त्रीय मर्यादाको अवभृथ स्नान र धन्यवादज्ञापन एवं बिदाइ कार्यक्रमले सबैलाई भावुक बनायो। महायज्ञमा श्रोताहरूको दीर्घामा बसेका केही अनुहारमा सबैको ध्यान केन्द्रित भयो अमेरिका, बेलायत र अष्ट्रेलियादेखि विधिपूर्वकको श्रीमद्भागवतको १०८ सस्वर पारायण सुन्ने लोभले आएका लगभग १० ओटा गोरा अनुहारहरू सधैँ ध्यानमुद्रामा आँसु बगाउँदै भागवत सुनिरहेको दृश्य नौलो र प्रेरणादायी बन्यो। बिदा हुने बेलामा तिनले बोलेको वाक्य - There is no kaliyug in Devghat (देवघाटमा कलियुग छैन) सुनेपछि हामी सबैले त्यही वाक्यलाई महायज्ञको पूर्णाहुति ठान्यौँ। छोटकरीमा गुरुकुलको आँगनमा आयोजित देवघाटधाम विराट् ज्ञानमहायज्ञ २०७५ विधि, व्यवस्था र उपस्थिति सबै किसिमले भव्य रूपमा सुसम्पन्न भयो। गुरुकुलका सबै छात्रहरूले महत्त्वपूर्ण सहयोग गरे। पूर्वछात्रहरूको तन, मन र धनको विशेष सहयोग प्राप्त भयो। गुरु र गुरुकुलका शुभचिन्तक अनि अभिभावकले महायज्ञलाई आफ्नै कर्म ठान्नुभयो। सबै समितिका सबै पदाधिकारीहरूले कार्यक्रमलाई आफ्नै प्रतिष्ठा सम्झेर सक्दो योगदान पुऱ्याउनुभयो। स्थानीय सङ्घसंस्था र मातृशक्तिहरूले स्वयंसेवाको नमूना नै प्रस्तुत गरेर महायज्ञलाई देवघाटधामकै गौरव बनाउनुभयो। काठमाडौँ, ललितपुर, भक्तपुर, पोखरा, दाङ, चितवन, नवलपुर, मकवानपुर, बारा, पर्सालगायतका देशका सबै क्षेत्रका श्रद्धालुहरूका श्रद्धामय उपस्थितिले गुरुकुलको महायज्ञ समस्त संस्कार र संस्कृतप्रेमी सनातन धर्मावलम्बीहरूको प्रतिष्ठाको रूपमा सञ्चालन भयो। पूर्ण भयो।

रजतवर्ष महोत्सव समापन एवं छब्बीसौँ वार्षिकोत्सव समारोह

रजतवर्ष महोत्सव समापन एवं गुरुकुलको छब्बीसौँ वार्षिकोत्सव समारोह गुरुकुलले वि.सं. २०७५ सालभर विशेष रूपमा अयोजना गरेका कार्यक्रमहरूमध्ये अन्तिम कार्यक्रम हो। गुरुकुल आश्रमको पच्चीस वर्षे रजत यात्राको समापन र स्वर्णयात्राको शुभारम्भ हुने अति महत्त्वपूर्ण उत्सवका रूपमा आगामी चैत्र २९ र ३० गते देवघाटमा आयोजना हुने कार्यक्रमको तीव्र रूपमा तयारी चलिरहेको छ। समारोहको प्रमुख अतिथिका रूपमा सम्पूर्णानन्द विश्वविद्यालय वाराणसीका कुलपति सुप्रसिद्ध विद्वान् प्रो. राजाराम शुक्लको आगमन सुनिश्चित भइसकेको छ भने गुरुकुलका धेरै शुभेच्छुकहरू समारोहमा सहभागी हुन तयारी अवस्थामा रहनुभएको छ। विशेष गरी वर्षौंदेखि चल्दै आएको गुरुकुललाई आवश्यक पर्ने वार्षिक अन्नदान सङ्कलन गर्ने अभियानले तीव्रता पाएको छ। अन्नदान सङ्कलनका संयोजक रामप्रसाद सुवेदी र गोविन्द सुवेदी विभिन्न क्षेत्रमा रहनुभएका अन्नदान सङ्कलनका स्रोतव्यक्ति मार्फत् सङ्कलित अन्नदान श्रीरामनवमीका दिन गुरुकुललाई अर्पण गर्ने तयारीमा जुटिरहनुभएको

छ। गुरुकुलले आफ्ना छात्रहरूको प्रतिभाप्रदर्शनका निम्ति आवश्यक सम्पूर्ण तयारी गरिरहेको छ भने वार्षिक रूपमा वितरण हुने पुरस्कारको टुङ्गो पनि लागिसकेको छ। गुरुकुलले प्रदान गर्ने २०७५ सालको वेदनिधि पुरस्कारले जावलाखेल ललितपुरनिवासी प्रा. शिवगोपाल रिसाललाई सम्मान गर्ने कार्यक्रम तय भएको छ। गुरुकुलको वार्षिक क्यालेन्डर तयार गर्ने र गौरवमय रजतवर्ष स्मारिका प्रकाशन गरी विमोचन गर्ने कार्य निश्चित भएको छ।

विगतका वार्षिकोत्सव कार्यक्रमका अनुभव र रजतवर्षमा आयोजित विविध कार्यक्रमहरूबाट प्राप्त उत्साहका साथमा सञ्चालन हुने गुरुकुलको यो विशेष कार्यक्रम पनि भव्य र सभ्य रूपमा सम्पन्न हुने सुनिश्चित छ। अतः हामी गुरुकुलका सम्पूर्ण शुभेच्छुक, सहयोगी र अभिभावकहरूलाई अर्को एउटा विशेष समारोहमा सहभागी भएर आनन्द अनुभव गर्नुहुन सादर आमन्त्रण एवं अनुरोध गर्दछौँ।

समग्रमा महेश संन्यास आश्रम र महेश संस्कृत गुरुकुलको गौरवमय रजतवर्ष महोत्सवको विशेष अवसर एवं ब्रह्मलीन परमपूज्य गुरुवर डा. स्वामी रामानन्द गिरिजी महाराजको पावन स्मृतिमा वि.सं. २०७४ चैत्र १२ गते श्रीरामनवमीमा आयोजित गुरुकुल आश्रमको वार्षिकोत्सवदेखि २०७५ चैत्र ३० को श्रीरामनवमीसम्म यी विविध कार्यक्रमहरू आयोजना गरिए। वैदिक सनातन धर्म, संस्कार र संस्कृतशिक्षाको प्रचार-प्रसार गरी सभ्य समाज निर्माण गर्नमा सहयोग पुऱ्याउने उद्देश्यले गुरुकुलले यी विविध कार्यक्रमहरू सञ्चालन गऱ्यो। संस्कार र संस्कृतप्रेमीहरूको स्वैच्छिक श्रद्धा र सहयोगमा सञ्चालित गुरुकुलका सबै सभासम्मेलन सम्पन्न गर्न शुभेच्छुकहरूकै महत्त्वपूर्ण योगदान रह्यो। गुरुकुलको गौरवमय रजतवर्ष महोत्सवभित्रका सबै उत्सवहरू सम्पन्न गर्नमा सहयोग गर्नुहुने सबैमा हार्दिक आभार !

***

विद्वत्सम्मेलन

शङ्कराचार्यमठ, पशुपति, देवपत्तन, काठमाण्डौ
श्रावण ९, १० र ११

कार्यप्रत्रहरू

१. समाजको सर्वपक्षीय समुन्नतिमा संस्कृतशिक्षा

प्रस्तुति - डा. निर्मलमणि अधिकारी

समीक्षा- डा. जगमान गुरुङ्ग

२. प्रभावकारी गुरुकुलीय शिक्षाको अपेक्षित नीति

प्रस्तुति - प्रा. डा. विद्यानाथ कोइराला

समीक्षा- प्रा. दिनेशराज पन्त

३.संस्कृतको विश्वव्यापी साइनो

प्रस्तुति - प्रा. डा. माधव प्रसाद पोखरेल

समीक्षा - प्रा. डा. जयराज आचार्य

४. नेपालमा संस्कृत शिक्षाको परम्परा र श्री १००८ स्वामी रामानन्द गिरिको योगदान

प्रस्तुति- प्रा. राजेन्द्र सुवेदी

समीक्षा- प्रा. डा. वासुदेव त्रिपाठी

समाजको सर्वपक्षीय समुन्नतिमा संस्कृतशिक्षा

- डा. निर्मलमणि अधिकारी

१. विषयप्रवेश

प्रस्तुत कार्यपत्रमा मुख्य दुई भाग रहेका छन्। पहिलो भागमा संस्कृतशिक्षा भन्ने अवधारणाबारे विमर्श प्रस्तुत गरिएको छ। शीर्षकमा परेको सर्वपक्षीय समुन्नति अवधारणाबारे दोस्रो भागमा परिचर्चा गरिएको छ।

यो कार्यपत्रमा विमर्श, परिचर्चा एवं सुझावका क्रममा आएका तथ्यहरू बोधात्मक दृष्टिकोण सम्बन्धी एक त्वरित एवं लघु आकारको अध्ययन (Perception Study) तथा अध्येय सामग्रीहरूको अनुशीलनका साथसाथै कार्यपत्र प्रस्तोताका निजी अनुभव, पर्यवेक्षण तथा विश्लेषणमा समेत आधारित रहेका छन्। यो विद्वत्सम्मेलनमा हुने टिप्पणी एवं प्राप्त सुझावका आधारमा कार्यपत्रको सम्पादन गरिनेछ।

२. संस्कृतशिक्षा : सीमित लक्ष्यार्थदेखि बृहत्तर परिधिसम्म

संस्कृतशिक्षा भन्नाले के बुझिने गरेको रहेछ भनेर बुझाइको आँकलन गर्ने उद्देश्यले गरिएको एक त्वरित एवं लघु आकारको अध्ययनले यो पदावलीको बोध (Perception) विभिन्न व्यक्तिले विभिन्न लक्ष्यार्थ (Connotation) मा गर्ने देखियो। संस्कृतशिक्षा भन्नाले के बुझ्नु हुन्छ वा बुझ्नु समीचीन हुन्छ ? भन्ने मूल प्रश्न राखेर यो कार्यपत्रको तयारीका क्रममा प्रत्यक्ष तथा टेलिफोन, इमेल र सामाजिक सञ्जालको समेत प्रयोग गरी विभिन्न तह र तप्काका व्यक्तिहरूसँग संवाद गरिएको थियो, जुन नामावली सूची परिशिष्टमा दिइएको छ। सोही प्रश्न फेसबुक तथा ट्वीटरमा समेत प्रकाशित (पोस्ट्) गरिएको थियो। अन्तर्वार्ता लिइएका व्यक्ति तथा टिप्पणीकर्ताहरूसँग अन्य आवश्यक पूरक प्रश्नहरू पनि गरिएको थियो। संस्कृतशिक्षा भन्नाले निम्नानुसारका अर्थ लगाएको वा लगाउन चाहेको पाइयो :

- संस्कृत भाषाको पठनपाठन,
- धार्मिक, सांस्कृतिक, सामाजिक संस्कार तथा पौरोहित्यको संस्कृत भाषाकै माध्यमबाट शिक्षण, प्रशिक्षण,
- संस्कृत भाषामा परम्परागत रूपमै रहिआएका विविध विषयको संस्कृत भाषाकै माध्यमबाट पठनपाठन,
- संस्कृत भाषामा रहेका ज्ञानको विभिन्न भाषा तथा विधाको दृष्टिबिन्दुबाट अन्वेषण, अनुशीलन, अनुसन्धान,
- संस्कृत भाषामा रहेका अध्येय सामग्रीको बहुविधात्मक, बहुप्रतिमानात्मक, बहुसांस्कृतिक अन्वेषण तथा समकालीन अर्थापन तथा अभिनिर्माण।

माथि उल्लेखित बुँदाहरूले संस्कृतशिक्षा पदावलीलाई मानिसहरूले कसरी सीमित लक्ष्यार्थदेखि बृहत्तर दायरा (परिधि) सम्म विभिन्न अर्थमा बोध गर्ने रहेछन् भन्ने उजागर गर्छन्। अघिल्ला चार बुँदाहरूले संस्कृतशिक्षाका परम्परागत दृष्टिकोणहरूलाई जनाउँछन् भने पाँचौं बुँदाले संस्कृतशिक्षा भनेर हालसम्म के भइरहेको छ भन्ने तथ्यलाई भन्दा पनि अब के हुनु पर्छ भन्ने आकांक्षाका आधारमा यो पदावलीलाई परिभाषित गर्न चाहेको देखिन्छ।

पहिलो बुँदाले हाम्रो समाजमा संस्कृतशिक्षा भन्नाले उक्त पदावलीको बृहत्तर अर्थ नगरी संस्कृतशिक्षाको आधारभूत अवयवका रूपमा रहेको संभाषण प्रशिक्षण, भाषा अध्ययन, पठनपाठनको पाटोलाई मात्र बुझ्ने समूहको दृष्टिकोणलाई प्रतिनिधित्व गर्छ। दोस्रो बुँदाले संस्कृतशिक्षाको रूढीबद्ध छवि (Stereotype) पनि हाम्रो समाजमा छ भन्ने उजागर गर्छ। तेस्रो बुँदाले संस्कृत भाषामा संभाषण तथा पौरोहित्य मात्र नभएर

मानव हितकारी अनेकौँ ज्ञान विज्ञानका कुराहरू पनि छन् भन्ने मान्यता राख्दै उक्त ज्ञान विज्ञानको पठनपाठन संस्कृत भाषाकै माध्यमबाट हुने गरेको वा हुनु पर्छ भन्ने आग्रह समेत राखेको छ। चौथो बुँदाले संस्कृत स्टडिज् (Sanskrit Studies), इण्डोलोजी (Indology), ओरेण्टल स्टडिज् (Oriental Studies) आदि भनिने अध्ययन परम्परा तथा त्यसको अद्यावधिक विस्तारलाई समेत जनाएको छ। संस्कृत वाड.मयबाट लिइएका अन्तर्वस्तु (Content) मा मात्र बढी सरोकार रहने प्रवृत्ति यो परम्परामा रहिआएकोमा अचेलचाहिँ अन्तर्वस्तुका साथसाथै संस्कृत भाषाको ज्ञान पनि हुनै पर्ने मान्यता प्रबल हुँदो छ।

पाँचौँ बुँदा अनुसार संस्कृतशिक्षालाई बुझ्दा यसमा आजका परिवेशमा समाज विज्ञान, प्रायोगिक विज्ञान, मानविकी तथा अन्य विभिन्न संज्ञाहरूले जनाइने ज्ञान विज्ञानका अनेक विधाहरू संस्कृतमा छन् वा हुनुपर्छ भन्ने बृहत्तर मान्यता अगाडि आउँछ। उपनिषद्का शब्दावलीमा भन्ने हो भने विद्या र अविद्या दुवैको समष्टिकृत अनुशीलनलाई यो दृष्टिकोणमा समेटिएको छ। संस्कृत भाषामा लेखिएका प्राचीन तथा अर्वाचीन ग्रन्थहरूमा निहित ज्ञान, शील्प, सीप, कला आदि सबैको अन्वेषण, उजागर, तुलनात्मक विश्लेषण तथा परीक्षण र सम्भव भएसम्म तिनीहरूको पुनरुज्जीवन एवं पुनर्प्रयोग समेत गर्नु पर्ने युगीन आग्रह समेत पाँचौँ बुँदा अनुसारको संस्कृतशिक्षामा रहेको छ।[१]

संस्कृत भाषाका दृष्टिबिन्दुबाट माथि उल्लेखित बुँदाहरूलाई एकसाथ राखेर हेर्ने हो भने तीनथरी दृष्टिकोणहरू छन्। एकथरीले संस्कृतलाई वा संस्कृतमा निहित अन्तर्वस्तुलाई संस्कृत माध्यमबाटै अनुशीलन गर्ने आग्रह बोकेको देखिन्छ। दोस्राथरीले संस्कृतलाई वा संस्कृतमा निहित अन्तर्वस्तुलाई अध्येय सामग्री (Study Corpus) को रूपमा लिएर आफ्नो अध्ययन, अनुसन्धान, संकथनचाहिँ आफूलाई सहज हुने भाषामा गर्न चाहेको बुझिन्छ। पाँचौँ बुँदाअनुसारको मान्यतामा संस्कृत वा अन्य भनेर दुई फक्लेटे (Binary) कित्ताकाटमा नपरी संस्कृतको पनि संरक्षण, संवर्धन, प्रवर्धनका साथसाथै समकालीन प्रयोग समेतलाई जोड्न खोज्ने समष्टिकृत दृष्टिकोण देखिन्छ।

संस्कृतशिक्षाका अन्तर्वस्तु (Content) के रहेका छन् वा के हुनु पर्ने हो भन्नेमा पनि माथि उल्लेखित बुँदाहरूले मत वैभिन्न्यलाई उजागर गर्छन्। एकथरीले संस्कृतको समृद्धिको प्रतिकूल हुने गरी संस्कृतशिक्षाका अन्तर्वस्तुलाई अत्यन्त संकीर्ण दायरामा बुझेको वा बुझ्न चाहेको देखिन्छ। अर्काथरीले संस्कृतमा कुनै प्राचीन कालखण्डमा समेटिइसकेको समृद्धिलाई समेट्ने, तर स्थितिगत्यात्मक बन्न नसकेर एउटा सीमामै अल्मलिने प्रवृत्ति लिएको देखिन्छ। सर्वाधिक बृहत्तर दृष्टिकोण राख्नेले स्थितिगत्यात्मकताको मान्यताअनुसार संस्कृतलाई प्राचीनमा प्राचीनतम् र नवीनमा नवीनतम् ज्ञान, शील्प, सीप आदिको माध्यम बनाउन चाहेको बुझ्न सकिन्छ।

३. सर्वपक्षीय समुन्नति

कार्यपत्रको शीर्षकमा प्रयुक्त सर्वपक्षीय भन्ने अवधारणा जटिल छ। यो विद्वत्सम्मेलनमा विमर्शको प्रयोजनको लागि सर्वपक्षीयको अर्थ निम्नानुसारका आयाममा गरिएको छ :

मानव जीवनको समष्टिलाई सम्बोधन गर्ने गरी संस्कृतशिक्षाको पुनर्जागरणमा जोड दिऊँ। संस्कृत वाङ्मय समष्टिमा निकै समृद्ध रहेको, तर त्यहाँ भित्रका सबै कुराहरूले यथोचित महत्त्व नपाएको अवस्था रहेको थियो। जस्तै : काव्य, पुराण, दर्शनका तुलनामा प्रायोगिक विज्ञानका ग्रन्थहरूको अनुशीलन छायाँमा परेको अवस्था अद्यापि छ। ईशावास्योपनिषद्ले अविद्या र विद्याको जुन पारस्परिक सम्बन्धलाई निर्देशित

[१] जरो किलो प्रतिष्ठान नेपालले हालसालै सुरु गरेको प्राचीन गुरुकुल पद्धतिको अन्वेषण शीर्षकको अनुसन्धान परियोजना पनि यहाँनेर उल्लेख्य छ।

गरेको छ,[२] सोही अनुसार प्रायोगिक विज्ञान, व्यावहारिक अभ्यास, शिल्प, सीप आदिलाई पनि संस्कृतशिक्षामा समावेश गर्ने एवं परम्परागत अध्यात्मविद्या पनि नछुटाउने समष्टिकृत पद्धतिबाट मात्र संस्कृतशिक्षाबाट सर्वपक्षीय समुन्नति हुन सक्छ। संस्कृतलाई प्रदायक भाषा मात्र मानियो भने यसमा स्थितिगत्यात्मक विकास हुन सक्दैन, तसर्थ आधुनिक ज्ञान विज्ञानका अन्तर्वस्तुलाई विभिन्न भाषाबाट संस्कृतमा अनुवाद गर्ने तथा संस्कृतमै मौलिक रूपमा लेख्ने कार्यलाई प्राथमिक महत्त्व दिई अगाडि बढाउनु पर्छ। तब मात्र सर्वपक्षीय समुन्नतिको अपेक्षा समीचीन ठहरिनेछ।

मानव जीवनको सार्थकता आधिभौतिक, आधिदैविक, आध्यात्मिक तीनै आयामको समष्टिबाट मात्र हुने भएकाले धर्म, अर्थ, काम, मोक्ष (पुरुषार्थ चतुष्टय) सबै नै मानवका प्राप्तव्य हुन् भन्नु समीचीन ठहर्छ। तसर्थ, संस्कृतशिक्षाले सर्वपक्षीय समुन्नति गर्ने हुनको लागि उपर्युक्त तीनै आयाम र चारै पुरुषार्थको संवाहकका रूपमा आफूलाई साबित गर्न सक्नु पर्ने हुन्छ। यसको तात्पर्य के हो भने संस्कृतशिक्षाको एकांगी तथा सीमित परिभाषा तथा अर्थापन त्यागी बृहत्तर परिभाषा तथा अर्थापनलाई स्वीकार्नै पर्ने हुन्छ। हाम्रा पाठ्यक्रम, पाठ्यसामग्री, पठनपाठन अभ्यासमा सोही अनुसार क्रियान्वन छ कि छैन ?

सर्वपक्षीय भन्नासाथ पहुँचको पाटो पनि विचारणीय छ। संस्कृतलाई संस्कृतकै विशुद्ध परम्परामा पनि सुदृढ पार्नु अनिवार्य छ र संस्कृतमा निहित ज्ञानलाई संस्कृत भाषामा पहुँच नभएका व्यक्तिहरूसम्म पनि पुर्याउनु आवश्यक छ। तसर्थ, संस्कृत वा अन्य भन्ने दुई फक्लेटे, वैरोध्यको नीति नलिई अधिकारभेद, पात्रता, स्थितिगत्यात्मकता अनुसार विविध रणनीति, कार्यनीति, क्रियाकलाप अवलम्बन गर्नु पर्ने हुन्छ।

पहुँचसँगै जोडिएको अर्को मुद्दा जातीय, लिंगीय, भौगोलिक, आर्थिक आदि जटिलताहरूसँग जोडिएको छ। सर्वपक्षीय समुन्नतिका लागि सर्वपक्षीय पहुँच अनिवार्य छ। यसका जटिलताहरूलाई ख्याल राखी संस्कृत विशुद्ध परम्परा पनि नमर्ने र समकालीन युगको जीवित यथार्थ पनि नबाझिने गरी समाधान गर्नु बुद्धिमानी, विवेकी उपाय हुनेछ।

विविधविषयात्मक (Interdisciplinary) र बहुविधात्मक (Multidisciplinary), अन्तर्सांस्कृतिक (Intercultural)र परस्पर सांस्कृतिक (Crosscultural)र बहुसांस्कृतिक (Multicultural), बहुप्रतिमानात्मक (Multiparadigm) जस्ता समकालीन प्रवृत्तिलाई अवलम्बन गर्नु पनि संस्कृतशिक्षालाई सर्वपक्षीय समुन्नतिको साधन बनाउनका लागि अनिवार्य छ।

संस्कृतमा निहित अवधारणा, सिद्धान्त, पद्धतिको अन्वेषण, आविष्कार, परीक्षण गरी आधुनिक परिप्रेक्ष्यमा सिद्धान्त, पद्धति एवं प्रायोगिक उपकरण समेत अभिनिर्माण एवं निर्माणलाई प्राथमिकतामा राखौँ।[३]

४. संस्कृतको पुनरुज्जीवन र आधुनिक गुरुकुल पद्धतिको अभिनिर्माण

संस्कृतशिक्षा भन्नाले के बुझिँदै आएको छ र के बुझ्नु समीचीन हुन्छ भन्नेबारे विमर्श र सर्वपक्षीय समुन्नतिमा साधन बन्नका लागि त्यसले के कस्तो रणनीति, कार्यनीति, क्रियाकलाप अवलम्बन गर्नु पर्छ भन्नेबारे संक्षेपमा परिचर्चा भइसकेको छ। उपर्युक्त सबैको जगचाहिँ संस्कृत भाषा नै हो। संस्कृतशिक्षाका बारेमा हुने सबै चिन्तन र कार्यान्वयनमा संस्कृत भाषालाई नै

२ विद्यां चाविद्यां च यस्तद्वेदोभयं सह। अविद्यया मृत्यु तीर्त्वा विद्ययामृतमश्नुते ॥ (ईशावास्योपनिषद् ११)

३ सञ्चारको साधारणीकरण ढाँचाको अभिनिर्माण, सञ्चारयोग सिद्धान्त अभिनिर्माण, साधारणीकरण मिडिया विश्लेषण विधि, सञ्चार प्रक्रियाको भाट्टमीमांसा दार्शनिक सिद्धान्तीकरण तथा सञ्चार ढाँचाको अभिनिर्माण, चरक संहिताको अन्वेषण गरी अन'सन्धानबाट सिद्धान्त निर्माण गर्ने मौलिक पद्धतिबारे उजागर गरिन' यहाँनेर उल्लेख्य केही उदाहरणहरू हुन्। राज्यराष्ट्र सिद्धान्तको अभिनिर्माण पनि सोही प्रकृतिको कार्य हो।

प्राथमिक आधारशिला मानिएन भने जरोबाट विच्छिन्न बनाएर फर्सीको लहरालाई पानी हालेको जस्तो मात्र हुनेछ। तसर्थ, संस्कृतशिक्षाको पहिलो अनिवार्य कार्यभार संस्कृत भाषाको पुनरुज्जीवन नै हुनु पर्छ। हो, संस्कृत भाषाको पुनरुद्धार, पुनरुज्जीवन, पुनर्प्रयोगको उद्देश्य के भन्नेमा पनि ख्याल राख्नै पर्छ, जसले संस्कृतशिक्षालाई सर्वपक्षीय समुन्नतिको साधनका रूपमा विकास गर्ने कार्यभारलाई सदैव महत्त्वपूर्वक अगाडि सार्नेछ। संस्कृतशिक्षाको सबैभन्दा ठुलो चुनौतीचाहिँ प्राचीन गुरुकुल पद्धतिको अन्वेषण गरी स्थितिगत्यात्मकता अनुकूल वर्तमान युग र भविष्यको लागि उपयुक्त आधुनिक गुरुकुल पद्धतिको अभिनिर्माण गर्नु र त्यो पद्धतिको मूलप्रवाहीकरण हो।

परिशिष्ट

"पर्सेप्सन स्टडी" का क्रममा संवाद गरिएका तथा टिप्पणी गर्ने महानुभावहरूको नामावली

(१) प्रा.डा. विद्यानाथ कोइराला
(२) डा. स्थानेश्वर तिमल्सिना
(३) डा. लक्ष्मीप्रसाद खतिवडा
(४) डा. लक्ष्मीनारायण ढकाल
(५) आचार्य तिलकप्रसाद लुइँटेल
(५) आचार्य दुर्गाप्रसाद दाहाल
(६) मधुसूदन रिमाल
(७) पुष्पराज पुरुष
(८) वल्लभ चैतन्य दास
(९) ठाकुरप्रसाद बस्ताकोटी
(१०) अमृत आचार्य
(११) रामेश्वर धिताल
(१२) गोविन्द साह
(१३) माधव कण्डेल
(१४) नेत्रप्रसाद न्यौपाने
(१५) जीवन मल्ल
(१६) उत्तम गुरुङ
(१७) शिवप्रसाद आचार्य
(१८) गणेश पौडेल
(१९) वासुदेव काफ्ले
(२०) विदुर अधिकारी
(२१) गोविन्दराज खनिया
(२२) दुर्गाप्रसाद घिमिरे
(२३) सुरेन्द्र पाल ठकुरी
(२४) आशा झा
(२५) बोधप्रसाद अधिकारी
(२६) परशुराम सापकोटा
(२७) गायत्रीप्रसाद शर्मा
(२८) उद्धबबहादुर बुढाथोकी
(२९) अजीत कुँवर
(३०) नुमनाथ प्याकुरेल
(३१) मोहनकुमार चौहान
(३२) मनोज वर्मा अधिकारी
(३३) एनिका राई
(३४) केशव बम ठकुरी
(३५) धज बुढाथोकी
(३६) जीवन सागर
(३७) सन्तोष खनाल
(३८) राजन शाक्य
(३९) अन्थस केसी
(४०) माधव पोखरेल
(४१) प्रवीणनारायण चौधरी
(४२) मोहन पाण्डेय
(४३) हरिनारायण उपाध्याय
(४४) मदन अधिकारी
(४५) शम्भु पोखरेल
(४६) मेघलाल लक्ष्मी
(४७) श्रीराज सुहागिन
(४८) केशव गौतम

एसोसिएट प्रोफेसर, भाषा तथा आमसञ्चार विभाग, काठमाडौँ विश्वविद्यालय।
संस्थापक अध्यक्ष, जरो किलो प्रतिष्ठान नेपाल।
इमेल : nirmalam.adhikary@gmail.com

***

प्रभावकारी गुरुकुलीय शिक्षाको अपेक्षित नीति

- प्रा. डा. विद्यानाथ कोइराला

व्यष्टिको कुल

पुर्खाले ५ कुल सञ्चालन गरे। देवकुल, राजकुल, ऋषिकुल, आर्षकुल, गुरुकुल। प्रत्येक कुलका आ-आफना विशेषताहरू थिए। तीमध्ये बाँचे बचाइएको गुरुकुल मात्र हो। कुल भनेको स्कूल हो। स्कोलाबाट स्कूल भन्ने कि कुलबाट स्कूल भन्ने विवाद छिन्ने हामी नै हौं। यसले संकेत गर्छ हामीले समष्टिमा सोचेनौं कि ? प्रत्येक कुललाई स्कूल बनाएनौं कि ? बनाउँन जानेनौं कि ? चाहेनौं कि ? आवश्यकतै ठानेनौं कि ? प्राचीन धरोहरहरूको जगेर्ना गर्ने हो भने पाँचै कुलको स्वरूप बनाउँनुपर्छ। पुनःखोजबाट। पुनःचिन्तनबाट। पहिलो नीति यहीं हुनसक्छ।

गुरुकुलहरू पनि आ-आफना शैलीका छन्। त्यसको स्पष्ट खाका छैन। उद्देश्य के हो ? पाठ्यविषयहरू के हुन् ? शिक्षणविधि के हो ? व्यवस्थापन के हो ? समकक्षता के हो ? यी र यस्ता कुराको खोजी गर्न जरो किलो प्रतिष्ठान भर्खर लागेको छ। यसले संकेत गर्छ - हाम्रा कुलहरूको लेखाजोखा जरुरी छ। मन्दिरमा चलेका छन्। पिढीमा चलेका छन्। भवनमा चलेका छन्। वेद विद्याश्रमको रूपमा छन। महेश संस्कृत गुरुकुलको रूपमा छन। संस्कृत विद्यालयको रूपमा छन। यी बहुरूपका शिक्षालयहरूको जोड्ने सूत्र के हो ? जोडने सूत्रको रूपमा अर्थववेदी नारदपरिव्राजकोपनिषद् (पृ १३८ र १३९), तथा परब्रह्मोपनिषद् (पृ.१८६ र १८७) जस्ता उपनिषद्हरूले जनैलाई उदाहरण दिए। भनिदिए —त्रिविद्या त्यहीं छ। त्रिदेव त्यहीं छ। नवग्रह त्यही छ। २७ नक्षत्र त्यही छ। चक्रीय सिद्धान्त त्यही छ। सूत्रबाट ब्रह्म बुझने ज्ञान त्यहीं छ। तर त्यही संस्कृत विधाका गुरुकुलहरू जोडिन्नन्। तिनको स्वतन्त्र अस्तित्व हुने कि सूत्रमा जोड्ने ? नेपाल संस्कृत विश्वविद्यालयको अध्ययन टोली (२०७३) ले उल्लेख गरेझैं संस्कृत विश्वविद्यालयमा जोड्ने एउटा सोच हुनसक्छ। मूलधारकै शैक्षिक व्यवस्थापनमा जोडने अर्को सोच हुनसक्छ। संस्कृत विद्यालयको संरचनामा राख्ने अर्को दृष्टिकोण हुनसक्छ। सबै गुरुकुलहरूको संघ बनाई गुरुकुल नै भन्ने अर्को सोच हुनसक्छ। यी र यस्ता कुराको निर्णायक चिन्तन जरुरी छ। यसका लागि संस्कृतज्ञले निक्यौंल दिनैपर्छ। दोस्रो नीति यही बन्न सक्छ।

गुरुकुलका गुरु

उपनिषद्ले वेदका ज्ञातालाई गुरु मान्यो। मन्त्रको भक्तलाई गुरु मान्यो। पुराणज्ञलाई गुरु ठान्यो। आचरणमा सम्यक व्यक्तिलाई गुरु मान्यो (पृ. १२५)। कृष्ण यजुर्वेदीय ब्रह्मविद्योपनिषद् (पृ. २१४), शुक्ल यजुर्वेदीय पैङ्गलोपनिषद् (पृ. २०७) तथा स्वसंवैद्योपनिषद्ले गुरुलाई ठुलो मान्ने आधार दियो। ती उपनिषद्हरूले भने —सम्पूर्ण जगत प्रकाशित भएको व्यक्ति गुरु हो (पृ. ३४१)। त्यसैले उसैको सेवाले मात्र ज्ञान प्राप्त हुने कुरा लेख्यो। यसको अर्थ हो - हर व्यक्ति गुरु होइन। हुन पनि सक्तैन। शास्त्र वर्णित गुरुको खोजी र निर्माण गुरुकुलको नीति हुनुपर्छ। अहिले गुरुकुलमा अध्यापनरत सबैले गुरु हुने ताकत राख्तैनन् भने तिनलाई गुरु बनाउँने व्यवस्था गर्नु पनि गुरुकुलको नीति हुनुपर्छ। गुरु शब्दको सस्तिँदो प्रयोगले यो कुराको अपेक्षा गर्छ। त्यसैले तेस्रो नीति यही हुन सक्छ।

गुरुकुलका गुरुहरू पनि खण्डित छन्। खण्डितले पूर्णताको अर्थ दिँदा शास्त्रीय मर्यादा घट्छ। जस्तो ॐ प्रणव हो (पृ. १६)। अथर्ववेद सम्मत अर्थवशीर उपनिषद् त्यही भन्छ। ॐ शब्द उच्चारण गर्दा श्वास खिचिन्छ। त्यही प्रणव शब्दलाई अथर्ववेदी नारदपरिव्राजकोपनिषद्ले नाद, बिन्दु, कला र शक्तिको संयोग भएकोले त्यसलाई प्रणव भनेको छ (पृ.१६६)।

प्रणवलाई पनि सृष्टि, संहार र उभयात्मक प्रणव मानेको छ। उभयात्मकलाई बाह्य र अन्त प्रणव मानेको छ। यस अर्थमा प्रणव मानिएको ॐलाई व्यष्टि तथा समष्टि दुवै मानेको छ। ब्रह्मविद्योपनिषद्ले ॐलाई आकारित गरेको छ। लक्ष्मीको रूपमा। सरस्वतीको रूपमा। कालीको रूपमा। तीनवटै रूपलाई जोडेर महेश्वर हुन्छ भनेको छ। प्रश्नोपनिषद्ले (पृ. २३८) जाग्रत हुँदा ॐ निधारमा बस्छ भनेको छ। सुत्दा घाँटीमा। निदाँउदा हृदयमा। अर्थात् शास्त्रैपिच्छेका अर्थ छन्। विस्तार छन्। गुरुकुलका गुरुहरू के भन्छन् ? तिनको समष्टिगत जानकारी सहितको एउटै बोली बनाउँन सक्नुपर्छ। कि स्रोत दिन सक्नुपर्छ। कि मेरो अनुभूतिले यो भन्छ भन्न सक्नुपर्छ। अहिलेका गुरुहरूको तागतले त्यो कुरा दिँदैन। ध्यान गर्दा भृकुटीमा ज्योति हेर्न लगाउँने राजयोगवादी, स्वास हेर्न लगाउँने रजनीशवादी, टाउको खाली बनाउ भन्ने विपश्यनावादी, ॐ पूर्ण हो त्यही जप भन्ने जपवादीहरूको मिलनबिन्दु भनिदिनुपर्छ। कुन स्वभावको व्यक्तिलाई कसरी सिकाउँने भनी निर्णय दिनुपर्छ। त्यसो गर्न सकिन्न भने गुरुहरू सम्प्रदायका गोटी बन्न पुग्छन्। बनाउँन पुग्छन्। कमसेकम यी विभिन्न व्याख्याहरूमद्धे म यहाँ छु भन्न सक्नुपर्छ। त्यसका लागि गुरुहरूको तयारी जरुरी छ। चौथो नीति यही हुनसक्छ।

जातजातीयता बोकेको गुरुकुल

कृष्ण यजुर्वेदीय श्वेताश्वेतरोपनिषद् भन्छ - नश्वरको ज्ञान अविद्या हो। अविनाशी जीवात्माको ज्ञान विद्या हो (पृ. ४११)। सर्वेसारोपनिषद् अनुसार मनको चञ्चलताले निर्णित ज्ञान अविद्या हो। चैतन्य भावको ज्ञान विद्या हो (पृ. ४२७)। कृष्ण यर्जुवेदीय कठोपनिषद् अनुसार भोगी जान्ने कृत ज्ञानी हुन्। पढी जान्ने स्मृत ज्ञानी हुन्। ब्रह्म ज्ञानी विनिर्गत ज्ञानी हुन्। यी र यस्ता ज्ञान बोक्ने गुरुकुलका गुरुहरूले जात किन बोके। जातीयता किन बोके। किन बोकाए ? एकाध अपवाद हुन्। यजुर्वेद सम्मत निरालम्बोपनिषद् अनुसार जातजाती त व्यवहार भेद हो। शरीर भेद होइन (पृ. २२३)। त्यही शास्त्र मान्ने गुरुकुलमा चाहिं ब्राह्मणका सन्तती चाहिन्छ भन्ने सोचले गुरुकुल साँघुरिएको छ। जातजातीय भेदसँगै साँस्कृतिक सम्पदामा पनि भेद हुन्छ भन्ने शास्त्रीय मान्यता स्वीकार्ने हो भने सम्पदा फेरिएकोमा पनि चिन्तन गर्नुपर्छ। जात जातीवादी हाम्रा चिन्तन फेर्न नारदपरिव्राजकोपनिषद्, मण्डलब्राह्मणोपनिषद्, वज्रसूचीकोपनिषद् तथा निरालम्बोपनिषद्को आधार लिन सकिन्छ। तिनले भनेको ब्राह्मण जात हैन। जातीय हैन। वर्ग हैन। नारदपरिव्राजकोपनिषद् अनुसार सम्मानलाई विष मान्ने र अपमानलाई अमृत मान्ने पो ब्राह्मण हो (पृ. १३३)। मण्डलब्राह्मणोपनिषद् अनुसार (पृ. २३१) पाँच किसिमका ब्राह्मण हुन्छन्। अष्टाङ्ग योगी पहिलो ब्राह्मण हो। आत्मतत्त्वरूपी व्यक्ति दोस्रो ब्राह्मण हो। परमात्मज्ञानी तेस्रो ब्राह्मण हो। सिद्धिप्राप्त व्यक्ति चौथो ब्राह्मण हो। ब्रह्म साक्षात्कार गरेको व्यक्ति पाँचौं ब्राह्मण हो। अब, प्रश्न गरौं कुन ब्राह्मणका सन्ततीलाई हामीले ब्राह्मण भनी गुरुकुलमा भित्र्यायौं ? वज्रसूचीकोपनिषद्लाई आधार मान्ने हो भने जीव ब्राह्मण होइन। शरीर ब्राह्मण होइन। ज्ञानी ब्राह्मण होइन। धार्मिक व्यक्ति पनि ब्राह्मण होइन। बरु ब्रह्मभावले सम्पन्न व्यक्ति पो ब्राह्मण हो (पृ. २७१)। ध्यानविन्दूपनिषद् अनुसार ॐ कारसँग अनभिज्ञ व्यक्ति ब्राह्मण होइन (पृं ९२)। उपनिषदीय चिन्तनहरूलाई ध्यान दिँदा ब्राह्मण सन्तती मात्रै गुरुकुलमा राख्नेहरू अष्टावक्रको शव्दमा छालाका पारखी मात्रै भयौं कि ? गुरुकुल सञ्चालकले सोच्नुपर्ने पाँचौ नीतिगत कुरा हुनुपर्छ।

गुरु-अनुकुलका गुरुकुल

प्राचीन गुरुकुलमा तीन किसिमका गुरुहरू थिए। गुरु, उपाध्याय, र आचार्य। संस्कार दिने गुरु हुन्थे। जीविकाको लागि वेद वेदाङ्ग सिकाउने उपाध्याय हुन्थे। वेद वेदाङ्गका रहस्य समेत बताउन सक्नेहरू आचार्य हुन्थे। दश हजार चेला चेलीलाई खानपान,

आवास, तथा पठनपाठनको एकसाथ प्रबन्ध मिलाउन सक्ने आचार्यहरू कुलपति हुन्थे। अहिलेका हाम्रा गुरुकुलहरूमा भने थरिथरिका गुरुहरू छन्। द्वयोपनिषद्ले भनेझैं (पृ १२५)। ब्रह्मविद्योपनिषद्ले भनेझैं (पृ २१४)। पैङ्गलोपनिषद्ले भनेझैं (पृ २०७)। स्वसंवैद्योपनिषद्ले भनेझैं (पृ ३४०)। ती गुरुहरूले केमा चेलाचेलीलाई पारंगत बनाए ? त्यसै आधारमा गुरुहरूलाई वर्गीकृत गर्नुपर्छ। यो छैठौं नीतिगत व्यवस्था हुनुपर्छ। यो व्यवस्था लागु गर्नाले गुरुकुल, आश्रम आदिको विज्ञता थाहा हुन्छ। कतै कर्मकाण्डीय विज्ञता होला। कहीं वैदिक विज्ञता। कहीं पुराणमा विज्ञता। यी र यस्ता विज्ञताका गुरुकुल कुन कुन हुन् ? वेद र उपनिषद्सम्मत गुरुकुल कहाँ छन ? कहां विश्ववारा, घोषा, गौतमी, गार्गी जस्ता विदूषी बनाउने गुरुकुल छन ? कहां स्वामी प्रपन्नाचार्य जस्ता विद्धान बनाउँने गुरुकुल छन् ? कहाँ रैक्क ऋषि र विदूर जन्माउँने गुरुकुल छन् ? कहाँ वशिष्ठ, विश्वामित्र तथा मुद्गल बनाउँने गुरुकुल छन् ? कहाँ अष्टावक्र, शिरध्वज जनक, याज्ञवल्क्य र कपिलमुनी बनाउँने गुरुकुल छन् भनी नक्साङ्कन गर्नु सोही नीतिको अंग हुनुपर्छ।

सीमित र सीमाहीन गुरुकुल

शुक्ल यजुर्वेदी कण्व शाखाको सतपथ ब्राह्मणको वृहदारण्यकोपनिषद् भन्छ (पृ. २५५) —वर्णाश्रम मानव भेद होइन। सृष्टिकालमा सबै ब्राह्मण हुन्। तिनै ब्राह्मणले क्षेत्री सिर्जना गरें। इन्द्र, सोम, बरुण, पर्जन्य, मृत्यु, यम, इशान सबै क्षत्री हुन्। क्षेत्रीले वैश्य सिर्जना गरे। वसु, रुद्र, आदित्य, मरुत, विश्वदेव सबै वैश्य हुन्। वैश्यले शूद्र सिर्जना गरे। पूषा, पृथ्वी आदि शूद्र हुन्। यसरी हेर्दा वर्णाश्रम धर्ममा २५ वर्षे पढाइको उमेरले कता संकेत गर्छ ? शायद स्मृति तथा पुराणको कुरा मात्र भन्छ। रामायण र महाभारतको उदाहरण दिने हो भने न रामले २५ वर्षे उमेरसम्म पढे। न कृष्णले पढे। यस्को अर्थ हो - हाम्रा गुरुकुलहरू वर्षवादी थिएनन्। क्षमतावादी थिए। कुनै बेलाको एकपासे। दुईपासे जस्ता। अहिलेका गुरुकुल वर्षवादी बनेका छौं। पारंगतवादी बन्नु बनाउँनु सातौं नीति हुनुपर्छ। फलानो गुरुकुलमा पढेपछि म फलानो विषयमा पारंगत हुन्छु भन्ने जानकारी जनमानसमा जानुपर्छ।

खोजका गुरुकुल

देवता कति छन् ? पुराणहरूले भने तेत्तीस कोटी। कोटी भनेको करोड हो - गुरुहरूले अर्थ्याए। ऋग्वेदको पहिलो मण्डलको १.७.२ ले चाहिँ देवतालाई तीन समूहमा बाड्यो। पहिलो वसु समूह। दोस्रो रुद्र समूह। तेस्रो आदित्य समूह। ऐतरेयब्राह्मणले प्रियज, अनुयज्ञ र उपयज्ञ भन्यो। बृहदारण्यकोपनिषद्ले पनि तीनकै भाषा बोक्यो। अनि भन्यो —त्यहीं तीन नै तीनसय हो। तीन हजार हो। तीन हजार तीन सय हो। त्यो भनेको विभूति हो (पृ. २९६ र २९७)। तसर्थ देवता भनेका ३३ वटा छन्। आठ वसु। एघार रुद्र, बाह्र सूर्य, एक इन्द्र र एक प्रजापति। यसरी हेर्दा वैदिक र उपनिषदीय पुर्खाले तीन देव चिने। त्यो पनि प्रकृतिमा। तिनै प्रकृतिलाई आफैंमा आरोपित गरे। पौराणिक, स्मृति र पुरोहित पुर्खाले तेत्तीस करोड बनाइदिए। हाम्रा गुरुकुलका गुरुहरूको सन्देश के हुने ? देवता, विभूति, ब्रह्म, सिद्ध आदिमा के फरक छ ? ५ कलाको व्यक्ति कसरी भगवान हुन्छ ? अर्थात् हाम्रो संस्कृतिको बहुदेव पूजनलाई केमा जोड्ने ? वेदान्तको बोलीमा एक नै अनेक हो र अनेक नै एक हो भन्ने कि ? कपिलमुनिको बोलीमा प्रकृति र पुरुषकै भेद भन्ने कि ? ऋग्वेदकै भाषामा वसु, रुद्र र आदित्य समूहलाई त्रिदेव भनी स्वीकार्ने कि ? छान्दोग्यपनिषद् (६.२.२१) लाई स्वीकारेर एकमेव द्वितीयम भनेर एउटै ईश्वर मान्ने ? अर्थात् बुझने कसरी ? मान्ने कसरी ? यस्ता कुराहरूको खोजमूलक ज्ञान सम्प्रेषण गर्नु आठौं नीति हुनुपर्छ।

समाजमुखी गुरुकुल

समाजमा गृहस्थीहरू छन्। संन्यासी छन्। अरुहरू पनि छन्। गृहस्थीको संख्या अत्यधिक छ। अथर्ववेद सम्मत आश्रमोपनिषद्ले गृहस्थीलाई पनि

चार भागमा बाँडेको छ। पहिलो वार्ताकवृतिवाला गृहस्थी। यिनीहरू कृषक हुन्। पशुपाला हुन्। व्यापारी हुन्। दोस्रो शालीनवृतिवाला गृहस्थी। यिनीहरू यज्ञ गर्छन्। पढ्छन्। तेस्रो यायावर गृहस्थी हुन्। यिनीहरू यज्ञ पनि गर्छन्। अरुलाई पनि गराउँछन्। चौथो, घोर संन्यासी। यिनीहरू खेतबारीको टिपनटापन खान्छन् (पृ. ४४ र ४५)। यी चारमध्ये गुरुकुलको सेवा कस्ले पायो ? अनुभवले भन्छ - निश्चित जातले। निश्चित जातीले। तिनैको दान दातव्यवले गुरुकुलहरू चलेका पनि छन्। तर समाजले के पायो त ? यो प्रश्नको जवाफ गुरुकुलले दिन सकेको छैन। एकाध गुरुकुलले योग सिकाएर र पुराण लगाएर त्यसको जवाफ दिएका छन्। ती अपवाद हुन्। संस्थागत रूपमा चारै समूहका गृहस्थको घरमा गुरुकुल पुग्नुपर्छ। यो नवौं नीति हुनुपर्छ।

तुरीय र मायावी ज्ञानका गुरुकुल

निर्वाणोपनिषद्(पृ. १७५)र नारदपरिव्राजकोपनिषद् अनुसार ज्ञान तुरीय पनि छ। मायावी पनि छ। गुरुहरू दुवै ज्ञानका छन्। तुरीय ज्ञानका गुरुले विदेह बन्न बनाउँन सिकाउँछन्। अध्यात्मोपनिषद् (पृ. १९) त्यही भन्छ। जीव र ईश्वरको भेद चिनाउनुपर्छ। जाबाल्युपनिषद् त्यसै भन्छ (पृ. ११२)। अद्वैतभावमा पुऱ्याउनुपर्छ। मैत्रेय्युपनिषद् त्यही भन्छ। शरीरप्रतिको अहंभाव छुटाउनुपर्छ। सर्वसारोपनिषद् (पृं. ४२५) त्यसै भन्छ। तर मायावी गुरुहरू फलाशामा यज्ञ गराउँछन्। अवधूतोपनिषद् अनुसार ती अज्ञानी हुन् (पृं. ४०)। अथवा ती मायावी ज्ञानी हुन्। यहीँ प्रश्न रह्यो- मायावी ज्ञान दिने कि तुरीय ज्ञान दिने गुरुकुल हो हाम्रो भनी टुङ्गो गर्नु दशौं शैक्षिक नीति हो। किनकि कुल, गोत्र, नाम, जाती र लिँगभेदमा मायावी ज्ञान आधारित हुन्छ। स्थूल शरीरको ज्ञान (आत्मोपनिषद्, पृं. ३९)। विदेह बन्ने बनाउँने चाहिँ तुरीय ज्ञान हो। कामन्दक नीति अनुसार त्रयी, आन्वीक्षिकी (तर्कशास्त्र), र दण्डनीति (लोक मर्यादा, न्याय र अनुशासन) विद्या अन्तर्गत पर्छन। प्रविधि प्रधान विषयवस्तु चाहिं शिक्षा अन्तर्गत पर्छन। अहिलेका प्राविधिक विषयवस्तु शिक्षा हुन। प्रश्न हो —कुन कुन गुरुकुलहरू के के गरिरहेका छन ? अर्थात शिक्षामा छन कि विद्यामा छन् ? कि मिश्रित व्यवस्थापनमा छन ? सार्वजनिक जानकारी छैन।

आजका समस्या

आजका हाम्रा गुरुकुलहरू विद्यालय हुन् कि शिक्षालय ? विद्यालयले शिक्षा दिन्छ। शिक्षालयले ज्ञान दिन्छ। विद्यालय शिक्षाले जगत् सम्बन्धी सामान्य जानकारी र जीवन जिउने सीप दिन्छ। शिक्षालयले जीव, जगत् र ब्रह्म जोडने ज्ञान दिन्छ। हाम्रा कुन कुन गरुकुलहरू के के गर्दैछन् ? के कसलाई पढाइरहेछन् ? के कसरी खर्च जुटाइरहेछन् ? कुन-कुन व्यवस्थापनमा जान चाहन्छन् ? लगानीको कुन ढांचाको अपेक्षा गर्छन् ? गुरुहरूकै सेवा सुरक्षाको के कस्तो प्रबन्ध हुनुपर्छ ? पाठ्यक्रम र पाठ्यपुस्तकमा के के कुरा राखिनुपर्छ ? यी र यस्ता पेचिला प्रश्नहरू आजका समस्याहरू हुन।

अपनाउनु पर्ने शिक्षा नीति

मेकाले (सन् १८३५) र ह्यूग बी उड (सन् १९५६) ले संस्कृत शिक्षाबारे एउटै बोली बोले। यो संयोग हो कि नियोजित समयले बताउँला। उनीहरूको जिकिर थियो - संस्कृतको ज्ञानले वैज्ञानिक युगमा काम गर्दैन। यसले रोजगारी दिदैन। यही कुरालाई नेपालका आधुनिकतावादी, कडा साम्यवादी र जनजातीले अक्षरशः स्वीकाऱ्यौं। यो स्वीकारले संस्कृत शिक्षामा धमिरो लाग्यो। परिणामतः संस्कृत मदौरु बन्यो। बनाइयो। संस्कृतज्ञहरूको पढाउँने शैली र उदासीन मान्यताले आगोमा घ्यूको काम गऱ्यो। अहिले संस्कृतलाई कर्मकाण्डभन्दा माथि ठान्नेहरूको जमात सानो छ। संस्कृतमा भएका दर्शन, विज्ञान, संस्कृति आदिबारे खोज गर्नेहरूको जमात नगन्य स्वरूपको छ। संस्कृत विश्वविद्यालय पनि बौरिएको छैन। यस स्थितिमा गुरुकुललाई कसरी लाने भन्ने कुराको नीतिगत बाटो पहिल्याँउन पनि कठिनाइ देखिन्छ। यही परिवेशमा

गुरुकुलको शिक्षा नीति निम्न स्वरूपको हुनुपर्छ भन्ने मेरो मान्यता हो।

क) कुलहरूमध्येको एक कुलको रूपमा- पाँचै कुललाई व्युँताई छोटो अवधिका पारँगतवादी कुल बनाउँनु सान्दर्भिक देखिन्छ। यसो गर्नाले वैदिक तागतको पुर्नप्राप्ति हुनसक्छ। यसो गर्दा कक्षागत ज्ञान खोज्ने तथा उमेरगत ज्ञान खोज्ने अहिलेको संस्कारमा गुरुकुल क्रान्तिकारी संरचना बन्न सक्छ। गुरुहरूको सामुहिक निर्णयले यो काम गर्न सक्छ। लगानीका लागि स्थानीय सरकारलाई क्रियाशील बनाउन सकिने संभावना छ।

ख) विद्यार्थी पहुँचमाः- 'कुलीन' विद्यार्थी पढाउँन अभ्यस्त गुरुकुलहरू साझा बनाउनुपर्छ। साझापनले नवीन सोच र विद्यार्थीमैत्री शिक्षणशैली खोज्छ। अनवरत अनुसन्धान खोज्छ। यसका लागि गुरुहरूको तयारी जरुरी छ। यो तयारीमा परंपरागत सोच र आधुनिक सोचबीच समन्वय गरिनुपर्छ। पुराना सोचको खोजी गरी आधुनिक भनिएका ज्ञानलाई चुनौती गर्नुपर्छ। समानता र भिन्नता खोज्नुपर्छ। यो काममा गुरुकुलको नेतृत्व नै प्रभावकारी हुन्छ।

ग) व्यवस्थापनमाः- शास्त्रीय व्यवस्थापनले सोपान खोज्छ। आधुनिक व्यवस्थापनले सहकर्मी ढाँचा खोज्छ। आचार्यले सञ्चालन गरेका कुलमा न सोपानी व्यवस्थापन हुन्छ। न सहकर्मी। त्यसमा अध्ययनरत चेलाचेलीहरू आफैं व्यवस्थापक बन्छन्। अनुसिकी बन्छन्। अनुकरणकारी बन्छन्। सर्जक बन्छन्। गुरुकुलहरूले यो नीति अबलम्बन गर्नुपर्छ। सम्बन्धित गुरुकुलले नै यसको जिम्मा लिनुपर्छ।

घ) शिक्षण व्यवस्थापनमाः- श्रवण, मनन र निधिध्यासन हाम्रो मूलभूत शैक्षणिक सम्पदा हो (कामन्दकीय उक्ति अनुसार यसमा उत्प्ररणा, श्रवण, ग्रहण, धारण, तर्क, वितर्क, अर्थज्ञान र तत्वज्ञान थप सम्पदाहरू हुन)। अहिलें श्रवणमा बढी जोड छ। मनन र निधिध्यासन सम्पदाहरू ओझेलमा परेका छन्। मननले गुन्न सिकाउँछ। निदिध्यासनले गर्न सिकाउँछ। घोकन्ते शिक्षणले संज्ञानात्मक तागत बढाँउछ। अर्थात् हाम्रो परंपरामा संज्ञान, सूझ र निर्माणवादको मिलित ढिक्का छ। आचार्यको अनुशरणमा अवलोकन र आफनोपना जोड्ने गुञ्जाइस छ। यो कुरालाई उत्खनन र आकारित गर्नु जरुरी छ। शैक्षिक जनशक्ति केन्द्र र पाठयक्रम विकासकेन्द्रको सहकार्यमा नेपाल संस्कृत विश्वविद्यालयले यो काम अघि बढाउन सक्छ।

ङ) मूल्यांकन प्रक्रियामाः- गुरुकुलका गुरुहरू आफैं निर्णायक हुन्। पश्चिमाहरू पनि त्यसै गर्दछन्। हामी भने अरुबाट विद्यार्थी परीक्षण गराउँने क्रममा छौं। 'भेडा बेच। नून किन। त्यही भेडालाई नून बोकाएर ल्याउँ'। प्रश्न यही हो। यी र यस्ता प्रश्नले विद्यार्थी जाँच्ने गुरुकुलीय परंपरा हो। व्यावहारिक ज्ञान दिने परंपरा। अहिले अव्यवहारिक पढाइ छ भन्नेलाई चड्कन दिने परंपरा। यस्ता परंपराहरूको उत्खनन् अबको नीति हुनुपर्छ। गुरुकुल आफैंले योकाम गर्न सक्छ।

च) लगानी प्रबन्धमाः- गुरुकुलहरू आवासीय छन्। दान दातव्यबाट चलेका छन्। सरकारले केही गुरुकुलमा प्रति विद्यार्थी लागत पनि दिएको छैन। यस स्थितिमा लगानीको नीतिमा फेरबदल गर्नुपर्छ। आवासीय विद्यार्थीलाई दिइने लगानीको रूपमा। दिवा विद्यार्थीलाई दिइने लगानीको रूपमा। अर्को विकल्प हुन सक्छ गुठी खडा दिने। पुर्खाले सोचेको गुठी प्रणाली जस्तो। अहिलेको गान्धीको चर्खा प्रचारक महागुठीको तरिका जस्तो। यो काममा

नेपाल सरकार र गाउंपालिका तथा नगरपालिका महासंघ क्रियाशील हुनसक्छ ।

छ) गुरुहरूको व्यवस्थापनमाः- स्वामि (१०८, १००८) बनाउने आफनै प्रक्रियाहरू छन्। सामवेदीय अरण्युपनिषद् (पृं. ४२ र ४३) तथा कृष्ण यजुर्वेदीय कठरुद्रोपनिषद् (पृं. ४९) ले संन्यासी बन्ने तरिका पनि दिएको छ। तर गुरुकुलमा पठनपाठन गराउँने गुरुहरूको व्यवस्थापनको प्रबन्ध छैन । मठको रूपमा जाने एउटा तरिका हुनसक्छ । शौनकादि ऋषिहरूको तरिकामा जाने अर्को बाटो हुनसक्छ । स्थानीय सरकारको व्यवस्थापनमा रहने तेस्रो तरिका हुनसक्छ । शिक्षा, विज्ञान र प्रविधि मन्त्रालयको प्रबन्धमा बस्ने चौथो तरिका हुनसक्छ । नेपाल संस्कृत विश्वविद्यालयको संरचनामा रहने पाँचौं तरिका हुनसक्छ। मदरसाका मौलवी तथा मौलानाझैं आफनै संरचनामा रहने छैठौं नीति हुनसक्छ। कर्मचारी व्यवस्थापनमा पनि यो चिन्तन ल्याउनुपर्छ। यस्तो कुरामा अन्तर गुरुकुल छलफल जरुरी छ। निर्णय लिनु जरुरी छ । गुरुकुलकै नेतृत्वले यो काम गर्नसक्छ ।

सेवाभावले चले चलाइएका गुरुकुलका गुरु तथा कर्मचारीहरूको सुरक्षाका लागि योगदानमा आधारित सञ्चयकोष र निवृत्तिभरणको व्यवस्था पनि उत्तिकै जरुरी छ। हेलम्बु गाउँपालिकाले अस्थायी, करार, राहत, तथा प्रति विद्यार्थी लगानीका सरकारी शिक्षकहरूलाई दिने गरेको योगदानमा आधारित सञ्चयकोष र निवृत्तिभरण एउटा उपाय हुनसक्छ । स्थानीय सरकारले यो काम गर्न सक्छ ।

ज) पाठ्यक्रम र पाठ्यविषयको व्यवस्थापनः- मदरसा र गुम्बामा झैं गुरुकुल तथा आश्रममा पनि गुरुको निर्णय नै पाठ्यक्रम हो । पाठ्यपुस्तक हो । धार्मिक विद्यालयहरूको मूल प्रबाहिकरण अभियानले यसमा नयाँ विषयहरू थपेको छ। बजारसँग जोडिएका विषयहरू पढ्नु पढाँउनु एउटा उपाय हुनसक्छ। त्यसैमा बहुधार बनाउनु अर्को नीति हुनसक्छ । निश्चित उमेरका बालबालिकालाई सानै उमेरमा भर्ना गर्नु अर्को तरिका हुनसक्छ । जुनसुकै उमेरकालाई पनि जुनै विषयमा प्रवेश दिनु पनि उत्तिकै जरुरी हुन्छ। यस स्थितिमा तीन धार चलाउँने नीति उर्पयुक्त हुन्छ । पूर्णकालीन आवासीय गुरुकुलीय धार। छोटो अवधिको रहरगत आवासीय तथा दिवा धार। नवीन विषय जोडिएका आवासीय तथा दिवा धार । गुरुकुल संचालकहरूले यसको खाका बनाउनुपर्ने हुन्छ ।

झ) सशुल्क र निशुल्क व्यवस्थापनः- गुरुकुलमा आर्जेर पढाउनेहरू गुरुहरू छन। अरुको आर्जनमा पढाउनेहरू पनि छन्। निःशुल्क पढाउँनेहरू पनि छन्। यसैले समाजोपयोगी आर्युवेद, योग, कर्मकाण्ड जस्ता विषयमा सशुल्क सेवा गरिनुपर्छ। धर्मशास्त्रसम्मत जनज्ञानका लागि निःशुल्क सेवा। समाजमा गरिने निशुल्क सेवाबाट गुरुकुलले समाजको माया र सहयोग पाउँछ। सशुल्क सेवाले गुरुकुलले केही रकम संकलन गर्न सक्छ। गुरुकुलहरूको साझा निर्णयले यो काम गर्न सकिन्छ ।

ञ) गुरुकुल संघको प्रबन्धः- यो प्रबन्धले गुरुकुल कहाँ छ भन्ने थाहा हुन्छ। कुन हालतमा छ भनी पहिचान गर्न सकिन्छ। एक अर्कालाई सघाउने नीति बनाउँन सकिन्छ। शौनकादि ऋषिहरूको तागत आर्जन गर्न सकिन्छ। कर्मकाण्डीय हथ्यौडी सिकाउने गुरुकुलदेखि स्नातकोत्तर तहसम्म पढाउने गुरुकुलबीचको जीवन्त सम्बन्ध बनाउँन सकिन्छ। स्थानीय सरकारको सहकार्यमा एकसाथ अगाडि बढ्ने

आधार बन्छ। प्रदेश र सङ्घीय सरकारसँग उच्च शिक्षाको लागि सहयोग लिन सकिन्छ। गुरुकुलको नेतृत्वले यो काम गर्न सक्छ।

ट) अनुसन्धान र लेखनः- सोच र खोज ऋषि परंपरा हो। अवलोकन, आप्तवाक्य, अनुभूति, संवाद हाम्रै शोधीय तरिका हुन्। प्रश्नले उठान गर्ने र विस्तारमा उत्तर दिने हाम्रै शोधग्रन्थीय परम्परा हो। यी र यस्ता हाम्रा अनुशीलन प्रक्रियाको खोजी गर्नुपर्छ। एकै विषयवस्तुलाई कस्ले कसरी बुझ्यो भनी ससाना पुस्तिका प्रकाशन गर्नुपर्छ। ब्लग लेख्नुपर्छ। सामाजिक सञ्जालमा पढाउँनुपर्छ। वेभपेज बनाउँनुपर्छ। लेखहरू लेख्नुपर्छ। आफूमै शोध गरेर अनन्त ब्रह्माण्ड पहिल्याउने हाम्रो पुर्ख्यौली तागत पुनः प्रस्तुति गर्नुपर्छ। हकिन्सको बहुब्रह्माण्डलाई हाम्रा अनन्त ब्रह्माण्डले प्रतिस्थापित गर्नुपर्छ। हिंग्स बोसनको दैवी अणुलाई हाम्रो ब्रह्मको विस्तार र संकुचनले चुनौती गर्नुपर्छ। सांख्यको द्वय, द्वयोपनिषद्को द्वय, मार्कसको द्वय र डेरिडाको द्वयको मिलन र विछोड विन्दूमा शास्त्रास्त्र गर्नुपर्छ। आइन्स्टाइनको ऊर्जा र पदार्थ एक अर्कामा रूपान्तरित हुन्छन् भन्ने कुरालाई हाम्रा प्रकृति र पुरुषको अन्तर सम्बन्धीय चिन्तनले पछार्नुपर्छ। हाम्रा पुर्खाले भनेको ब्रह्म ऊर्जालाई अणु देख्ने हिंग्स, बोसन र ऊर्जा देख्ने हकिन्सलाई जिस्क्याउनुपर्छ। यसका लागि पश्चिमी विज्ञान र पूर्वीय विज्ञान जानेकाहरूको टोली बनाई शोध गर्ने परिपाटी बसाउनुपर्छ। नेपाल सरकार र नेपाल संस्कृत विश्वविद्यालयले यो काममा गति दिनसक्छ।

ठ) संस्कृति र भाषामा सहखोजः- संस्कृत साझा हो। देशका सबै संस्कृति र भाषाहरूमा यसको संबन्ध छ। अंग्रेजले ग्रीक र ल्याटिनको सम्बन्ध देखायो। हामीले भारोपेली समूहमा मात्रै संस्कृतको सम्बन्ध बुझयौं। बुझायौं। त्यसैले अबको नीति हुनुपर्छ - संस्कृतका शव्दावली कुन कुन भाषामा छन् खोज्ने। जनार्दन घिमिरेले शब्दसन्दोह लेखेझैं। संस्कृत सन्दोहबाट नेपालका कुन कुन भाषाहरू सिक्न सिकाउँन सकिन्छ भन्नुपर्छ। अष्ट्रेलियाको माउरी भाषाले संस्कृतको मूल पहिल्याए जस्तो। यसका लागि नेपाल संस्कृत विश्वविद्यालयसँग सहकार्य गर्नुपर्छ। गुरुकुलका गुरुहरूको जत्था बनाउँनुपर्छ। गुरुकुलले नै यसको जिम्मा लिनुपर्छ।

ड) चाखको सिर्जनाः- अइउण्, ऋॢलृक् पढाउने हाम्रो शास्त्रीय विधि हो। सहजबाट जटिल अहिलेको शिक्षण विधि। विधिले घोकाइ माग्यो। अहिलेको विधिले सोचाइ खोज्यो। अर्थात् संस्कृत शिक्षण विधिले सरलता माग्यो। सन्निकटता माग्यो। ‘कथाले मागेको’ विधिले संस्कृत सबैको विषय बन्छ। यसका ज्ञानहरूको सहज प्रस्तुतिले सबैको चाख बन्छ। गुरुकुलका गुरु तथा तागतवर सहकर्मीहरूको टोलीले संस्कृत र पूर्वीय संस्कृति सबैको खोजाइ बनाउँन सक्छ। थोपरिएको भनिएको आजको संस्कृत सर्व स्वीकार्य बन्न सक्छ। इच्छाधीन विषयको रूपमा। सबैको रुचीको विषयको रूपमा। पूर्वीय ज्ञानहरूको तुलनात्मक अध्ययन सामग्री बने बनाएमा अनिवार्य विषयको रूपमा। विद्यालयमा। क्याम्पसमा। विश्वविद्यालयहरूमा। परिणामतः मेकाले र ह्यूगबी उडको चुनौतीको सामना हुन्छ। संस्कृतमा लेखिएका ज्ञान तथा विज्ञान खोजेर। तिनलाई आधुनिकीकरण गरेर। संस्कृतका ज्ञान तथा विज्ञानलाई रोजगारीका विषयको रूपमा विकसित गरेर। तिम्रा अंग्रेजीले पनि त जागीर दिन छोड्यो नि त भन्नु पर्छ। स्वामी प्रपन्नाचार्यको हिन्दू विज्ञानमा उल्लेखित ज्ञान

तथा विज्ञानको संकलनमा थप काम गर्नुपर्छ। आचार्य तहका गुरुहरूले यो काम गर्नपर्छ।

स्वीकारोक्ति

गुरुकुलीय शिक्षाको नीति लेखें। शीर्षकले त्यही भन्छ। कुनै नीति बने। कुनै कार्यनीति। कुनै गुरुकुलकै जिम्माका नीति बने। कुनै शिक्षा आयोगका। कुनै नेपाल संस्कृत विश्वविद्यालयका। कुनै शिक्षा, विज्ञान तथा प्राविधिक मन्त्रालयका। कुनै बेनीति पनि बने। मेरै रहरका। यी र यस्ता कुरा छुट्याउने जिम्मा प्राज्ञहरूमा छाडे। यसको एउटै कारण हो - मेरो विषयगत अज्ञानता। यस अर्थमा अध्याँरोमा हानेको झटारो हुनसक्छ यो लेख। मेरो विश्वासले भन्छ - गुरुहरूलाई ठोस नीतिका लागि वकालत गर्ने पूर्वाधार बन्न सक्छ। भोलिको शिक्षामा यो नीति राखौं भन्ने व्यावहारिक दृष्टिकोण बन्न सक्छ। परिणमतः गुरुकुलले वैज्ञानिकता, रोजगारी र विश्वमा प्रतिस्पर्धा गर्नसक्ने विद्यार्थी जन्माउन सक्छ।

***

संस्कृतको विश्वव्यापी साइनो

- डा. माधवप्रसाद पोखरेल

तुलनात्मक भाषा शास्त्रको जन्म

संस्कृत भाषाले विश्वसँग साइनो राख्छ। सर विलियम जोन्स (Jones, 1786) ले एसियाटिक सोसाइटीको बैठकमा संस्कृतको परिचय निम्न लिखित शब्दमा दिए पछि पश्चिमी विश्वको ध्यान संस्कृत वाङ्मय तिर आकर्षित भयो र त्यसैले गर्दा तुलनात्मक भाषा शास्त्र' को जन्म दियो, जो पछि गएर 'ऐतिहासिक भाषा विज्ञान' मा विकसित भयो :

जतिसुकै पुरानो भए पनि संस्कृत भाषाको उदेक लाग्दो संरचना रहेछ। यो भाषा ग्रिसेली भाषाभन्दा बढ्ता व्यवस्थित रहेछ; ल्याटिन भाषाभन्दा बढ्ता समृद्ध रहेछ; अनि ती दुइटै भाषाभन्दा बढ्ता परिमार्जित पनि रहेछ। त्यति भएर पनि ती दुइटै भाषा (युनानी र ल्याटिन) का धातु र व्याकरण संस्कृतसँग कति धेरै मिल्दा रहेछन् भने, त्यो समानतालाई काकताली परेर मिलेको भन्न पनि सकिँदैन र तुलनात्मक भाषा शास्त्रको जुनसुकै पण्डितले पनि ती तिनै ओटा भाषालाई एउटै माउका सन्तान नठहराई धर पाउँदैन, अनि त्यो माउ भाषा चाहिँ जीवित पनि छैन होला। यसै गरी, गोथिक, केल्टिक र प्राचीन फारसी भाषालाई पनि त्यही साझे माउका सन्तान मान्न सकिन्छ। (१७-३४)

विलियम जोन्सको त्यो लेख पढे पछि पश्चिमा विद्वान्‌हरू एकातिर संस्कृत पढ्न एकोहोरिए भने, अर्कातिर संसारभरका भाषाहरूमा संस्कृतका शब्द र व्याकरणसित मिल्ने तत्त्वको खोजी हुन थाल्यो। यस खोजीमा जर्मनहरूले सबैलाई उछिने। विद्वान्‌हरूले भारतीय उपमहाद्वीपदेखि युरोपसम्मका बेग्ला बेग्लै भाषाहरूमा ध्वनि र अर्थको सामीप्य अथवा समानता भएका शब्दहरूको खोजी गरे अनि ध्वनि परिवर्तनका बीजगणितीय नियमहरू (ऐतिहासिक सन्धि नियम) फेला पारे। ती हरेक भाषाको अनुसन्धान गर्दा संस्कृत भाषाका शब्द (र व्याकरण) को तुलना गर्न छोडिएन। त्यो अनुसन्धानको फलस्वरूप भारतीय उपमहाद्वीपदेखि युरोपसम्म छरिएका विभिन्न भाषाहरू एउटै माउका सन्तान ठहरिए। त्यस काल्पनिक माउ भाषाको नाउँ 'भारोपेली (भारत-युरोपेली) राखियो। यसरी भाषाहरूको पारिवारिक वर्गीकरण गर्ने शोध विधिको विकास भयो। 'तुलनात्मक भाषा शास्त्र' को यसै विधिको उपयोग गरेर संसारका अरु भाषा परिवार (भोट बर्मेली, आग्नेय, द्रविड, युराल-अल्टाइक, आदि) हरूको पनि आविष्कार भयो। यसरी आधुनिक भाषा विज्ञानको जन्म र भाषा परिवारको अवधारणाको विकास र आविष्कार नै पश्चिमले संस्कृतको अध्ययनगरे पछि भएको हो।

युरेसियाका भाषासँग संस्कृतको साइनो

'तुलनात्मक भाषा शास्त्र' को 'ऐतिहासिक वर्ण परिवर्तन (अथवा सन्धि नियम)' को शोध विधि प्रयोग गरेर पत्तो लागेका संस्कृत भाषाका धातु, प्रातिपदिक र व्याकरण तत्त्व (उपसर्ग, प्रत्यय, आदि) सँग ध्वनि र अर्थमा सामीप्य राख्ने केही मुख्य भारोपेली भाषाका 'सहज्ञाति' शब्दहरू मोनियर विलियम्स (Monier-Williams, 1899) को संस्कृत भाषाको कोश र टर्नर (Turner, 1931) को नेपाली भाषाको व्युत्पत्तिमूलक शब्द कोश' मा पनि पाइन्छन्, जसलाई नमुनाका लागि उदाहरणस्वरूप तल लेखिएको छ :

१. भ्रातृ (संस्कृत), ब्रातर (अवेस्ता), फ्रातिर (युनानी), फ्रातेर (ल्याटिन), ब्रोथर (गोथिक), ब्रुओदेर (जर्मन), ब्रदर (अङ्ग्रेजी), ब्रोतेर (लिथुआनियाली), ब्रात्रु (स्लाभिक रुसी), फ्रात (अल्बानियाली हिब्रु)

२. पितृ (संस्कृत), पिता (अवेस्ता), पातिपातेरेस (युनानी), पातेर (ल्याटिन), फादार (गोथिक), फातेर (जर्मन), फादर (अङ्ग्रेजी)
३. वीर (संस्कृत), विर (अवेस्ता), विर् (ल्याटिन), वेरे-उल्फ (अङ्ग्रेजी\ एङ्लो-सेक्सन), वेर-उल्फ (जर्मन), विरस (लिथुआनियाली), वाइर् (गोथिक), इर्वस (युनानी), विदू (अङ्ग्रेजी),
४. बुधू (संस्कृत), बुद् (अवेस्ता), पुथफुथ् (युनानी), बिउदान् (गोथिक), बिओतान (जर्मन), बुद्रुस् (लिथुआनियाली), बुद्र (स्लाभिकारुसी)
५. विद् (संस्कृत), विदू (अवेस्ता), विदेरे (ल्याटिन), वोत् (प्राचीन अङ्ग्रेजी), वात् (एलो सेक्सन), विस्सेन (जर्मन), वितान (गोथिक), एइदोन् (युनानी), वेदेति (स्लाभिक रुसी)

नोम चोम्स्कीलाई पाणिनिको प्रेरणा

पाणिनिले आफ्नो व्याकरण (‘अष्टाध्यायी’) मा ४००० ओटा जति बीजगणितीय सूत्रहरूका आधारमा वैदिकदेखि लौकिक संस्कृत वाङ्यमा लुकेका सबै नियम (व्याकरण) हरूलाई समेट्न सकेको आदर्शले नोम चोम्स्की जस्ता भाषा वैज्ञानिकहरू प्रभावित भएका छन् र पाणिनिकै प्रेरणा र प्रभावले उनले संसारको जुनसुकै भाषाको (वाक्यावर्ण) व्याकरणको अनुसन्धान गर्न सकिने ‘रूपान्तरण प्रजनक व्याकरण’ को शोध विधिको विकास गरेका छन्। आज चोम्स्कीको त्यस शोध विधिको उपयोग गरेर विश्वका असङ्ख्य भाषाहरूमा वाक्य व्याकरण र वर्ण व्याकरण (र पछि ‘शब्दानुशासन’ को पनि) लेखिई रहेका छन्। यसरी विश्वभरका मातृभाषाहरूका व्याकरण बनाउन काम लाग्ने चोम्स्कीको ‘सार्वभौम व्याकरण’ (विज्ञान) को प्रेरणा स्रोत चाहिँ पाणिनिको ‘अष्टाध्यायी’ हो।

पूर्वी एसियाका भाषामा संस्कृत शब्द

पूर्वी एसियाली भाषामा संस्कृत भाषाका प्रशस्त शब्द पाइएका छन्। ती मध्ये दक्षिण पूर्वी एसियाली भाषाहरूमा त संस्कृत शब्द गनेरै साध्य हुँदैन। बुद्ध धर्म र हिन्दु धर्मका प्रभावले गर्दा पूर्वी एसियाका सबै भाषाहरूमा संस्कृत भाषाका शब्द प्रशस्त पाइँदा रहेछन्। तिब्बती र चिनियाँ भाषामा चाहिँ बुद्ध धर्म र हिन्दु धर्मकै भाव दिने शब्दहरू तिब्बती र चिनियाँ भाषाकै धातु र प्रातिपदिक प्रयोग गरेर बनाइने चलन मुख्य रूपमा पाइने रहेछ। कोरियाली भाषामा बुद्ध धर्मका धेरैजसो पारिभाषिक शब्द चिनियाँबाट लिइएको पाइयो। रूपानुवाद (क्याल्किङ) गर्ने यो प्रवृत्ति जापानी बुद्ध धर्मका पारिभाषिक शब्दमा पनि निकै लागु हुन्छ। म चीनमा बसेका वेलामा चिनियाँ अन्तरराष्ट्रिय रेडियोमा काम गर्ने पूर्वी एसियाका अनेक भाषाका विशेषज्ञसँग सम्पर्क गरेर मैले संस्कृत मूलका त्यस्ता शब्द बटुलें। भेटे सम्मका शब्द चाहिँ मैले सम्बन्धित भाषाका कोशहरूबाटै बटुलें, तर जुन भाषाको कोश पल्टाउन म सक्तिनथें, ती भाषाका शब्द चाहिँ गाब्रिएला भन्ने इटालीकी चीन विशेषज्ञ मित्रको सहयोगले अन्तर्वार्ता गरेर मैले बटुलें। लाओसी र मङ्गोलियाली भाषाका शब्द पनि मैले गाब्रिएलाकै सहायताबाट टिपेको हुँ। पूर्वी एसियाली भाषाका संस्कृत स्रोतका यी शब्दहरूमा ध्वनि परिवर्तन र आंशिक रूपमा अर्थ परिवर्तन भएको पनि पाइन्छ। ध्वनि परिवर्तनले गर्दा नै चिनियाँ भाषाको ‘नाग’ बुझाउने शब्द ‘लुङ’ र ‘यम’ बुझाउने शब्द ‘युङ’ ठम्याउन पनि गारो पर्छ। विभिन्न शब्द कोश र विशेषज्ञहरूसित अन्तर्वार्ता लिएर बटुलिएका पूर्वी एसियाली भाषाका केही शब्दहरू तल लेखिएका छन् :

६. कम्बोडियाली (Hedley, Chhor, Lim, & Hkeang, 1977) :

कक्कदा (कर्कट), कन (कण्ठ, काण्ड), कथामुक (कथामुख), कप्प (कल्प, पालि कप्प), काबो (कर्पूर), काप (काव्य), कार्नइ (कारण), काक, काम, काइ (काय), काल, कोन (कुण्ड), कोअमोत (कुमुद), कोअसल (कुशल), कैलाह (कैलास), कओत् (कोटि), चाचा (चर्चा), क्बाल (कपाल), क्रम, क्रओत (क्रोध),

कओतोहल (कौतूहल), चन्द्रिए (चन्द्र), किएथा (गाथा), कोओ (गो), कोरुप (गौरव), खोस्ना (घोषणा), क्रु (गुरु), क्रुत (गरुड)

७. थाई (Higbie, 1999 (Haas, 1964)):

सुथा (सुधा), कन्नोक (कनक), कुमुत (कुमुद), खनित (गणित), खनिका (गणिका), खन (गण), खोसना (घोषणा), चतुबोत (चतुष्पद), चतुर, छन्त्र (चन्द्र), छाइ (छाया), छत्र, छत्री (क्षत्रिय), छाति (जाति), छाइया (जाया), चामाता (जामाता), चामा (जामा), छापना (स्थापना), दीका (टीका), दरुनी (तरुणी), त्रिन (तृण), त्रिकोन (त्रिकोण), थिति (स्थिति), नात्था (नाथ), पत्तिफान (प्रतिभावान्), नामा (नाम), प्रमान (प्रमाण), बोरान (पुराण), ललना, लखना (लक्षण), चक्रयान, फिफाद (विवाद), थूब (धूप), थन (धन), थान (दान)

८. बर्माली (Myanmar-English dictionary):

कन्या, गदि (गति), कवि, कालनाग, काल (कला), केइथ (केश), गोरी (गौरी), महागिरि, दन (धन), करिया (क्रिया), गज, गोदम (गौतम), गिङ्गा (गङ्गा), सोय (चोर), जनक, जात, जीव, न्यान (ज्ञान), तपथी (तपसी), द्वाय (द्वार), नारी, दनु (धनु), तान (स्थान), त्रिगन (त्रिकोण), दौखित (दुःखित)

९. मलयाली (Coope, 1975):

आचार, अगम, अल्प, अनेक, अङ्स (हंस), अङ्क, अनियाय (अन्याय), अनुगेरह (अनुग्रह), आत्मा, बाहागिया (भाग्य), बहय (भय), बाहु, बक्ति (भक्ति), बङ्स (वंश), बायु (वायु), बेद (भेद), (व्यय), बुदि (बुद्धि), बिस्नु (विष्णु), बुमि (भूमि), बुअन (भुवन), बोत (भूत), बुपति (भूपति), बोग (भोग)

१०.जाभाली (Horne, 1974):

सब्द (शब्द), सक (शक), समस्त, समाप्त, सयोग्य, समीप, समोद्र (समुद्र), सन्ता (सन्त), सप्त, सपत (शपथ), सार्दुला (शार्दूल), सर्प, सर्कर (शर्करा), सस्र (सहस्र), सरिर (शरीर), सर्व, सुसिल (सुशील), सुल (शूल), सुर्या (सूर्य), सुत, सुनु (सूनु), सुक्र (शुक्र), सेङ्का (शङ्का), सेना, सेत्र (क्षेत्र)

११.इन्डोनेसियाली (Schmidgall-Tellings & Stevens, 1981):

बाहासा (भाषा), बाहाया (भय), दार्मा (धर्म), आदिपाति (अधिपति), आक्सारा (अक्षर), बक्ति (भक्ति), बुदिमान् (बुद्धिमान्), विवाहा (विवाह), बुमि (भूमि), कापुर (कर्पूर), बास्कारा (भास्कर), बुवन (भुवन), बिनासा (विनाश), दान्ता (दन्त), दाना (धन), बेराह्मान् (ब्राह्मण), बिसा (विष),आत्मा, आस्वा (अश्व)

१२.मङ्गोलियाली :

कुर् (गुरु), पद्मसम्भो (पद्मसम्भव), लुपिङ् (लुम्बिनी), आनान्तु (आनन्द), सुत्रा (सूत्र), तार्मा (धर्म), योक् (योग), तिवा (देव), सास्तर (शास्त्र), निर्वान् (निर्वाण), पाद्या (पद्य), नागार्छन्। (नागार्जुन), ताइकिन् (डाकिनी), महायाना (महायान), बोदिसतुवा (बोधिसत्व), साँस्क्रित (संस्कृत), बोथू (बोधि), सिद्दे (सिद्धि)

१३.लाओसी :

समाथि (समाधि), थम्म (संस्कृत 'धर्म', पालि 'धम्म'), आचाङ् (आचार्य), फुत् (बुद्ध), च्या (चक्र), सुत् (सूत्र), आनान् (आनन्द), फुथि (बोधि), आतमा (आत्मा), अर्यन् (आर्य), थेवा (देव), सात्या (सत्य), आसोक् (अशोक), न्योखि (योगी), खु (गुरु), फिक्खु (संस्कृत 'भिक्षु', पालिप्राकृत 'भिक्खु'), फुमि (भूमि), चित्ता (चित्त), लोफा (लोभ), माला

१४.चिनिया (Zhang, 1991): ।

फोथ्वो (बुद्ध), न्येफान् (निर्वाण), मोकथ्वो (मगध), फुथि (बोधि), ५-च्यामुनि (शाक्यमुनि), च्यापिलो (कपिल), आल्वोथो (अर्हत्), षन्ना (ध्यान), षिलिफो (शारिपुत्र), फोल्वोथिमुछा (प्रतिमोक्ष), थिफोतात्वो

(देवदत्त), साम्पुथ्वो (सम्बुद्ध), शुफोथ्वो (सुभद्र), शुमि (सुमेरु), मान्थ्वोल्वो (मण्डल), लुङ् (नाग)

१५. जापानी :

आजारि (आचार्य), आमिदा (अमिताभ), बोदाइ (बोधि), शिबा (शिव), माया, बोकुश्यु (भिक्षु), दारुमा (धर्म), दारानि (धरणी), मोन्ज्यु (मञ्जुश्री), मोकुसा (मोक्ष), नामुनामाए (नाम), सेबा (सेवा), नेहान् (निर्वाण), बारामोन् (ब्राह्मण), कुश्या (कोश) यी भाषामा प्रयोग भएका संस्कृत शब्दहरू बटुलेर बेग्ला बेग्लै भाषाका संस्कृत शब्दहरूको ऐतिहासिक ध्वनि परिवर्तनका नियमहरूको खोजी गर्ने अनुसन्धान गर्न सकिन्छ।

निष्कर्ष

पाश्चात्य मुलुकले संस्कृतको सुइँको पाए पछि (क) तुलनात्मक भाषा शास्त्र जन्म्यो, जो पछाडि गएर ऐतिहासिक भाषा विज्ञानका रूपमा विकसित भयो। (ख) नोम चोम्स्कीले पाणिनिको अष्टाध्यायीको प्रेरणाले रूपान्तरण व्याकरणको सिद्धान्त र शोध विधिको प्रवर्तन गरे अनि त्यसैलाई विस्तार गरेर सार्वभौम व्याकरणको अवधारणा र शोध विधिको विकास गरे पछि चोम्स्की (अर्थात्, पाणिनि) को शोध विधिको प्रयोग गरेर विश्वका भाषाहरूको वाक्य व्याकरण, वर्ण व्याकरण र शब्दानुशासनको अनुसन्धान भई रहेको छ। यसरी संस्कृतका माध्यमबाट विश्वव्यापी अनुसन्धान गर्न सकिन्छ र भई पनि रहेको छ।

सन्दर्भ

- Coope, A. E. (Ed.). (1975). Malay-English English-Malay dictionary (Revised edition
- (1991) ed.). New York: Hippocrene Books. Das, S. C. (1902 [1970]). A Tibetan-English dictionary. (G. Sandberg, & A. W. Heyde,
- Eds.) Delhi: Motilal Banarasidass. Haas, M. R. (Ed.). (1964). Thai-English students' dictionary. California: Stanford
- University Press. Hedley, R. K., Chhor, K., Lim, L. K., & Hkeang, L. H. (Eds.). (1977). Cambodian
- English dictionary. Washington DC: The Catholic University of American Press. Higbie, J. (Ed.). (1999). Thai-English English-Thai dictionary and phrasebook. New
- York: Hippocrene Books. Horne, E. C. (Ed.). (1974). Javanese-English dictionary. New Haven & London: Yale
- University Press. Jones, W. (1786). The third anniversary discourse 'On the Hindus'. In The works of Sir
- William Jones (Vol. I, pp. 19-34). London: C. G. & J. Robinson. Monier-Williams, M. (Ed.). (1899). Sanskrit-English dictionary (etymologically &
- *philologically arranged with special reference to cognate Indo-European*
- languages). Delhi: Munshiram Manoharlal (1976). Myanmar-English dictionary. (n.d.). Myanmar: Ministry of Education (Department of
- Myanmar Language Commission). Schmidgall-Tellings, A. E., & Stevens, A. M. (Eds.). (1981). Contemporary Indonesian
- *English dictionary. Ohio, USA: Ohio University Press. Turner, R. L. (Ed.). (1931). A comparative and etymological dictionary of the Nepali*
- *language. London: Kegan Paul, Trench & Trubner. Zhang, X. (Ed.). (1991). Fojiao yu dongfang yishu (Dictionary of Buddhism and oriental*
- art). Jilin, China: Jilin Jiaoyu Chubanshi.

madappokhrel@gmail.com

***

नेपालमा संस्कृत शिक्षाको परम्परा र श्री १००८ स्वामी रामानन्द गिरिको योगदान

– प्रा. राजेन्द्र सुवेदी

१. विषय परिचय :

नेपाल अझ विशेष गरी हिमवत्खण्डको परिवृत्तको धर्ती एक विशिष्ट र सभ्यतासम्पन्न पुण्यभूमि हो। यस धर्तीको संस्कृति, साहित्य, कला, प्राचीन सभ्यता र मानवीय अस्तित्वको अभिलेख संस्कृत भाषा र साहित्यको आरम्भ, विकास र यी सबै पक्षको निरन्तर शृङ्खलाको आदिभूमि हो नेपाल। यस भूपरिवेशमा अप्राप्त अभिलेख प्राग्वैदिक कालदेखि नै इतिहासको परम्परा कायम रहेको पुण्यधर्ती पनि हो। यस धर्तीको पुरातन सभ्यता आफैमा विशिष्ट महत्त्वको निकै विशिष्टताको परिचय विस्तारित बन्दै गएको स्थिति पनि वैदिक तथा पौराणिक अभिलेख आदिका आधारमा प्राप्त गर्न सकिन्छ। पश्चिममा समुद्र तहदेखि अफगानीस्तान, पाकिस्तानको उत्तरतर्फको हिमशृङ्खलादेखि लिएर पूर्वमा पनि ब्रह्मपुत्र हुँदै ऐरावतीको वाम पार्श्वमा अवस्थित समुद्रतटसम्मको भागलाई महाकवि कालिदासले यस भूखण्डलाई पूर्वदेखि पश्चिमसम्म विभक्तकारी रेखाका रूपमा अवस्थित हिमाललाई हाम्रो सभ्यतका साक्षीका रूपमा प्रस्तुत गरेका छन्।

यस भूपरिवृत्तका विभिन्न खण्डहरूमध्ये जह्नु हिमालको पश्चिम कश्मीरदेखि पूर्व हुँदै कुमाउँ, सिन्जा अझ मुक्तिक्षेत्र, हरिहर क्षेत्र, पाशुपत क्षेत्र र वराह क्षेत्रसम्मको पवित्र धर्ती यसै हिमालबाट निःसृत भागीरथी, काली, कर्णाली, गण्डकी र कोशीजस्ता पवित्र नदीको प्रस्रवणबाट अभिसिञ्चित धर्ती हो र हाम्रो सभ्यताको आदि स्रोत पनि हो। अर्को सन्दर्भमा यो हिमवत्खण्डको केन्दीय भूमि पनि हो। ऋग्वेदले सङ्केत गरेका मानवीय संवेदना, आचारव्यवहार र प्रकृति तथा जीवन जगत्का पारस्परिक सम्बन्धको विकासकाअविच्छिन्न शृङ्खलामा जोडिएको सन्दर्भ अनुसरण ऋग्वेदको अभिलेखनपूर्व नै जीवनको दिशा निर्देश हँदै आएको स्थितिलाई ऋग्वेदोत्तरकालीनबाट अन्य वैदिक संहिता तथा ब्राह्मण ग्रन्थ, संस्कृतको भाषवैज्ञानिक व्यवस्थापन, काव्यकृति, ज्योतिष, आयुर्विज्ञान, राजनीति तथा धर्मनीति आदिको विकास अथाह निधिको रूप लिएर आएको सन्दर्भ यस क्षेत्रका निम्ति आफैमा गौरवमय बनेको छ। ऋग्वेदकै समयदेखि समानान्तर रूपमा भाषले जनभाषाको रूप लिँदै प्राकृत र अपभ्रंसको रूप लिन पुगेको सन्दर्भ पनि देखिन थालेको छ। भाषामा परिवर्तन देखा पर्नु स्वाभाविक नै हो। भाषाको जीवनमा अनेक प्रकारका उतार चढाउ र गत्यवरोध लगायतका आउँछन्। तिनको सामना गर्दै यस संस्कृत भाषाले एकातर्फ सुसंस्कृत रूपलाई जीवन्त राख्दै गएको छ र यसले आफ्नो शक्ति पनि संरक्षित गर्दै आएको छ। यी सबै सन्दर्भहरू यस क्षेत्रका विभिन्न विधाका विद्या र शास्त्रको अभिलेखनको पृष्ठाधारमा संस्कृत भाषा नै देखिन्छ र यसको अस्तित्व नै अद्यावधि कायम छ।

२. पृष्ठभूमि

नेपालमा संस्कृत भाषा प्रयोगको परम्परा सुदीर्घ त छँदैछ। अघोषित अभिलेखकै आधारमा निरूपण गर्दा यस क्षेत्रमा रहेका मानवहरूको सांस्कृतिक शृङ्खलालाई संस्कृत भाषाले नै संरक्षित गरेको छ भन्ने आधार मानेर अघि बढ्नु सान्दर्भिक हुन्छ। पश्चिममा कस्मीर, कुमाउँदेखि, खेचराद्रि (खप्तड), हुँदै मुक्तिक्षेत्र, रेसुङ्गा अर्थात् पाणिनिको साधनाभूमि पणेना, गोपालहरूको भूमि कान्तिपुर उपत्यका, याज्ञवल्क्यको साधनाभूभि मिथिला अनि महर्षि विश्वामित्रको साधनाभूमि कौशिक प्रदेशसम्मको भौगोलिक क्षेत्र नेपालका सन्दर्भमा

वाग्देवी भारतीको साधना धर्ती हो भन्ने कुरा सिद्ध हुन्छ। अर्थात् यो भूमि ज्ञानसाधनारत तपस्वीहरूको तपोधर्ती हो भन्ने सन्दर्भ यहाँको प्राचीन ज्ञान सन्धानले पुष्टि गर्दै आएको छ।प्राचीन समयमा विभिन्न सत्ताखण्डमा विभक्त यस क्षेत्रका सानातिना राज्यहरूमा आआफ्नै भाषाको उपस्थिति थियो नै। तर आज तिनको अस्तित्व जस्ताको तस्तै छ भन्न सकिने आधार गुम्दै गएको छ।

आज पनि जीवनका दर्शन, कला र साहित्य, राजनीति, नैतिक सन्देश, उमेर अनुसारको शिक्षा, मनोरञ्जन, लौकिक ज्ञान र पारलौकिक चिन्तन तथा शास्त्रीय प्रामाणिकताका आधारहरू संरक्षण गर्ने कार्यभार संस्कृत भाषाले लिएको देखिन्छ त्यति अरू भाषाले गर्न सकेको देखिन्न।यस्ता सामग्रीको संरक्षणका निम्तिसंस्कृत भाषाले जति आकार प्राप्त गरेको छ त्यति अन्य भाषाले संरक्षण गर्न सकेको उदाहरण कमै मात्र पाइन्छ। संस्कृत भाषाको परम्परा यस क्षेत्रको औपचारिक र घोषित भाषा नहुँदा नहुँदै पनि यहाँ संस्कृतको व्यापक विस्तार भएको सन्दर्भ, महिषपाल, गोपाल, किराँत, लिच्छवि र मल्लवंशी राजाहरूको सत्ता चलिरहेका अवस्थामा पनि यहाँ संस्कृतमा औपचारिक सन्देशपत्र, अभिलेखका अतिरिक्त काव्य तथा नाट्यकृतिको सृजना भएका पक्षहरू प्रशस्तै उपलब्ध छन्। यिनको आधारभूमिमा नेपालको संस्कृत साहित्य, संस्कृत विद्वत्परम्परा निकै गरिमापूर्ण रहँदै आएको देखिन्छ।

३. नेपालमा संस्कृत शिक्षाको परम्परा :

नेपालमा संस्कृतको उपादेयता एकातर्फ दैनिक जीवनको भाषा नभए पनि व्यावहारिक उपादेयतामा योगसाधना, गणित, ज्योतिष, राजनीति तथा धर्मनीति, आयुर्विज्ञान, भक्ति तथा पुरश्चणका आधारमा मानवजीवनमा उपयोग हुँदै आएको भाषा हो। अर्कातर्फ आध्यात्मिक दर्शन, कला चिन्तन र साहित्यसाधना तथा सौन्दर्यसन्धानको विषय पनि बन्दै आएर आधुनिक नेपालको निर्माणसँग पनि जोडिन आएको स्थिति देखिन्छ। लिच्छवि तथा मल्लकालका सन्दर्भमा संस्कृतले साहित्यको सृजनाको माध्यम भाषासमेत बनेको सन्दर्भ उपलब्ध रहेको छ। नेपाली भाषाले सामाजिक, सांस्कृतिक, प्रशासनिक र सृजनात्मक क्षेत्रमा पनि धेरथोर काम गर्दै गएको सन्दर्भ उपलब्ध छ। जहाँसम्म नेपालको संस्कृत शिक्षाको परम्परा छ त्यसमा पनि बनारसमा सञ्चालित कलेजहरूको सम्बन्धन प्राप्त गरेर नेपाल संस्कृत महाविद्यालयको परिचालन भएपछि मात्र यसले औपचारिक शिक्षाको परम्परा आरम्भ भएको देखिन्छ। यसरी शिक्षाको औपचारिक र प्रमाणपत्रीय ज्ञानको विषय बन्न आएको नेपालको संस्कृत शिक्षाको परम्परा नेपालमा संस्कृत शिक्षा त्रिभुवन विश्वविद्यालय अन्तर्गतको एक महाविद्यालयको रूपमा पठनपाठन हुँदै आएको संस्कृत शिक्षा महाविद्यालय र त्रिभुवन विश्वविद्यालयको गठनपछि यसै विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी महाविद्यालयका रूपमा परिचालित हुँदै आएको स्थिति देखिन्छ।

नेपालको संस्कृत शिक्षाको परम्परा र संस्कृत विद्वत्परम्परा निकै गरिमामय रहेको छ। यो सन्दर्भ एकातर्फ व्यक्तिगत तथा स्वाध्ययनको प्रयत्नका आधारमा पर्याप्त ज्ञानभण्डार विस्तार हुँदै आएको छ र अर्कातर्फ सोही शिक्षा अब गुरुकुलीय भए पनि औपचारिकतातर्फ मोडिँदै आएको छ।अनौपचारिक तथा गुरुकुलीय परम्पराका आधारमा निरन्तरता प्राप्त गर्दै आएको यस क्षेत्रको संस्कृत शिक्षाको परम्परा अब व्यवस्थित र औपचारिक बन्दै आएको छ। यस्तो स्थिति जनस्तरबाट सञ्चालित हुँदै आएका विद्यालयहरूपनि जोडिँदै आएका छन्। यसतर्फ दृष्टि प्रक्षेपण गर्दा आधुनिक र पाश्चात्य शैलीको शिक्षाको प्रवेश नेपालमा दुई किसिमबाट भएको छ। पहिलो औपचारिक र संस्थागत रूपमा दरवारहाइस्कूलको स्थापना र पछि त्रिचन्द्र कलेजको स्थापनाका आधारमा विकसित बन्दै आएको र दोस्रो चाहिँ यसभन्दा पनि पहिलेदेखिनै भारतको बनारस र अन्य विभिन्न क्षेत्रमा गुरुकुलीय शिक्षाको आर्जन गरेर आएका शिक्षित

व्यक्तिहरूको उपस्थितिका कारण यहाँका शैक्षिक स्थितिले व्यवस्थित र अनौपचारिक शिक्षाको जग बस्न पाएको स्थितिलाई यहाँ विषयको तह दिएको सन्दर्भ प्राप्त हुन्छ। अर्को चाहिँ नेपालको आफ्नो व्यवस्थापन पनि विशुद्ध अनौपचारिक तबरबाट नै विकसित बन्दै आएको सन्दर्भ यहाँ नकार्न सकिन्न। यसरी नेपालको शिक्षाको मौलिकता संस्कृतको गुरुकुलीय परम्पराबाटै विकसित बन्दै आएको हो भन्ने सन्दर्भ पुष्टि हुन आउँछ।

फलित ज्योतिष, गणित, कर्मकाण्ड, आयुर्विज्ञान र पुराणवाचन, नीति आदर्श र दर्शनका पक्षहरू यस समाजमा विगतका कैयौँ शताब्दीदेखि नै अध्ययन र जीवनको मार्ग निर्देशनका आदर्श विषय बन्दै आएका स्थितिहरू पनि व्यवस्थित बन्दै आएका छन्। संस्कृतका काव्य/कविता, कोश, तन्त्रमन्त्र आदिको अभ्यासका आधारमा यस क्षेत्रको जीवन शैली निर्माण हुँदै आएका सन्दर्भमा पूर्वआधुनिक कालमै नेपालको भूपरिवेशमा सुकृतिदत्त पन्त, कुलचन्द्र गौतम, दधिराम मरासिनी जस्ता साधकका प्रयासबाट संस्कृत विद्याले आधुनिक युगमा प्रवेश गर्ने काम आरम्भ भयो। शिक्षामा प्रवृत्त भएको आधुनिक कालको आरम्भमै सोमनाथ सिग्द्याल, पदमप्रसाद भट्टराई, गोविन्दप्रसाद भट्टराई, टीकाराम पन्थी आदिको विद्वत्ताबाट अभिषिक्त यस मुलुकको संस्कृत शिक्षाको परम्परा अनौपचारिक तथा अर्द्धऔपचारिक गुरुकुलीय परम्पराबाट व्यवस्थित बन्दै गएको देखिन्छ। यो सन्दर्भ आधुनिक कालसम्म आइपुग्दा पनि गु्रुकुलीय संस्कृत शिक्षाको परम्परा पनि कायम रहँदै आएको छ। पाश्चात्य चिन्तनको प्रभाव विस्तार गर्ने उपनिवेशवादी शक्तिको साधन बनेर प्रवेश गर्दै गरेको आधुनिक शिक्षाको विरोधी हो भनेर संस्कृतको गुरुकुलीय शिक्षालाई आरोप लगाइने विषय बनेर देखापर्‍यो।

पाश्चात्य शिक्षा नेपाली सन्दर्भमा मानसिक तथा सांस्कृतिक उपनिवेशको रूप लिएर देखा पर्‍यो। यस विषयलाई देवकोटाले'हाइहाइ अङ्ग्रेजी' निबन्धमा हामी उपनिवेशवादी संस्कृतिको उल्था हुँदै गयौँ भन्ने सन्दर्भ प्रस्तुत गर्नुको कारण पनि यही नै हो। देवकोटाको कथनको आशय के हो भने हामी सिद्धिइसक्दा पनि होस नआउने स्थितिमा पुग्यौँ। बिस्तारै बिस्तारै आफ्नो संस्कृति विलयन भइसकेको स्थितिमा पुग्दामात्र हामीलाई होस आएको सन्दर्भ यस निबन्धमा प्रकट भएको छ। बितेको शताब्दीमा आफ्नै संस्कार संस्कृतिको भरमा चलेका यस मुलुकलाई उपनिवेश संस्कृतिको प्रभावमा पर्दा पनि हामीले सतर्कता साथ जोगाउन सकेनौँ। परिणाम के भयो भने हाम्रो समाजको निम्ति वि.सं. २००७ देखि लिएर हालसम्मको लगभग सात दशकको तिन आधुनिक संस्कृतिको नाममा भित्रिएको प्रदूषणले तिनओटा पुस्तालाई सिकार बनाइसक्ता मात्र हामीमा केही होस आएको हो कि जस्तो अनुभव भएको छ।

३. नेपाली समाजको परिवेश र शिक्षा

नेपालका विभिन्न भूभागमा स्वतःस्फूर्त रूपमा र व्यक्तिगत स्तरमा शिक्षा तथा अध्यात्मप्रेमी सन्त तथा महापुरुषहरूको समर्पण र प्रेरणाबाट पनि संस्कृत शिक्षाको परम्पराले निरन्तरता पाएको छ। यस स्थितिलाई गति दिने काम पनि हुँदै आएको देखिन्छ। यसरी स्थापित भएका विद्यालय तथा महाविद्यालयहरूमा २००७ सालपूर्वकै स्थितिमा सञ्चालन हुँदै आएका संस्कृत महाविद्यालयहरूमा दिङ्लाको संस्कृत पाठशाला, धरानको पिण्डेश्वर, जनकपुरको मटिहानी, काठमाडौँको रानीपोखरी संस्कृत पाठशाला, हरिहर संस्कृत महाविद्यालय अर्घाखाँची, दाङमासञ्चालित महाविद्यालयजस्ता संस्थाले हाम्रो प्राचीन संस्कृत शिक्षाको परम्परालाई धान्दै आएको सन्दर्भमा २००७ सालपछि पनि केही विद्यालयहरू थपिए। तिनको स्थापना उदारमना दाताहरू र विशुद्ध प्रज्ञाचेता गुरुहरूको समर्पणका कारण यस्ता केही विद्यालय र महाविद्यालयहरूको स्थापना तथा परिचालन गरेको सन्दर्भ पनि यहाँ स्मरणीय विषय बनेको छ। पछिल्लो समयमा सरकारी मान्यता प्राप्त

संस्कृत माध्यमिक विद्यालयको परिचालन हुने परम्परा पनि नेपालको शिक्षाप्रणाली तथा शिक्षा व्यवस्थापनको एक अभिन्न अङ्ग बन्दै आएको स्थितिमा २०५० सालपछिको राजनीतिक द्वन्द्वका कारण नै देशमा निकै सांस्कृतिक विचलन आएको छ। देशको भाषा, कला, संस्कार, नैतिक शिक्षा र संस्कृति आदिको स्थिति पनि देशभित्र यसै समयमा तरङ्गित बनेको छ।

नेपाली समाजको मौलिक संस्कृतिमाथि विध्वंसात्मक संस्कृतिको बीजाधान पनि २०५० पछिको समयमा नै गरियो। यसै संस्कृतिको प्रभावका कारण मुलुक जाति, धर्म, वर्ण, लिङ्ग, भाषा, भूगोल र रङ्ग आदिका नकारात्मक भुमरीमा डुब्न पुग्यो। यसको परिणाम आज देश सांस्कृतिक शून्यतातर्फ धकेलिँदै गएको स्थिति हामी बेहोरिरहेका छौँ। यस प्रकारको विषम परिस्थितिबाट गुज्रिँदै गरेका स्थितिलाई समुचित गति दिने महापुरुषहरूको जन्म आवश्यक परेको स्थिति हुने गर्दछ। यहँनिर गीताको—

यदायदा हि धर्मस्य ग्लानिर्भवति भारत।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम्।

(श्रीमद्भागवत् गीता /४/७)

यस प्रकारको कथनले युग परिवर्तन गर्न सक्ने प्रतिभाको अवतरण कुनै कुनै समयमा हुन सक्छ भन्ने आशय यहाँ पनि सार्थक बन्ने स्थितिहरू देखिएका छन्।

४. स्वामी रामानन्दको आविर्भाव र आदर्श शिक्षा

सिङ्गै मुलुकको सांस्कृतिक तथा शैक्षिक चिन्तनका मौलिक दिशा अल्मलिँदै गएका अवस्थामा नेपालको संस्कृत शिक्षामा पुनर्जागरण ल्याउनु पर्ने विषयको स्थिति बोध गरिरहेका श्री १००८ स्वामी रामानन्द गिरि (रामप्रसाद सुवदी २००३ धादिङ— ब्रह्मलीन २०७४) को विशिष्ट साधना तथा योगदान रहेको छ। प्रारम्भिक शिक्षादीक्षा घरमै आफ्ना पिताबाट आरम्भ गरेका र माध्यमिक शिक्षा काठमाडौँ स्थित रानी पोखरी पाठशालाबाट पूर्वमध्यमा (प्रवेशिका) परीक्षा उत्तीर्ण गरेका रामप्रसाद बनारस स्थित सम्पूर्णानन्द विश्वविद्यालयबाट उत्तीर्ण गरेका व्यक्तित्व हुन्। त्यसपछिको अध्ययन त्रिभुवन विश्वविद्यालय अन्तर्गत वाल्मीकि क्याम्पसबाट शाङ्कर वेदान्त मूलविषय लिएर शास्त्री र २०३० सालमा आएर आचार्य तहको परीक्षा समुत्तीर्ण गरेका व्यक्तित्व हुन्। त्रिभुवन विश्वविद्यालयबाट नै २०४१ सालमा राजर्षि जनकका विदेह सिद्धान्तहरूको समीक्षात्मक अध्ययन शीर्षकमा विद्यावारिधि तहको उपाधि पनि प्राप्त गरेका प्रतिभा हुन्।

महेशानन्द गिरिजी महाराज, (दक्षिणामूर्ति मठ वाराणसी) बाट संन्यास ग्रहण गरेका स्वामीजीले संन्यास ग्रहण गर्नु अगावै प्राध्यापन कार्य आरम्भ गर्नु भएको सन्दर्भ पनि यहाँ उल्लेख हुन आवश्यक छ। २०३९ सालमा वाल्मीकि विद्यापीठको सहायक प्राध्यापक पदबाट प्राध्यापनमा प्रवेश गरेका स्वामीजीको प्राध्यापन कार्य देशभित्र र देशबाहिरका महाविद्यालयमा पनि प्राध्यापन कार्य गर्दै आउने स्वामीजीले विश्वनाथ महाविद्यालय दिल्ली र दक्षिणामूर्ति संस्कृत महाविद्यालय बाराणसीमा पनि प्राध्यापन गरिरहेको सन्दर्भ उल्लेख्य विषय बनेको छ। २०५४ सालदेखि काठमाडौँ स्थित प्रकाश संन्यास आश्रम तथा २०५०देखि सरदार सोमसरला धर्मशालामा गौरीघाटमा स्वाध्ययन र प्रवचन कार्य परिचालनको दिशा पनि उहाँबाट नै आरम्भ भयो। यसरी देशभित्र र बाहिरको शैक्षिक तथा सांस्कृतिक र आध्यात्मिक जागरणमा समर्पित बन्दै गएका स्वामीजीको जीवनयात्राले विशिष्ट महत्त्व र चिन्तनको गम्भीरता देवभूमि नेपालको धार्मिक, आध्यात्मिक तथा पूर्वीय आदर्शयुक्त संस्कृतिको पुनरुत्थानको अभियानमा समर्पित हुने सङ्कल्पका साथ २०४८ सालमा संन्यास ग्रहण गरिसकेका स्वामीजीले०५० सालमा आएर पवित्र स्थल देवघाट धाममा महेश संन्यास आश्रम तथा महेश संस्कृत गुरुकुलको स्थापना गरी त्यसको परिचालनका निम्ति आवश्यक जमीन र विद्यार्थीहरूका निम्ति भोजन र आवास, पठनपाठन र पुस्तकालयको परिचालनका

निम्ति आवश्यक स्रोतको समेत व्यस्थापनमा जुट्नुभयो। यस विद्यालयमा आधारभूततहदेखि आचार्य तहसम्मको न्याय, व्याकरण, वेदान्त, संस्कृतानुवाद, नीतिशास्त्रजस्ता विषयको औपचारिक शिक्षा प्रदान गर्ने व्यवस्थाको परिचालनमा पनि समर्पित हुनुभयो।

२०४८मा संन्यास ग्रहण गरिसक्नु भएका स्वामीजी २०५७ सालदेखि काठमाडौँको पशुपति परिसर स्थित शङ्कराचार्य मठ संरक्षकको रूपमा रहदैं नियमित चातुर्मास्य प्रवचन तथा ललितपुरको जावलाखेल स्थित सत्सङ्ग भवनमा समय निर्धारण गरेर गरिने प्रवचन, पूर्वमा झापा, विराटनगर, देशको मध्यभागमा वीरगञ्ज र हेटौँडा, उपत्यका निकट बनेपा र पश्चिममा दमौली र पोखरामा पनि समय निर्धारण गरेर गरिने प्रवचन, पोखरा, दमौलीजस्ता स्थानमा पनि प्रवचन गरिने परम्परा कायम भयो। देशभित्र र बाहिरका विभिन्न स्थानमा साप्ताहिक, मासिक तथा त्यस्तै आवधिक प्रवचन दिने कार्यबाट समाजलाई आध्यात्मिक तथा नैतिक दिशातर्फ उत्प्रेरित गर्न निकै महत्त्वका साथ योगदान दिएको सन्दर्भ अत्यन्त प्रशंसनीय विषय बनेको छ। आबाल ब्रह्मचर्यमा रहेका स्वामी रामानन्दबाट भौतिक समाजलाई नैतिक दिशतर्फ मोडेर सुसंस्कृत र परिमाजिर्त दिशा दिन गरिएका कारण स्वामीले पनि उपस्थापन भएको सन्दर्भ पनि यहाँ स्मरणीय विषय बनेको छ। स्वामीज्यूले २०४८ सालमा निरञ्जन पीठाधीश्वर आचार्य महामण्डलेश्वर श्री १००८ स्वामी महेशानन्द गिरि महाराजको शिष्यत्व ग्रहण गरिसकेको स्थितिमा यसरी आफ्नै मातृभूमिको सेवामा, आफ्नै समाज र पूर्वीय सभ्यता तथा संस्कृति, भाषा, साहित्य र कलाको पुनरुन्नयनमा समर्पित बन्दै गएको स्थितिलाई आत्मसात् गरेर आफ्नो भौतिक र आत्मिक चेतनाको उर्जा विशिष्ट संवेदनासाथ मातृभूमिकै निम्ति समर्पण गरेका छन्। एकातर्फ पारमार्थिक जीवनका मार्गहरूमा आफू अग्रसर हुने र अरूलाई पनि अग्रसर हुन प्रेरित गर्ने अवस्था पनि स्वामीजीको सदाचार बनेको देखिन्छ।

यी अनेक चपेटा र अत्यन्त प्रतिकूल वातावरणका बिचमा पनि संस्कृत शिक्षाको परम्परा अनेक सङ्घर्षको परिणाम बेहोरेर सरकारले सुरक्षा दिनै नसकेका घडीमा पनि निःस्वार्थ समर्पणको भावबाट प्रेरित महापुरुष र दानी, भक्त तथा सेवी जनहरूले केही विद्यालय महाविद्यालयहरूले सञ्चालन गर्दै आएको सन्दर्भमा श्री १००८ डा. स्वामी रामानन्दजी महाराजको सत्प्रयासबाट नेपालमा संस्कृत शिक्षाको पवित्र उद्देश्यमा साथ २०५० सालमा नेपालको अत्यन्त पवित्र तीर्थस्थल देवघाट धाममा महेश संन्यास आश्रमको स्थापना भयो। गुरुकुलको सञ्चालन, सन्तसेवा, गोसेवा, अतिथि सेवा, पुस्तकालयको परिचालन, सामाजिक तथा सांस्कृतिक एवं साहित्यिक पुनर्जागरण गर्ने उद्देश्य राखेर गरिएका कार्यहरू निरन्तर सञ्चालनमा आएका छन्।यसका सन्दर्भ पनि अवस्था पनि यहाँ विकसित बन्दै आएको छ। यसरी प्राज्ञिक क्षमता र गरिमाका सन्दर्भहरूमा अद्वितीय व्युत्पत्तिशील ज्ञानका धनी बनेका स्वामीज्यूको योगदान चारै दिशामा विस्तारित बनेका छन्। यस्ता विशिष्ट कार्य सम्पादन गरेका आधारमा स्वामीज्यू देशभित्र र देशबाहिरबाट पनि सम्मानित, अभिनन्दित र पुरस्कृत पनि बन्न सक्नु आफैमा गरिमाको विषय बनेको छ।

५. स्वामी रामानन्दका कृतिहरू

कृतिकारका रूपमा पनि रामानन्द स्वामीज्यूको योगदान विशिष्ट रहेको छ। उहाँको चिन्तन र अध्ययनको प्रमुख केन्द्र रहेका दर्शन क्षेत्रको प्रनिधित्व गर्ने कृतिहरू प्रकाशमा आएका छन्। यसको विशिष्ट क्षेत्रको प्रतिनिधित्व गर्ने कृतिहरू निम्नानुसार प्रकाशमा आएका छन्।

(क) जनकदर्शनम् (२०५०)

(ख) माण्डूक्य कारिका (२०५१, नेपाली अनुवाद विशेष व्याख्या),

(ग) रामगीता (३०५३, नेपाली अनुवादसहित विशेष व्याख्या)

(घ) श्रीमद्भागवतमहापुराणम् (२०६५, नेपाली अनुवाद विशेष व्याख्या, आठ भाग)

(ङ) देवीगीता (२०६९ नेपाली अनुवाद एवं विशेष व्याख्या)

(च) दुर्गासप्तशती (२०६९, नेपाली अनुवाद एवं विशेष व्याख्या)

(छ) शिवमहिम्नः स्तोत्रम् (२०७० नेपाली अनुवाद एवं विशेष व्याख्या)

(ज) वेदस्तुति (२०५८ नेपाली अनुवाद एवं विशेष व्याख्या)

(झ) दक्षिणामूर्तिस्तोत्रम् (२०७० नेपाली अनुवाद एवं विशेष व्याख्या)

(ञ) ईशादि दश उपनिषद् (२०७३, नेपाली अनुवाद एवं विशेष व्याख्या)

यस्ता कृतिका आधारमा स्वामीज्यूको आध्यात्मिक तथा पूर्वीय सांस्कृतिक जीवनशैली र मानवीय संवेदनाका आधारभूत मान्यताहरू वर्तमान जीवनका निम्ति अत्यन्त उपयोगी छन् भन्ने भावनाका स्थितिलाई सजीव रूप उतार्ने प्रयत्न भएको छ। नेपाली जीवन वैदिक सनातन परम्पराबाट निरन्तर र शृङ्खलित बन्दै आए पनि विभिन्न कालखण्डमा आएका व्यवधानका कारण केही विचलन पनि देखिएका छन् भन्ने कुरा यस समाजले बोध गरेको स्थिति देखिन्छ। यसरी कृतिहरूको सृजन र पुनर्लेखन र पुनर्व्याख्यामा स्वामीज्यूको विशिष्ट योगदान रहेको छ।

यसरी २०५१ सालको शैक्षिक सत्रबाट महेश संस्कृत गुरुकुलको स्थापना गरी जिल्ला शिक्षाकार्यालय तनहूँको स्वीकृतिका आधारमा आवासीय संस्कृत माध्यमिक विद्यालयको स्थापना गरिएको सन्दर्भ उल्लेखनीय कार्यसिद्ध भएको छ। त्यसरी नै २०५६ सालको शैक्षिक सत्रदेखि ने.सं.वि.वि.(तत्कालीन म.सं.वि.वि.बाट सम्बन्धन लिएर उत्तरमध्यमा अर्थात् प्रमाणपत्र स्तरको महेश-संस्कृत-गुरुकुल-विद्यापीठ गुरुकुल परम्पराको महाविद्यालय स्थापना गरी पठनपाठन गर्ने परम्परा परिचालित भएको सन्दर्भ पनि यहाँ उल्लेख्य पक्ष बनेको छ। आज आएर नेपालको शिक्षाको इतिहासमा र विशेष गरी संस्कृत शिक्षाको सन्दर्भमा यस विद्यालयको गुणस्तर र सांस्कृतिक तथा आर्यपरम्परागत मर्यादाको पुनरुत्थानकार्यमा अनि चिन्तनगत मूल्यको पुनःस्थापनाकार्यमा समर्पित रहने संस्थाका रूपमा जीवन्त बन्दै आएको स्थिति देखिन्छ।

२०५६ सालमा आएर काठमाडौँ पशुपतिको देवपत्तन स्थित शङ्कराचार्य मठको संरक्षकत्व पनि स्वामी रामानन्दमा आयो। यस मठको संरक्षकत्व ग्रहण गरेपछि सो पदमा रही मठको पुनरुद्धार तथा प्रवचन तथा सभाकक्षको निर्माणकार्य पनि सम्पन्न गराएको सन्दर्भ आफैमा विशिष्ट उदाहरण बनेको छ। प्रवचन तथा सभामण्डपको निर्माण तथा पुनरुद्धार सम्पन्न भएपछि प्रवचन तथा शास्त्राध्ययन र सांस्कृतिक तथा आध्यात्मिक जागरणको नयाँ दिशा उद्घाटन भएको छ। स्वामीज्यूको राष्ट्रिय चिन्तनबाट प्रेरित चेतनाका कारण समकालीन नेपालका निम्ति आवश्यक पर्ने शैक्षिक, सांस्कृतिक तथा धार्मिक चेतना मुखर बन्दै गएको सन्दर्भ पनि विशेष ग्रहणीय पक्ष बनेको छ। देशका विभिन्न भागमा यस्ता अनेक विद्यालय, आश्रम र प्रवचनकक्षको निर्माण र यसको परिचालनको परम्परा पनि स्वामी रामानन्दको उत्साह तथा प्रेरणाबाट चल्दै आएको प्रचलनले एउटा जीवनशैलीकै रूप प्राप्त गरिसकेको छ। यस्ता संस्थाहरूका माध्यमबाट एकातर्फ प्रत्यक्ष रूपमा शास्त्रार्थ र प्रवचन कार्य सञ्चालन गरिँदै आएको छ र अर्कातर्फ अनौपचारिक रूपमा प्रशिक्षित जनशक्ति पनि निर्माण हुँदै जान्छ। यो अद्वितीय योगदान स्वामीज्यूको जीवनको सन्दर्भ पनि यहाँ व्यवस्थितबनेको छ।

त्यसो त स्वामीज्यूकै सत्प्रेरणाबाट सञ्चालित हुँदै आएका शैक्षिक तथा सत्सङ्गत सञ्चालन गर्ने संस्थाहरूबाट स्वाध्यायनका सांस्कृतिको प्रणयन तथा

प्रवर्द्धनका निम्ति समर्पित हुने पक्षको संस्कृति विकसित बन्दै गएका स्थितिमा केही संस्थाहरू स्वाध्ययन र प्रवचन कार्यमा मात्र संलग्न छन् भने केही संस्थाहरू स्वामीज्यूको प्रेरणाबाट शिक्षण कार्य पनि सञ्चालन गर्दै आएका छन् छन्। त्यस्ता संस्थाहरूमा अम्बरेश्वर संन्यास आश्रम कास्की, गौरीशङ्कर ब्रह्मविद्यापीठ कास्की, ईश्वरानन्द ध्यानाश्रम म्याग्दी, हंस योगाश्रम काभ्रे, गौरीशङ्कर विद्यापीठ झापा, सन्तानेश्वर आश्रम तनहूँ देवघाट, नारायणी आश्रम चितवनजस्ता संस्थाका माध्यमबाट योगयुक्त, सत्सङ्गतपूर्ण तथा शिष्ट र सच्चरित्रयुक्त मानव निर्माणको परम्परा कायम रहँदै आएको छ। यी संस्थाहरूमा प्रवचनको र प्रवाचित विषयको श्रवण गर्ने संस्कृति पनि स्वामी रामानन्दज्यूबाटै प्रभावकारी बन्दै गएको अवस्था पनि यहाँ विषयका रूपमा चर्चा गर्नै पर्ने हुन्छ। गीताको कथन—

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनिष्ठितात्।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावह : ॥

(श्रीमद्भगवद्गीता ३/३५)

अर्थात् परधर्मबाट विमुख भएर आफ्नो धर्मको अनुसरण गर्दागर्दै मर्नुमा कल्याण रहन्छ भन्ने आशय यहाँ प्रकट भएको छ। धार्मिकप्रदूषणमय स्थितिबाट हाम्रो धर्म, संस्कृति र जीवनचर्यालाई जोगाउने, परिमार्जित र अद्यावधिक बनाउँदै जानु पर्नेमा स्वामीज्यूको सत्प्रेरणा निरन्तर तथा अजस्र प्रवाहका रूपमा चन्दै आएको छ। महेश संन्यास विद्यापीठको रजतवर्षकै अवसर पारेर नयाँ योजना आरम्भ गर्ने अभीप्सा स्वामीज्यूको अन्तर्हृदयमा आविर्भाव भएको सन्दर्भ पनि यहाँ उल्लेख हुन आवश्यक छ।

भावी योजनाहरूमा पूर्वीय साहित्य दर्शन र ज्ञानभण्डारको विस्तार तथा विकासका निम्ति शास्त्रीय विषयको साधानासम्पन्न एक अनुसन्धान केन्द्र स्थापना गर्ने स्वामीज्यूको इच्छालाई गति दिने काम पनि यसै रजत वर्षमा आरम्भ गर्ने योजना छ। रजत वर्षकै अवसरमा महायज्ञको आयोजना गर्ने लक्ष्य पनि रहेको छ। यसै सन्दर्भसँग जोडेर आश्रम तथा विद्यापीठको अक्षयकोष वृद्धि गर्ने कार्य पनि यसको लक्ष्य रहेको छ। त्यसरी नै यस संस्थाको समृद्धिका निम्ति एक बृहत् पुस्तकालय पनि निर्माण गर्ने योजना पनि छ। स्वामीज्यूको आन्तरिक अभीप्साको परिपूरणका निम्ति यी योजनाहरू सञ्चालन गर्ने उद्देश्य रहेको छ।

सामाजिक तथा शैक्षिक कार्यमा स्वामीज्यूको योगदान अद्वितीय किसिमको रहेको छ। वैदिक सनातनताबाट निर्देशित हिन्दुधर्मको संरक्षण, संवर्द्धन र पुनः परिष्करणका निम्ति आवश्यक पूर्वाधार निर्माण गर्ने उद्देश्यले २०५१ सालको श्रावण १९ गतेका दिन तनहूँ देवघाटमा आफ्नै अध्यक्षतामा स्वामीज्यूबाट महेश संन्यास आश्रमको स्थापना गर्ने काम भयो। यस आश्रमको सञ्चालनको जिम्मा पनि आफ्नै काँधमा लिएर शैक्षणिक भवन, सन्तनिवास भवन, प्राध्यापक निवास, पुस्तकालय तथा प्रयोगशाला भवन, गौशाला, सन्त तथा भक्तनिवासका भवनहरूको निर्माण, भोजनालय, तथा देवाधिदेव महादेवको मन्दिर, कक्षा सञ्चालन भवन, छात्रावास भवन, आवास तथा विद्यापीठकै रेखदेख र संरक्षणमा परिचालित रहने व्यवस्थाका आधारमा सञ्चालित रहेका छन्। यस स्थानमा २०० शिक्षार्थीहरूका निम्ति निःशुल्क, पाठनपाठन, भोजन र आवासको प्रबन्ध पनि भएको छ। संस्कृत माध्यमबाट अध्यापन गरिने यस महाविद्यालयमा स्नातक तहदखि स्नातकोत्तर तहसम्म व्याकरण र दर्शन विषयको अध्ययन, अध्यापन गरिने व्यवस्था पनि मिलाइएको छ।

देशका विभिन्न भागमा स्वामीज्यूको प्रेरणाबाट औपचारिक शिक्षा प्रदान गरिने विद्यालयहरू पनि सञ्चालित छन्। त्यस्ता विद्यालयहरूमा पराशर आश्रम माध्यमिक विद्यालय तनहुँ, पाणिनि आश्रम माध्यमिक विद्यालय स्याङ्जा, महर्षि गुरुकुलम् कास्की, माध्यमिक विद्यालय काभ्रे, गौरीशङ्कर विद्यापीठ झापा, नैमिषारण्य विद्याश्रम बनेपा लगायतका विद्यालयहरू पनि स्वामी

रामानन्दकै प्रेरणा र प्रोत्साहनका आधारमा स्थापित र सञ्चालित बन्दै आएका छन्। यसका अतिरिक्त महेश संन्यास आश्रमको माध्यमबाट सञ्चालित भइरहेका योजानाहरूमा उत्सव महोत्सवको आयोजना, विद्युतीय सञ्चार माध्यमबाट प्रवचनको प्रसारण आदिमा स्वामी ज्यूको योगदान विशिष्ट रहेको सन्दर्भ पनि भुल्न मिल्दैन।

६. यायावरीय व्यक्तित्व

स्वामीज्यूले देशभित्रका ६६ओटा जिल्लाहरूको भ्रमण गर्नुभएको छ। धार्मिक तथा सांस्कृतिक वातावरणको प्रवर्द्धनमा समर्पित रही यसरी देशभित्र मात्र होइन, देशबाहिर पनि त्यत्तिकै प्रभावकारी बनेर स्वामीज्यूको उपस्थिति जीवन्त बनेको छ। स्वामीज्यूको व्यक्त्वि देशभित्रजस्तै देशबाहिर पनि विस्तारित भएको छ। भारतका विभिन्न पवित्र तीर्थस्थल र चिनको मानसरोवर क्षेत्रको पनि भ्रमण भएको छ। यस भ्रमणमा पनि धार्मिक तथा सांस्कृतिक र शैक्षिक जागरणको विषय जोडिन पुगेको छ। धार्मिक तथा सांस्कृतिक दूत बनेर बेलायत तथा अमेरिकासम्म पनि स्वामी ज्यूको भ्रमण भएको छ। नेपाली, संस्कृत, अङ्ग्रेजी र हिन्दीमा धाराप्रवाह प्रवचन दिने स्वामीज्यूको अभिवृत्ति व्यापक रूपमा विकसित बनेको थियो भन्ने कुरा देशभित्र र देशबाहिरका विभिन्न कार्यक्रममा देखिएका भक्तहरूका उपस्थितिको भीडले सिद्ध गरेको छ। साथै स्वामीज्यूको कार्यमा सहभागीहरूले देखाएको उत्साहले पनि यस विषयलाई सिद्ध गरेको छ। यसरी भएको ज्ञानको प्रदान र आदानका आधारमा स्वामीज्यू एक अथाह ज्ञानभण्डारका रूपमा स्थापित बन्नुभएको छ।

७. स्वामी रामानन्दको अभिरुचि :

स्वामीज्यूको आन्तरिक अभिरुचि र आकर्षण पनि विशिष्ट प्रकारको देखिन्छ। एकातर्फ देश देशान्तरको भ्रमण गर्ने र आफू पुगेका ठाउँमा धार्मिक आदर्श तथा सनातन वैदिक संस्कृतिको पुर्नागरण गराउने सबल भावना थियो भने अर्कातर्फ हिन्दूधर्मर संस्कृतिको प्रचार-प्रसार एवं शाङ्कर वेदान्त दर्शनको अध्ययन र अध्यापन आदर्श वाक्य : 'स्वाध्यायप्रवचनाभ्यां न प्रमदितव्यम्' जस्ता उक्तिको आशय प्रतिष्ठाको विषय बनाउने स्थितिप्रति आकर्षण भाव प्रवर्तन गर्ने सन्दर्भ यहाँ देखिन्छ। साहित्यको श्रवणमा र पारखमा पनि त्यत्तिकै अभिरुचि थियो भन्ने कुरामकर काव्ययामिनीको परम्परा प्रचलनमा ल्याएका कारण पनि पुष्टि हुन्छ। यस कुराको प्रमाण करसङ्क्रान्तिका रात्रिमा हजारौँ स्रोताको उपस्थितिमा काव्यगोष्ठीका आयोजना हुने र पाठ गरिएका कविताको आद्यन्त श्रवण गर्ने उत्साह स्वामीज्यूमा प्रबल थियो। आश्रममा अकस्मात् आइपुगेका विशिष्ट विद्वान्हरूबाट पनि विशेष विषयमा प्रवचन तथा विद्वच्चर्चा गर्ने गराउने अभिरुचि पनि स्वामीज्यूमा तीव्र थियो। यसरी सहज र सुमधुर व्यवहारका आधारमा सनातन धर्म, संस्कृति र सदाचारको विस्तार गर्ने अभिरुचिका कारण स्वामीजी निकै लोकप्रिय व्यक्तित्व मानिनुहुन्थ्यो।

८. सम्मान तथा अभिनन्दन

स्वामीज्यू देशभित्र र बाहिरबाट पनि अभिनन्दित तथा सम्मानित बन्नुभएको थियो।स्वामीज्यूप्रतिको सबभन्दा ठुलो अभिनन्दन त के हो भने प्राच्यधर्म र संस्कृतिका पूजकहरूले आदर्श महर्षिको रूपमा उहाँलाई लिनु पहिलो अभिनन्दन हो र संसारका अन्य धर्मावलम्बीहरूले परिशिष्ट ज्ञानभण्डार सम्पन्न व्यक्तित्वका रूपमा आदर गरिनु अझ महान् अभिनन्दन हुँदै हो। त्यसो त उहाँलाई निम्नानुसारका संस्थाहरूले पनि सादर अभिनन्दन र समान अर्पण गरेका छन्। शिक्षाको प्रवर्द्धनका निम्ति, सामाजिक सदाचार निर्माणका निम्ति र समग्र मानवकल्याणका निम्ति उहाँले सम्पन्न गरेका कार्यको सराहना गर्दै निम्नानुसार अभिनन्दन गरेका छन्।

उदाहरणका निम्ति अभिनन्दन तथा सेवा सम्मान प्रदान गरिएका उदाहरणहरूमा सरकारी तहबाट प्रबल गोरखा दक्षिण बाहुद्वारा सम्मान गरिएको छ। पोखराबाट

महर्षि व्यास पुरस्कार, विश्वहिन्दू महासङ्घ काठमाडौँको तरफबाट पाणिनि पुरस्कार, गुणराज स्मारक समिति काठमाडौँबाट गुणराज पुरस्कार, काठमाडौँबाट डा. बलराम जोशी ज्ञानविज्ञान पुरस्कार, राजर्षि जनक स्मृतिकोष काठमाडौँबाट राजर्षि स्मृति कोष पुरस्कार, भूपालमान सिंह कार्कीबाट स्थापित पृथ्वीबहादुर सिंह कार्की भक्तकुमारी पुरस्कार, २०७३ सालमा संस्कृत सेवाश्री पदक प्रदानलगायतका सम्मान तथा पुरस्कारबाट स्वामीजी अभिनन्दित बनिसक्नुभएको थियो। स्वामीज्यूको देशका निम्तिको यो समर्पण भाव अत्यन्त स्पृहणीय रहेको थियो र मानव मात्रका निम्ति पनि कल्याणकारक विषय बनेको थियो। यसरी स्वामीज्यूको योगदानलाई गरिमामय तुल्याउन सरकारी तथा गैरसरकारी स्तरबाट अनेकौँ सम्मान, अभिनन्दन र पुरस्कारका साथै आदरभावको समर्पण भएको देखिन्छ।

९. निष्कर्ष

नेपालमा संस्कृत शिक्षा परम्परा हजारौँ वर्षदेखि निरन्तर चलिआएको छ। वेद, पुराण र इतिहासले धमिलो पाराले राखेका अभिलेख र तिनै धमिलोमा परको साक्ष्यहरूमा गोपाल, महिषपाल, किराँत, लिच्छवि, मल्ल र शाह हुँदै वार्तमानसम्म आइपुग्दा संस्कृत, प्राकृत र यहाँका अनेक स्थानीय भाषादेखि लिएर आयातित भाषासमेतको प्रभावमा यस भेगका भाषाहरूले गहन भूमिका खेलेका छन्। नेपालको विद्वत्परम्परा संस्कृत भाषाबाट आरम्भ भएको हो भन्ने निष्कर्ष प्रबल रूपमा प्रकट भएको देखिएको छ। नेपालको शिक्षाको इतिहासमा जीवनका सन्दर्भमा आएका अनेक उतार चढाउका बीचमा संस्कृत शिक्षणको सन्दर्भ पनि व्यवस्थापन भएको छ। संन्यास ग्रहण गरिसकेका स्वामी रामानन्दको जीवन सामाजिक, सांस्कृतिक तथा आध्यात्मिक जागरणको अभियानमा समग्र देशको उन्नतिका निम्ति नै समर्पित बनेको स्थिति स्वामीज्यूका आचरणमा अभिव्यञ्जन भएको छ। यसरी नेपालको शैक्षिक इतिहासमा संस्कृत महाविद्यालयको स्थापना र त्यसको परिचालनका माध्यमबाट आफ्नो सुकीर्तिको उचाइ निर्माण गरेको सन्दर्भ पनि यहाँ विषय बनेको स्थिति देखिन्छ।

देशभित्रको शैक्षिक उन्नति, सदाचार तथा धार्मिक सनातनताका पक्षहरू स्वामी रामानन्दको भौतिक जीवनका अनेक आदर्श विषय बनेका छन् भन्ने निष्कर्ष स्थापना गएको छ। सेवा र सदाचारका भावलाई गति दिन स्वामीज्यूको जीवनको भौतिक क्षति नेपालको शैक्षिक विशेष गरी आध्यात्मिक तथा वैदिक सनातन इतिहासलाई पुनर्जागरित गर्ने आदर्श पुरुषको क्षति भएको हो। यस रूपमा स्वामीज्यूको भौतिक तथा कृतिगत जीवन सिद्ध भएको छ।

सन्दर्भ सामग्री सूची

- कीथ ए.बी (सन् २०१६) संस्कृत साहित्यका इतिहास, बाराणसी : मोतीलाल बनारसीदास।
- गिरि रामानन्द स्वामी (२०७४) संक्षिप्त जीवनवृत्त, महेश संस्कृत गुरुकुल विद्यापीठ, तनहू : देवघाट।
- ढकाल, वेणीमाधव (२०६९) श्रीकार्तवीर्योदय मकरन्द, पाल्पा : नवेन्द्र ढकाल।
- महेश संन्यास आश्रम एवम् महेश संस्कृत गुरुकुलका शिक्षक, स्रोत व्यक्ति र सूचना सामग्रीहरू।
- 'महेश संन्यास आश्रम एवम् महेश संस्कृत गुरुकुलम्' शीर्षकको परिचय पुस्तिका।
- श्रीमद्भगवद् गीता (२०६६) महर्षि व्यास, काठमाडौ : त्रिमूर्ति प्रकाशन।
- श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०३४) नेपाली साहित्यको संक्षिप्त इतिहास, ललितपुर : साझा प्रकाशन।

rsubedi09@gmail.com

***

सन्तसम्मेलन

महेश संन्यास आश्रम, देवघाटधाम, तनहुँ

श्रावण २५ र २६

कार्यप्रत्रहरू

१. नेपालको संस्कृत शिक्षा–विकासमा साधुसन्तहरूको योगदान

प्रस्तुति- डा. नारायणप्रसाद खनाल

२. गुरुकुल शिक्षाको समृद्धिका लागि सन्त–मनीषीहरूको मार्गदर्शन

प्रस्तुति- डा.मतिप्रसाद ढकाल

नेपालको संस्कृत शिक्षा–विकासमा साधुसन्तहरूको योगदान

- डा. नारायणप्रसाद खनाल

भगवान् भूतभावन पशुपतिनाथ, गोरक्षनाथ, रत्ननाथ, चन्दननाथ, उलन्त भैरवनाथ, मत्स्येन्द्रनाथ प्रभृति देव र महाकाली, महालक्ष्मी, महासरस्वती प्रभृति देवीहरूद्वारा संरक्षित, पालित-पोषित देवभूमि नेपाल मन्दिरै मन्दिरको देशका रूपमा विश्वप्रख्यात छ। मन्दिरहरूमा देवदेवीका मूर्तिहरू प्राणप्रतिष्ठापूर्वक वैदिक विधिविधान अनुसार स्थापित छन्। यहाँका धर्मप्राण जनता दैवीशक्तिमा विश्वास राख्छन् भने वैदिक धर्मानुसार आआफ्ना संस्कारहरू सुसम्पन्न गर्छन्। 'वेदोऽखिलो धर्ममूलम्' भन्ने मूलभूत मान्यताका आधारमा ओङ्कार परिवार अथवा वैदिक सनातन धर्मका अनुयायीहरूलाई शास्त्रसम्मत शिक्षादीक्षा प्रदान गर्ने परम्परा परापूर्वकालदेखि नेपालमा चल्दै आएको छ। भूर्लोकको जबमूद्वीपभित्र पर्ने भारतवर्षको भरतखण्डका रूपमा प्रख्यात पवित्र हिमालयको काखमा अवस्थित नेपाल सङ्कुचित राजनीतिक सिकन्जाभित्र परे पनि मूलतः हिन्दूराष्ट्र नै हो। हिन्दूहरूको जन्मदेखि मृत्युसम्मका संस्कारहरूको मूल आधार संस्कृत नै हो। संस्कृत विश्वको त्यस्तो भाषा हो, जो अत्यन्त शुद्ध, परिष्कृत-परिमार्जित हुनुका साथै आर्यहरूको शास्त्रीय वाङ्मय नै हो। खास गरी चार वेद, १०८ उपनिषद्, छत्तीस स्मृति, छवटा वेदाङ्ग (व्याकरण, ज्योतिष, शिक्षा, कल्प, छन्द) षड्दर्शन, अष्टादश पुराण, अष्टादश उपपुराण, अष्टादश औपपुराण, अर्थशास्त्र-नीतिशास्त्र, धर्मशास्त्र, आयुर्वेद, धनुर्वेद, कृषि-पशुपालन आदि जेजति शास्त्र छन् वस्तुतः हिन्दू संस्कार र जनजीवनका आधार हुन्। यिनै शास्त्रहरूको सुरक्षापूर्वक यिनैले गरेका धार्मिक-आध्यात्मिक नीति निर्देशनपूर्वक शासन गर्नेहरूलाई शास्त्रले क्षत्रिय मानेको छ र यिनै क्षत्रियहरू नेपालका शासक बनेका हुन्। राजाहरू धार्मिक प्रवृत्तिसम्पन्न हुनुपर्ने भएकाले 'प्रजा धर्मेण रक्षते' भन्ने उक्ति प्रचलनमा आएको हो। यस्ता राजा-महाराजाहरू पनि यदाकदा धर्म र शास्त्रको सुरक्षापूर्वक शासन गर्न असक्षम देखिएका छन्। पूरै भारतवर्षबाट राजसंस्थाहरू पतन भएका देखिएका छन् भने नेपालका भुरे टाकुरे राज्यलाई एकत्रित गरी नेपाल एकीकरण अभियान प्रारम्भ गर्ने पृथ्वीनारायणको राजवंशको समेत ज्ञानेन्द्रदेखि पतन भैसकेको ज्वलन्त उदाहरण प्रत्यक्ष छ। यस अवस्थामा साधुसन्तले संस्कृत र संस्कृति नबचाएको भए देश अस्तित्वको सङ्कटमा पर्ने पनि शङ्का गर्ने ठाउँ रहिरहन्छ। यस्ता साधु-सन्तको के महत्त्व रहेको छ, त्यसतर्फ थोरै विचरण गर्नु मनासिव हुनसक्छ।

साध्नोति सम्पादयति परकार्याणीति साधुः (साध्+उन्.) अर्थात् जसले अर्काका कार्यहरू सम्पन्न गरिदिन्छ त्यही साधु पदवाच्य हुन्छ : 'सन्तः स्वतः प्रकाशन्ते गुणा न परतो नृणाम्।' हुन पनि जो विषयाादि प्रपञ्चहरू त्यागेर ध्यान-धारणा, धर्म-कर्म वा सामाजिक कार्यहरूमा लागेर आत्मकल्याणका साथै विश्वकल्याणका निम्ति तत्पर रहन्छ उसलाई सन्त भनिन्छ। यसरी साधु शब्दसँग सन्त शब्द पनि जोडिएर साधु वा सन्त भन्ने द्वन्द्व समासका आधारमा साधु-सन्त शब्द निष्पन्न हुन्छ। साधु शब्दले विभिन्न सन्दर्भ र प्रसङ्गमा अनेक अर्थ दिएको अवगत हुन्छ। जस्तै राम्रो, उत्तम, योग्य, उचित, सही, गुणी, पुण्यात्मा, सम्माननीय, पवित्रात्मा, कृपालु, दयालु, शुद्ध, पवित्र, गौरवशाली, भद्रपुरुष (स्त्रीलिङ्गी-साध्वी), ऋषि, मुनि र सन्त सबै साधुवाचक अर्थ दिने शब्द नै हुन्। साधुको सन्तको बारेमा एक सूक्ति प्रचलित छ-

चन्दनं शीतलं लोके चन्दनादपि चन्द्रमा।
चन्द्र-चन्दनयोर्मध्ये शीतला साधुसङ्गतिः॥

त्यसो त व्याकरणशास्त्रका नियमले साधित शब्द

पनि साधु हो तपस्याले खारिएको तपस्वी पनि साधु हो। जिन मुनि, बुद्ध पनि साधु पदवाच्य छन् भने सोझो व्यक्ति, शिष्ट-विशिष्ट र कुल घरानिया वा जोगी अथवा अपकारी व्यक्तिलाई समेत उपकार गर्ने, आध्यात्मिक विचारले सम्पन्न, शास्त्रीय चिन्तन र कर्ममा व्यस्त रहने, सबैसँग समान व्यवहार गर्ने, सबैबाट आदर-सम्मान पाउने, समाजको भलाइका लागि अहर्निश चिन्तित रहने, धर्म-संस्कृति-संस्कार र विद्यावैभवको अभ्युन्नतिको लागि तत्पर कुनै धर्म-सम्प्रदायमा दीक्षित वा अदीक्षित महात्मा नै साधु पदवाच्य हुन्छन् किनभने -

'साधोः प्रकोपितस्यापि मनोनायाति विक्रियाम्' भनिएको छ। रिसाइहाले पनि साधुको मनमा कुनै विकार उत्पन्न हुँदैन। यसैले भनिन्छ, 'प्रणामान्तकोपाः साधवः।' उपकारक साधुहरूको उपस्थिति अत्यन्त विरल हुन्छ। भनिन्छ -

'शैले शैले न माणिक्यं मौक्तिकं न गजे गजे
साधवो न हि सर्वत्र चन्दनं न वने वने।'

अर्थात् प्रत्येक पहाडमा मणि, प्रत्येक हात्तीमा मोती र प्रत्येक वनमा चन्दन नभएझैँ जताततै साधुहरू पनि हुँदैनन् अर्थात् जहाँ पायो उहीँ साधुहरू बस्दैनन्, रहँदैनन्, पाइँदैनन् पनि। त्यसैले साधुहरूको दर्शनले पुण्य मिल्छ, किनकि साधु तीर्थमय हुन्छन्, तीर्थले फल दिन समय पर्खनु पर्छ तर साधुसङ्गति तत्काल फल प्रदान गर्न सक्षम हुन्छ -

'साधूनां दर्शनं पुण्यं तीर्थभूता हि साधवः।
कालेन फलते तीर्थं सद्यः साधुसमागमः॥'

यिनै साधु, दानवीर, सती, सत्यवादी, गाई, ब्राह्मण र वेदसहितका सात कुराले नै यो पृथ्वी धानिएको छ। यस्ता सज्जन व्यक्तिसँगको सहकार्यका लागि सबै नीति विशारदहरूले आह्वान गरेका छन्-

सद्भिरासीत सततं सद्भिः कुर्वीत सङ्गतिम्।
सद्भिर्विवादं मैत्रीं च नासद्भिः किञ्चिदाचरेत्॥

सत्य कुरो के हो भने साधु-सन्तले आफ्नो सच्चरित्र र इमानदारी प्राण जाला, त्याग्दैनन्-

'सागरा भेदमिच्छन्ति प्रलयेऽपि न साधवः।'
'साधवः प्रतिपन्नार्था न चलन्ति कदाचन।'

साधु-सज्जनमा र दुष्ट-दुर्जनमा के भिन्नता हुन्छ भने साधुहरू अर्काको श्रीवृद्धिमा रमाउँछन् तर दुर्जनहरू अर्काको विपत्तिमा रमाउँछन्। यसैले भनिएको हो - 'गुणमेव वक्ति साधुः' साधुहरू गुणको मात्र बखान गर्दछन्। प्रस्तुत गोष्ठीपत्रमा साधु शब्दसँग सन्त शब्द जोडेर 'साधु-सन्त' प्रयोग गरिएको छ। नेपालका साधु-सन्तहरूले आफ्ना प्राणको बाजी लगाएर धर्म, संस्कृति र संस्कृतको संरक्षण-संवर्धन र विकासका निम्ति जेजति कार्य गरेका छन् वस्तुतः तिनै क्रियाकलापले गर्दा नेपालमा वैदिक संस्कृतिको संवाहक आर्यभाषा संस्कृत आजको अवस्थामा विद्यमान छ।

नेपालको भौगोलिक विकटतालाई वास्ता नगरी बहुजातीय, बहुभाषिक, बहुधार्मिक समाजमा रहेर निर्विषयी वैरागी साधु-सन्त र महात्मा-महन्तहरूले संस्कृत भाषामा संरचित सकल वेदोपजीव्य वैदिक-पौराणिक वाङ्मयको सुरक्षा र ती शास्त्रहरूको पठन-पाठन, याज्ञिक क्रियाकलापमा तिनको प्रयोग-उपयोग, विविध व्रतोपासनाको साथसाथै मन्दिर-यज्ञशाला, पाठशालाहरूको निर्माण, तीर्थहरूको सुरक्षा-संभार र महत्त्व आम जनतासमक्ष प्रचार-प्रसार गर्दै नेपाली संस्कृतिको संवाहक संस्कृत भाषालाई संस्थागत गरी बचाउँदै बलियो बनाउने प्रयत्न गरेका उदहरण पाइन्छन्, जुन कार्य राज्य सञ्चालनको जिम्मा लिनेहरूको हो तर यिनीहरू नै संस्कृत भाषा, संस्कृत वाङ्मय, हिन्दू धर्म-संस्कार र संस्कृति एवं आचार-विचारको घोर अपमान गरिरहेका देखिन्छन्। यस अवस्थामा गीतामा भगवान् श्रीकृष्णले 'यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम्।' भनेझैँ वैदिक वाङ्मय वेदाङ्ग र अन्य शास्त्रहरूको सुरक्षा पठन-पाठन यज्ञयागादिको ह्रास भइरहेको बेलामा यिनै शान्तिकामी साधु-सन्तहरूले प्रकारान्तरेण अवतार लिन्छन् र वेदप्रधान शास्त्रहरूको सुरक्षा गर्छन्। यस्ता

साधु-सन्त आआफ्ना समयका महाप्रभु नै कहलाएका छन् र जनताको विश्वास जितेर संस्कृत शिक्षाका माध्यमबाट नेपाल र नेपालीको मात्र होइन जगत्कै भलो गर्न तम्सिएका छन्। 'वसुधैव कुटुम्बकम्' मूलमन्त्र बोकेको आर्य संस्कृतिको एकमात्र स्रोत संस्कृत वाङ्मय हो। नेपालका हिमालहरूको पवित्रस्थल, वन-जङ्गल र गुफाहरू तथा गण्डकी, कोशी आदि पुण्यसलिला नदीहरूका किनार ऋषि-मुनिहरूले तपस्या गर्ने स्थल हुन्। स्मृतिकार याज्ञवल्क्यले मिथिला क्षेत्रमा, रामायणकार आदिकवि वाल्मीकिले तमसानिकट त्रिवेणीधाममा, पुराणकार वेदव्यासले तनहुँ परिसरमा, गायत्री मन्त्रका द्रष्टा कौशिक (विश्वामित्र) ले कोशी किनारमा, जैमिनि-जडभरत आदिले गण्डकी किनारमा, व्यकरणशास्त्रको जीर्णोद्धारक पाणिनिले अर्घाखाँचीमा, ज्ञानी गौतम बुद्धदेवले लुम्बिनी-तिलौराकोटमा आआफ्ना जन्मक्षेत्र-कार्यक्षेत्र बनाएर संस्कृत वाङ्मय सुरक्षा, सम्वर्धन-प्रवर्धन गर्ने कार्यद्वारा नेपाललाई अभूतपूर्व गुण लगाएका छन्।

ऐतिहासिक प्राचीन नेपालमा गोपालवंशी-महिषपालवंशी शासकहरूबारे यिनीहरूबाट पनि सुरक्षित हुँदै आएको संस्कृत भाषाको ऐतिहासिक लिखत दस्तावेज प्राप्त नभए तापनि लिच्छवि कालसम्म आइपुग्दा पठनपाठन र राजभाषाको सम्मान पाएको तथा यस कालमा स्थापित ३०० भन्दा बढी संस्कृत भाषामा कुँदिएका शासकीय वा गैरशासकीय कनकपत्र, ताम्रपत्र, शिलापत्र आदि संस्कृत अभिलेखहरू प्राप्त भएकाले तथा अनेक काव्य-कृतिहरूको रचना भएको हुँदा संस्कृत शिक्षा/संस्कृत वाङ्मय पठन-अध्यापन आदिका दृष्टिले यो स्वर्णकाल मानिएको छ। ऐतिहासिक मध्यकालका रूपमा प्रख्यात मल्लकालमा अनेकौं काव्य-महाकाव्य, नाटक, तन्त्रशास्त्र, वैद्यकशास्त्र, धर्मशास्त्रका ग्रन्थहरूको साथै अनेक कलाकौशलहरूको संस्कृत भाषामा निर्माण-पुनर्निर्माण भएकाले यस काललाई संस्कृत वाङ्मयको उन्नति काल नै मानिन्छ किनकि अध्यात्मशास्त्रको व्यापक शास्त्रीय अध्ययन-अध्यापनविना यो उन्नति सम्भव हुँदैन।

ज्ञानको भोक मेटाउन कैयौँ नेपालीहरू प्राचीन नालन्दा-तक्षशिला विश्वविद्यालयहरूमा पुगेनन् होला भन्न सकिँदैन। 'विद्या हराए काशी जानू' भन्ने उखान सार्थक गराउने वाराणसी नेपालीहरूको पनि विद्याकेन्द्र हो। जहाँ पुगेर संस्कृत वाङ्मयमा उच्च शैक्षिक योग्यता हासिल गर्ने परम्परा राजकीय संरक्षणमा वा स्वतन्त्र रूपमा रहेको पाइन्छ। मिथिला नगरी पनि संस्कृत वाङ्मयको अध्यापन-अध्ययन, शास्त्रार्थ, यज्ञयागादि सम्बद्ध क्रियाकलाप गर्ने-गराउने विद्याकेन्द्र नै हो। नेपालको ऐतिहासिक आधुनिक काल भनेको राणा र शाह-नरेशहरूको शासनकालबाट प्रारम्भ हुन्छ। यस समयमा गोर्खाका कैयौँ विद्यार्थी-ब्राह्मणहरूलाई छात्रवृत्ति प्रदान गरेर वाराणसीमा अध्ययनार्थ पठाइएका तमाम उदाहरण छन्। देवशमशेरको पालामा खुलेका संस्कृतज्ञको सुविधा भएका कतिपय भाषा पाठशालाहरूमा संस्कृत विद्याको पठन-पाठन हुने गरेको अवगत हुन्छ भने यस अघि पनि राजा राजेन्द्रले संस्कृत पाठशालाको व्यवस्था गर्न नारायण पण्डितलाई लिखत गरिदिएको बुझिन्छ। नेपालका राजाहरू हिन्दू विधिविधानमा चलेका थिए भने राणाहरू पनि त्यसैका अनुयायी रहेकाले राणाकालमा संस्कृत शिक्षाको विकासका लागि महत्त्वपूर्ण कदम चालिएका छन्। यसको ज्वलन्त नमुना वि.सं. १९३४ मा काठमाडौंमा वीर शमशेरद्वारा स्थापित तीनधारा संस्कृत पाकशाला नै हो। यहाँ १०८ ब्राह्मण वटुकहरूलाई भोजन-आवाससहित विद्याध्ययनको सुविधा रहेको थियो। यहाँ व्याकरण, न्याय, साहित्य, ज्योतिष जस्ता विषयहरूको पठन-पाठन हुन्थ्यो र सरकारद्वारा नियुक्त अध्यापकहरूले पढाउँथे। नेपालमा कुनै विश्वविद्यालय नहुँदा बनारसको क्विन्स कलेज, गवर्मेन्ट संस्कृत कलेजपछि वाराणसेय संस्कृत विश्वविद्यालय (हाल सम्पूर्णानन्दन सं. वि.वि.) कलकत्ता आदि क्षेत्रमा रहेका विश्वविद्यालयहरूमा परीक्षा दिन जाने व्यवस्था पनि रहेको बुझिन्छ। यसै पृष्ठभूमिमा २००८ सालमा वाल्मीकि महाविद्यालय खुलेको हो र यो २०१६ देखि त्रि.वि. अन्तर्गत र २०४३ देखि

अहिलेसम्म संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठका रूपमा रहेको छ। यहाँ संस्कृतका सबैभन्दा बढी विषयहरूको पठन-पाठनको व्यवस्था गरिएको छ। यस कालमा व्यक्तिगत प्रयासमा पनि संस्कृत शिक्षा प्रदान गर्न शैक्षिक संस्था खोलिएका छन्। यस सन्दर्भमा दिङ्लामा आबाल ब्रह्मचारी सन्त षडानन्द अधिकारी (१८९२-?) ले वि.सं. १९३२ मा खोलेको संस्कृत विद्यालय तीनधारा पाकशाला भन्दा पनि जेठो देखिन्छ। षडानन्दजी सन्तपरम्पराका महत्त्वपूर्ण परोपकारी, समाजसेवी, शिक्षासेवी व्यक्तित्व हुन्। उनले निजी सम्पत्तिसमेत राखेर समाजको सहयोगमा गठन गरेको संस्कृत विद्यालयबाट अध्ययन गरेका विशिष्ट विद्वान् देशैभरि छरिएका छन्। सो विद्यालयले कैयौँ उत्तराधिकारी विद्यालय-महाविद्यालयहरू जन्माइसकेको छ।

डा. स्वामी प्रपन्नाचार्यका अनुसार नेपालकै सबभन्दा पुरानो पूर्वी नेपालको इलाम करफोकमा स्वामी सोमेश्वरानन्द गिरीले वि.सं. १९०० तिर त्यस क्षेत्रकै पहिलो संस्कृत विद्यालय खोलेका थिए, जो भीमसेन थान, माइपोखरीमा सञ्चालन गरिएको थियो भने उनैले वि.सं. १९७७ मा फिक्कलमा चन्द्र संस्कृत विद्यालय, पुस्तकालय र पाकशालासमेत खोलेका थिए (पृ. ७९-८९ : मिल्केका झिल्का : प्रपन्नाचार्य, २०६२)। उनका अनुसार यो विद्यालय देश-विदेशसम्म प्रख्यात थियो।

स्वामी प्रपन्नाचार्यकै अनुसार सिद्ध तस्मैया बाबाले सेन राजाको सहयोगमा वि.सं १९२० मा धनुषामा स्थापना गरेको मटिहानी मठअन्तर्गत विद्यार्थीहरूलाई भोजनसहितको संस्कृत पाठशाला सञ्चालन गरेका थिए, जसलाई स्व. मान महन्त कौशल किशोरदासले निरन्तरता दिएका थिए (पृ. ४९४-४९५ : प्रपन्नाचार्य पूर्ववत्) भने परम्पराप्राप्त सन्तमहन्तहरूकै सहयोग र सक्रियतामा सभवतः त्यही पाठशालाको जगमा २०३० देखि त्रि.वि. अन्तर्गत र अहिले संस्कृत विश्वविद्यालयअन्तर्गत याज्ञवल्क्य लक्ष्मीनारायण महाविद्यालय सञ्चालित छ।

पश्चिम नेपाल, राप्ती अञ्चलको प्यूठान जिल्लास्थित स्वर्गद्वारी लेकमा पञ्चपाण्डवहरूले यज्ञ गरेका ठाउँमा आश्रम बनाई बस्ने पहिले रुकुम हाल रोल्पा रुम्टी गाउँमा जन्मेका नारायण गौतम (१९१६-१९९७) हुन्, जसले सिद्धि प्राप्त गरेर महाप्रभुको उपाधि जनताद्वारा प्राप्त गरेका थिए। स्वर्गद्वारी महाप्रभुले यहाँ १९५१ देखि अखण्ड यज्ञशाला, पाकशाला, धर्मशाला, गोशाला र पाठशाला तथा शिवालय स्थापना गरी आफ्ना झोलीको पैसाबाट दाङ-देउखुरीमा १८०० विघा जमिन किनेर स्वर्गद्वारी आश्रमको निरन्तरताको जोहो गरे भने यहाँ खोलिएको विद्यालय मूलतः वेद विद्यालय हो, जहाँ अध्ययन गरेका ब्राह्मणहरूद्वारा होता, ऋत्विक्, अध्वर्यु आदि हुन्थे, जो सुरे, पण्डित, गणेश, पूजारी इत्यादि पद धारण गरी यज्ञादिक कार्यहरू सम्पन्न गरिन्थे र अहिले पनि गरिन्छन्। श्री १०८ सच्चिदानन्द गिरीबाट सन्यस्त भइसकेपछि हंसानन्द नाम पाए पनि योगेश्वर बालतपसी गुरुमहाराजका रूपमा रहेर गरेका अनेकौं लीला पठनीय र चिन्तनीय छन्। सायद वि.सं. १९५८ देखि भाषा पाठशालाको अनुदान पाउँदै आएको यस पाठशालामा वेदका अतिरिक्त व्याकरण, न्याय, कोष, कर्मकाण्ड, ज्योतिष आदिको पनि पढाइ हुन्थ्यो भने पछि २०२० तिर यसलाई बाल संस्कृत वैदिक विद्यालय नामकरण गरियो, जसले नि.मा.वि. को मान्यता पाएको थियो भने २०२८ को नयाँ शिक्षाले नि.मा.वि. लाई सं.मा.वि. मा परिणत त गऱ्यो तर स्वर्गद्वारी आश्रमले भोजन-वृत्ति दिएन र यो मा.वि. सारी भन्ने ठाउँमा स्थानान्तरण भयो किन्तु बाल संस्कृत वैदिक विद्यालय चलिरायो। पछि पुनः धर्मपानीमा सं.मा.वि. चल्न थाल्यो भने स्वर्गद्वारी आश्रममा गुरुकुलको पाठ्यक्रम अन्तर्गत नि.मा.वि. सञ्चालित छ। अहिले परम्परागत शिष्य भागवतानन्द गिरि महन्त पदमा विराजमान छन् जसले स्वर्गद्वारीमा १०० र भागवत आश्रम पशुपति आर्यघाटमा १०० विद्यार्थीलाई आवास भोजनसहित संस्कृत अध्ययन-अध्यापन सञ्चालनका निम्ति कटिबद्ध रहेको पाइन्छ। यहाँ अध्ययन गरेर औपचारिक शिक्षाका लागि बनारस,

हरिद्वार-ऋषिकेश, गोरखपुर गई वाराणसेय सं.वि.वि. हाल सम्पूर्णानन्द सं.वि.वि., संस्कृत विश्वविद्यालयका विद्यापीठहरूमा गई अध्ययन गर्ने चलन थियो र छ। यो लेखन्तेले सोही आश्रमको २०१७-२०२६ को विद्यार्थी भई प्रभुका शिष्य श्री १०८ कृष्णानन्द गिरिबाट दीक्षित हुने सौभाग्य समेत प्राप्त गरेको छ।

जोसमनी सन्त स्वामी शशिधरका कुलमा उत्पन्न सन्त एवं अध्यात्म कवि महापण्डित स्व. दधिराम मरासिनी (१९३८-२०२०) ले वि.सं. १९८१ मा तत्कालीन गुल्मी हालको अर्घाखाँची पोखराथोकमा स्थानीय महामना दानवीर गृहस्त सन्त हरिहर गौतम (१९५८-२०२२) द्वारा गुरु दधिरामको आज्ञानुसार स्थापना गरी सञ्चालन गरेर ३६ विद्यार्थी भर्ना गरी प्रतिवर्ष १-१ जना थप्ने गरी संस्कृत व्याकरण, वेद, ज्योतिष तीनवटा दलाने पाठशाला जो हरिहर आफैले हर्राबोट, मालिका र मैनडाँडामा सञ्चालित थिए, यिनैलाई गाभी हरिहर संस्कृत पाठशाला वि.सं. १९९४ मा वेद, व्याकरण, ज्योतिष र काव्यकोश आदि विषयको पठन-पाठन सञ्चालन गरेका थिए भने यहाँबाट पढेका विद्यार्थी उच्च शिक्षाका लागि कोही तीनधारा पाकशाला काठमाडौं त कोही हरिहर गौतमद्वारा बनारसमा स्थापित हरिहर संस्कृत पाठशालामा अध्ययनार्थ छात्रवृत्तिसहित जाने गर्दथे। यसअघि पोखराथोकमा १९५८ मा र रिडी गण्डकीमा १९५९ मा संस्कृत पाठशाला (भाषा पाठशाला ?) स्थापना भइसकेका थिए। २०२१ मा आफ्ना गुरु दधिरामको निधन र आफ्नो १६ हजार बिघा जमिनमा भूमिसुधार लागेपछि अर्घाखाँची र बनारसका दुवै हरिहर पाठशाला बन्द भए तर हाल अर्घाखाँची खिदिममा र गुल्मीको रिडी दुवै स्थानमा संस्कृत विश्वविद्यालयअन्तर्गत आङ्गिक महाविद्यालय (विद्यापीठ) सञ्चालित छन्। आध्यात्मिक कवि एवं सन्त तथा महापण्डित हेडगुरु दधिरामले संस्कृत खण्डकाव्यहरू र केही स्तोत्रकाव्य-कर्मकाण्ड आदि अनेक ग्रन्थ रचना गरेको र उत्तराधिकारी वेदगुरु पं. धनञ्जय मरासिनीले पनि हरिहर प्रार्थना स्तवकाव्य आदि संस्कृत ग्रन्थ लेखेर संस्कृत वाङ्मयको सेवा गरेको पाइन्छ। यसरी विद्यादाता र अन्नदाताहरूबाट निजी क्षेत्रमा चलेको हरिहर सं. पाठशाला नेपालको संस्कृत शिक्षाको विकासमा यस क्षेत्रको मेरुदण्ड नै रहेको मान्न सकिन्छ।

सन्तप्रवर योगी नरहरिनाथ (१९७१-२०५५) ललितसिंह र गौरीदेवीका माहिला पुत्ररत्नका रूपमा जन्मे-हुर्केर सन्त क्षिप्रानाथ योगी वा उनका पूर्व पुस्ताले स्थापना गरेको जुम्लाको भैरवनाथ सिद्ध चन्दननाथ भाषा पाठशालामा अध्ययन गर्दै काठमाडौंको मृगस्थली, हरिद्वार, बनारस (गोरक्षटिल्ला) जस्ता ठाउँमा बसेर बडेबडे विद्वान्हरूसँग व्याकरण, दर्शन, साहित्य आदि शास्त्राध्ययन गरी पञ्जाबको लुधियानाबाट शास्त्री तथा गुरुकुल काँगडी हरिद्वारबाट वेदहरूको अध्ययन गरी वेदालङ्कार (१९९७) परीक्षा पास गरेको पाइन्छ। वैदिक, लौकिक संस्कृत वाङ्मयको अध्ययन-अनुसन्धान तथा नेपालको ऐतिहासिक अभिलेखीय एवं प्राचीन-अर्वाचीन ग्रन्थहरूका खोज-अन्वेषण गर्नुका साथै नाथ सम्प्रदायमा दीक्षित योगीले कर्मवीर महामण्डल (२००७) बृहत् आध्यात्मिक परिषद् (२०२२) को गठन, कोटिहोम (२०३६) अनुसार १०८ कोटिहोम गर्ने योजना भए पनि पीपरमठ, वीरगञ्जबाट सुरु भएको कोटिहोम नेपाल र भारतका विभिन्न स्थानमा सम्पन्न भए, ती होम नेपालमा ५५ र भारतमा १४ गरी ६९ मात्र पुगेको अवगत हुन्छ। यता योगीजीद्वारा सम्पादित, अनूदित र स्वयं रचित एवं अनुसन्धान र अप्रकाशित गरी ३८ ग्रन्थ रहेका छन् भने हजारौँ लेख यत्रतत्र छरिएका छन्।

योगीजीले आध्यात्मिक परिषद्को पहिलो बृहद् आध्यात्मिक सम्मेलन दाङको तुलसीपुरमा भव्य रूपले सम्पन्न गराएपछि यसै क्षेत्रको बिजौरीमा रहेको प्रारम्भमा भाषा पाठशाला (१९८४) को विकसित रूप जनता संस्कृत प्रधानपाठशाला (२००८) र जनता संस्कृत महाविद्यालय (२०१२) को सम्पन्नता, भव्यता र विद्वज्जन सक्रियता देखेपछि संस्कृत विद्वत् सम्मेलन

(२०२४) गराउने श्रेय प्राप्त गरेको पाइन्छ। यस सम्मेलनमा महेन्द्रले पूर्व नियोजित संस्कृत विश्वविद्यालय घोषणा नगरेपछि योगीजीले यहाँको दानवीर, समाजसेवी, संस्कृतसेवीहरूको सहयोगमा ५०० बिघा जग्गा बेलझुण्डीमा प्राप्त गरेपछि आचार्य पूर्णचन्द्र ढुङ्गेलको विद्वत्तापूर्ण परामर्श र स्थानीय देवमणि देवकोटाको सहयोगमा २०२६ सालमा बेलझुण्डीमा त्रिशूल गाडेर नेपाल संस्कृत विश्वविद्यालय स्थापना गरे तापनि योगीको अस्थिरताले त्यो चलेन। २०२८ को नयाँ शिक्षायोजनाले २०३० मा संस्कृत अध्ययन संस्थान कायम गरेपछि विश्वविद्यालयको कुरा हरायो। योगीजीले भारतको गिरिजापुरी, बिच्छियामा संस्कृत विश्वविद्यालय खोल्नु पनि भयो छिटै त्यो बन्द पनि भयो किन्तु बेलझुण्डीमा केन्द्रीय कार्यालय रहने गरी २०४३ सालमा राजा वीरेन्द्रबाट पुनः महेन्द्र संस्कृत विश्वविद्यालय घोषणा भएपछि योगीजीको चाहना पूरा भएको देखिन्छ। हाल संस्कृत विश्वविद्यालयअन्तर्गत आङ्गिक विद्यापीठ र सम्बन्धन प्राप्त संस्कृत विद्यापीठहरू सञ्चालनमा छन्। योगीजीका चाहनाअनुसार कोटिहोम गरिएका ठाउँमा संस्कृत विद्यालय खोलिएका थिए भने अधिकांश स्थानहरूमा कुनै न कुनै रूपमा संस्कृत विद्यालयको अध्ययन-अध्यापन भइरहेको छ। योगीजीले देश-विदेशको भ्रमण गर्दा पनि संस्कृत वाङ्मयको रक्षा भयो भने इतिहास, धर्म, संस्कृति र आचार-विचारको रक्षा हुन्छ भन्ने सन्देश फैलाउने गरेको देखिन्छ।

सन्त सिद्ध पत्थर गिरि बाबाले धरानको पिण्डेश्वरस्थित दशनामी सन्न्यासी अखडा स्थापना गरेर जग्गा जमिन पनि पर्याप्त जम्मा गरेका थिए तर दुर्जनको अपहरणबाट बचेको ठाउँमा अहिले पिण्डेश्वर संस्कृत विद्यापीठ चलिरहेको छ। यो संस्कृत वि.वि. को आङ्गिक विद्यापीठ हो। त्यस अखडाका अन्तिम महन्त पत्थर गिरिले त्यस भेगका जनतालाई आध्यात्मिक-दार्शनिक ज्ञान, धार्मिक-सांस्कृतिक र आयुर्वेदिक ज्ञान दिएर सेवा गरेका थिए। भनिन्छ, उनी चमत्कारी, सिद्ध र तान्त्रिक थिए। उनको निधन २०० वर्ष जति बाँचेर १९९० मा भएको उल्लेख स्वामी प्रपन्नाचार्यबाट भएको छ (पूर्ववत्, १८४-१८६)।

शिवराम पुरुषोत्तमानन्द अर्थात् डा. क्षितीशचन्द्र चक्रवर्ती (वि.सं. १९५६-२०४१) त्रिचन्द कलेजका अंग्रेजी विषयका प्राध्यापक भएर पनि दार्शनिक विद्वान् वासुकी ब्रह्मचारी (देवपत्तन-पशुपति) को शिष्यत्व प्राप्त गरी ठूला दार्शनिक बनेर नेपालमा अद्वैत वेदान्तको संस्थागत विकास गर्ने कार्यमा लागिपरेका थिए भने जनताका घरदैलोसम्म वेदान्त विषय पुऱ्याउन आफ्नो शिष्य समुदाय खडा गरेका थिए। यिनले नेपाली, बङ्गाली, हिन्दी र अंग्रेजीमा अद्वैत वेदान्त विषयक थुप्रै लेखहरू रचेर अनेकौं पुस्तकहरू पनि लेखे। बि.ए., एम.ए.का अनेक अंग्रेजी पाठ्यपुस्तकका साथै बङ्गालीमा मात्र २५ पुस्तक लेखेका छन्। नेपालीमा पनि यिनले मौलिक, व्याख्यात्मक र अनुवाद ग्रन्थका साथै अमृतवचन, गीतामृत, वशिष्ठामृत आदि सानाठूला धेरै पुस्तक-पुस्तिका लेखेर आत्मज्ञानको मार्ग प्रशस्त गरी आफ्नो महत्ता र साधुतालाई नेपाली समाजबीच एक उदाहरणीय संस्कृति बनाएर छोडेका छन्।

पाल्पाको देववाणी संस्कृत विद्यालय, रूपन्देहीको मणिग्राममा गीर्वाण संस्कृत विद्यालय, धरानमा चन्द्रदेव संस्कृत विद्यालय, खर्साङमा संस्कृत गुरुकुल र भैरहवामा नारायणस्थान (प्रारम्भमा संस्कृत विद्यालय यहीँ चल्ने गरेको) खोलेर सञ्चालन गर्ने सर्वदर्शन मूर्धन्य स्वामी नारायणानन्द गिरिजी महाराज हुन्। पाल्पाको हेकलाङमा जन्मेका विद्वान् सन्त नारायण गिरि सापकोटाका दरसन्तान थिए। उनको निधन २०३४ मा दार्जिलिङको मुण्डकोठी चिया कमानमा भएको थियो। आजीवन संस्कृत भाषा खोज गरी न्याय-वेदान्त, व्याकरण आदि र षड्दर्शनमा दखल राख्दै दर्शनशास्त्रका पुस्तक लेख्ने नारायण गिरीको योगदान अविस्मरणीय रहेको उल्लेख पाइन्छ (पूर्ववत्, पृ. १५३-१५५)।

काठमाडौं चन्द्रागिरि नगरपालिका, मातातीर्थमा नरनारायण बाबा आश्रम, शिव मन्दिर, यज्ञमण्डप,

स्वस्थानी मन्दिर, गुरुकुल संस्कृत पाठशाला र नेपालगञ्ज पार्वतीपुरमा शिवपार्वती मन्दिर तथा कोहलपुरमा सिद्धेश्वर महादेव मन्दिर एवम् अर्घाखाँची बाङ्ग्रीमा अकत्येश्वरी देवी महादेवको मन्दिर बनाउने तन्त्रोपासक नरनारायण बाबा (अर्घाखाँची-भुषाल थर) ले सनातन धर्म र संस्कृत विद्याको संरक्षणमा गम्भीर चासो लिँदालिँदै ईश्वरका प्यारा बन्न बाध्य भएका छन्। यसै गरी कविराज देवराजाचार्यले प्रखर विद्वत्ता हासिल गरी भारतीय महाविद्यालयमा वेदान्त विभागको अध्यक्षताबाट निवृत्त भई वैष्णव परिषद्, नेपालको गठन गरी त्यसैको अध्यक्ष पदमा रहे पनि धनगढीमा लक्ष्मीनारायण मन्दिर तथा रघुनाथ वेदविद्याश्रम सञ्चालन गरी सनातन धर्मको संरक्षणमा दत्तचित्त रहेका छन्। उनी गोरखा-खोप्लाङका सुपुत्र हुन्।

बाग्लुङमा जन्मेहुर्केर अयोध्यामा पढी मातृभूमिको सेवामा समर्पित विद्वान् युवासन्त कमलनयनाचार्य विशिष्टाद्वैत वेदान्तका आचार्य हुन्। आधा जीवन सत्कर्ममा अर्पदै मुक्तिनाथ, कागबेनी, जोमसोम, घारखोला र गलेश्वरमा अन्नक्षेत्र, मल्लाजमा बेङ्कटेश मन्दिर, मुक्तिनाथमा स्वास्थ्य केन्द्र, बागलुङ-काठमाडौंको गल्फुटार र साँखुमा मुक्तिनाथ संस्कृत गुरुकुल विद्यालय-कन्या गुरुकुल, नवलपरासीको त्रिवेणी गजेन्द्र मोक्षधाममा बेङ्कटेश मन्दिर, संस्कृत गुरुकुल तथा सर्पदंश निवारण औषधालय र अखण्ड ज्योति आश्रम सञ्चालन गरेर मानव सेवा तथा संस्कृत र संस्कृतिको संरक्षणमा ठुलो टेवा पुऱ्याएका छन्। उनी मुक्तिनाथ बाबाका नामबाट प्रख्यात छन् भने देशका विभिन्न भागमा शान्तियज्ञको सञ्चालन गरेर सनातन धर्म र सनातन आर्य संस्कृतिको रक्षा गर्न कटिबद्ध छन्।

जीवनको तीसौँ वर्षमा अध्ययनतिर लागेका काले राई वाराणसी-हरिद्वार आदि स्थानमा संस्कृत विद्याको अध्ययन गरेर रामानुज सम्प्रदायमा दीक्षित भएपछि स्वामी रामकृष्ण प्रपन्नाचार्य बनेका अत्यन्त प्रतिभाशाली सन्त हुन्। यिनले वेदान्तादि विषयमा आचार्य र विद्यावारिधिसमेत गरेर विविध संस्कृत गुरुकुल, महाविद्यालय, विश्वविद्यालयहरूमा प्राध्यापन गर्दै आफ्नो यायावरीय जीवनसमेत व्यतीत गर्दै उत्तर वयस्मा नेपालमा बस्न थालेका र राजसभाको सदस्य समेत बनेका थिए भने यिनले नेपाली, संस्कृत, हिन्दी र अङ्ग्रेजी आदि विभिन्न भाषाहरूमा दर्शन, साहित्य, अन्तर्वार्ता तथा गवेषणात्मक समेत ५ दर्जन जति ग्रन्थ प्रकाशन गरेका छन् भने हजारौँ साधुसन्त र महात्मा-महन्तहरूसँग भेटेर तिनको आध्यात्मिक-धार्मिक, ऐतिहासिक, सामाजिक तथा संस्कृत वाङ्मय सेवाबारे प्रत्यक्ष खोजबिन गरी तथ्य सङ्कलनपूर्वक अभिलेखीकरण गरेका छन्। उनको संस्कृत वाङ्मय सेवा र आध्यात्मिक धार्मिक योगदान अविस्मरणीय रहेको छ।

सन्त समाज नेपालका अध्यक्ष ब्रह्मलीन स्वामी परमानन्द सरस्वती (बागलुङ बिहूँ, कण्डेल ब्राह्मण-वि.सं. १९९४-२०५३) वैदिक धर्मको प्रचार प्रसार तथा संस्कृत विद्यालयको स्थापना र सञ्चालन एवम् आश्रमहरूको व्यवस्थापन गरेर सनातन धर्मको रक्षार्थ खटिँदा खटिँदै त्रिपुरेशवर शिवाश्रम बिहूँ-रामकोट बाग्लुङमा नर्मदेश्वर शिवाश्रम रूपाकोट, गुल्मीमा र त्रिपुरेशवर आश्रम शरदपुर चितवनमा श्री परमानन्द वेदवेदाङ्ग संस्कृत गुरुकुल, हरिहर आश्रम, दमेक बाग्लुङमा श्री जैमिनी संस्कृत विद्यापीठ, दुर्गानगर रूपन्देहीमा श्री दुर्गा संस्कृत वेदवेदाङ्ग विद्यापीठ र हरिहर सन्न्यास आश्रम, देवघाटधाम, तनहूँमा परमानन्द संस्कृत गुरुकुल विद्यापीठ सञ्चालन गरेको श्रेय प्राप्त छ भने तीन दर्शन जति मठ-मन्दिर, आश्रम, गौशाला, धर्मशाला आदि विभिन्न जिल्लाहरूमा सञ्चालित गरी सनातन धर्म, संस्कृत र संस्कृतिको रक्षा हुन गएको देखिन्छ। परमानन्द गुरुको शिष्यत्व प्राप्त गरी गुरुद्वारा स्थापना गरिएका सम्पूर्ण संस्थाहरूको संरक्षण, सम्वर्धन र सञ्चालनको उत्तराधिकार २०५३ देखि युवा सन्त स्वामी ज्ञानानन्द सरस्वती (पीठाधीश हरिहर सन्न्यास आश्रम, देवघाटधाम, तनहुँ) मा आएको छ। हाल

देवघाटमा परमानन्द संस्कृत गुरुकुलम् र परमानन्द संस्कृत विद्यापीठ सञ्चालनमा रहेका छन् भने अन्नक्षेत्र, मन्दिर क्षेत्र, गौशाला क्षेत्र आदि व्यवस्थापूर्वक सञ्चालित छन्। स्वामी परमानन्द र उहाँक उत्तराधिकारी पीठाधीश ज्ञानानन्द सरस्वतीज्यूद्वारा महत्त्वपूर्ण धार्मिक-आध्यात्मिक संस्कृत ग्रन्थहरूको व्याख्या-भाष्य, टीका र नेपालीमा अनुवादसमेत भएको पाइन्छ।

नन्द वा आनन्द ब्रह्मचारी गलेश्वर बाबा ब्रह्मचारी ईश्वरानन्द (१९५५-२०३२) अर्थात् यदुनाथ निरौला ताप्लेजुङमा जन्म भए पनि गण्डकीको किनार गलेश्वरमा वर्षौंवर्ष बसेर देवघाटमा आसन जमाएकाले 'गलेश्वर बाबा' का नामले प्रसिद्ध भएका हुन्। वि.सं. १९८० देखि नै यस क्षेत्रमा बाबाले १२ वर्ष तपस्या गरेको र पुनः २० वा त्यसपछिको दशकदेखि त्यहीँ आश्रम खडा गरी बस्न थालेपछि २०२३ सालमा आकाशवृत्तिबाट चल्ने गरी वेद वेदाङ्ग विद्यालय स्थापना गरेको र पं. धनपति ज्ञवाली, दामोदर खनाल, टीकाराम शर्मा (कण्डेल) आदि सयौँ शिक्षकहरूले स्वयं सेवकका रूपमा पढाइएको यो विद्यालय मात्र होइन यस आश्रमले स्थायी अन्नक्षेत्र, धर्मार्थ अस्पताल, वृद्धाश्रम र गौशाला समेत सञ्चालनद्वारा मानव कल्याण गरेको छ भने आशुतोषानन्द (लक्ष्मीनन्द ब्रह्मचारी) सन्त समाजका अध्यक्ष स्वामी परमानन्द गिरि आदि सन्तहरू र वर्तमान पीठाधीश अनन्तश्री विभूषित महामण्डलेश्वर स्वामी आत्मानन्द गिरिजी महाराजको कुशल नेतृत्वले र सहयोगी सन्त एवं सज्जनहरूको साथ पाएर स्वर्ण जयन्ती (२०२३-२०७३-७४) मनाइसकेको यस वेदवेदाङ्ग विद्यालयले संस्कृत गुरुकुलको स्थान ग्रहण गर्दै हाल प्रवेशिका स्तरसम्मको अध्ययन-अध्यापन सञ्चालन गर्दै आएको छ र संस्कृत वाङ्मयको विकासमा योगदान गरिरहेको छ। गलेश्वर बाबाद्वारा २००५ मा लिखित गीतासार २०६४ मा गायत्री परिवार राहुघाट गलेश्वर म्याग्दीबाट प्रकाशित भएको उल्लेख डा. नुरापति पोखरेलका लेखमा भएको छ।

देवघाट देवताहरूकै पालादेखि सन्त समागम स्थलको रूपमा अवस्थित छ। यहाँ प्रमुख रूपमा गलेश्वर आश्रम र वेदवेदाङ्ग विद्यालय, हरिहर सन्न्यास आश्रम र परमानन्द संस्कृत गुरुकुलम्, परमानन्द संस्कृत विद्यापीठम् सन्तहरूद्वारा सञ्चालित छन् भने अर्को महत्त्वपूर्ण महेश सन्न्यास आश्रम र महेश संस्कृत गुरुकुलम् हो, जसको स्थापना वैदिक सनातन धर्म र संस्कृतिको संरक्षण, संवर्धन एवं संस्कृत विद्याको पठन-पाठन, प्रचार-प्रसार आदि उद्देश्यको परिपूर्ति स्वरूप स्वामी महेशानन्द गिरिज्यूको शुभसम्मति, स्वामी सच्चिदानन्द सरस्वती (खप्पड बाबा) को सत्प्रेरणा एवं परामर्शबाट शिवसायुज्य प्राप्त डा. स्वामी रामानन्द गिरि (२००३-२०७४) बाट २०५० सालमा गरिएको हो। यतिबेला आश्रमले गुरुकुल सञ्चालन कक्षा ६ देखि आचार्यसम्म, सन्तसेवा, गौसेवा, अतिथि सेवा महत्त्वपूर्ण संस्कृत पुस्तक प्रकाशन आदि गरेर समाजमा धार्मिक-आध्यात्मिक पुनर्जागरण जोड तोडले गरिरहेको छ। यसले निकट भविष्यमा पूर्वीय वाङ्मयको सर्वाङ्गीर्ण विकास हुने गरी संस्कृत अनुसन्धान केन्द्र सञ्चालन गर्ने अठोट गरेकोमा हार्दिक बधाई ज्ञापन गर्दै यसमा सफलता प्राप्त होस् भन्ने शुभकामना प्रकट गर्नु वाञ्छनीय हुन्छ। वेद, व्याकरण, दर्शन र अद्वैत वेदान्त जस्ता शास्त्रीय विषयका साथै आधुनिक विषयको पठनपाठन, राष्ट्रियता, स्वधर्म-संस्कृति, मानवीय मूल्य आदिको प्रशिक्षण, आचार्यहरूको निगरानीमा छात्रहरूको स्नान-सन्ध्यादि र पाठ-पूजनादि दिनचर्या, प्राचीन गुरुकुलीय वातावरण, योग-व्यायाम-खेलकूद-शास्त्रार्थ-प्रवचन-काव्यगोष्ठी र काव्यरचना आदिको सुविधा, ज्योतिष, वास्तु, कर्मकाण्ड, सङ्गीत, सुसाङ्ख्यिकी जस्ता प्राविधिक-आधुनिक विषयको प्रशिक्षण र प्रयोग विद्यालय स्तर र विश्वविद्यालय स्तरमा गुणात्मक शैक्षिक परीक्षा-परिणाम प्राप्त गर्न सफल माध्यमिक विद्यालय सरकारी स्वीकृतिमा र विद्यापीठ नेपाल संस्कृत विश्वविद्यालयको सम्बन्धन प्राप्त गरी सञ्चालनमा रहेका छन्। यस आश्रमका शाखा र सेवाकेन्द्र काठमाडौं, कास्की,

म्याग्दी, तनहुँ, काभ्रे, स्याङ्जा, झापा र चितवनमा गरी झन्डै एक दर्जन रहेका छन् भने यी संस्था श्रद्धालु दाताहरूको मुष्टिदान, स्वेच्छिक दानदातव्य, आश्रमद्वारा सञ्चालित अक्षयकोष, दैनिक खर्च, निर्माणादि, पुस्तक प्रकाशन, अन्नदान, छात्रवृत्ति-पुरस्कार स्थापना, भूमिदान, रुद्राभिषेक, गौसेवा, भोजन-भण्डारा, बौद्धिक-प्राविधिक सहयोग, प्रचार-प्रसार आदिबाट चलेको छ र यी अवसरहरूमा सहभागी बन्न आश्रमले संस्कृत र संस्कृतिप्रेमी दानवीर, विद्यावीर, उदारमना भक्तजनहरूमा हार्दिक अनुरोध गरेको छ। गत वर्ष झन्डै यही महिनामा यस आश्रम र गुरुकुलका स्वप्नद्रष्टा सन्त शिरोमणि श्री १००८ डा. स्वामी रामानन्द गिरिको असामयिक ब्रह्मलोक प्राप्तिबाट संस्थालाई अपूरणीय क्षति भएको कुरा समस्त विद्वज्जन एवं सन्तहरूमा अवगत नै छ। साथै यस वर्षदेखि यस आश्रमको रजत वर्ष महोत्सव पनि चलिरहेको हुँदा यसका लागि युवा एवं जागरुक सन्त श्री १००८ स्वामी रमणानन्द गिरिले पीठाधीश एवं श्री १००८ स्वामी मधुसूदनानन्द गिरिले संरक्षक पद सम्हालेपछि मेची-महाकाली जागरण अभियानयात्रा सञ्चालन, अभिभावक सम्मेलन, पूर्व छात्र सम्मेलन, विद्वत्सम्मेलन एवं गुरुस्मृति महोत्सव, कवि सम्मेलन एवं गुरुस्मृति महोत्सव, देवघाट, काठमाडौं, पोखरा आदि आश्रमहरूमा भव्य एवं सभ्य रूपमा सम्पन्न गरिसकेको छ भने आजदेखि प्रारम्भ भएको दुई दिवसीय सन्त सम्मेलन एवं प्रथम गुरुस्मृति महोत्सवले पनि सन्त-संस्कार, धर्म, दर्शन, अध्यात्म, भक्ति र सत्सङ्ग एवं शास्त्रीय चर्चा-परिचर्चा तथा संस्कृत र संस्कृतिको विकास-सन्दर्भका कथा-प्रसङ्गबाट पनि आश्रमको यत्किञ्चित् लक्ष्यभेदन भएको अनुभूति नभइछोड्ने छैन। रजत जयन्ती सम्बद्ध अन्य महत्त्वपूर्ण कार्यक्रम यस वर्षभरि नै चल्ने छन्। शाङ्करवेदान्तमा आचार्य भई जनकदर्शन विषयमा त्रि.वि. बाट २०४१ मा विद्यावारिधि गरी अनेकौं मान-सम्मान र पुरस्कार प्राप्त डा. स्वामी रामानन्दबाट 'जनकदर्शन' (२०५०), 'माण्डुक्यकारिका' (२०५१), 'रामगीता' नेपाली व्याख्या (२०५४), 'श्रीमद्भागवत' रामानन्द टीका आठ भाग, 'देवीगीता' नेपाली अनुवाद, 'शिवमहिम्नस्तोत्र' नेपाली अनुवाद एवं विशेष व्याख्या, 'दुर्गा सप्तशती' नेपाली अनुवाद, 'श्रीमद्भगवद्गीता' नेपाली अनुवाद प्रभृति ग्रन्थ लेखिएका छन् भने आश्रमबाट 'रुद्राष्टाध्यायी', 'शिवमहिम्नः स्तोत्रम्' (२०५२- व्याख्याकार डा. गुरुप्रसाद सुवेदी) आदि ग्रन्थ प्रकाशित भई समाजमा धार्मिक-आध्यात्मिक ज्ञान सञ्चार गर्ने कार्यहरू निरन्तर चलिरहेका छन्।

स्वामी प्रपन्नाचार्यले भगवान् ऋषभदेव, भगवान् महावीर जस्ता जैनाचार्यलाई नेपालका हुन् भनेका छन् भने जैनमुनि भद्रबाहुलाई नेपालमा आई तपस्या गरेको ठहर गरेका छन्। यसै गरी बुद्धका परम भक्त तथा शुद्धोदनका कान्छा भाइ अमृतोदनका छोरा आनन्द केही समय गुरु पद्मसम्भव नेपालमा रहेका थिए भने नाथ सम्प्रदायका सिद्ध मत्स्येन्द्रनाथ तथा उनका शिष्य 'सिद्धसिद्धान्तपद्धति' ग्रन्थका रचयिता महासिद्ध गुरुगोरखनाथ, सिद्ध रत्ननाथ, सिद्ध भगवन्तनाथ, मक्खनचोर बाबा, डा. रामनाथ अघोरी, सङ्गीत गुरु योगी वसन्तनाथ, कैलास पर्वत, शिवपुरीबाबा, स्वामी गोविन्दानन्द भारती, सतासीधाम झापाका सिद्धेश्वर गिरि बाबा, पूर्णदेवारण्य स्वामी महाराज, इलाम मङ्गलबारका बालागुरु भक्तगिरि, महाभक्तिनी योगेश्वरी अञ्जनादेवी (खरसाङ), भारतबाट नेपाल आई खप्तडलाई साधनास्थल बनाउने एम.बि.बी.एस डाक्टर र अनेक धार्मिक आध्यात्मिक ग्रन्थका रचयिता सन्त खप्तडबाबा, आर्यसन्न्यासी माधवानन्दजी (माधवराज जोशी), चखन्ची बाजे महात्मा चिरञ्जीवी पौडेल (सुखार्णव, सुखसागर, प्रेमसागर, वेलेपात्रो, कोकशास्त्र, शालीहोत्र प्रभृति ग्रन्थकार) जनकपुर राम मन्दिरका राम गिरि बाबा, वासुकी ब्राचारीका शिष्य वेदान्तविद् गोपालानन्द ब्रह्मचारी, इलामका स्वामी कृष्णानन्द गिरि (नृसिंह भक्त राजलवट), सरस्वती अखडा स्वयम्भूका संस्थापक सिद्ध गुरुङबाबा हरिराम गिरि, स्वर्गद्वारी महाप्रभुका गुरु स्वामी सच्चिदानन्द गिरि

महाराज, स्वामी मीनानन्द सरस्वती (मीनबहादुर राणा), जङ्गबहादुर राणाका गुरु सिद्धबाबा अमर गिरि, वासुकी ब्राचारीका शिष्य बाबा श्यामचैतन्य पुरी, लमजुङमा २००६ मा हलोकाण्ड रच्न प्रेरित गर्ने वेदान्त बागीश स्वामी तारानन्द गिरि (तोयनाथ अधिकारी), अछाममा बसी महिला शिक्षा दिने केवलानन्द दण्डी स्वामी, परमपूज्य स्वामी नरहरितीर्थ (नरहरि ढुङ्गाना), करफोक स्वामीका शिष्य स्वामी आनन्दानन्द गिरि, गीता प्रचारक स्वामी ईश्वरानन्द गिरि (प्रथम नेपाली महामण्डलीश्वर), शङ्कराचार्य मठ, पशुपति र कपिलेश्वर मठका महन्त श्री १०८ स्वामी प्रकाशानन्द पुरी, वेदान्तका प्रखर वक्ता स्वामी देवानन्द गिरि, चारै वेदका विशिष्ट व्याख्याता स्वामी सच्चिदानन्द पुरी (ललिताप्रसाद धिताल, खोटाङ), ब्रह्मगायत्रीका उपासक धनकुटे महाराज (पं. बालकृष्ण सुवेदी), नदीपुर पोखरामा शिवालय बनाई त्यहीँ संस्कृतको अध्यापन गर्ने स्वामी रामेश्वरानन्द गिरि, कोशी किनार चतरा मठका महन्त परमसिद्ध औलियाबाबा, भारतीय महामण्डलीश्वर जयन्द्र पुरीका शिष्य नव्य न्यायाचार्य-शाङ्कर वेदान्ताचार्य गुरुङबाबा स्वामी शान्ति गिरी (कास्की धम्पुस-झगडे गाउँ-घोताने गुरुङ), स्वर्गद्वारी महाप्रभु हंसानन्दका शिष्य ब्रह्माभ्यासानन्द गिरि (पाँचथरका ओझा ब्राह्मण), महामुनि जोसमणि, जोसमणि सिद्ध सन्त अभयानन्द (फूल जर्नेल रणवीरसिंह थापा), रेसुङ्गाका महाप्रभु जोसमणि स्वामी यदुकानन्द सद्ब्रह्म, दिलदास, स्वामी अगम दिलदास, जोस्मणि अखड दिलदास, जोस्मणि नारायणदास राई (पाँचथर-इम्सावा), महाप्रभु ज्ञानदिलदास (जोसमणि सम्प्रदायका आद्यप्रवर्तक), समाज सुधारक कवयित्री जोस्मणि शक्तिमाता योगमाया, महागुरु मधुनन्द, महाप्रभु फलगुनन्द सत्यहाङमा, सुनुवार बाबा, साधु अगमदिलदास, महाप्रभु ज्योतिनन्द, गायत्री विद्याका सिद्ध उपासक परम तपस्वी हिलेबाबा, सिद्ध नटेश्वरी बाबा, सिद्ध चण्डेश्वर बाबा, सिद्ध क्याप्टेन बाबा, सिद्ध चिलिमे बाबा, सिद्ध कयरे बाबा, परम सिद्ध डन्डेबाबा, सिद्ध सिलवाल बाबा, वेणु महाराज, नेपाली स्वामी शिव शर्मा सूरि (वसन्तपुर, तनहुँ), महाभागवत वीरशाली पन्त, योगीराज कमलनयनाचार्य (इलाम, मामचोक), हयग्रीव रामानुज श्री १०८ स्वामी दामोदर प्रपन्नाचार्य (काले राईका गुरु), महन्त पूर्णदासजी महाराज (पशुपति भस्मेश्वर अखडा), त्रिदण्डी स्वामी चतुर्भुज प्रपन्नाचार्य (प्रेम राई-स्वामी प्रपन्नाचार्यका चेला), आचार्य भगवच्छरण देव (केलादीघाटमा निम्बार्काश्रम, गौशाला धर्मशाला र संस्कृत विद्यालयका संस्थापक), बाबा नरहरिदास (तुलसीदासका गुरु), सूरकिशोरदास महाराज (जानकी मन्दिरका महन्त), शिक्षाप्रेमी मिर्चैया बाबा, अलेख बाबा सन्त पहलमान सिंह कार्की (धनकुटा, कटहरे), महामण्डलीश्वर सत्यदेव किराती, प्रेमचैतन्य ब्रह्मचारी (कास्की चिसाखोला, ब्रह्मचर्याश्रम), अनुराग साहब पहिलो नेपाली कविरपन्थी, नेपाली भाषामा 'बीजक' को पहिलो अनुवादक तथा अनेक ग्रन्थका लेखक आज्ञा साहब (लीलाबहादुर थापा-बानेश्वर कवीर आश्रम), धर्मदासजी महाराज प्रणामी (प्रणामी सम्प्रदायका प्रथम महन्त), प्राणनाथका प्यारा मङ्गलदास, मोहन मुकुन्द ब्रह्मचारी (नेपाली भाषामा प्राणनाथको वाणीको पहिलो अनुवादक), आफ्नै घरमा पाठशाला खोल्ने स्वामी ज्ञानानन्द पुरी (भोलानाथ पौडेल, ललितपुर-लुभु लामाटार, ठूलाघर), स्वामी सच्चिदानन्द पुरी (खोटाङ-चिसापानी, बस्नेत जसले पशुपति साङ्गवेद विद्यालय प्रगतिनगरमा स्थापना गरेर पूर्वमध्यमा सम्मको पठन-पाठन गराएका छन् ।) गृहस्थ सन्तशिरोमणि आचार्य खेमराज केशवशरण (शरणागति आश्रम, देवघाटमा संस्कृत विद्यालयको स्थापना र सञ्चालन, केही समयपछि बन्द), स्वामी भागवतानन्द गिरि (गुल्मी-मानकोट, जसले भागवत सन्न्यास आश्रम, पशुपति राममन्दिरमा खोली १०० विद्यार्थीलाई भोजन, आवास र संस्कृत पठन-पाठन गराएका छन्), जगदाचार्य नेपाली बाबा, तेजोनाथ (मेची-महाकाली र हिमाल-तराईका पदयात्री, विन्ध्यवासिनी आध्यात्मिक सङ्घका संस्थापक) महामण्डलीश्वर स्वामी पुण्यानन्द

गिरि (ओखलढुङ्गा, पुण्यप्रसाद पौडेल, विश्वनाथ बालगोविन्द सन्न्यास आश्रम, शिवघाट चितवन), पाल्पाको अर्घौं-अर्चलेमा संस्कृत विद्यालय सञ्चालन प्रारम्भ गर्ने महाप्रभु थानेश्वर (पन्थ, गुल्मी, दिगाम), योगपीठ र दिव्य आयुर्वेदका सञ्चालक आचार्य बालकृष्णले पतञ्जली (स्याङ्जा, सुवेदी थर), गैंडाकोटमा स्वामी नारायणाचार्यद्वारा गुरुकुलीय पद्धतिमा रामानुज वेदवेदाङ्ग विद्यालय राधाकृष्ण मन्दिरअन्तर्गत तथा प्रा. हरिशरण उपाध्यायद्वारा प्रतीक वृन्दावनअन्तर्गत संस्कृत गुरुकुल सञ्चालन प्रभृति हजारौँ ज्ञात-अज्ञात साधुसन्त र महात्मा महन्तहरूले गर्दा नेपाल धरणी सत्पुत्रवती र सत्संस्कृतिवती भएको कुरामा शङ्का रहँदैन ।

संस्कृत भाषाको ज्ञान प्रत्येक आधुनिक अत्याधुनिक वा प्राचीन अर्वाचीन विषयविज्ञहरूलाई हुनु आवश्यक छ। इतिहास, नृवंशशास्त्र, अर्थशास्त्र, धर्मकर्म, षड् आस्तिक दर्शन, षड् नास्तिक दर्शन, योगशास्त्र, आयुर्वेद, गणित, भाषा-साहित्य, संस्कृति, समाजशास्त्र मात्र होइन व्याकरण, ज्योतिष, छन्द, कल्प शिक्षा, निरुक्तजस्ता जुनसुकै विषय पनि आफ्ना सीमा-परिधिमा विशिष्ट किसिमका छन्। यसैले आधुनिक-अत्याधुनिक विषय र भाषाविज्ञानहरूसँग तुलनात्मक अध्ययन हुन सक्ने देखिन्छन्। साधुसन्तहरूको सौजन्य, त्याग-तपस्याबाट समाजले के बुझ्नु जरुरी छ भने नेपालका आधिकारिक सरकारी स्वामित्वमा रहेका संस्थानहरूले गर्न नसकेको कार्य गरेर देखाउने सन्तहरू महान् छन्, धन्य छन्। सरकारी संस्कृत माध्यमिक विद्यालय सरकारले नै चलाओस्, संस्कृत विश्वविद्यालय आफ्नै नीतिनियमका आधारमा चलोस् तर साधु-सन्तहरूले एकपटक सञ्चालन भएर बन्द भएका आश्रम र संस्कृत गुरुकुलहरूको पुनः सञ्चालनका लागि सन्त-महन्तहरूले पहल गर्नुपर्दछ। चलिरहेका गुरुकुल सुदृढ होऊन्। यसका लागि उदार सरकारी नीति आवश्यक हुनुपर्छ र बाधा-अड्चन हटाइनुपर्छ। आश्रमका सञ्चालक साधु-सन्तहरूले पनि वर्तमानमा अत्यावश्यक इतिहास, समाजशास्त्र, गणित, अर्थशास्त्र, अङ्ग्रेजी भाषा तथा कम्प्युटर जस्ता विषय एवं ज्योतिष, कर्मकाण्ड र वास्तुशास्त्र, आयुर्वेदशास्त्र समावेश गरी विषयमैत्री पाठ्यक्रम तयार गरी गुरुकुलहरूलाई प्राचीन शैलीमा अत्याधुनिक विषयसमेत पढाएर वर्तमान पुस्तालाई समसामयिक बन्ने विद्याध्यापन गराएर संस्कृत पढ्ने विद्यार्थीहरूको मनोबल उच्च गराउन सक्नु पर्छ, हीनताभासको आभास हुने अवसर सदाका लागि अन्त्य गर्नुपर्दछ। राष्ट्र, राष्ट्रियता र राष्ट्रिय संस्कृतिलाई जाज्वल्यमान बनाउनु तथा नैतिकवान्, सदाचारी र कर्मठ तथा सुयोग्य जनशक्ति उत्पादन गर्न सन्तहरूको गौरवमय भूमिका हिजो थियो, आज छ र भोलि झन् बढी रहनुपर्छ, यसतर्फ यस गोष्ठीले गम्भीर चिन्तन गर्नुपर्छ किनकि सन्तहरू नै नेपाली संस्कृतिका धुकधुकी हुन्¦ संस्कृत वाणीका जीवन्त मुटु हुन्¦ धर्म-अध्यात्मका संवाहक हुन्¦ शास्त्रीय संस्कारका धरोहर हुन्¦ आर्य सभ्यताका प्रतीक हुन्। अतः प्रत्येक आश्रम, गुरुकुलहरूमा आधुनिक, अत्याधुनिक सुविधासम्पन्न पुस्तकालय हुनुपर्छ, जहाँ संस्कृतमा रहेको ज्ञान-विज्ञान, धर्म-दर्शन जीवनोपयोगी विषयहरूमा गम्भीर अनुसन्धान-गवेषणाको समुचित व्यवस्था हुनुपर्छ र नयाँ पुस्तालाई सुसंस्कृत, सुसभ्य र सुयोग्य बनाई राष्ट्र सेवामा समर्पित गर्न-गराउन सविनय हार्दिक अनुरोध गर्दै समाप्तिको आज्ञा माग्नु जरुरी हुन्छ। जय संस्कृत वाङ्मय।

सन्दर्भसामग्रीसूची

- आचार्य,जयराय(२०६९),नेपालमासंस्कृत,सिम्पानीको आलोक, चितवन-नवलपरासी : तनहुँ-सिम्पानी खनाल समाज (पृ. १८-२२)।
- कण्डेल, जगन्नाथ शर्मा (२०५६), स्वामी परमानन्द गुरु स्मृति ग्रन्थ, तनहुँ : हरिहर सन्न्यास आश्रम।
- गौतम, माधवराज - संयोजक (२०६५), महामना हरिहर गौतम स्मृतिग्रन्थ, काठमाडौं : दधिराम मरासिनी स्मृति प्रतिष्ठान।

- ढकाल, वेणीमाधव (२०७१), स्वर्गद्वारी के महाप्रभु, द्वितीय संस्करण, प्यूठान : स्वर्गद्वारी आश्रम।
- देवकोटा, देवमणि (२०७१), नेपाल संस्कृत विश्वविद्यालयको इतिहास, बुटवल : ऋषिराम ज्ञवाली।
- पोख्रेल, नुरापति (२०७३), महामना ईश्वरानन्द ब्रह्मचारी (गलेश्वर बाबा) र वेदवेदाङ्ग विद्यालय, स्वर्ण स्मारिका, तनहुँ : गलेश्वर आश्रम (पृ. २६-३६)।
- प्रपन्नाचार्य, स्वामी (२०६२), मिल्केका झिल्का, पाँचथर : किराँतेश्वर प्रकाशन।
- वैद्य, गोपाल 'किञ्जल्क' (२०६०), सूक्तिमुक्ताहार (अनुवाद), कास्की : अनिल वैद्य।
- सुवेदी, गुरुप्रसाद (२०७३), नेपालको संस्कृत शिक्षा र सन्तहरूको योगदान, स्वर्ण स्मारिका, तनहुँ : गलेश्वर आश्रम।

विद्यावारिधि, प्राध्यापक (अ.प्रा.)

त्रि.वि.

(महेश संन्यास आश्रमद्वारा २०७५ श्रावण २५-२६ गते आयोजित सन्त सम्मेलनमा प्रस्तुत विचारपत्र)

***

गुरुकुल शिक्षाको समृद्धिका लागि सन्त–मनीषीहरूको मार्गदर्शन

– डा. मतिप्रसाद ढकाल

१. पृष्ठभूमि

जसले ज्ञान दिन्छन्, जसले अज्ञान नष्ट गरिदिन्छन्, जसले शास्त्रको बोध गराउँछन्, जसले ज्ञानको प्रकाश फैलाउँछन्, जसले धर्मादिको उपदेश दिन्छन् र जो देव, मनुष्य आदिद्वारा स्तुति गरिन्छन् भन्ने अर्थमा सेचनार्थक, निगरणार्थक, विज्ञानार्थक र शब्दार्थकमा ह्रस्वान्त तथा दीर्घान्त 'गृ' धातुदेखि उणादि 'कु' प्रत्यय भई धातुका ऋकारका स्थानमा उकार अन्तादेश र रपरत्व भएर गुरु शब्दको निर्माण हुन्छ (बराल, २०६८ : २५०)। 'गु' शब्दले अन्धकार र 'रु' शब्दले प्रकाश अर्थ दिन्छ। त्यसैले अन्धकारबाट प्रकाशतिर लैजाने व्यक्तिलाई 'गुरु' भनिएको हो। गुरुको कुल, वंश वा आश्रमलाई 'गुरुकुल' भनिन्छ। गुरुको घर, परिवार, परम्परा र ज्ञानप्रवाहलाई पनि गुरुकुल भनेर चिनिन्छ। देवराज इन्द्र, भगवान् राम, कृष्ण आदिका पालादेखि ऋषि-महर्षिकै आश्रममा प्रदान गर्न थालिएको परम्परागत शिक्षालाई गुरुकुल शिक्षा भनिन्छ। जन्मकुलमा पहिलो पटक जन्मिएको बालक गुरुकुलमा आएर दोस्रो पटक जन्मिने भएकाले गुरुकुलका विद्यार्थीमा द्विजत्व रहन्छ। आधुनिक समयमा गुरुकुल शिक्षाको परम्परामा क्रमशः ह्रास आउन थालेको हुँदा यसको समृद्धि वा पुनर्जागरणका लागि सन्त-मनीषीहरूको मार्गनिदर्शन अपरिहार्य रहेको छ।

महेश सन्न्यास आश्रम एवं महेश संस्कृत गुरुकुलका संस्थापक तथा अन्य स्वामीभन्दा भिन्न प्रवृत्तिका सन्तशिरोमणि श्रद्धेय ब्रह्मलीन गुरुवर श्री १००८ डा.स्वामी रामानन्द गिरिजी महाराजको प्रथम पुण्यस्मृति एवं गुरुकुल आश्रमको रजतवर्ष महोत्सवको पावन अवसरमा आयोजित द्विदिवसीय सन्तसम्मेलन एवं प्रथम गुरुस्मृति महोत्सव २०७५ अन्तर्गत कार्यपत्र प्रस्तुति एवं विमर्श विषयक प्रथमदिसीय कार्यक्रमका सन्दर्भमा गुरुकुल शिक्षाको परम्परा, आधुनिक शिक्षासँग यसको तुलना, गुरुकुल शिक्षाको ह्रास हुनुका कारण र समृद्धिका सम्भाव्य उपायहरूका बारेमा यहाँ सङ्क्षिप्त प्रकाश पार्ने प्रयत्न गरिएको छ।

२. गुरुकुल शिक्षाको परम्परा

शिक्षाको प्रारम्भ भगवान् शिवबाट भएको हो भने गुरुकुल शिक्षाको श्रीगणेश गुरु बृहस्पति र शिष्य इन्द्रबाट भएको पाइन्छ। गुरुकै घरमा वा आश्रममा बसेर पढ्ने 'गुरुकुल', विशेषज्ञद्वारा शिक्षा दिइने 'परिषद्' र ठूलठूला सम्मेलनमा प्रवचनका माध्यमद्वारा शिक्षा दिइने 'तपस्थली' गरी प्राचीन समयमा तीन प्रकारका गुरुकुलको व्यवस्था थियो। प्राचीन कालमा बृहस्पतिपछि शुक्राचार्य, धौम्य, महर्षि कण्व, वशिष्ठ, विश्वामित्र, भारद्वाज, जमदग्नि, परशुराम, वाल्मीकि, अगस्त्य, गौतम, गर्ग आदिका गुरुकुल थिए र प्रत्येक गुरुकुलका भिन्नाभिन्नै विशेषता थिए। विश्वामित्रको गुरुकुलमा परमाणु हतियारको अनुसन्धानसम्बन्धी पढाइ हुन्थ्यो भने वशिष्ठको गुरुकुलले शास्त्रमा बढ्ता जोड दिनाका साथै अस्त्रशस्त्र सञ्चालनमा विद्यार्थीलाई दक्ष बनाउँथ्यो। भारद्वाजको गुरुकुल कृषि अनुसन्धानमा आधारित थियो भने अगस्त्यको गुरुकुलले नौसेनाका क्षेत्रमा नवीन आविष्कार गर्दथ्यो। गुरुकुलको आर्थिक व्यवस्था राज्यद्वारा नभई समाजद्वारा हुने भएकाले गुरुकुलहरू स्वायत्त थिए। यथासम्भव सर्वगुणसम्पन्न मानव निर्माण गर्नु गुरुकुलको उद्देश्य हुन्थ्यो। गुरुकुलबाट नै सह नाववतु, सह नौ भुनक्तु..., संगच्छध्वं संवदध्वं... को भावना विकसित हुन्थ्यो।

नेपालमा शशिधर मरासिनी, बालगुरु षडानन्द, कर्पोक स्वामी, स्वर्गद्वारी महाप्रभु, योगी नरहरिनाथ, धनकुटे ब्रह्मचारी महाराज, भगवच्छरण देवाचार्य,

स्वामी नारायणानन्द गिरी, स्वामी परमानन्द सरस्वती, पं.कमलकान्त सुवेदी, डा.स्वामी रामानन्द गिरि, स्वामी आत्मानन्द गिरी, स्वामी ज्ञानानन्द सरस्वती, स्वामी सच्चिदानन्द पुरी, आचार्य खेमराज केशवशरण, स्वामी देवराजाचार्य, स्वामी कमलनयनाचार्य, प्रा.हरिशरण उपाध्याय, प्रा. जगन्नाथ शर्मा कँडेल, बालसन्त स्वामी मोहनशरण देवाचार्य आदि सन्त-मनीषीहरूद्वारा प्रवर्तित तथा सञ्चालित ब्रह्मचर्याश्रम तथा गुरुकुलहरूले गुरुकुल शिक्षा पद्धतिको परम्परालाई विगतदेखि वर्तमानसम्म कायम राख्तै आएका छन् ।

३. गुरुकुल शिक्षा र आधुनिक शिक्षा

बोर्डिङ स्कुल र निजी कलेजमात्र होइन संस्कृत वा साधारण मावि, संस्कृत विश्वविद्यालय वा अन्य विश्वविद्यालयमा पढाइने लर्ड मेकाले पद्धतिमा आधारित शिक्षालाई आधुनिक शिक्षा भनिन्छ भने सन्त-मनीषीहरूको संरक्षकत्वमा सञ्चालित, चौबीसै घण्टा छात्रहरू गुरुहरूको प्रत्यक्ष वा अप्रत्यक्ष निगरानीमा रहने र पाठ्यक्रमले तोकेको विषय वा क्षेत्रभन्दा अतिरिक्त ज्ञान पनि आर्जन गर्ने वातावरण भएको आवासीय विद्यालय वा आश्रममा पठनपाठन हुने शिक्षालाई गुरुकुल शिक्षा भनिन्छ । प्राचीन गुरुकुलका तुलनामा परिवेश, भाषा, विषय, सन्दर्भ र मनोभाव बदलिए पनि वर्तमानमा सञ्चालित केही प्रतिनिधिमूलक गुरुकुलले केही न केही मात्रामा प्राचीन गुरुकुलकै आदर्शलाई वहन गर्दै आएका छन् । दुवै पद्धतिका तुलनात्मक विशेषता वा कमजोरीहरू यसप्रकार छन् :

क्र.सं.	आधुनिक शिक्षा	गुरुकुल शिक्षा
१.	बाह्य आडम्बरमा जोड दिइने ।	चरित्र निर्माणमा जोड दिइने ।
२.	बाह्य प्रतिभा उजागर हुने ।	आन्तरिक प्रतिभालाई उजागर गर्ने वातावरण प्राप्त हुने ।
३.	ईटा बनाउने साँचोमा माटो ढालेर ईटा बनाएझैँ एउटा विषयमा मात्र एकमुखी व्यक्तित्वको विकासमा ध्यान दिइने ।	एकोहोरो पढाइमा मात्र जोड नदिएर पढाइ र गराइको तालमेल मिलाई बहुमुखी व्यक्तित्वको विकासमा ध्यान दिइने ।
४.	राजनीतिक वा वैयक्तिक हस्तक्षेपले आक्रान्त ।	राजनीतिक वा वैयक्तिक हस्तक्षेपबाट पूर्णतः मुक्त ।
५.	घरआँगनमा रोपिएका र काँटछाँट गरिने रूख–बिरुवाजस्तो कृत्रिम ।	वनमा स्वतन्त्ररूपमा पलाएका गगनचुम्बी रूख, बिरुवा र जडिबुटीजस्तो प्राकृतिक ।
६.	मिनेट, घण्टा, महिना र वर्षमा सीमित भएको पढाइ ।	कुनैपनि समयसीमा नतोकिएको उन्मुक्त पढाइ ।
७.	कुन विषय पढ्दा कत्तिको व्यापार हुन्छ ? भन्ने सोच राख्ने ।	वास्तविक ज्ञान बाँड्ने ठाउँ कहाँ भेटिएला ? भन्ने सोच राख्ने ।
८.	आफूले प्रयोग गर्ने र बजारमा बेच्ने सामानमा भिन्न गर्न प्रेरित गर्ने ।	आफूले जे प्रयोग गरिन्छ अरुले पनि त्यही प्रयोग गरुन् भन्ने भावना राख्ने ।
९.	चेलासँग गुरुले जित्न खोज्ने ।	चेलासँग गुरुले हार्न चाहने ।
१०.	थोरै पढ्दा आफ्नो गाउँ र धेरै पढ्दा स्वदेश छाड्न बाध्य बनाउने ।	जतिसुकै पढे पनि आफ्नो गाउँ र स्वदेशमा रहेर सेवा गर्न प्रेरित गर्ने ।
११.	यन्त्रवत् रूपमा पठन–पाठन हुने ।	पारिवारिक वातावरणमा पठन–पाठन हुने ।
१२.	प्रतिस्पर्धात्मक भावनाको विकास हुने ।	समन्वयात्मक भावनाको विकास हुने ।
१३.	स्वार्थी व्यक्तित्वको निर्माण हुने ।	परोपकारी र सामाजिक व्यक्तित्वको निर्माण हुने

१४.	नोकर बनाउने हुँदा आजीविकाका लागि भौंतारिनुपर्ने ।	स्वरोजगार वा मालिक बनाउने भएकाले आजीविकाका लागि भौंतारिन नपर्ने ।
१५.	समाजमा पढेर क्रंक्रिट जंगलमा एक्लिन बाध्य बनाउने ।	वनका वा नदीकिनारका आश्रममा पढेर समाजमा बाँच्न सिकाउने ।
१६.	वासनाश्रयका कारण कमजोर हुने ।	ब्रह्मचर्याश्रमको संरक्षणका कारण ऊर्जावान् हुने ।
१७.	दिने भन्दा बढ्ता पाउने अपेक्षा राख्न सिकाउने ।	लिने भन्दा बढ्ता दिन सिकाउने ।
१८.	प्रायः सबै शिक्षण संस्थामा एकै किसिमको पाठ्यक्रम हुने ।	प्रायः प्रत्येक गुरुकुलमा भिन्नाभिन्नै किसिमको पाठ्यक्रम पठनपाठन हुनसक्ने ।
१९.	तिर्खा लाग्नेकहाँ खोलो धाउने वा विद्यार्थीकहाँ गुरु धाउने परम्परा ।	तिर्खा लाग्नेले खोलो धाउने वा गुरुकहाँ विद्यार्थी धाउने परम्परा ।
२०.	स्नातकोत्तर पूरा गर्दा पनि केवल विद्यार्थी हुने ।	माथिल्लो तहका वा पुरानाले तल्लो तहका वा नयाँ विद्यार्थीलाई पढाउँदै जाने परम्पराको विकास हुने भएकाले स्नातकोत्तर तह पूरा गर्दा एउटा विद्यार्थी गुरु भएर निस्कने ।
२१.	व्यक्ति वा सरकारको अधीनमा रहने ।	सहायता जताबाट मिले पनि गुरुकुलहरू स्वाधीन हुने ।
२२.	दीक्षान्त समारोहरूको आयोजना गरिए पनि विद्यार्थीले व्यवहारोपयोगी दीक्षा नपाउने ।	विद्या र व्रतका स्नातकलाई गुरुले *सत्यं वद, धर्मं चर, स्वाध्यान्मा प्रमद, देवपितृकार्याभ्यां न प्रमदितव्यम्, मातृदेवो भव, पितृदेवो भव, अतिथिदेवो भव* आदि व्यवहारोपयोगी दीक्षा दिएर विद्यार्थीलाई बिदाइ गर्ने ।
२३.	'विद्या ददाति विनयं' को आदर्श प्रायः सबै विद्यार्थीको व्यवहारमा भेट्न गाह्रो हुने ।	'विद्या ददाति विनयं'को आदर्श प्रायः सबै विद्यार्थीको व्यवहारमा भेट्न सकिने ।
२४.	विद्यालाई परिपक्व बनाउने चार चरणहरू पूरा गर्ने वातावरण प्रायः उपलब्ध नहुने ।	'चतुर्भिः प्रकारैर्विद्योपयुक्ता भवति— आगमकालेन, स्वाध्यायकालेन, प्रवचनकालेन व्यवहारकालेन च' को वातावरण प्रायः उपलब्ध हुने ।
२५.	धनाढ्य र गरिबका सन्तान पढ्ने शिक्षण संस्थाले गर्दा शिक्षामा विभेद हुने ।	राजपुत्र र जनतापुत्र वा धनाढ्य र गरिबका सन्तान एउटै शिक्षणमा पढ्ने भएकाले शिक्षामा समानता हुने ।
२६.	'सर्वस्व अहम्' को स्वार्थी भावनाको विकास हुनाले सांसारिक दुःखहरूमै रुमलिइरहनु पर्ने ।	'इदं न मम' को समर्पणभाव उदय हुनाले ज्ञानबाट मुक्ति मिल्ने ।

४. गुरुकुल शिक्षाको ह्रास हुनुका कारणहरू

आधुनिक शिक्षा पद्धतिको सर्वत्र विकास र विस्तार हुँदै जान थालेपछि गुरुकुल शिक्षाको क्रमशः ह्रास हुन थालेको हो । वर्तमानमा देखिएका विभिन्न समस्याको मूल नै आधुनिक शिक्षा प्रणाली हो । हिजोका 'नास्ति विद्यासमं चक्षुः', 'सा विद्या या विमुक्तये' जस्ता आदर्शहरू आज हराएका छन्, जसले गर्दा आज आधुनिक शिक्षा पढेर पनि हामीले विद्यारूपी आँखा पाउन सकेका छैनौं । विद्या बजारमा बन्द छ, धनको बन्धनमा छ र शासनको नियन्त्रणमा छ । त्यसैले आजको विद्याले हामीलाई मुक्ति दिन सकेको छैन, बन्धनभित्रै राखिरहेको छ । आँखा नपाएर बन्धनभित्रै बाँधिए पनि मदिराको नसाले लठ्याएझैं

लठ्ठिएर वर्तमान त्यसमै रमाएको छ तर हाम्रो समाजमा त्यसरी नलठ्ठिनेहरू पनि छन् र जो अत्यन्त चिन्तित पनि छन्। तिनै केही व्यक्तिहरूभित्र सन्त-मनीषीहरू र तिनका अनुयायीहरू पर्दछन्, जसलाई गुरुकुल शिक्षा ह्रास हुनुका कारणहरूले बारम्बार आकृष्ट गरिरहेको छ र तिनको निराकरणका लागि उनीहरू सदैव क्रियाशील रहँदै आएका छन्।

५. गुरुकुल शिक्षाको समृद्धिका उपायहरू

आधुनिक शिक्षा पद्धतिबाट आज किन अधिकांश व्यक्तिहरू सन्तुष्ट छैनन् ?, शिक्षित व्यक्ति आज किन सुसंस्कृत छैनन् ?, हामीले देश छाड्ने विद्यार्थी किन उत्पादन गरिरहेका छौं ? यी र यस्तै प्रश्नहरूले हामीलाई गुरुकुल शिक्षाप्रति आकृष्ट गर्छ र गुरुकुल शिक्षाको समृद्धिका लागि चिन्तनशील हुन हामी बाध्य हुन्छौं। गुरुकुल शिक्षाको समृद्धिका लागि निम्नलिखित केही उपायहरू अवलम्बन गर्न सकिन्छ :

(क) शिक्षालयलाई प्रथमतः विभिन्न किसिमका बन्धनहरूबाट मुक्त गरी स्वतन्त्ररूपमा सञ्चालन गर्नुपर्छ।

(ख) देशका विभिन्न ठाउँहरूमा गएर सन्त-मनीषीहरूले गुरुकुल शिक्षा प्रणालीको महत्त्व बताउँदै स्थानीय जनताकै अग्रसरतामा वागीश्वरीजस्ता अरण्यप्रदेशमा वा देवघाटजस्ता नदीकिनारमा गुरुकुल विद्यालयहरूको स्थापना र सञ्चालन गर्न प्रेरित गर्नुपर्छ।

(ग) महेश संस्कृत गुरुकुलम्, परमानन्द संस्कृत गुरुकुलम् जस्ता आदर्श गुरुकुलहरूले यथासम्भव सबै प्रदेशमा आआफना गुरुकुलका एकएक वटा शाखाहरू विस्तार गर्नुपर्छ।

(घ) हाल सञ्चालित सबै गुरुकुलहरूको रक्षात्मक तथा पोषणात्मक वातावरण मिलाउनुपर्छ।

(ङ) देशभरका शतप्रतिशत विद्यार्थीलाई सम्भव नभएकाले ५/१० प्रतिशत विद्यार्थीलाई गुरुकुल शिक्षा पद्धतिद्वारा पढाउने लक्ष्य निर्धारण गर्नुपर्छ।

(च) संस्कृत विश्वविद्यालयअन्तर्गत सञ्चालित केही विद्यापीठ र आवासीय संस्कृत विद्यालयलाई नमुना गुरुकुलमा रूपान्तरण गर्न अग्रसर हुनुपर्छ।

(छ) केही गुरुकुललाई पाठ्यपुस्तक, समयसारिणी, कक्षाकोठा, परीक्षा, सरकारी अनुदान आदिबाट पूर्णतः स्वतन्त्र राखेर नमुनाका रूपमा सञ्चालन गरिनुपर्छ।

(ज) गुरुकुल विद्यालयका प्रमुख पाँच स्तम्भ विद्यार्थी, गुरु, सञ्चालक, अभिभावक र विद्वत्परिषद्लाई सबल बनाउनुपर्छ।

(झ) सबै गुरुकुललाई स्कुलजस्तै एउटै ढाँचामा नढालेर विश्वामित्र, वशिष्ठ आदिका गुरुकुलजस्तै आआफ्नो गुरुकुलको पद्धति वा क्षमताअनुसार सञ्चालन गर्नुपर्छ।

(ञ) कस्तो किसिमको विद्यार्थी उत्पादन गर्ने ? भन्ने बारेमा विचार गरेर प्रत्येक गुरुकुलले आआफ्नै किसिमले पाठ्यक्रम बनाउन पाउने स्वायत्तता दिनुपर्छ।

(ट) एकै पटक गुरुकुलमा प्रवेश पाएका सबै विद्यार्थीलाई यति वर्षमा यस्तो बनाउने भन्ने पूर्वयोजना नबनाएर 'पाठ बुझाए अघि जाने र पाठ नबुझाए पछि नै रहने' परम्पराका आधारमा समयसीमाको बन्धनले नरोकीकन योग्य विद्यार्थीलाई अघि जान दिने व्यवस्था गरिनुपर्छ।

(ठ) हरेक गुरुकुलले एकआपसमा सम्बन्ध स्थापित गर्नका लागि सञ्जाल र आचार संहिता बनाएर एकआपसमा सहयोगको आदान-प्रदान गर्ने वातावरण मिलाउनुपर्छ।

(ड) नेपाल संस्कृत विश्वविद्यालयले गुरुकुल शिक्षा पद्धतिका सन्दर्भमा छुट्टै व्यवस्था गर्न नसक्ने हो भने गुरुकुलको उच्च शिक्षालाई व्यवस्थित गर्न देवघाटमा गुरुकुल विश्वविद्यालय खोल्न अग्रसर हुनुपर्छ।

६. गुरुकुल शिक्षामा सन्त-मनीषीहरूको मार्गदर्शन

गुरुकुल शिक्षाद्वारा योग्य व्यक्तिको निर्माण हुन्छ, योग्य व्यक्तिद्वारा उत्तम कुटुम्बको निर्माण हुन्छ, उत्तम कुटुम्बद्वारा सच्चरित्रवान् समाजको निर्माण हुन्छ, सच्चरित्रवान् समाजद्वारा असल राष्ट्रको निर्माण हुन्छ र असल राष्ट्रहरूको निर्माणद्वारा 'वसुधैव कुटुम्बकम्'को भावनाले युक्त भएको असल विश्वको निर्माण हुन्छ। त्यसैले गुरुकुल शिक्षाको आवश्यकता देखिएको हो।

गुरुकुल शिक्षाबाट विद्यार्थीको चरित्र निर्माण हुनाका साथै सर्वतोमुखी विकास हुन्छ। यस किसिमको शिक्षाले विद्यार्थी ज्ञानी, गुणी, सक्षम र बुद्धिमान् बन्नेछ। यस शिक्षाले अध्ययनअध्यापनमा गुरुको प्रमुखता स्थापित गर्नेछ भने समाजमा गुरुहरूको गौरवसमेत बढ्नेछ।

भारतमा सन् १८३५ मा बेलायती लर्ड मेकालेले जारी गरेको अंग्रेजी शिक्षा पद्धतिले नेपालमा पनि विशेषतः २०२८ देखि प्रवेश पायो। संस्कृतलाई क्रमशः विस्थापन गर्दै अंग्रेजी र नेपालीमा मात्र पढाउने आधुनिक शिक्षण पद्धति लागू गरिएपछि योगी नरहरिनाथलगायतका सन्त-मनीषीहरू नेपाल संस्कृत विश्वविद्यालय खोल्ने अभियानमा जुट्नुभएको हो। योगी नरहरिनाथको सङ्कल्पले संस्कृत विश्वविद्यालय स्थापना हुन पुगेझैँ सन्त-मनीषीहरूको सङ्कल्प र मार्गनिर्देशन भइरहे नेपालमा विद्यमान गुरुकुलहरूको संरक्षण र संवर्द्धन गर्न तथा थप गुरुकुलहरूको विस्तार हुँदै जानसक्ने सम्भावना देखिन्छ।

सन्त-मनीषीहरूको अभिभावकत्व नपाएका गुरुकुलहरू रुग्ण बन्दै गएका छन् भने अभिभावकत्व पाएका गुरुकुलहरू दिन प्रतिदिन स्वस्थ, सबल र समृद्ध बन्दै गएका छन्। सन्त-मनीषीहरूको छत्रछायामा हुर्किएका गुरुकुलमा सेवारत शिक्षक, कर्मचारी र विद्यार्थी कसैमा पनि संस्थाबाट यति आर्थिक लाभ लिनुपर्छ भन्ने हुँदैन, तलब खान होइन सेवा दिन बसेको हुँ भन्ने त्याग र दानमयी भावनाको विकास हुन्छ।

वर्तमानमा संस्कृत विद्यालयहरू र संस्कृत विश्वविद्यालय सरकारले चलाउँदै आएको छ तर गुरुकुलमा सरकारको आंशिक अनुदानबाहेक सबै व्ययभार जनस्तरबाट नै सङ्कलन गर्नुपर्ने बाध्यता रहेको छ। त्यसैले गुरुकुलहरूलाई व्यवस्थितरूपमा निरन्तर सञ्चालन गरिरहनका लागि सन्त-मनीषीहरूको सक्रियता अपरिहार्य रहेको छ।

संघीयता लागू भएपछि राज्यबाट गुरुकुलको व्यवस्था र सहयोगका सम्बन्धमा अस्पष्टता रहेको परिस्थितिमा जनसहभागिता बढाउन र जनसहयोग जुटाउन सन्त-मनीषीहरू सक्रिय हुनु आवश्यक छ। सन्त-मनीषीको दृष्टि पुगे गुरुकुलहरू राम्रोसँग चल्न सक्छन् र जीवन्त पनि हुन सक्छन्। गुरुकुलको भावी कार्यदिशा तय गर्न सन्त-मनीषीहरूको संरक्षकत्व र मार्गनिदर्शन अत्यावश्यक हुन्छ।

७. उपसंहार

वर्तमानमा अधिकांश सरकारी तथा निजी शिक्षण संस्थाहरूमा आधुनिक शिक्षा पद्धतिद्वारा पठनपाठन हुने भएकाले सन्त-मनीषीहरूको संरक्षकत्वमा सञ्चालित सीमित गुरुकुल शिक्षालाई कसरी संरक्षण र संवर्द्धन गर्ने ? भन्ने विषयमा गम्भीर चुनौतीहरू देखिएका छन्। मेकाले शिक्षा पद्धतिका कारण देखापरेका चुनौती र दुर्दशाहरूको अन्त्य गर्नका लागि गुरुकुल शिक्षाको पुनर्जागरण हुनु आवश्यक छ र त्यसका लागि सन्त-मनीषीहरूको मार्गदर्शन अपरिहार्य

रहेको छ। सन्त-मनीषीहरूको यथोचित मार्गदर्शनमा व्यवस्थितरूपमा सञ्चालित देवघाटका गुरुकुलहरूमा १०० जना विद्यार्थी प्रवेश गर्न लिइने प्रवेश परीक्षामा पूर्व मेचीदेखि पश्चिम महाकालीका ६०० जनासम्म विद्यार्थीहरूको उत्साहजनक सहभागिता देखिँदै आएकाले वर्तमानमा गुरुकुल शिक्षाको पुनर्जागरण हुनुपर्ने कुरामा जनचासो बढ्दै गएको प्रमाणित हुन्छ। सन्त-मनीषीहरू सुतेमा वा मौन रहेमा समाज पनि सुत्ने र मौन रहने भएकाले गुरुकुलप्रति वर्तमानमा देखिन थालेको जनअभिरुचिलाई पूरा गर्न सन्त-मनीषीहरूले समय समयमा यथोचित मार्गदर्शन र संयोजन गर्न अग्रसर हुनुपर्ने आवश्यकता देखिन्छ।

सन्दर्भ कृति-सूची

- बराल, टीकादत्त (सम्पा.), **तत्सम नेपाली व्युत्पत्ति शब्दकोश**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०२८।
- भवालकर, स्मिता र अन्य (सम्पा.), **कनकशृङ्ग** (अन्तरराष्ट्रिय विराट गुरुकुल सम्मेलन स्मारिका), उज्जैन : मध्यप्रदेश शासन संस्कृति विभाग, सन् २०१८ अप्रिल २८—३०।
- शाह, अखिलभाइ उत्तमभाइ, **साबरमती गुरुकुलम्**, अहमदाबाद : हेमचन्द्राचार्य संस्कृत पाठशाला, सन् २०१८ अप्रिल १८।
- सुवेदी, गुरुप्रसाद, **गुरुकुल सन्देश** (वर्ष ७, अंक ६), भक्तपुर : शिक्षा विभाग, गुरुकुल/आश्रम व्यवस्थापन परिषद्, २०७४ गुरुपूर्णिमा।
- सुवेदी, गुरुप्रसाद र अन्य, **स्वर्ण स्मारिका**, तनहुँ : वेद वेदाङ्ग विद्यालय, २०७३ पौष २७।

dhakalmatip@gmail.com

***

गुरुकुलसम्मेलन

महेश संस्कृत गुरुकुल, देवघाटधाम, तनहुँ

२०७५ मङ्सिर १४ र १५ गते

कार्यप्रत्र

१. गुरुकुल- शिक्षाको उद्देश्य र भावी योजना

प्रस्तुति- डा. रुद्रप्रसाद मिश्र (ध्रुवश्री)

टिप्पणी

आचार्य ज्ञानेन्द्र सापकोटा (सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय)

दत्तराज देशपाण्डे (महाराष्ट्र)

गुरुकुल–शिक्षाको उद्देश्य र भावी योजना

- डा. रुद्रप्रसाद मिश्र (ध्रुवश्रीः)

१. पृष्ठभूमि-

देवदेश नेपाल ऋषिमहर्षिहरूको तपोभूमि र ज्ञानभूमि हो। देवतात्मा हिमालय ऋषिमहर्षिको ज्ञानको धवलताले सधैँ चम्किएको छ।। नदीको प्रवाह झैँ वैदिक संस्कृतिको प्रवाह पनि देवदेश हिमालयबाट नै प्रवाहित भएको हो। कतिपय नदीको किनारा र गुफाहरू प्राचीन ऋषिमुनिको नामसँग जोडिएका छन्। यस पवित्र नेपाल भूमिमा जगज्जननी माता सीताको प्रादुर्भाव भयो। हेलम्बुमा हेरम्ब की माता पार्वतीको प्राकट्य भयो भने लुम्बिनीमा गौतमबुद्धको जन्म भयो। कृष्णगण्डकीको सेरोफेरोमा भरद्वाज, भृगु, पुलस्त्य, पुलह आदि ऋषिहरूले तपस्या गरेका थिए र त्यसका चिह्नहरू अहिले पनि प्राप्त गर्न सकिन्छ। ऋषभदेव आफ्ना जेठा पुत्र भरतलाई राज्य सुम्पिएर पुलाहाश्रम (म्याग्दी) आएका थिए। याज्ञवल्क्य, गौतम जस्ता ऋषिको तपस्थल कौशिकी नदीको सेरोफेरो थियो। ऋग्वेदको १०-५-६४-८ मन्त्रमा यज्ञको रक्षाको निमित्त प्रधान देवताहरूलाई आह्वान गर्ने क्रममा **त्रिः सप्त सुस्राः नद्यो महीरपो वनस्पतीन् पर्वताँअग्निमूतये। कृषनुमस् त्रीन् तिख्यं सधस्थ आ रुद्रं रुद्रेषु रुद्रियं हवामहे ।।** अर्थात् सात-सातओटा नदीको समूहले युक्त भएका तीन प्रकारका नदीहरू, वनस्पती, पर्वत, अग्नि, सोमपालक गन्धर्व, वाणचालक गन्धर्व, नक्षत्र, रुद्र र रुद्रमा प्रधान देवतालाई यज्ञको रक्षाका लागि बोलाउँछौँ भनेर २१ वटा नदीहरूलाई आहान गरिएको छ। उक्त मन्त्रको व्याख्या गर्दा सायणले सरस्वती, सरयू र सिन्धुलाई मुख्य नदी बताई अन्य नदीमा वर्तमानमा नदेखिने उनका सहायक नदीहरूलाई बताएका छन्। तर ती सहायक नदी कुन्-कुन् हुन् प्रष्ट छैनन्। नेपालमा सात ओटा नदीका समूह मिलेका तीन प्रकारका नदीहरू छन्। जस्तै-- सप्तकोशी, सप्तगण्डकी र सप्तकर्णाली।

यी नदीहरू सात-सात ओटा नदीको समूहले युक्त छन्। यही समूहले युक्त भएको नदीलाई नै **त्रिः सप्त सुस्राः नद्यः** मन्त्रले बताएको भन्न सकिन्छ। त्यसकारण नेपाल यज्ञिय देश हो।

सप्तकोशी- इन्द्रावती, सुनकोशी, तामाकोशी, लिखु (हेमगङ्गा), दूधकोशी, अरूण, तमोर।

सप्तगण्डकी- त्रिशुली, बुढीगण्डकी, मर्स्याङ्दी, मादी, सेती, मोदी, कालीगण्डकी।

सप्तकर्णाली- हुम्लाकर्णाली, मुगुकर्णाली, भेरीकर्णाली, सेतीकर्णाली, तिलाकर्णाली, दोल्फाकर्णाली, टाँकेकर्णाली।

वेद(शतपथब्रार्ण)प्रसिद्ध सदानीरा नदी नारायणीको रूपमा प्रवाहित छ। त्यसकारण यस्ता अनेकौँ वैदिक, पौराणिक साक्षीहरू छन् जसले नेपाल प्राचीनकालदेखि नै वैदिक वाङ्मयको अध्ययन-अध्यापन, प्रचारप्रसार र संरक्षणको मूल थलोको रूपमा चिनाउँछन्।

नेपाली समाजको इतिहाँस र परम्परालाई मनन गर्दा नेपालमा प्राचीनकालदेखि नै संस्कृत र तत्सम्बद्ध शास्त्रहरूको अध्ययन-अध्यापन परम्परा चलिआएको देखिन्छ। लिच्छविकाल र मल्लकाल संस्कृत वाङ्मयको अध्ययन-अध्यापन एवं प्रचार प्रसारका लागि ऊर्वरकाल रहेको पाइन्छ। त्यस समयका अभिलेखहरू प्रमाणका रूपमा लिन सकिन्छ। त्यसपछि पनि संस्कृतका ग्रन्थ निर्माण र अध्ययन परम्पराले निरन्तरता पाएको पाइन्छ। त्यतिबेला दिइने शिक्षामा वेद, वेदाङ्ग, आयुर्वेद, कला, योग आदि विषय रहेका थिए। त्यही परम्पराको शिक्षा नै आजका गुरुकुल आश्रमहरूमा दिने गरेको पाइन्छ।

२. विषयप्रवेश -

प्रस्तुत विचारपत्रको शीर्षकमा मूलतः तीनवटा विषय छन् -

(क) गुरुकुलशिक्षा ।

(ख) तत्सम्बन्धी उद्देश्य ।

(ग) तत्सम्बन्धी भावी योजना ।

यहाँ तिनैका बारेमा केहि चिन्तन प्रस्तुत गरिएको छ। पहिलो विषयले गुरुकुल के हो ? त्यसका अवयव के-कस्ता हुन्छन् ? त्यसको स्वरूप के हो ? अथवा के-कस्तो हुनुपर्छ ? अनि त्यसमा दिइने शिक्षा के-कस्तो हुनुपर्छ ? जस्ता विषयलाई चिन्त्य विषयका रूपमा खोजिरहेको छ भने दोस्रो विषयले त्यो गुरुकुल-शिक्षाको लक्ष्य के-कस्तो हुनुपर्छ ? त्यसले दिने फल के हो ? जस्ता विषयका बारेमा गम्भीर चिन्तन खोजेको छ। त्यसरी गुरुकुलशिक्षाको लक्ष्य र उद्देश्यको निर्धारण भइसकेपछि ती लक्ष्य वा उद्देश्यप्राप्तिमा वर्तमान अवस्थामा हामी के-कति सफल भएका छौँ ? असफलताका बिन्दु के-कस्ता छन्/हुन् ? तिनीहरूको निराकरण के-कसरी गर्नुपर्छ ? आदि विषयमा गरिने चिन्तनले नै भावी योजना र तिनीहरूको कार्यान्वयको पक्षलाई उजागर गर्दछ जुन तेस्रो विषयको केन्द्रबिन्दु हो। अतः यिनै विषयको सेरोफेरोमा रहेर विचारपत्र अगाडि बढाउने अनुमति चाहन्छु ।

३. गुरुकुल-शिक्षा-

गुरुकुल-शिक्षा बुझ्न प्रथमतः गुरुकुल बुझ्नुपर्ने हुन्छ। अनि बल्ल गुरुकुल-शिक्षा बोधगम्य हुन्छ। गुरुकुल शब्द समस्त शब्द हो। त्यसमा गुरु र कुल दुइटा पद मिली गुरुक,ल शब्द बन्दछ। गुरुकुलको परिचय दिनुभन्दा पहिले गुरुको परिचय र प्रकारका बारेमा केही विवेचन गर्नु वाञ्छनीय हुन्छ ।

३.१. गुरु -

(गृ-विज्ञाने (पा.धा.) धातुबाट **गारयते विज्ञापयति शास्त्ररहस्यम् यस्तो व्युत्पत्तिमा गुरु शब्द निष्पन्न हुन्छ ।** जसले वेद आदि शास्त्रको गूढ रहस्यलाई सहज रूपमा शिष्यलाई सम्झाउन सक्दछ, त्यस्तो महान् सत्तालाई गुरु भनिन्छ ।

वस्तुतः शिष्यवर्गमा रहेको अज्ञानरूपी अन्धकारलाई समूल नष्ट गर्न सक्ने परमसत्ता नै गुरुसत्ता हो। तन्त्रशास्त्रअनुसार गुरुको परिचयका क्रममा यसो भनेको पाइन्छ -

गुशब्दस्त्वन्धकारःस्यात् रुशब्दस्तन्निरोधकः ।
अन्धकारनिरोधित्वात् गुरुरित्यभिधीयते ॥

अर्थात् 'गु'शब्दको अर्थ अन्धकार हो भने 'रु'शब्दको अर्थ अन्धकारनिवारक हो। अन्धकार नाश गर्ने भएको हुनाले ज्ञानप्रदातालाई गुरु भनिएको हो। प्राच्यवाङ्मय-धाराले मोहान्धकारलाई समूल उच्छेद गरिदिने गुरुलाई महनीय स्थान प्रदान गरेको छ। गुरुविना शास्त्रको अध्ययन-अध्यापन, उपासना, साधना, अनुष्ठान आदि कृत्यमा सफलता नमिल्ने उद्घोष गरेको छ। त्यसैले त सनातन धारामा गुरुलाई ब्र्रा, विष्णु र महेशको स्वरूप मात्र नभएर परब्र्रको रूपमा सम्मान गरिएको छ -

गुरुर्ब्रह्मा गुरुर्विष्णुः गुरुर्देवो महेश्वरः ।
गुरुः साक्षात् परब्रह्म तस्मै श्रीगुरवे नमः ॥

शिक्षा र दीक्षा दुवै परम्परामा गुरुको उत्तिकै महत्त्व र आवश्यकता पर्दछ। कुनै पनि विधाका साधकहरूलाई मार्गनिर्देशन गर्न गुरुको आवश्यकता पर्दछ भने शास्त्रको अध्ययन पनि गुरु विना हुन सक्दैन ।

३.२. गुरुका प्रकार-

ऋषि परम्परामा प्रायः तीन स्तरका गुरु भएको कुरा शास्त्रले बताएको छ। सर्वोच्च स्थान आचार्यलाई थियो भने द्वितीय स्थान उपाध्यायलाई र तेस्रो स्थान गुरुलाई थियो ।

उपनीय तु यः शिष्यं वेदमध्यापयेद्द्विजः।
साङ्गं च सरहस्यं च तमाचार्यं प्रचक्षते॥

(मनु., २।१४०)

अर्थात् आचार्यको पद त्यस्तो व्यक्तिले लिन सक्छ जसले उपनयन गरी अङ्गसहित सम्पूर्ण वेदविद्या शिष्यलाई प्रदान गर्दछ।

एकदेशं तु वेदस्य वेदाङ्गान्यपि वा पुनः।
योऽध्यापयति वृत्यर्थमुपाध्यायः स उच्यते॥

(मनु. : २।१४१)

अर्थात् उपाध्याय त्यस्ता व्यक्तिलाई भनिन्छ जसले आफ्नो जीविका चलाउन शिष्य र वेदको एक अङ्कको शिक्षा दिन्छ।

निषेकादीनि कर्माणि यः करोति यथाविधि।
सम्भावयति चान्नेन स विप्रो गुरुरुच्यते॥

(मनु., २।१४२)

अर्थात् गुरु त्यस्ता व्यक्तिलाई भनिन्छ जसले सम्पूर्ण संस्कार विधिपूर्वक गराउँदछ र शिष्यलाई भोजन, आवास सहित अध्ययनको व्यवस्था गर्दछ।

छात्राणां दशसाहस्रं योऽन्नपानादिना भरन्।
अध्यापयति विप्रर्षिरसौ कुलपतिः स्मृतः॥

(तन्त्र)

एको दश सहस्राणि योऽन्नपानादिना भरेत्।
स वै कुलपतिः।

यस्ता कुलपतिको गुरुकुलमा अध्ययन गरेका छात्रहरूको गुरुप्रति अगाध श्रद्धा र समर्पण हुन्थ्यो। र गुरुबाट पनि दीर्घायुष्य र वैदुष्यको आशीर्वाद प्राप्त गर्दथे।

३.३. गुरुकुल र गुरुकुल-शिक्षा-

समाजका आदर्श आचार्य कुलपति एवं विद्यावंशका हजारौँ शिष्यसन्ततिहरू जहाँ एकत्र भएर वेद-वेदाङ्गादि ज्ञान-विज्ञानको अध्ययन-अध्यापन गर्दछन्, त्यस्तो ऋषिकुल नै गुरुकुल हो।

प्राकृतिक सुषमा सम्पन्न एकान्त स्थलमा हुर्किएको योग्यायोग्य विवेक पूर्वक वरण गरिएको गुरुशिष्यको सम्बन्धमा आधारित ज्ञानदान परम्परालाई नै गुरुकुल-शिक्षा भनिन्छ। मानवको एउटा चिनारी हस्तकरादिमत्त्व हो। तर त्यसले मान्छेको बाहिरी स्वरूपतिरमात्र संकेत गरेको छ। वस्तुतः मानव भनेको -

माता सत्यं पिता ज्ञानं धर्मो भ्राता दया सखा।
शान्तिः पत्नी क्षमा पुत्रः षडेते मम बान्धवाः'॥

भने झैँ यी बन्धुबान्धवयुक्त व्यक्ति बनाउनु नै गुरुकुलशिक्षाको कृत्य हो : सार्थकता हो। त्यस्तो बन्धुबान्धवयुक्त व्यक्ति तलका धर्मका स्वरूपले युक्त हुन्छ -

धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम्॥

(मनुस्मृतिः, ६।९२)

अर्थात् धैर्य, क्षमा, आन्तरिक इन्द्रियको निग्रह, चोरी नगर्ने काम, शुद्धता, बाह्य इन्द्रियको निग्रह, बुद्धि, विद्या, सत्यता, क्रोधको अभाव नै धर्मका स्वरूप हुन्। यी तत्त्वयुक्त बनाउनु : यी तत्त्वलाई उजागर गरिदिनुमा नै गुरुकुल-शिक्षाको सार्थकता रहन्छ।

तपोमय जीवनचर्या, सात्त्विक आहार-विहार एवं आर्थिक विषमता रहित सहकार्य यो परम्पराको महनीय योगदान हो। उदारमना, दयापरायण ऋषिपरम्परामा सञ्चालित तप, त्याग र श्रममा आधारित गुरुकुल प्रणाली सभ्य-समाज निर्माणको आधारशीला हो। समाजलाई व्यवस्थित गर्ने सनातन धर्म-मर्यादामा आधारित आश्रम धर्म यही ऋषिसंस्कृतिको उपज हो।

गुरुकुल सधैँ ज्ञानविज्ञानको प्रयोगस्थलको रूपमा रह्यो। गुरुशिष्यको माध्यमबाट प्रवाहित ज्ञानपरम्परालाई जीवन्त बनाउन गुरुकुलहरूको अतुलनीय योगदान छ र यो प्रणालीको आविष्कारक हाम्रा ऋषि-मुनिहरू हुन्।

वेद शास्त्रका प्रयोगिक पक्ष र अनुभवात्मक पक्षको समन्वयमा आधारित हुनाले नै गुरुकुल शिक्षा संसारमा चलेका शिक्षाहरू मध्ये उत्कृष्ट प्रणालीको रूपमा स्थापित छ र जति प्राचीनता भए पनि उती नै नवीनता यसमा पाइन्छ।

तात्कालीन वैदिक ज्ञानधाराको परम्परामा विद्याध्ययनको लागि सर्वोच्च केन्द्र महर्षिहरूको आश्रम थियो। यस्ता आश्रमहरूमा सर्वाधिक महिमा तपोमय जीवन बिताउने आचार्यको थियो र यस्ता आश्रमबाट निस्किएको अध्यात्मज्ञानपुञ्जको प्रभावबाट कृतज्ञ भएर सारा राज्य नै आश्रमप्रति नतमस्तक हुन्थ्यो। रामायण र महाभारत कालमा आश्रमहरू तीर्थको रूपमा प्रतिष्ठित थिए।

ऋषि परम्परामा फैलिएको गुरुकुल-शिक्षा पद्धतिले आध्यात्मिक लक्ष्य प्राप्तिमा मात्र केन्द्रित नगराई व्यक्तिमा समाजलाई नै ऊर्ध्वगामी बनाउन सक्ने प्रतिभाको विकास गराउँछ। गुरुकुल शिक्षा सर्वदा पात्रानुकूल, छात्रानुकूल र देशानुकूल रहेको छ।

गुरुकुल-शिक्षा पद्धतिका अनुयायी आदर्श व्यक्तित्वहरू अहिले पनि गुरुकुल सञ्चालन, सद्ग्रन्थ प्रणयन, यज्ञहरूको आयोजना एवं अनुष्ठान, कथा-प्रवचनको माध्यमबाट लोकशिक्षण, आफ्नो आचरणद्वारा सदाचार र सु-संस्कारशिक्षण, विभिन्न पर्व-व्रतहरूको माध्यमद्वारा आदर्श समाज निर्माण गर्न संलग्न छन्। यी कार्य आजका व्यक्तिहरूले मात्र गरेको नभई प्राचीन आर्ष परम्पराको निरन्तरता हो। आजको समाजले प्राप्त गरेको ज्ञानको अथाह भण्डार यिनै महापुरुषहरूको देन हो।

४. गुरुकुलको ज्ञानपरम्परा-

प्रायः व्यक्तिहरूको गुरु भिन्न भिन्न भए पनि परमात्मा सबैका गुरु हुनुहुन्छ र ज्ञानदान परम्परा पनि वाहाबाट नै प्रारम्भ भएको हो। योगसूत्रका अनुसार परमात्मा लोकपितामह ब्राजीको पनि गुरु हुनुहुन्छ। **पूर्वेषामपि गुरुः कालेनानवच्छेदात्**। सर्गको आरम्भमा ब्रह्माजीलाई वेदज्ञान उनै परमात्माबाट प्राप्त भएको थियो - **यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदाँश्च प्रहिणोति तस्मै .....** (श्वेताश्वतरो .. ६।१८)। त्यस्तै **तेने ब्रह्म हृदा य आदिकवये ... (श्रीमद्भागवतम् : १।१।३)।** अतः परमात्मा सबैका गुरुमात्र नभएर गुरुतम हुनुहुन्छ - **गुरुर्गुरुतमो धाम ... (विष्णुहस्रनामस्तोत्रम् : ३६)।**

जिज्ञासु शिष्य आफ्नो इष्टसिद्धिका निमित्त सद्गुरुको शरणमा जाने र सद्गुरुले शिष्यको अज्ञान निवारण गरिदिने यो गुरुकुल प्रणाली कसरी विकास भयो भन्ने विषयमा महर्षि यास्कले यसरी सूचित गरेका छन् -

साक्षात्कृतधर्माण ऋषयो बभूवुः। तेऽवरेभ्योऽसाक्षात्कृतधर्मभ्य उपदेशेन मन्त्रान् सम्प्रादुः। उपदेशाय ग्लायन्तोद्रवरे बिल्मग्रहणाय इमं ग्रन्थं समाम्नासिषुर्वेदं च वेदाङ्गानि च। (निरुक्त : १।६।५) अर्थात् साक्षात्कृतधर्मा ऋषिहरू आफ्नो तपोबलद्वारा वेदज्ञान साक्षात्कार गर्दथे। यस्ता मन्त्रद्रष्टाहरूले पछि मन्त्र साक्षात्कार गर्न असमर्थ व्यक्तिहरूलाई वेदको उपदेश दिए। त्यो उपदेश पनि यथावत् ग्रहण गर्न नसक्ने धारणा शक्ति क्षीण भएका तृतीय कोटिका व्यक्तिहरूलाई वेदज्ञान दिन वेद-वेदाङ्कहरू ग्रन्थ रूपमा प्रणयन भए र अध्ययन-अध्यापनको प्रक्रिया अगाडि बढ्यो।

गुरुकुलमा १४ विद्या र ६४ कला शिक्षणीय हुन्छन्। चार वेद, छ अङ्क, इतिहास-पुराण, न्याय, मीमांसा, धर्मशास्त्र यी चौध विद्या ज्ञानका भण्डार हुन् -

अङ्गानि वेदाश्चत्वारो मीमांसा न्यायविस्तरः।
पुराणं धर्मशास्त्रञ्च विद्या ह्येताश्चतुर्दश॥

(महाभारत, १।६६।७।)

याज्ञवल्क्यले त उक्त चौधवटा विद्याका मात्र स्थान होइनन् अपि तु धर्मका स्थान पनि हुन् भनेर उल्लेख गरेका छन् -

पुराणन्यायमीमांसाधर्मशास्त्राङ्गमिश्रिताः ।
वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दश ॥

(याज्ञवल्क्यस्मृतिः, १।३।)

उपर्युक्त १४ विद्याका समूहलाई परा र अपरा गरी दुई भागमा विभाजन गरिएको छ। सांसारिक अभ्युदय प्राप्त गराउने विद्या अपरा हो भने भवबन्धनबाट पार गराउने किंवा मोक्ष प्रदान गर्ने विद्या परा हो - **अथ परा यया तदक्षरमधिगम्यते** (मुण्डको. १.५)। यही परा र अपरा नै श्रेय र प्रेयमार्ग देखाउने विद्या पनि हुन्।

उपर्युक्त चौध विद्यामात्र नभई आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अर्थशास्त्रको गणना गरेर १८ प्रकारका विद्या भएको र इह लोकको यात्रालाई सुमधुरतया अगाडि बढाउनका लागि तिनीहरूको बोध पनि अपरिहार्य भएको विषय शास्त्रमा सुझाइएको छ -

आयुर्वेदो धनुर्वेदो गान्धर्वश्चैव ते त्रयः।
अर्थशास्त्रं चतुर्थन्तु विद्या ह्यष्टादशैव तु ॥

(विष्णुपुराणम् - ३।६।२९ ।)

५. गुरुकुलको उद्देश्य-

गुरुकुलको उद्देश्य मूलतः वैदिक वाङ्मयको अध्ययन-अध्यापनद्वारा आर्ष-परम्पराको संरक्षण र सबर्द्धन गर्नु हो। **अधीतिबोधाचरणप्रसारणैः** अर्थात् अध्ययन, बोध, आचरण र त्यसको प्रचारका आधारमा समग्र वैदिक वाङ्मयका **कृण्वन्तो विश्वमार्यम्, यत्र विश्वं भवत्येकनीडम्** जस्ता उदात्त भावनालाई विश्वसामु प्रचार गर्दै शान्ति, सद्भाव र विश्वबन्धुत्वको सन्देश दिनु पनि गुरुकुलको उद्देश्य हो।

निगम, आगम, स्मृति, पुराण, कला, साहित्य, संगीत आदिका वैज्ञानिक पक्षलाई प्रबर्द्धन गर्दै लोकोपयोगी बनाउनु नै यसको प्रमुख कार्य हो। आजको समाजमा विश्वास, मानवता, कर्तव्य, नैतिकता आदिको नितान्त अभाव छ। यद्यपि आजको विज्ञानले यान्त्रिक पक्षलाई हेर्दा कल्पनातीत उन्नति गरेता पनि मानवमा मानवताको आधान गर्न सकेको छैन। अतः वैदिक वाङ्मयमा रहेका ज्ञानविज्ञानको पक्षलाई उजागर गर्दै मानवलाई मानवता बनाउने उद्देश्यमा गुरुकुलहरूले कम्मर कस्नु पर्छ र वैदिक वाङ्मयको उदात्त भावनालाई मानवमा समवेत बनाउने उद्देश्य लिनुपर्दछ।

६. गुरुकुलको भेद-

यद्यपि विषयका आधारमा गुरुकुलका भेदहरू हुन सक्छन्। तर पनि गुरुकुलको भेद भनेर विभाजन गर्नुपर्ने आवश्यकता नहुँदानहुँदै पनि सञ्चालनको आधारमा गुरुकुलाई यहाँ स्वतन्त्र र राज्याश्रित गुरुकुल भनी दुइटा स्वरूपमा हेर्न खोजिएको छ। समग्ररूपमा राज्यकै आश्रयमा सञ्चालित गुरुकुल राज्याश्रित गुरुकुलको कोटिमा पर्दछन् भने निष्ठावान् आचार्यले वेदवेदाङ्ग र सनातन मर्यादाको संरक्षणका लागि जीवन समर्पण गरी सञ्चालन गरेको गुरुकुलहरू स्वतन्त्र गुरुकुल हुन्। गुरुकुलहरू समाजका लागि नै सञ्चालित हुने भएकाले समाज निरपेक्ष हुँदैनन् र यसमा सहयोगीको भूमिका समाजले निभाइरहेको हुन्छ।

यस्ता स्वतन्त्र रूपमा सञ्चालित गुरुकुलहरू निष्ठा र आस्थाका प्रतीक हुन्। गुरु-शिष्य सम्बन्धमा गहीरो नाता बनाएका कारण यिनीहरूबाट उत्पादित शिष्यपरम्परा आदर्शका प्रतिमूर्ति हुन्। वसिष्ठद्वारा सञ्चालित गुरुकुलमा थोरै समयमा नै भगवान् श्री रामले समस्त विद्या प्राप्त गर्नु भएको थियो भने सान्दीपनिको गुरुकुलमा बलराम र श्रीकृष्णले गुरुकुल-शिक्षा समाप्त पश्चात् गुरुदक्षिणा दिए पछि स्नेहपूर्ण आशीर्वाद पाएका थिए।

गच्छतं स्वगृहं वीरौ कीर्तिर्वामस्तु पावनी।
छन्दांस्ययातयामानि भवन्त्विह परत्र च ॥

(श्रीमद्भागवत : १०।४५।४८)

इतिहासलाई केलाउँदै जाँदा राज्याश्रित गुरुकुलहरूले तात्कालीन अवस्थामा पनि पूर्ण निष्ठा र आस्था जगाउन सकेका थिएनन्। जस्तै यदुवंशका

कुमारहरूलाई शिक्षा दिने तीन करोड अठासीलाख आचार्यहरू थिए। निश्चय नै यी आचार्यहरू यदु-राजवंशबाट पालित-पोषित थिए। यस्ता राज्याश्रित गुरुकुलको शिक्षा-दीक्षाको परिणाम साम्बजस्ता छात्रको अनुशासनहीन वृत्ति एवं उच्छृङ्खलता र अन्तिममा यदुकुलविनाश। अतः शासकीय वृत्तिमा आश्रित गुरुकुलहरूमा अनुशासनको समस्या तात्कालीन अवस्थामा पनि थियो र अहिले पनि छ। आदर्श आचार्यहरूले स्वतन्त्र रूपमा सञ्चालन गरेको गुरुकुलमा जति निष्ठा र समर्पणको आधान छात्रमा हुन्छ त्यति राज्याश्रित गुरुकुलबाट उत्पादित छात्रहरूमा हुँदैन। यो अहिले पनि सबैले अनुभव गरेको विषय हो।

७. गुरुकुलको वर्तमानको स्थिति :

नेपालको शैक्षिक उन्नतिको इतिहासमा संस्कृत शिक्षाको अहं भूमिका भए पनि कालक्रमले यसलाई ओझेलमा पारेको छ। नगण्यमात्रामा संस्कृत विद्यालय र सामाजिक आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले कतिपय गुरुकुलहरू वैयक्तिक प्रयत्नमा सञ्चालित छन्। नेपाली समाजले गुरुकुल प्रति गरेको सहयोग र योगदान आफैमा गौरवपूर्ण छ र यहाँ गुरुकुलहरूको अस्तित्व रही रहनुमा दानशील हातहरूकै भूमिका अग्रगण्य छ।

राज्यले गुरुकुलहरूलाई पूर्णरूपमा सहयोग नगरे पनि राष्ट्रको पहिचानमा यिनीहरूले खेलेको भूमिका अविस्मरणीय छ।

नेपालभरी स्वतन्त्र रूपमा चल्दै आएका गुरुकुलहरू परीक्षामुखी बन्दै जाँदा सरकारको नीति, निर्देशन र पाठ्यक्रमलाई स्वीकार गरेका छन्। सरकारको नीतिलाई पच्छ्याउँदै गुरुकुल सञ्चालन गर्छु भन्दा पनि यसमा देखिएका प्रमुख केही समस्याहरू निम्न रहेका छन्--

गुरुकुलहरूको आफ्नो प्रकृति अनुसारको पाठ्यक्रम नहुनु र सीमित विषयक्षेत्र भित्र गुरुकुलका पाठ्यवस्तुलाई संकुचित बनाउँदै लैजानू।

सरकारसँग आबद्ध भएर गुरुकुल सञ्चालन गर्न इच्छा हुँदा पनि दर्ताको प्रक्रियामा सरकारी दृष्टि प्रष्ट नहुँदा धेरै कष्ट व्यहोर्नू।

गुरुकुलहरूको स्तर अनुरूप सरकारबाट प्राप्त हुने वार्षिक अनुदान केवल नाममात्रको भएको हुँदा यसबाट गुरुकुलहरूलाई खासै सहयोग पुग्न नसक्नू।

समय-समयमा पाठ्यवस्तुको विषयमा देखिने गरेको उतार-चढावले गुरुकुलका पाठ्य-विषयमा अन्योल उत्पन्न गर्नू।

सरकारको नीति-नियममा आवद्ध भई सञ्चालनमा आएका कतिपय गुरुकुलहरू प्रा.वि. वा नि.मा.वि.मात्र रहेकोले छात्र र अभिभावकमा सो विद्यालयको अध्ययन समाप्ति पछि सुलभ रूपमा कहाँ गएर अध्ययन-अध्यापन गर्ने-गराउने भन्ने अन्योल रहनू।

गुरुकुलमा अध्यापन गराउने अध्यापकहरूमा आफ्नो वृत्तिविकास र स्थायित्वको निश्चित लक्ष्य नभएकोले अन्योलको अवस्था सिर्जना हुनू।

अहिलेको पाठ्यक्रममा बाध्यताले छिर्नु परे पनि आधुनिक विषयका नाममा पढाइने कतिपय विषय गुरुकुलहरूका लागि सर्वग्राह्य नहुनू।

८. गुरुकुलहरूले अवलम्बन गर्नुपर्ने सूत्र-

वेद-वेदाङ्ग-दर्शन-साहित्य जस्ता विषयलाई अध्ययन-अध्यापनको मुख्य केन्द्र बनाएका गुरुकुलहरूले आधुनिक विषयको प्रलोभनमा परी मूल मान्यतालाई अवमूल्यन गर्न हुँदैन। गुरुकुलको उद्देश्य नै गुरु-शिष्यपरम्पराबाट प्राप्त पौरस्त्य ज्ञानधारालाई जीवन्त बनाउँदै जनकल्याणमा समर्पित हुनु हो। गुरुकुलको उत्पादन समाजका अन्यक्षेत्रको आवश्यकता पुरा गर्नेमा उपयोग नभई सनातन आर्ष परम्पराको संरक्षणमा लाग्नुपर्दछ। परीक्षा निरपेक्षताबाट निर्देशित यो गुरुकुल-शिक्षा श्रुतिपरम्परामा नै जीवित थियो। आधुनिक मेकाले प्रणालीमा परिणत हुँदा क्रमशः

क्षयीकरण तर्फ उन्मुख छ। तसर्थ स्वशाखीय गृह्यसूत्रले प्रतिपादन गरेको उपाकर्मबाट प्रारम्भ हुने वेदाध्ययन छ महिनापछि उत्सर्गमा पुगेर टुंगिने प्रक्रियालाई अनुसरण गर्दै वेदाध्ययन परम्परालाई पुनर्जीवन प्रदान गर्नु श्रेयस्कर हुन्छ। गुरुकुलका सञ्चालकहरूले गुरुकुल सञ्चालन गर्दा निम्न सूत्रहरूलाई ध्यान दिनु उपयुक्त हुन्छ--

१. वेदाध्ययन परम्परालाई जीवन्त बनाउन र स्वधर्म-परम्परा बुझ्न स्वशाखीय वैदिक-वाङ्मय-संहिता, ब्राह्मण, श्रौतसूत्र, गृह्यसूत्र र धर्मसूत्रको अध्ययन-अध्यापनमा विशेष ध्यान केन्द्रित गर्नु आवश्यक छ।

२. सनातन धर्मको मूल वेद र वेदप्रतिपादित श्रौतयज्ञ हो। नेपालमा श्रौतयज्ञको परम्परा उच्छिन्न भएको अवस्थामा सनातन धर्मको आधारस्तम्भ अग्निहोत्रकर्म ग्रहण गर्न उत्सुक जनशक्तिको उत्पादन र उनीहरूको उचित संरक्षण गर्न पनि गुरुकुलका अभियन्ताहरूको ध्यान जानु आवश्यक छ।

३. गुरुकुललाई पौरस्त्य दर्शन, निगम-आगम, स्मृति, पुराण र इतिहासलाई समेत आधिकारिक रूपमा व्याख्या गर्ने जनशक्ति उत्पादन गर्ने केन्द्रको रूपमा विकास गर्न ध्यान दिनु आवश्यक छ।

४. गुरुकुलहरूले संस्कृतवाङ्मयमा भएका ६४ कलामध्ये प्रमुख केही कलाहरूको व्यावहारिक प्रयोग सिकाउन ध्यान दिनु आवश्यक छ।

५. आयुर्वेद, योग, संगीत र प्राकृतिक चिकित्सा प्रणालीमा गुरुकुलका छात्रहरूको प्रयोगात्मक अभ्यास गराउनु आवश्यक छ।

६. गुरुकुलहरूमा आधुनिक विज्ञानको अध्यापन भन्दा पनि हाम्रा महर्षिहरूले जीवन र प्रकृतिलाई सन्तुलन राख्दै लक्ष्य प्राप्त गर्न विज्ञानको रूपमा प्रमाणित गरेका यज्ञ-विज्ञान, चिकित्साविज्ञान, स्थापत्यविज्ञान, योगविज्ञान, तन्त्र-मन्त्र-यन्त्रविज्ञान र अध्यात्मविज्ञानलाई अध्ययन-अध्यापनको विषयमा समेट्दै जानु आवश्यक छ।

७. गुरुकुलका सन्दर्भमा सिर्जनात्मक कार्य गरिरहेका अन्ताराष्ट्रिय गुरुकुलहरूसँग समन्वय गरी प्रविधि र अनुभवहरू आदानप्रदानका लागि आधिकारिक संस्था खडा गर्न ध्यान दिनु आवश्यक छ।

८. गुरुकुलको विविधताको लागि प्राच्य वाङ्मयको समग्र मूल्य, मान्यतामा आधारित पाठ्यक्रम एवं पाठ्यवस्तु विकासका लागि नीति तय गर्नु आवश्यक छ।

९. नेपाल देवभूमि भएको कुरा विश्वसामु चिनाउन गुरुकुलबाट उत्पादित जनशक्तिलाई तदनुरूपको प्रशिक्षण र अनुसन्धानमा लगाउन राज्यका कतिपय निकायहरूसँग समन्वय गर्न कार्यनीति बनाउनु आवश्यक छ।

१०. आधुनिक वैज्ञानिक उपकरण एवं पद्धतिको सहायताले लुप्तप्राय प्राचीन वैज्ञानिक प्रविधिको पुनर्जागरण गर्ने तर्फ गुरुकुलहरूको ध्यान जानु आवश्यक छ।

११. गुरुकुलशिक्षालाई विश्व समुदायसँग जोड्नका लागि चाहिने समयानुकुल आवश्यक आधुनिक विषयको अध्ययनमा पनि गुरुकुलहरूको दृष्टि जानु आवश्यक छ।

९. भावी योजना-

९.१. गुरुकुलहरूको स्वरूपलाई विस्तार गर्ने-

संस्कृत वाङ्मयको वैभवपूर्ण भण्डारमा सबैको सहज पहुँच पुर्‍याउन गुरुकुलहरूको विषय र स्वरूपलाई फराकिलो बनाउनु पर्ने आवश्यकता छ। यसको दायरा

जति फराकिलो बनाउन सकिन्छ त्यति नै यसको समुन्नति र लोकहित हुन सक्दछ। संस्कृत प्रतिको संकीर्ण मानसिकतामा पनि परिवर्तन आउन सक्दछ। गुरुकुलपद्धतिमा आधारित हाम्रा प्राचीन ज्ञान-विज्ञानका विभिन्न धाराहरूलाई समय सापेक्ष विकास गर्दै लान सकेको खण्डमा समग्र संस्कृत-वाङ्मय प्रति नै विश्वसमाज आकर्षित हुन सक्दछ।

जसका लागि गुरुकुलमा वैविध्य ल्याउनेपर्ने अर्थात् विषयअनुसारका गुरुकुल बनाउने कि ? जसअनुसार विषयका आधारमा भिन्न भिन्न प्रकृतिका कुरुकुलको स्थापना गर्नुपर्दछ। केही नमुना प्रस्तुत गरिन्छ -

१. पुराण मुख्य विषय भएको गुरुकुल : यस्ता प्रकृतिका गुरुकुलहरूमा पुराणहरू र सो सम्बद्ध व्याकरण, संस्कृतभाषा लगायतका विषयको पनि अध्यापन गराउँदा उपयुक्त हुने।

२. आगमशास्त्र मुख्य विषय भएका गुरुकुल : नेपाल शक्तिपीठ र शक्तिका उपासकहरूको बाहुल्य भएको जीवित देवीको पूजा गर्ने देश हो। यहाँका अधिकांश शक्तिपीठहरूमा गरिने पूजा पद्धति आगमको कुनै न कुनै अङ्गसँग सम्बद्ध छ। समयको अन्तरालमा यस्ता पद्धति विच्छिन्न र लोपोन्मुख भैरहेका छन्। नेपालको मौलिक उपासना पद्धतिलाई संरक्षण गर्न यस्ता प्रकृतिका गुरुकुलहरूको सञ्चालन हुनुपर्दछ।

३. आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र स्थापत्यवेद यी उपवेद मध्ये कुनै एक मुख्य विषय भएका गुरुकुल : प्रयोगपरक विषयवस्तुको अध्ययन-अध्यापन गर्न-गराउन चाहने व्यक्तिहरूको सहजताको लागि यस्ता गुरुकुलहरू नितान्त आवश्यक छ।

४. संस्कृत वाङ्मयमा रहेका ६४ कलाहरू मुख्य विषय भएका गुरुकुलको स्थापना र सञ्चालनतिर ध्यान दिनुपर्ने। त्यसका लागि निम्न बुँदालाई ध्यान दिनुपर्ने -

- यस्ता प्रकृतिका गुरुकुलहरूमा आचरण, व्यवहार र दैनिक क्रियाकलाप गुरुकुलीय मर्यादामा सञ्चालन हुनुपर्ने।
- अधिकारी र अनधिकारीको विवेक तत्तद् विषय ग्रहण गर्ने रुचि र क्षमतामा आधारित हुनुपर्ने।
- यस्ता गुरुकुलहरूको सञ्चालन गर्दा स्थानीय तहका जनताको आवश्यकता पुरा हुने गरी सञ्चालन गर्ने।
- समाजको सहयोग र सहकार्यमा सञ्चालन गर्ने।

९.२. प्रमाणपत्रमुखी भन्दा पनि शास्त्रमुखी छात्र उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गर्ने-

वर्तमानमा चलेका गुरुकुलहरूबाट उत्पादित जनशक्तिलाई गुरुकुलको उद्देश्य अनुरूप समाजलाई नैतिक मूल्य र मान्यताको पाठ सिकाउने संस्कृत वाङ्मयको आधिकारिक विद्वान् बनाउन परीक्षा प्रणाली भन्दा पनि शास्त्रचिन्तन प्रति प्रेरित गर्न गुरुकुलहरूले कार्ययोजना बनाउनु पर्दछ। गुरुकुल परम्पराको स्वाध्याय प्रणालीलाई अवलम्बन गर्दै परीक्षा निरपेक्ष अध्ययन परम्परामा नै शास्त्र संरक्षण हुन सक्छ भन्ने बोध गराउनु पर्दछ।

९.३. गुरुकुलहरूलाई गुणात्मक रूपमा उन्नयन गर्ने-

गुरुकुलहरूको संख्या वृद्धि भन्दा पनि भएका गुरुकुलको शैक्षिक र भौतिक व्यवस्थापनमा ध्यान दिई गुणात्मक जनशक्ति उत्पादन गर्न ध्यान दिनु पर्ने।

९.४. प्रचारका लागि नभई वैदिक संस्कार र संस्कृति संरक्षणका निमित्त गुरुकुल खोल्न प्रोत्साहन गर्ने-

आफ्नो सस्तो लोकप्रियताका लागि र स्वार्थसिद्धिका लागि खोलिएका गुरुकुलहरूलाई भन्दा पौरस्त्य संस्कार, संस्कृति र दर्शनको उन्नयनका लागि

कटिबद्ध जनसमूहबाट खोलिने गुरुकुललाई प्रोत्साहन मा सबैको सहयोग रहनुपर्ने ।

गुरुकुलहरू आफ्नै समाज र संस्कृतिबाट पालित एवं पोषित हुनुपर्छ। गुरुकुल आशा र लोभले होइन कर्तव्यले सञ्चालन गर्नुपर्छ। गुरुकुलले आचरणलाई प्रधानता दिँदै नैतिकता र कर्तव्यको बोध गराउन सक्नुपर्छ।

९.५. गुरुकुल विश्वविद्यालय :

गुरुकुलशिक्षा पद्धति विद्यालय-शिक्षाको रूपमा मात्र सीमित भएकोले यसलाई अगाडि बढाउन पनि चेष्टा हुनु आवश्यक छ। वर्तमानमा चलेको संस्कृत विश्वविद्यालय आफ्नै समस्या र सीमित अधिकार क्षेत्रले गर्दा संस्कृत क्षेत्रमा अपेक्षित मौलिक देन दिन असमर्थ छ।

गुरुकुलको वातावरणमा अध्ययन गरेको छात्र उच्चकक्षामा पनि सोही वातावरणमा अध्ययन गर्ने अवस्था सिर्जना गर्नुपर्दछ। यसको लागि गुरुकुल-विश्वविद्यालयको स्थापना हुनुपर्दछ।

विभिन्न गुरुकुलहरूले आयुर्वेदलाई अँगालेर विना आधुनिक विज्ञान पनि अगाडि बढी रहेको उदाहरण भारतका विभिन्न क्षेत्रहरूमा देख्न सकिन्छ। आयुर्वेद हाम्रै संस्कृत वाङ्मयको अङ्ग भएको, संस्कृतमा नै उसको मूल ग्रन्थहरू भएको तर दुर्भाग्य गुरुकुल विद्यार्थी आयुर्वेद पढ्न चाहिँ नपाउने नीति अहिले भएकोले यस्ता शिक्षण संस्थाहरूको आवश्यकता गुरुकुलहरूलाई छैन। प्राकृतिक चिकित्सा, योग, आयुर्वेद जस्ता विषयहरू गुरुकुलका विद्यार्थीहरूको लागि खुल्ला हुनुपर्छ।

९.६. विश्वका विभिन्न देशमा वेद र पौरस्त्य दर्शनमा आधारित भई गरेका वैज्ञानिक खोज-अनुसन्धान र अभ्यासलाई अध्ययन, मनन गर्दै हाम्रो समाजमा पनि सो प्रति रुचि जगाउने कार्यहरू गर्दै जानु पर्दछ।

९.७. आफ्ना भावी सन्तति देशका लागि नै हुनुपर्छ भन्ने मान्यतामा आधारित भई गुरुकुलका अध्यापक, सञ्चालक, व्यवस्थापक र शुभचिन्तकहरूले जीवनपद्धति, चिन्तन-धारा र शिक्षणपद्धति हाम्रै आर्ष परम्परामा आधारित हुनुपर्ने विषयलाई बौद्धिक बहसको विषय बनाउनु पर्दछ र समाजमा गुरुकुलको महत्त्व प्रकाश पार्ने कार्यमा सामाजिक अभियन्ता र प्रातिष्ठित व्यक्तिहरूलाई गुरुकुल शिक्षाको आवश्यकता र अपरिहार्यताका बारेमा सन्देश दिन लगाउनु पर्दछ।

१०. गुरुकुल सञ्चालनका लागि आधारभूत आवश्यकता-

उपर्युक्त भावी योजनालाई कार्यान्वयनमा लैजान र मूर्त्त रूप दिन केही आधारभूत विषयमा ध्यान दिनैपर्दछ, जुन निम्नानुसारका छन् -

१०.१. समर्थ आचार्य-

समर्थ आचार्य निःसन्देह असीम सारस्वत साधना एवं बौद्धिक क्षमताको केन्द्रबिन्दु हो। आर्ष परम्पराको संवाहक बनेको त्यस्तो आदर्श व्यक्तित्वप्रति समग्र समाज नतमस्तक बन्दछ। गुरुकुलको सञ्चालन, संरक्षण र विकास पनि त्यस्तो व्यक्तित्वबाट मात्र सम्भव छ। अतः समर्थ आचार्यमा नीतिमत्ता, बुद्धिमत्ता र शासनक्षमता महत्त्वपूर्ण गुणहरू हुन्छन्।

१०.२. स्वशाखीय वेद-वेदाङ्कको अध्ययन-अध्यापन-

सनातन धर्मको मूलस्वरूप र पौरस्त्य जीवन-दर्शन वैदिक वाङ्मयमा समेटिएकोले गुरुकुलहरूले आफ्ना प्रमुख पाठ्य विषयमा वैदिक वाङ्मयको विविधतालाई समेट्ने गरेर कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१०.३. तप-त्याग र श्रममा आधारित समतामूलक व्यवहार-

जीवनको सर्वाङ्गीण उन्नतिको केन्द्र गुरुकुल भएकोले गुरुकुलमा उक्त व्यवहार अनिवार्य हुनुपर्दछ।

१०.४. एकान्त-शान्त-वातावरण-

गुरुकुलमा सम्पादन गरिने अध्ययन-अध्यापन, साधना, अनुष्ठान आदि नित्य-नैमित्तिक दिनचर्या एकान्त र शान्त वातावरणमा नै सफल हुने भएकोले गुरुकुल सञ्चालनका लागि प्राकृतिक वातावरणयुक्त क्षेत्र पनि महत्त्वपूर्ण पक्ष हो।

१०.५. सामाजिक सहयोग-

गुरुकुलशिक्षा, मर्यादा र परम्पराप्रति श्रद्धा र निष्ठा भएका सामाजिक व्यक्तित्वहरूको सहयोग पनि अर्को पक्ष हो।

१०.६. पञ्चशाला-

प्राचीन गुरुकुलहरूमा पञ्चशालाको प्रयोग शब्दतः नगरे पनि व्यवहारमा प्रयोग भएको पाइन्छ। पञ्चशाला भन्नाले पाठशाला, यज्ञशाला, गौशाला, पाकशाला र धर्मशाला बुझ्नुपर्छ। यिनीहरूको एक आपसमा समान महत्त्व र सहकार्य रहेको हुन्छ।

वर्तमानमा चलेका गुरुकुलहरूले पनि पञ्चशालाको समुचित निर्माण एवं उपयोग गरी गुरुकुलशिक्षाको सैद्धान्तिक र प्रायोगिक परम्परालाई पुनर्जागरण गराउनु पर्दछ।

११. निष्कर्ष-

आर्षपरम्परामा हुर्किएको ज्ञानविज्ञानको क्षेत्रमा अत्यन्त समृद्ध रहेको गुरुकुलशिक्षापद्धति सर्वोत्कृष्ट शिक्षा प्रणाली हो। यस क्षेत्रमा क्रियाशील प्रबुद्ध व्यक्तित्वहरूले यसको सिद्धान्त, परम्परा र मर्यादा उँचो राख्न सधैँ प्रयत्नशील रहनुपर्छ। समयको प्रवाहले वर्तमानमा यो प्रणाली ओझेलमा परे पनि यसको शाश्वत् धारा कदापि क्षीण हुँदैन। शास्त्रको मूलधारलाई आत्मसात् गरेका गुरुकुलहरूले आधुनिक विषयलाई अध्ययन-अध्यापनमा स्वीकार गरे तापनि ऋषिपरम्परालाई नै स्वाध्यायको केन्द्रबिन्दु बनाउनु पर्छ। **स्वाध्यायोऽध्येतव्यः** भन्ने विधिबाट प्रेरित भएका र **ब्रार्णेन निष्कारणं षडङ्गो वेदोऽध्येयो ज्ञेयश्च** भन्ने लक्ष्यमा चलेका गुरुकुलहरू आफ्नो मान्यताबाट विचलित हुनु हुँदैन।

लोकप्रियताको लागि संख्यात्मक रूपमा गुरुकुल बढाउनु भन्दा यसको मूल्य र मान्यतालाई मार्गदर्शन मानी गुणात्मक गुरुकुल सञ्चालन गर्न सबैको ध्यान जानुपर्छ। शब्दमा गुरुकुल लेख्ने तर गुरुकुलको मर्यादा कायम गर्न नसक्ने परिपाटी बढ्दै गयो भने गुरुकुल प्रति नै समाजको आस्था घट्न सक्छ। यस विषयमा गुरुकुलका सञ्चालकहरूले दृष्टि पुऱ्याउनु आवश्यक छ।

***

साहित्यसम्मेलन

महेश संस्कृत गुरुकुल, देवघाटधाम, तनहुँ

२०७५ पुष ३० गते

कार्यप्रत्र

१. नेपाली छन्द कवितामा युगचेतना

प्रस्तुति- डा. रामप्रसाद ज्ञवाली

समीक्षा

प्रा. डा. चूडामणि बन्धु

प्रा. राजेन्द्र सुवेदी

प्रा. डा. महादेव अवस्थी

प्रा. कपिल अज्ञात

नेपाली छन्दकवितामा युगचेतना

- डा. रामप्रसाद ज्ञवाली

१. विषय-परिचय

नेपाली साहित्यमा कविताको स्थान सर्वोपरि छ। लोककवितालाई छाडेर हेर्दा नेपाली कविताको औपचारिक प्रारम्भ र मुख्य विकास छन्दकवितामै भएको देखिन्छ। प्राथमिक कालदेखि आधुनिक कालको पहिलो चरण (२०१६ साल) सम्म नेपाली कविताको केन्द्रीय पहिचान छन्दकविताकै रूपमा रह्यो र छन्दकविताले नै नेपाली कविताको मौलिक पहिचान र काव्यिक गौरव संवहन गर्दै आयो। आज पनि मौलिक नेपाली कविताको मूल पहिचान छन्दकवितामा नै देखिन्छ किनभने नेपाली भाषा, नेपाली समाज र नेपाली जीवनपद्धतिको मौलिकता आज पनि छन्दकवितामा नै रहेको अवस्था छ। आधुनिक कालको दोस्रो चरण (२०१७ साल) पछि नेपाली गद्यकविताको लोकप्रियता बढ्न थाल्यो र नेपाली छन्दकविता ओझेलमा पर्दै आयो तर २०५० सालपछि छन्दकविताको पुनर्जागरण हुन थाल्यो भने वर्तमान समयमा नेपाली छन्दकविता पुनः विस्तारित हुन थालेको छ। विश्वका अन्य भाषाहरूमा छन्दकविताको लेखन लगभग बन्द नै भइसकेको वर्तमान समयमा पनि नेपाली भाषामा छन्दकविताको यात्रा उत्तिकै सशक्त रूपमा चलिरहनु अनौठो छ। यस्तो हुनुको मुख्य कारण नेपाली भाषाको लचकता, यस भाषामा रहेको विपुल पर्यायवाची शब्दभण्डार, विपुल अनुकरणात्मक शब्दकोश र आनुप्रासिक पदपदावलीको व्यापकता तथा नेपाली जनजीवनमा छन्दकविताको लामो संस्कार रहनु प्रमुख कारण देखिन्छन्। विश्वमा संस्कृत भाषापछि नेपाली भाषा नै एकमात्र यस्तो भाषा देखिन्छ जसमा संस्कृतकै समान छन्दकविता लेखिनु सम्भव छ। यद्यपि भारतीय भाषाहरूमध्ये मराठी र हिन्दीमा लामो समयसम्म छन्दकविता लेखिँदै आएको देखिन्छ तर वर्तमान समयमा दोहा र चौपाया छन्दलाई छाडेर भन्दा ती भाषामा पनि छन्दकविताको युग समाप्त भइसकेको अवस्था छ। नेपाली छन्दकविताले आधुनिक युगमा पनि उत्तिकै सशक्त रूपमा यात्रा गरिरहन सक्नुको अर्को मुख्य कारण यसले समयुगीन चेतनाको अभिव्यक्ति दिन सक्नु पनि हो। प्रस्तुत अध्ययनपत्रमा कविताका सन्दर्भमा छन्दको अर्थ, कविताको तात्पर्य, युगचेतनाको तात्पर्य र प्रकार तथा साहित्यमा अभिव्यक्त हुने युगचेतनाको स्वरूपका बारेमा सङ्क्षिप्त चर्चा गर्दै नेपाली छन्दकवितामा प्रतिबिम्बित हुँदै आएको युगचेतनाका बारेमा अध्ययन गरिएको छ।

२. अध्ययनपत्रको समस्या, उद्देश्य र सीमा

नेपाली छन्दकवितामा युगचेतनाको अभिव्यक्ति कसरी हुँदै आएको छ भन्ने कुरा यस अध्ययनपत्रको मुख्य समस्या हो भने नेपाली छन्दकवितामा अभिव्यञ्जित युगचेतनाको स्वरूप पहिल्याउनु यस अध्ययनपत्रको मुख्य उद्देश्य हो। संस्कृत भाषाका आचार्य पिङ्गलद्वारा निर्धारित शास्त्रीय छन्दमा रचिएका नेपाली कवितालाई मात्र अध्ययनको क्षेत्र बनाइनु, छन्द र कविताका बारेमा विशेष चर्चा नगरी अतिसङ्क्षिप्त र साङ्केतिक चर्चा मात्र गरिनु, युगचेतनाका आयाम धेरै हुन सक्ने भए पनि नेपाली समाजका युगीन अवस्था र तिनलाई छन्दकविताले सम्बोधन गर्न सकेका प्रतिनिधिमूलक पक्षहरूलाई मात्र समेट्नु, नेपाली भाषामा छन्दकविता लेख्ने लेखकहरू सयौँको सङ्ख्यामा भएका र तिनीहरूले लेखेका कविता-काव्यहरूको सङ्ख्या हजारौमा भए पनि प्रतिनिधिमूलक कवि र तिनका पनि प्रतिनिधिमूलक रचनालाई मात्र लिनु र तिनलाई पनि शोधमूलक नभई सामान्य र प्रतिनिधि-सर्वेक्षणमूलक रूपमा मात्र अध्ययन गर्नु यस अध्ययनपत्रका मुख्य सीमा रहेका छन्।

३. कविताका सन्दर्भमा छन्दको तात्पर्य

कविताका सन्दर्भमा छन्द भनेको लयविशेष हो। कुनै पनि अभिव्यक्तिले कविताको विधागत मौलिकता प्राप्त गर्नका लागि लय वा छन्द नै पहिलो सर्त हो। कवितामा छन्द वा लयले भावकमा श्रुतिमाधुर्यका साथै काव्यानन्द प्रदान गर्न सहयोग गर्छ। छन्द मूलतः तीन प्रकारका हुन्छन् — लोकछन्द, शास्त्रीय छन्द र मुक्त छन्द। लोकमा प्रचलित छन्द लोकछन्द हो। शास्त्रद्वारा नियमबद्ध छन्द (पिङ्गल छन्द, उर्दु बहर आदि) शास्त्रीय छन्द हो भने निश्चित नियममा नरहे पनि कवितालाई विधागत मौलिकता दिनका लागि आवश्यक पर्ने आन्तरिक लय मुक्त छन्द हो। छन्दका यी प्रत्येक प्रकारभित्र सयौँ हजारौँ छन्दहरू हुन सक्छन्। शास्त्रीय छन्दकविताका सन्दर्भमा छन्द भनेको गति, यति र विश्रामको विशिष्ट व्यवस्थासहितका वर्ण र मात्राहरूको मानक अनुशासनयुक्त लय हो। कवितालाई श्रुतियोग्य, स्मृतियोग्य, गतिशील र आह्लादक तुल्याउनु छन्दको मुख्य विशेषता हो।

४. कविताको सारभूत परिचय

कविता साहित्यको सर्वप्राचीन, सर्वप्रिय र सर्वश्रेष्ठ भाषिक कला हो। लयको माधुर्य, भाषाको सौन्दर्य, अर्थको गाम्भीर्य र थोरै पदपदावलीमा धेरै भाव वा गम्भीर अर्थको अभिव्यञ्जना कविताका मुख्य गुण हुन्। लय, भाषा, बिम्बप्रतीक र अलङ्कार कविताका बाह्य तत्त्व हुन् भने भाव र विचार कविताका आन्तरिक तत्त्व हुन्। लयमाधुर्यद्वारा श्रुतिरम्यता, शब्दसौन्दर्यद्वारा आलङ्कारिकता तथा अर्थगाम्भीर्यद्वारा भावगत प्रगाढता र विचारगत मूल्यको सम्प्रेषण गरी भावकलाई कलात्मक आनन्द र काव्यिक मार्गदर्शन प्रदान गर्नु कविताको मुख्य प्रयोजन हो। भावकमा प्रगाढ भाव र मूल्यवान् विचारको सौन्दर्यपूर्ण साधारणीकरण गर्न सक्ने सामर्थ्यमा कविताको आयु र सार्थकता निर्भर हुन्छ। कविता किन कविता हो भने यो निबन्ध, नाटक, कथा वा उपन्यास होइन। यो कुरा सिद्ध गर्ने एकमात्र आधार लय वा छन्द नै भएकाले लय वा छन्द नै कविताको विधागत मौलिकताको पहिलो आधार हो। यस अर्थमा लय वा छन्दमा लेखिएको साहित्य कविता हो।

५. युगचेतना र यसको स्वरूप

युग भनेको कालखण्ड-विशेष हो। युगको सम्बन्ध मान्छेको जीवन, समाज, राष्ट्र र तिनको विकासका विशेषताहरूसँग हुन्छ। युग एकप्रकारले इतिहास, वर्तमान र भविष्यको नाम पनि हो। भविष्यबारे अनुमान मात्र गर्न सकिने भएकाले मूलतः विगत र वर्तमानगत कालखण्डहरूलाई नै युग भन्ने गरिन्छ। निश्चित समय वा निश्चित कालखण्डमा भएका र हुँदै गरेको मानवसभ्यताको विकासलाई आधार बनाएर पाषाण युग, पौराणिक युग, सामन्तवादी युग, पुँजीवादी युग, पुरातन युग, आधुनिक युग, प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल आदि नामकरण गर्ने परम्परा चल्दै आएको देखिन्छ।

चेतना भनेको व्यक्तिभित्र रहेको ज्ञान, बोध र सोच हो। नेपाली बृहत् शब्दकोश (२०७५) मा प्राणीमा रहेको सत् र असत् छुट्याउन सक्ने बुद्धितत्त्वलाई चेतना भनिएको छ (पृ.३९७)। चेतनाले प्राणी वा व्यक्ति र समाजलाई होसियार बनाउँछ, चनाखो तुल्याउँछ, अस्पष्टताबाट मुक्त गर्न दिशाबोध गराउँछ र कुनै पनि कुराको पूर्वज्ञान गराउनुका साथै सम्भावित कुराहरूका निम्ति मार्गदर्शन गराउँछ।

युगचेतना भनेको खास खास युगमा देखा परेको खास खास चेतना हो। प्रत्येक युगका मौलिक विशेषता र मौलिक पक्ष हुन्छन्। सम्बन्धित युगका मानिसहरूका जीवनभोगाइ, सामाजिक अवस्था र त्यस युगका मान्छेको सोच-विश्वदृष्टिकोणले युगीन मौलिकताका निम्ति मुख्य भूमिका निर्वाह गरेका हुन्छन्। प्रत्येक युगमा त्यसभन्दा अगिल्लो युगको चेतनाले कुनै न कुनै रूपमा निरन्तरता पाइरहेको हुन्छ तर त्यो चेतना नयाँ युगको केन्द्रीय चेतनाका रूपमा रहेको हुन्न। जुन चेतना

सम्बन्धित युगको मुख्य चेतनाका रूपमा रहेको हुन्छ त्यसलाई त्यस युगको युगचेतना भन्ने गरिन्छ। युग भनेको सम्बन्धित युगको समकालीनता पनि हो। नेपाली बृहत् शब्दकोशमा युगचेतना भन्नाले युगअनुकूलको चेतना, युगसुहाउँदो वा युगअनुसारको ज्ञान वा युगबोध हो भनेर परिभाषा दिइएको छ (२०७५, पृ.१०४८)। सम्बन्धित कालखण्डका जीवनस्थिति, सामाजिक परिवेश, राजनीतिक व्यवस्था, राष्ट्रिय र अन्तरराष्ट्रिय अवस्था आदि समयुगीन यथार्थका विभिन्न आयामसम्बन्धी ज्ञान, बोध र दृष्टिकोणको समष्टि नाम युगचेतना हो भन्न सकिन्छ। युगचेतनाअन्तर्गत मूलतः ऐतिहासिक चेतना, सामाजिक चेतना, सांस्कृतिक चेतना, राजनीतिक चेतना, शैक्षिक चेतना, वर्गीय चेतना, वैचारिक चेतना, राष्ट्रिय चेतना र अन्तर्राष्ट्रिय चेतनालगायतका चेतना पर्छन्।

सामाजिक यथार्थको बोध र समाजलाई हेर्ने दृष्टिकोण सामाजिक चेतना हो। समाजमा रहँदाबस्दा व्यक्तिले निजी भोगाइबाट प्राप्त गरेका अनुभूतिसम्बन्धी चेतना पनि उसको सामाजिक चेतनाभित्र पर्छ। कवि आफू पनि सामाजिक व्यक्ति भएकाले उसले समाजसम्बन्धी जेजस्तो बुझाइ राख्छ त्यो उसको सामाजिक चेतनाभित्र पर्छ। कविले आफ्नो कवितामा अभिव्यञ्जित गर्ने सामाजिक चेतना ती कवितामा प्रतिबिम्बित युगचेतना मानिन्छ। यसरी हेर्दा स्रष्टा बाँचेको समाजको यथार्थपरक प्रतिबिम्बन नै उसको साहित्यमा प्रतिबिम्बित युगचेतना हो। समाजमा विभिन्न धर्म, जात, सम्प्रदाय हुन्छन्। तिनका आफ्नै संस्कार, परम्परा र जीवनशैली हुन्छन्। समाजको व्यवस्था र अवस्थाअनुसार विभेद र द्वन्द्व पनि भइरहेका हुन्छन्। समाजका यिनै सकारात्मक तथा नकारात्मक यथार्थसँगको परिचय र तीप्रतिको हेराइका रूपमा सामाजिक चेतना रहेको हुन्छ। समग्रमा समाजका नीति, व्यवस्था, अवस्था, जीवनस्थिति, जीवनपद्धति आदिसम्बन्धी चेतना नै सामाजिक युगचेतना हो।

संस्कृति मानवजीवन र मानवसमाजको मौलिक पहिचान हो। नेपाली बृहत् शब्दकोश (२०७५) मा कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था आदिमा प्रतिबिम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापलाई संस्कृतिका रूपमा परिभाषित गरिएको छ (पृ.१२११)। संस्कृतिसम्बन्धी बुझाइ, चिन्तन र सोच सांस्कृतिक चेतना हो। युगौँदेखि चलिआएका रीतिरिवाज, धार्मिक क्रियाकलाप, विभिन्न कला र जातिगत संस्कार, परम्परागत मूल्यमान्यता आदिलाई संस्कृति भनिन्छ भने यससम्बन्धी चेतनालाई सांस्कृतिक चेतना भनिन्छ। कुनै संस्कृति रूढ बनेर अनेक कालखण्डमा सोही रूपमा चलिरहेका हुन्छन् भने कुनै संस्कृति युगानुकूल परिमार्जित हुँदै बदलिँदै रूपान्तरण भएर चलिरहेका हुन्छन्। युगानुकूलको सांस्कृतिक चेतनालाई सांस्कृतिक युगचेतना मानिन्छ।

राज्यसञ्चालन गर्ने नीति राजनीति हो। मानवसमाजको विकासमा राजनीतिको ठूलो हात छ। राज्यको विकास र जनताको जीवनस्थिति राम्रो हुनु र नहुनुमा राजनीतिको भूमिका नै प्रमुख हुने गर्छ। मानवसभ्यताको विकासक्रम हेर्दा राज्यको स्थापना भएदेखि नै कहिले मालिक र दासको व्यवस्था गर्ने राजनीति, कहिले राजा र प्रजाको व्यवस्था गर्ने सामन्तवादी राजनीति, कहिले पुँजीपति र मजदुरको व्यवस्था गर्ने पुँजीवादी राजनीति र कहिले समानतामा आधारित समाजवादी राजनीति हुँदै आएको पाइन्छ। राज्य कस्तो हुनुपर्छ, कस्तो छ, कस्तो बनाउन के गर्नुपर्छ जस्ता कुरा केन्द्रमा राखेर भएगरेका विद्रोह, क्रान्ति, चिन्तन, बोध र दृष्टिकोण राजनीतिक युगचेतना हो।

राष्ट्रप्रतिको युगीन चेतनालाई राष्ट्रिय युगचेतना भनिन्छ। राष्ट्रप्रतिको भावना, धारणा, प्रेम, राष्ट्रहितको चाहना, लगाव र आफ्नोपनको बोध नै राष्ट्रिय चेतना हो (नेपाली बृहत् शब्दकोश, २०७५, पृ.१०७७)। सबैजसो राष्ट्रका असल नागरिकमा राष्ट्रिय अस्तित्वप्रति गम्भीर चासो हुने गर्छ। उनीहरूमा हुने यही चासो र राष्ट्रसम्बन्धी

चिन्तन नै राष्ट्रिय युगचेतना हो ।

युगलाई अग्रगति दिने चेतनाका रूपमा शैक्षिक चेतनाको ठुलो भूमिका हुन्छ । शिक्षाका सम्बन्धमा प्रत्येक युगमा केही न केही मौलिक र नयाँ चिन्तन भइरहेको हुन्छ । त्यसलाई बुझ्ने, हेर्ने, फेर्ने चेतना शैक्षिक युगचेतना हो । समाजको रूपान्तरण हुने र नहुने तथा भएमा कस्तो किसिमको हुने भन्ने कुरा राष्ट्रले निर्धारण गरेको शिक्षानीति र नागरिकको शैक्षिक चेतनामा भर पर्छ । त्यसैले शैक्षिक चेतनालाई पनि युगचेतनाका रूपमा हेर्ने गरिन्छ ।

कुन समाज, कुन राष्ट्र र कुन व्यक्तिको भौतिक अवस्था कस्तो छ भन्ने कुरा आर्थिक अवस्थासँग सम्बन्धित हुन्छ । मानवसमाजलाई नयाँ युगमा लैजानका लागि आर्थिक विकास महत्त्वपूर्ण मानिन्छ । प्रत्येक युगको मुटुका रूपमा अर्थ/सम्पत्ति रहेकाले अर्थसम्बन्धी चेतना पनि युगचेतनाका रूपमा विश्लेषणीय हुन्छ । आआफ्नो युगको आर्थिक अवस्थाका सम्बन्धमा चासो राख्नु, चिन्तन गर्नु, ज्ञान राख्नु, बोध गर्नु, तिनका कारणहरू बुझ्नु र बुझाउनु, आर्थिक समानता वा आर्थिक सुधारका लागि अवधारणा व्यक्त गर्नु वा त्यसका लागि सुझाव दिनु आदि आर्थिक युगचेतना हो ।

वर्गीय चेतना पनि महत्त्वपूर्ण युगचेतना मानिन्छ । यो मूलतः मानवसमाजलाई हेर्ने ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणसँग बढी सम्बन्धित हुन्छ । यो एककिसिमले वैचारिक चेतना हो । समाज वर्गीय भएकाले समाज र व्यक्तिका क्रियाकलाप र स्वार्थ पनि वर्गीय हुन्छन् । सम्पन्न वा विपन्न वर्ग आआफ्नो वर्गीय स्वार्थअनुसार नै गतिविधि गर्छन् । कुन वर्गको अवस्था कस्तो छ र त्यस्तो हुनुका मुख्य कारण के हुन् भन्ने कुराको ज्ञान, बोध र चिन्तन नै वर्गीय युगचेतना हो ।

मानवसमाजको विकासमा ऐतिहासिक चेतनाको भूमिका पनि उल्लेखनीय रहँदै आएको छ । इतिहासको ज्ञान र त्यसप्रतिको बुझाइ ऐतिहासिक चेतना हो । इतिहासलाई बुझ्न विगतमा भएका राजनीतिक घटना, सामाजको रूपान्तरणका अभियान, साहित्यिक तथा सांस्कृतिक सम्पदा र कला आदिका कालखण्डगत विशेषताहरूसँगको परिचय आवश्यक हुन्छ । यस चेतनाले वर्तमानलाई अझ राम्रो पारी भविष्यका लागि उत्तिकै राम्रा आधारशिलाहरू तयार पार्नमा सहयोग मिल्छ । प्रत्येक युग एकअर्कासँग कुनै न कुनै रूपमा अन्तर्सम्बन्धित हुने गर्छन् । त्यो अन्तर्सम्बन्ध बुझ्न इतिहासचेतना आवश्यक पर्छ । यो एककिसिमको परम्पराबोध पनि हो । युगचेतनाका विभिन्न स्वरूपमध्ये ऐतिहासिक चेतना कालखण्डगत विकासक्रमको अध्ययनसँग गाँसिएको चेतना हो ।

यीबाहेक जातीय चेतना, क्षेत्रीय चेतना, लैङ्गिक चेतना, स्वतन्त्रताको चेतना, सीमान्तकृत वर्गको चेतना आदि अनेक चेतना युगचेतनाका रूपमा रहेका हुन्छन् । यस्ता युगचेतनाको अभिव्यक्ति साहित्यका विभिन्न विधामा हुन सक्छ र हुने गर्छ । साहित्यमा अभिव्यञ्जित हुने यस्तो युगचेतनालाई युगचेतनाको साहित्यिक प्रतिबिम्बन भनिन्छ ।

६. कवितामा युगचेतनाको प्रतिबिम्बनको स्वरूप

कवितामा मानवसमाजका विभिन्न यथार्थ र भिन्न भिन्न आदर्शहरूको काव्यिक प्रतिबिम्बन हुन्छ । विषयका रूपमा मानवीय वा मानवेतर जुन पक्षलाई ग्रहण गरिएको भए पनि र प्रस्तुति यथार्थपरक वा काल्पनिक जस्तो स्वरूपमा गरिएको भए पनि त्यसको मुख्य सम्बन्ध मूलतः मानवीय संवेदना र मानवीय चेतनासँगै हुन्छ । यस्तो संवेदना र चेतनामा केही न केही मात्रामा इतिहासचेतनाको भूमिका हुने भए पनि मुख्य भूमिका भने समकालीन युगचेतनाकै हुने गर्छ । समकालीन यथार्थको बोधमा समकालीनता हुन्छ र समकालीनता भन्नु एकप्रकारले युगचेत नै हो । कुनै पनि साहित्यिक रचनामा समकालीन युगको चेतना के-कसरी प्रतिबिम्बित भएको छ ? त्यो युगसुहाउँदो छ कि छैन

? त्यसले युगीन यथार्थलाई वस्तुपरक वा आत्मपरक कुन रूपमा अभिव्यञ्जित गरेको छ ? भन्ने कुरामा युगचेतनाको प्रतिबिम्बनको स्वरूप निर्भर गर्छ ।

कवि पनि कुनै न कुनै युगमा बाँचेको हुन्छ र उसको सोच र व्यक्तित्वमा ऊ बाँचेको युगको प्रभाव हुन्छ। उसभित्रको यही युगीन सोच र प्रभाव कवितामा प्रकारान्तरले अभिव्यक्त हुने गर्छ। कवि जुन धर्म, संस्कृति, संस्कार, समाज, राजनीति, राष्ट्र, अन्तर्राष्ट्र, वर्ग, जाति, क्षेत्र र लिङ्गसँग सम्बन्धित हुन्छ र जुन किसिमको शैक्षिक र वर्गीय चेतनाले ऊ पोषित वा दीक्षित हुन्छ, उसका कवितामा तिनै कुराको प्रतिबिम्बन कुनै न कुनै रूपमा हुने गर्छ। कवितामा हुने यही प्रतिबिम्बन नै युगचेतनाको काव्यिक प्रतिबिम्बन हो।

निजी जीवन भोग्ने, अन्य जीवनलाई हेर्ने र बुझ्ने, समाजको अध्ययन गर्ने, समाजका यथार्थ कुराहरूको उद्घाटन गर्दै सकारात्मक पक्षको समर्थन र नकारात्मक पक्षको आलोचना गर्ने कार्य कवितामा हुँदा सामाजिक युगचेतनाको प्रतिबिम्बन हुने गर्छ। लेखकले पनि जीवन-सङ्घर्ष गरेको हुन्छ। समाजका कतिपय कुरामा ऊ असहमत हुन्छ भने कति कुरामा सहमत पनि हुन्छ। यसै आधारमा उसले समाजमा देखिने विकृत पक्षको उद्घाटन गर्दै र तिनमा सुधारको कामना गर्दै कविता लेख्न सक्छ, लेख्ने गर्छ। यस्ता कुरा कवितामा कसरी प्रस्तुत भएका छन् भन्ने कुरामा सामाजिक युगचेतनाको स्वरूप देखिन्छ।

यही कुरा कवितामा प्रतिबिम्बित हुने सांस्कृतिक युगचेतनाका सम्बन्धमा लागु हुन्छ। समयुगीन संस्कृतिमा देखिने विभिन्न यथार्थको प्रतिबिम्बन कवितामा हुनु सांस्कृतिक युगचेतनाको प्रतिबिम्बन हो। असल संस्कृति र खराब संस्कृति दुवैको स्वरूप बुझ्नु, तीमाथि आफ्नो दृष्टिकोण राख्नु, खराब संस्कृति समाप्त पार्न सन्देश दिनु, सांस्कृतिक पुनर्जागरणको स्वर सुसेल्नु, छुवाछुत, भेदभाव, अन्धविश्वास, कुप्रथा आदिले मानवजीवनमा पारेका नकारात्मक असरहरूको व्याख्या गर्नु र असल संस्कृतिको उदात्तीकरण गर्दै काव्यिक सन्देश प्रवाह गर्नु आदि अभिव्यक्ति-प्रयत्नमा सांस्कृतिक युगचेतनाको प्रतिबिम्बन हुने गर्छ।

समाजसचेत कविमा राजनीतिक चेतना पनि हुन सक्छ, हुने गर्छ। आफ्नो राष्ट्र र समाजमा कस्तो राजनीति भइरहेको छ, त्यसले कस्तो प्रभाव पारेको छ भन्ने कुरा कविताका माध्यमबाट व्यक्त गर्नु तथा समयुगीन राजनीतिक अवस्थाको यथार्थपरक प्रतिबिम्बन गर्नु राजनीतिक युगचेतनाको प्रतिबिम्बन हो। राजनीतिले सम्बन्धित देशको शिक्षा, स्वास्थ्य, भाषा, साहित्य, कला, प्रशासनलगायतका सबैजसो क्षेत्रमा प्रभाव पारेको हुन्छ। कविले आफू र समाजमाथि राजनीतिक परिवर्तनले पारेका प्रभाव, ल्याएका उपलब्धि वा खराबीका बारेमा बोल्नु, राजनेता तथा नेतृत्ववर्गमा देखा परेका आशा तथा निराशाको उद्घाटन गर्नु, राष्ट्रिय समृद्धि, राष्ट्रियता, राज्य सञ्चालन प्रणाली, शासनव्यवस्था, राज्यका नीतिहरू, राजनीतिक कमजोरी, भ्रष्टाचार, कर्मचारीतन्त्र आदि विविध यथार्थको चित्रण गर्नु राजनीतिक युगचेतनाको प्रतिबिम्बन हो।

आफ्नो राष्ट्र र राष्ट्रियताप्रति संवेदनशील कविले कविताका माध्यमबाट राष्ट्रिय मुद्दालाई सम्बोधन गर्छ, गर्न सक्छ। राष्ट्रिय स्वाधीनताको पक्षमा तथा साम्राज्यवाद र विस्तारवादको विरोधमा लेखिएका कवितामा राष्ट्रप्रतिको प्रेम र दायित्व तथा राष्ट्रिय एकता र मेलमिलापका पक्षमा स्वर मुखरित गरिएको हुन्छ। राष्ट्रिय सुरक्षाप्रति गम्भीर चासो व्यक्त गर्दै भौगोलिक सीमाको रक्षा, देशमाथि विदेशबाट हुने जुनसुकै हस्तक्षेपको कडा विरोध तथा राष्ट्रिय स्वाभिमानको जयगान गर्दै लेखिएका कवितामा राष्ट्रिय युगचेतनाको प्रतिबिम्बन हुन्छ। कवितालाई माध्यम बनाई राष्ट्रको गौरवपूर्ण इतिहास जोगाइराख्न, राष्ट्रको शिर ठाडो पार्न तथा राष्ट्रका मौलिक पहिचानको सुरक्षा र संवर्धन गर्न सन्देश दिँदै रचिएका कवितामा राष्ट्रिय युगचेतना पाइन्छ।

यसै गरी समकालीन शैक्षिक यथार्थको प्रतिबिम्बन गरिएका कवितामा शैक्षिक युगचेतना पाइन्छ भने आर्थिक क्षेत्रमा देखिएका यथार्थको प्रतिबिम्बन गरिएका कवितामा आर्थिक युगचेतना पाइन्छ। समाजमा व्याप्त वर्गीय विभेद, आर्थिक असमानता, बेरोजगारीको समस्या, आर्थिक सङ्कट र तिनले निम्त्याएका पारिवारिक समस्या आदिको अभिव्यक्तिमा आर्थिक तथा वर्गीय युगचेतना पाइन्छ। वर्गद्वन्द्वको प्रमुख कारण आर्थिक असमानता र अर्थोपार्जनका साधनमाथिको पहुँच हुनु वा नहुनु मानिन्छ। यस्ता यथार्थको उद्घाटन गर्नुका साथै वर्गद्वन्द्वको समाधान तथा गरिबी, पछौटेपन, अशिक्षा आदिको अन्त्यका लागि सन्देश दिँदै रचिएका कवितामा वर्गीय तथा आर्थिक युगचेतनाको प्रतिबिम्बन भएको हुन्छ।

कविताले ग्रहण गर्ने विषय धेरै छन्। राजनीतिक विकासक्रमदेखि साहित्य, संस्कृति, कला, शिक्षा, धार्मिक क्षेत्र, प्रकृति, तीर्थस्थल, अभिलेखालय, सङ्ग्रहालय, पुरातात्त्विक महत्त्वका क्षेत्र र सामग्री, पुर्खाले देखाएको वीरता, विभिन्न देश र त्यहाँका ऐतिहासिक स्थलको भ्रमण र अवलोकन आदि विषयलाई लिएर पनि कविता लेखिन सक्छ। यस्ता विषयमा रचिएका कवितामा इतिहासका विभिन्न सन्दर्भ, तथ्य, साक्ष्य, किंवदन्ती आदिका बारेमा जानकारी दिँदै इतिहासप्रतिको बुझाइ प्रस्तुत गरिन्छ। ऐतिहासिक विषयलाई लिएर रचिएका यस्ता कवितामा ऐतिहासिक युगचेतनाको प्रतिबिम्बन हुन्छ।

यसै गरी जातीय पहिचान, क्षेत्रीय पक्षधरता, लैङ्गिक चेतना, स्वतन्त्रता, सीमान्तकृत वर्गका हकअधिकार आदिलाई विषय बनाई लेखिएका रचनामा पनि समयुगीन चेतनाको प्रतिबिम्बन हुने गर्छ। भिन्न भिन्न युगीन चेतनाको कलात्मक प्रतिबिम्बनले कवितालाई यथार्थपरक, युगबोधी, आधुनिक र समयुगीन तुल्याउँछन्।

७. नेपाली छन्दकवितामा युगचेतना

नेपाली छन्दकविताको लिखित इतिहास हेर्दा प्रथम नेपाली छन्दकविका रूपमा शक्तिवल्लभ अर्ज्याल र प्रथम नेपाली छन्दकविताका रूपमा उनीद्वारा वि.सं.१८३९ तिर रचिएको भन्ने अनुमान गरिएको कविता 'तनहूँ भकुन्डो' लाई मानिएको छ (श्रेष्ठ, २०५७, पृ.१६)। नेपाली कविता-परम्पराको अध्ययन गर्दा यसको प्रारम्भदेखि २०१६ सालसम्म शास्त्रीय छन्दकविताको एकछत्र नेतृत्व भएको इतिहास पाइन्छ भने २०१७ सालपछि गद्यकविताको नेतृत्व लिएको, छन्दकविता केही मात्रामा सुस्ताएको र २०४७ सालपछि छन्दकविताले पुनः जीवन प्राप्त गर्दै २०५३ सालदेखि यसको पुनर्जागरणको युग सुरु भएको र वर्तमान समयमा यसले पुनः गौरवशाली यात्रा गर्न थालेको पाइन्छ। २०१७ सालपछि 'शास्त्रीय छन्दमा आधुनिक युगका जटिलता समेट्नु सम्भव छैन, आधुनिक कविता केवल मुक्तलयमा मात्र लेखिन सक्छ' भन्ने मान्यता बढ्नाले-बढाइनाले छन्दमा लेखिरहेका कविहरू निरुत्साहित हुँदै गए र शास्त्रीय छन्दमा कविता लेख्ने परम्परा सुस्ताउँदै गयो (ज्ञवाली, २०७५, पृ.४२.)। तर २०५० सालपछि छन्दकविता-लेखनमा पुनर्जागरण सुरु भयो। फुटकर नेपाली कवितालाई छाडेर प्रबन्धकविता (लघुकाव्य, खण्डकाव्य र महाकाव्य) लेखनको अवस्था हेर्ने हो भने मुक्त लयका प्रबन्धकाव्यको भन्दा शास्त्रीय छन्दका प्रबन्धकाव्यहरूको उपस्थिति, सङ्ख्या र गुणात्मक प्रभावकारिता धेरै बढी देखिन्छ।

छन्दकवितामाथि सबैभन्दा बढी आलोचना 'यसले आधुनिक युगका जटिलता र युगीन चेतनालाई सम्बोधन गर्न सक्दैन' भन्ने आरोपका साथ हुने गरेको पाइन्छ। निश्चित नियमहरूको साँघुरो सीमामा रहेर रचिनुपर्ने भएकाले, व्याकरणिक भाषासँग शास्त्रीय छन्दका मानक मान्यताको समन्वय गर्न कठिन हुने र छन्दको शास्त्रीयता मिलाउँदा मानक भाषामा सम्झौता गर्नुपर्ने तथा जबर्जस्ती भाषा र छन्दका मानक पक्ष

मिलाउँदा युगीन चेतना र आधुनिक जीवनका जटिल अनुभूतिलाई सम्बोधन गर्ने बिम्ब तथा प्रतीक बन्न सक्ने पदपदावली समेट्न र समाहित गर्न नसकिने भएकाले शास्त्रीय छन्दका कविताले आधुनिकता र समकालीनतालाई सम्बोधन गर्न सक्दैन भन्ने बुझाइ केही समालोचक र कविहरूको रहँदै आएका कारण एवं शास्त्रीय सीमामा बसेर आधुनिक युगका जटिलता प्रस्तुत गर्न सामान्य प्रतिभाबाट सम्भव नहुने, त्यसका लागि कठोर साधनाको आवश्यकता पर्ने, बेग्लै ज्ञान र कठोर अभ्यासबाट गुज्रनुपर्ने भएकाले पनि आधुनिक कालमा यस शैलीका कविताको उपेक्षा हुँदै आएको देखिन्छ (ज्ञवाली, २०७५, पृ. ५६/५७)। यथार्थमा छन्दमा राम्रो कविता लेख्नका लागि सशक्त प्रतिभा र कठोर साधनाको आवश्यकता पर्ने हुँदा उच्च प्रतिभा र विशिष्ट क्षमता नभएका कविहरूले यसमा हात हाल्न सक्दैनन् र पूर्वाग्रही कविहरू आफ्नो अक्षमता लुकाउन छन्दकविताको आलोचना गर्छन् तर नेपाली छन्दकविताको इतिहास र वर्तमानमा यसको उपस्थिति हेर्दा छन्दकवितामा युगीन यथार्थ र जटिल आधुनिकता समेट्न सकिन्न भन्ने कुरा गलत देखिन्छ किनभने नेपाली कविताको प्रारम्भदेखि नै छन्दकवितामा समयुगीन यथार्थको प्रतिबिम्बन हुँदै आएको पाइन्छ भने आधुनिक युगका जटिल यथार्थलाई पनि शास्त्रीय छन्दमा रचिएका कविताले उत्तिकै सशक्तताका साथ सम्बोधन गर्दै आएको र गरिरहेको पाइन्छ।

शक्तिबल्लभ अर्ज्यालदेखि भानुभक्त आचार्यसम्मका प्राथमिक कालीन कविहरूले रचेका छन्दकवितामा त्यस युगको चेतनाले नै अभिव्यक्ति पाएको छ। त्यस युगमा भएका राज्यराज्यबिच हुने युद्ध र वीरताको युगीन यथार्थलाई शक्तिबल्लभ अर्ज्यालको 'तनहूँ भकुन्डो' मा सम्बोधन गरिएको छ। त्यस युगको समाज धर्मभीरु थियो भने त्यस वेलको शासनव्यवस्था सामन्तवादी थियो। धर्मभीरुता र तत्कालीन सामन्तवादी युगचेतनालाई कृष्णभक्तिधारा र रामभक्तिधाराका छन्दकविताहरूले प्रतिबिम्बित गरेका छन्। त्यस समयमा पनि प्रशासन भोलिवादी थियो जसले गर्दा जनताको काम समयमा हुँदैनथ्यो। त्यस यथार्थलाई भानुभक्त आचार्यको 'भोली भोली हुँदैमा सब जुनि बितिगो क्यान भन्छन् यि भोलि' जस्ता छन्दकविताले सम्बोधन गरेको पाइन्छ। त्यस समाजका छिमेकीहरूका बिचका हुने द्वन्द्व, मुद्दामामिला र त्यसको असरका समकालीन प्रवृत्ति र चेतनालाई पनि भानुभक्तका छन्दकविताले सम्बोधन गरेको देखिन्छ। माध्यमिक कालमा राणाकालीन विलासी प्रवृत्ति, शृङ्गारिकता र सामन्तवादी उत्पीडनको पराकाष्ठा थियो। त्यसबाट सिर्जित मानसिकतालाई मोतीराम, लक्ष्मीनाथ, राजीवलोचन, शम्भुप्रसाद ढुङ्गेल लगायतका छन्दकविहरूले प्रस्तुत गरेको पाइन्छ। राणाशासनको कठोरताका कारण माध्यमिक कालको अन्त्य र आधुनिक कालको पूर्वारम्भसम्म कुनै स्रष्टाले जनताका छटपटी, बौद्धिक वर्गको मनमा भित्रैभित्र दबिएको विद्रोही चेतना र कुरूप सामाजिक यथार्थको सोझो प्रस्तुति दिन सक्ने अवस्था थिएन। तथापि लेखनाथ पौड्यालले 'पिँजराको सुगा' जस्ता फुटकर कविता, 'ऋतुविचार' जस्ता प्रकृतिकाव्य एवं 'सत्यकलि संवाद' र 'बुद्धिविनोद' जस्ता बौद्धिक काव्यका माध्यमबाट समयुगीन पराधीनताको छटपटी र उन्मुक्तिको चाहना जस्ता युगचेतनाको अभिव्यक्ति ध्वनिका तहमा दिएको देखिन्छ। राणा शासनकालमा नै महानन्द सापकोटाले 'दुइचार यहाँ धनिमा गनिनु, अरूले तिनको करिया बनिनु, विधिको यदि यै छ विधान भने, अब त्यो विधिको पनि आयु पुग्यो' जस्ता अभिव्यक्तिका माध्यमबाट वर्गीय विभेदको अवस्थालाई सम्बोधन गर्दै तत्कालीन युगचेतना प्रस्तुत गरेको देखिन्छ भने धरणीधर कोइरालाले एकातिर 'जाग जाग अब जाग न जाग, लाग उन्नतिविषे अब लाग, घोर नीद अब ता परित्याग, भो भयो अति सुत्यौ अब जाग' जस्ता जागरणका कविता र 'कोदानुनय' जस्ता उत्पीडितवर्गीय युगीन अनभूतिलाई अभिव्यक्त गरेको देखिन्छ। राणाशासनकालको पछिल्लो अवधिमा

सामन्तवाद तानाशाहीविरुद्धको जागृत चेतना र त्यस चेतनालाई सम्बोधन गर्दै दिइएका अभिव्यक्तिहरू (लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र र केवलपुरे किसानका छन्दकविताहरू) मा समयुगीन जागृत चेतनाले स्थान पाएको देखिन्छ। प्रारम्भिक प्रजातन्त्र (२००७-२०१६) पछि) को समयमा खास गरी महाकवि लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, माधव घिमिरे र केवलपुरे किसानका छन्दकवितामा समयुगीन यथार्थको प्रतिबिम्बनसहितको युगचेतनाले स्थान पाएको देखिन्छ।

२०१७ सालको राजनीतिक परिवर्तन र पञ्चायती शासनकालको अवधिमा कविहरूले एकातिर ध्वन्यात्मक अभिव्यक्ति दिनुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भयो भने अर्कातिर छन्दकवितामा आधुनिकता अटाउन्न भन्ने भ्रम छरिएकाले छन्दकविहरू निराश भएकाले छन्दकविता कम लेखिए। तर यस अवधिमा पनि मोदनाथ प्रश्रित, मोदनाथ शास्त्री, हरिहर शास्त्री लगायतका केही छन्दकविहरूले प्रबन्धकाव्यमार्फत शास्त्रीय छन्दमा युगचेतनाको अभिव्यक्ति दिएको पाइन्छ।

२०३०-२०४६ सालका बिचमा भानुभक्त पोख्रेल, भरतराज पन्त, रामचन्द्र भट्टराई, मोदनाथ प्रश्रित, दैवज्ञराज न्यौपाने, कृष्णप्रसाद पराजुली, नुमराज बराल, मित्रलाल पंज्ञानी, वासुदेव अधिकारीलगायतका छन्दकविहरूले लेखेका कविताकाव्यमा पञ्चायतकालीन परतन्त्रता, सामन्तवादी सामाजिकता, एकतन्त्रीय राजनीति, गरिबी, अभाव, अशिक्षा, जनतामा जागृत हुँदै आएको राजनीतिक सचेतता, राजनीतिक विद्रोह र विद्रोहमाथि सत्ताधारीबाट भएको दमन आदि समयुगीन यथार्थको उद्घाटन गर्दै क्रान्तिचेत र विद्रोही स्वर प्रस्तुत भएको पाइन्छ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि खास गरी पचासको दशकमा नेपाली छन्दकविताको पुनर्जागरण सुरु भयो। यस कालखण्डमा भानुभक्त पोख्रेल, रमेश खकुरेल, वासुदेव त्रिपाठी, रामचन्द्र भट्टराई, नुमराज बराल, मित्रलाल पंज्ञानी लगायतका पुराना छन्दकवि तथा चन्द्रप्रसाद न्यौपाने, रामप्रसाद ज्ञवाली, चेतकान्त चापागाईं, रुद्र ज्ञवाली, देवी नेपाल, प्रभात सापकोटालगायतका नयाँ छन्दकविहरूले समयुगीन यथार्थको उद्घाटक, जागृत चेतनाको अभिव्यञ्जक तथा नयाँ यथार्थको विश्लेषक प्रकृतिका अनेक छन्दकविताहरू लेख्दै आएको पाइन्छ। २०४६ सालको जनआन्दोलन पूर्णतः क्रान्तिकारी नभएको र भविष्यमा छिटै अर्को महान् जनआन्दोलन हुनेछ भन्ने घोषणा गर्दै रामप्रसाद ज्ञवालीद्वारा २०४९ सालमा लेखिएको महाकाव्य 'औंसीका फूलहरू' (लेखन २०४९ र प्रकाशन २०५३) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएपछि सुरु भएको छन्दकविताको पुनर्जागरणको क्रम पोखराबाट माधव वियोगीको 'छन्द बचाऊ अभियान' (२०५३), रामप्रसाद ज्ञवाली र देवी नेपालद्वारा सुरु गरिएको 'छन्दकविताको पुनर्जागरणको अभियान' (२०५४), करको (कमलमणि दीक्षित, रमेश खकुरेल र कोषराज न्यौपाने) को 'कोकगोष्ठी' (कोठे कविगोष्ठी) (२०५५), नागार्जुन साहित्य प्रतिष्ठानद्वारा सञ्चालित 'छन्दकविता प्रशिक्षण अभियान', रमेश शुभेच्छु र बालकृष्ण लामिछानेले इलामबाट चलाएको 'छन्दकविता अभियान', नवलपरासीबाट कविराज पौडेलहरूले चलाएको 'छन्दवादी नेपाली समाज'को अभियान आदि हुँदै अहिले अमेरिकाबाट प्रसारण गरिने 'छन्द-अलङ्कार', अस्ट्रेलियाबाट प्रसारण गरिने 'रचना वाचन समूह', काठमाडौंबाट रामप्रसाद ज्ञवाली र देवी नेपालले सुरु गरेको 'छन्दकविताको मानकीकरण अभियान' र यसै अभियानअन्तर्गत मासिक रूपमा सञ्चालन भइरहेको 'छन्द-तरङ्ग'को सशुल्क काव्यवाचन र काव्यश्रवणको अभियान, झापाबाट कालिका एफएममार्फत चलाइएको छन्द तरङ्गको अभियान तथा बुटवल, चितवन, हेटौंडा लगायत देशका विभिन्न क्षेत्रमा भइरहेका छन्दकवितासम्बन्धी अभियानहरूले छन्दकविताको पुनर्जागरणलाई

उचाइमा पुऱ्याउँदै आएका छन्। यस क्रममा 'शब्दार्थ प्रकाशन'द्वारा प्रकाशन हुँदै आएको 'वैजयन्ती' द्वैमासिक पत्रिकाले पनि छन्दकविताको विकासमा ठुलो योगदान गरेको छ। यस पत्रिकाले छन्दकवितालाई नै केन्द्रमा राखेर आधा दर्जनभन्दा बढी विशेषाङ्कहरू प्रकाशित गरेको छ जसमा छन्दकविताका प्रतिनिधिमूलक सैद्धान्तिक तथा प्रयोगात्मक स्वरूपका शोधपूर्ण र सिर्जनापूर्ण रचनाहरू प्रकाशित भएका छन् भने नेपाल प्रज्ञा-प्रतिष्ठानले प्राज्ञ अमर गिरीको संयोजकत्व र प्रा.जगत् उपाध्याय तथा डा.रामप्रसाद ज्ञवालीको सम्पादकत्वमा समकालीन प्रतिनिधि नेपाली छन्दकविहरूका प्रतिनिधि छन्दकविताहरू समेटेर 'प्रज्ञा समकालीन प्रतिनिधि नेपाली छन्दकविता' २०७५ नामक पुस्तक प्रकाशित गरेको छ जसमा २०४६ सालपछिका समयुगीन चेतनालाई अभिव्यक्त गर्ने छन्दकविका प्रतिनिधि छन्दकविताहरू समेटिएका छन्।

२०५२ सालदेखि सुरु भएको माओवादी सशस्त्र सङ्घर्ष/माओवादी जनयुद्धलाई सम्बोधन गर्दै त्यसका पक्ष र विपक्षमा लेखिएका रचना, राजा ज्ञानेन्द्रको तानाशाही र तिनले लगाएको कर्फ्यु उत्कर्षमा पुगेको समयमा क्रान्तिकारी जनतामाथि भएको दमनका विरुद्ध रचिएका छन्दकविता, २०६२/०६३ सालको जनआन्दोलनले उत्पन्न गरेको क्रान्तिचेतना, विद्रोह तथा परिवर्तनलाई सम्बोधन गर्दै लेखिएका गणतान्त्रिक चेतनाका कविता, पछिल्लो अवधिमा नारी, जनजाति, दलित, मधेस, सीमान्तकृत वर्गको हकहितका पक्षमा रचिएका कविताहरूले पछिल्लो युगचेतना प्रस्तुत गरेको पाइन्छ। यी कवितामा छन्दकविहरूले नेपाली समाज र नेपाली जीवनका बहुल यथार्थ र मानवीय रुचि-अरुचिका साथै समकालीन ज्वलन्त प्रवृत्तिहरूको पहिचान गर्दै नवजागृतिका स्वर अभिव्यक्त गरेका छन्। साथै समयुगीन सङ्गति-असङ्गतिको बोध, परिवर्तनकामी चेतना र सीमान्तकृत वर्गका अधिकारसम्बन्धी चेतनाको प्रतिबिम्बन गरेका छन्। यस्ता छन्दकवितामा एकपछि अर्को गरी रूपान्तरण हुँदै आएको समयका समयुगीन यथार्थहरूको वस्तुपरक उद्घाटन गरिनुका साथै राष्ट्रिय तथा अन्तरराष्ट्रिय युगचेतनाको सशक्त अभिव्यक्ति दिइएको छ। फुटकर कवितामा मात्र नभई छन्दमा लेखिएका खण्डकाव्य र महाकाव्यहरूमा समेत यस चेतनाको सशक्त अभिव्यक्ति देख्न सकिन्छ। यहाँ यस्ता सबै छन्दकवि र छन्दकवितालाई समेट्न नसकिए पनि केही प्रतिनिधि कवि र तिनका प्रतिनिधि कवितांशलाई उदाहरणका रूपमा प्रस्तुत गरी छन्दकवितामा वर्तमान युगचेतनाको प्रतिबिम्बन कसरी भएको छ भन्ने कुरा प्रस्तुत गरिएको छ।

घनश्याम कँडेलको 'युद्ध युद्धैसित गर', टीकाराम शर्मा पौडेलको 'शान्तिले बाँच्न देऊ', नवराज लम्सालको 'निराशा', श्रीहरि फुयाँलको 'यौटै रहोस् मन्त्रणा', रामप्रसाद ज्ञवालीको 'मान्छेको पहिचान र म', गोविन्द घिमिरे 'वेदमणि'को 'शान्तिको कविता र आजको क्रान्ति' लगायतका अनेक कविका अनेक कविताहरूमा नेपालमा बारम्बार हुँदै आएका र भइरहेका विद्रोह, क्रान्ति र आन्दोलनको सकारात्मक परिणाम अपेक्षित मात्रामा नदेखिएको यथार्थबोध गर्दै तथा आन्दोलन, क्रान्ति र तथाकथित स्वतन्त्रताको नाममा भइरहेका अराजकता, बढ्दै गएका बेथिति आदिप्रति असन्तुष्टि व्यक्त गर्दै सामाजिक चेतनाको अभिव्यक्ति दिइएको छ। कलानिधि दाहालको 'घ्यौराली दूरमा दुख्छ', कृष्णराज डी.सी.को 'साहुजीसँग अनुरोध !' गोविन्द आचार्यको 'देशको केश', घनश्याम कँडेलको 'ज्वालामुखी फुट्नेछ', चेतकान्त चापागाईंको 'उक्सेन कोखो सुक्यो', शिव रेग्मी प्रणतको 'सधैँ छन् निराश' लगायतका कविताहरूमा वर्गीय उत्पीडनमा परेका नेपालीहरूको जीवनपीडाको उद्घाटन गर्दै एवं वर्गीय विभेद र वर्गीय उत्पीडनका मुख्य कारकका रूपमा रहेका सामन्तवाद र पुँजीवादमाथि प्रहार गर्दै वर्गीय चेतनाको अभिव्यक्ति दिइएको छ। शिक्षा, स्वास्थ्य, राजनीति, व्यापारलगायतका सबैजसो क्षेत्रमा असङ्गति र विकृतिलाई सम्बोधन गर्दै लेखिएका कविराज पौडेलको 'घाइते राष्ट्र', गोविन्द आचार्यको 'पाऊँ', गोविन्दराज

विनोदीको 'चाहना', रमेश खकुरेलको 'ठिटोली', रुद्र ज्ञवालीको 'आज नेपाल बन्द छ', चन्द्रप्रसाद न्यौपानेको 'हामी दास बनेका छौँ', चूडामणि रेग्मीको 'कालो रात', तीर्थराज अधिकारीको 'प्रलय पथ', नारायणप्रसाद पोखरेलको 'अस्ताउने भो रवि', प्रभा भट्टराईको 'कसरी कविता लेखूँ ?', बलराम दाहालको 'नरोएको कुनै दिन', हरि कट्टेलको 'रक्सी पुरानै रह्यो', मित्रलाल पंज्ञानीको 'भड्केको सपना', रत्ननिधि रेग्मी शुक्राचार्यका 'यहाँ पूmलहरू मर्छन्', रामबाबु सुवेदीको 'भन्छ यो लोकनाथ', हरिप्रसाद तिमिल्सिनाको 'परिवर्तन' र हिरण्यलाल ज्ञवालीको 'म त्यस्तो कविता लेखूँ' लगायतका सयौँ छन्दकविताहरूमा सामाजिक तथा वर्गीय चेतनाको अभिव्यक्ति दिइएको छ । जस्तै :

'गैरी खेत' लियौ, लियौ रहरिला गाई र बाच्छा पनि
चर्को ब्याज लियौ दुःखी मनुजको सर्वस्व मेरै भनी ?

(कृष्णराज डी.सी.: साहुजीसँग अनुरोध !)

यो छानो खरको रहन्छ र खडा हावा सुनामी चले ?
भित्ताको पनि आश छैन मकियो सम्पूर्ण चोया गले

(चेतकान्त चापागाईं : उक्सेन कोखो सुक्यो !)

केही महलको मात्र जहाँ चल्दछ हैकम
छाप्रा-झुप्राहरूको छ सधैँ सन्त्रस्त जीवन।

(घनश्याम कँडेल : ज्वालामुखी फुट्नेछ)

भाइ भोको भएको छ म खाना कसरी लिऊँ ?
दाइ नाङ्गो भएको छ म नाना किन पैह्रिऊँ ?

(कलानिधि दाहाल : द्यौराली दूरमा दुख्छ)

खानामाथि थपी खाना कोही सधैँ डकार्दछन्
दुःखीको मुखमा माड छैन, कोही अजीर्ण छन् !

(गोविन्द आचार्य : देशको केश)

नपाई औषधी सित्तैँ मान्छे मर्छ अकालमा
वीभत्स दृश्य देखेर लगाई हात माथमा
बढेको पेट पत्नीको हेरेर पति भन्दछ—
"सुत्केरी नभए हुन्थ्यो आज नेपाल बन्द छ।"

(रुद्र ज्ञवाली : आज नेपाल बन्द छ)

यौटा चिन्ता सक्यो फेरि अर्को चिन्ता भयो सुरु
चिन्तैचिन्ता छ, चिन्ताको के होला औषधी-गुरु ?
नसोध कति छन् चिन्ता, ऐले म भन्न सक्दिनँ
छैन पुगेर कोठामा नरोएको कुनै दिन।

(बलराम दाहाल : नरोएको कुनै दिन)

नेपालका सन्दर्भमा भन्नुपर्दा पछिल्लो अवधिको शक्तिशाली चेतना स्वतन्त्रता, प्रजातन्त्र र गणतन्त्रप्रतिको चेतना हो । प्रजातन्त्र, लोकतन्त्र वा गणतन्त्र भन्ने कुरा जेका लागि जानिन्छन् ती ती कुरामा यी तन्त्र असफल भएको बोध गरी शास्त्रीय छन्दका कविहरूले समयुगीन परिवेशको सूक्ष्म अवलोकन गर्दै कविताहरू लेखेका छन् । रामचन्द्र भट्टराईका 'सेतो हात्ती' र 'हरियो सर्प', नारायण नेपालको 'मुक्तिमन्त्र', रामप्रसाद ज्ञवालीको 'बाँकी त्यै गणतन्त्र छ', कविराज पौडेलको 'चितामाथिको देश', चन्द्रप्रसाद न्यौपानेको 'योग्य नेता', चेतकान्त चापागाईंको 'डुँढे झारी', टीकाराम शर्मा पौडेलको 'कृतघ्नता', डिल्लीराज अर्यालको 'लोकतन्त्र कि भोकतन्त्र ?', तीर्थराज अधिकारीको 'वानर लीला', नुमराज बरालको 'ऋतु वसन्त र हामी', प्रभात सापकोटाको 'अनन्त क्रान्ति', भागवत आचार्यको 'सुन्दैन त्यो सारथी', सुधन पौडेलको 'अपाङ्ग प्रजातन्त्र', हरि कट्टेलको 'रक्सी पुरानै रह्यो' तथा हिरण्यलाल ज्ञवालीको 'खै बुद्धको लुम्बिनी ?'लगायतका दर्जनौँ कविताहरूमा यथास्थितिवादको विरोध गर्दै राजनीतिक चेतनाको सबल अभिव्यक्ति दिइएको पाइन्छ । जस्तै :

हात्ती हट्छ हटोस् नत्र लात्तीले हान्नुपर्दछ
यो राजमार्गको काँढो मिलेर फाल्नुपर्दछ
जरो अशान्तिको यै हो उखेली फाल्नुपर्दछ
यो बस्ने ठाउँमा सेता परेवा पाल्नुपर्दछ।

(रामचन्द्र भट्टराई : सेतो हात्ती)

जहाँ छ उच्च शृङ्खला त्यहाँ त निम्नता नहोस्

विदेह-बुद्धपुत्र हौँ भने अनेकता नहोस्
स्वतन्त्रता छ कर्मको भुलेर मूर्खता नहोस्
पुनश्च वज्रपात भै स्वतन्त्रता नसल्कियोस्।

(नारायण नेपाल : मुक्तिमन्त्र)

राजतन्त्र हुँदा केही राजामात्रै खुसी भए
प्रजातन्त्र हुँदा केही नेतामात्रै खुसी भए
सबै खुसी त्यहाँ हुन्छन् जहाँ पूर्ण स्वतन्त्र छ
व्यवस्था भोगियो धेरै बाँकी त्यै गणतन्त्र छ।

(रामप्रसाद ज्ञवाली : बाँकी त्यै गणतन्त्र छ)

सत्तामा जब पुग्छ ऊ मुलुकको सम्झन्न कोही जन
सत्ता सुन्दर लाग्न थाल्छ अनि ऊ बिर्सन्छ सारा प्रण
चर्का भाषण दम्भ ती विगतका वैलाउँछन् सुस्तरी
जे चिच्याहट देशले गरिरहोस् सुन्दैन त्यो सारथि !

(भागवत आचार्य : सुन्दैन त्यो सारथी)

उस्तै शोषण चल्छ, शोषक उनै उस्तै रहे देशमा
उस्तै छन् दुःख वेदना मुलुकका, थाती रहे योजना
नेता मुक्त भयो र तन्त्र पनि यो पेवा उसैको भयो
फेर्यौँ बोतल ता नयाँ तर यहाँ रक्सी पुरानै रह्यो।

(हरि कट्टेल : 'रक्सी पुरानै रह्यो)

जातजाति, नारी, दलित, क्षेत्रीयता आदिको पहिचानको मुद्दा र राष्ट्रिय एकताको स्वर पछिल्लो कालखण्डको महत्त्वपूर्ण युगचेतना हो। "यस अवधिमा एकातिर जाति, जनजाति, दलित, उत्पीडित वर्ग, लिङ्ग, क्षेत्र, भूगोल आदिको मौलिक पहिचान र अधिकारका कुरा जोड जोडले उठेका छन्, उठाइएका छन् भने अर्कातिर जाति, क्षेत्र, धर्म आदिको पहिचानका नाममा देश टुक्रा पार्ने खेल चलेको छ भन्ने बुझाइअनुरूप यस्तो घातक प्रवृत्तिका विरुद्ध पनि आवाज उठेका छन्, उठाइएका छन्। शास्त्रीय छन्दमा कविता लेख्ने प्रतिनिधि कविहरू यी मुद्दा र यिनका पक्ष-विपक्षमा भइरहेका गतिविधिप्रति सचेत र संवेदनशील देखिन्छन्" (ज्ञवाली, २०७५, पृ.५०)। प्रभा भट्टराईको 'नारी', रत्ननिधि रेग्मी शुक्राचार्यको 'बोक्सीको बयान', रामबाबु सुवेदीको 'झस्किएको सिन्दूर', रमेश शुभेच्छुको 'आमा', सीता भट्टराईको 'नारी' आदि कवितामा नारीको संवेदनशीलतालाई सम्बोधन गरिएको पाइन्छ भने गाउँले बलदेवको 'हाम्रो नेपाल, हामी नेपाली', डिल्लीराज अर्यालको 'के गरौला तिमीहरू ?' देवी नेपालको 'सुन्दर प्रकृति : भव्य संस्कृति' निर्मोही व्यासको 'नरहे देश नै सग्लो के काम गणतन्त्र यो ?' नुमराज बरालको 'आँधीमय मधेस', रुद्र ज्ञवालीको 'खरानी बनाए', कविराज पौडेलको 'चितामाथिको देश', प्रह्लाद पोखे्रलको 'आँखा', कृष्णराज डी.सी. को 'नेपाल नेपाल जस्तो छैन', गोविन्दराज विनोदीको 'समयका प्रश्नहरू', टीकाराम शर्मा पौडेलको 'हाम्रो घर', बालकृष्ण लामिछानेको 'फिरङ्गी राष्ट्रवाद', मुकुन्दप्रसाद लामिछानेको 'राष्ट्र', हरि कट्टेलको 'नेपाल आत्माभरि', हेमराज अधिकारीको 'नेपाल हाम्रो घर', पुरुषोत्तम आचार्यको 'मानसिंह विश्वकर्माको बयान' लगायतका अनेक छन्दकविताहरूमा पहिचान र राष्ट्रिय एकतासम्बन्धी यस्तै युगचेतना अभिव्यञ्जित भएको पाइन्छ। जस्तै :

बोले ऊ दुर्मुखा हुन्छे, नबोले बन्दछे खुनी
ऊ सन्तुलनको आशा गर्छे थाक्दिन तैपनि
सहन्छे, सहँदै जान्छे पटक्कै प्रश्न गर्दिन
परे ज्वालामुखी बन्दै पड्किन्छे पछि पर्दिन।

(प्रभा भट्टराई : नारी)

बोक्सी भन्छ समाज यो किन सधैँ चर्को दिई यातना
लिन्छन् हुर्मत गाउँले जति मिली बुझ्थ्यो र को वेदना !
भन्छन् मन्त्र, टुना-मुना पनि गरिस् खाएर मान्छे मुटु !
यो आक्षेप सकिन्न सुन्न अहिले मैले कसोरी भनूँ ?

(रत्ननिधि रेग्मी शुक्राचार्य : बोक्सीको बयान)

गौरामा व्रत बस्दछिन् असनकी नानीथकुँ प्रेमले
आयो है छठ सूर्य दर्शन गरौँ ! भन्छिन् नि पासाङ्ले
साकेला सुरु भो भनी सब जुटे त्यो बर्दिया चौरमा

कस्तो मेल ! अचम्म मान्छ दुनियाँ यो बुद्धको देशमा !!!

(देवी नेपाल : सुन्दर प्रकृति : भव्य संस्कृति)

मैंरै शिल्प नभै हरेक घरको बल्दैन चौको चुलो
मैंरै जीवनको खलाँति नघुमी बन्दैन गैरी कुलो
मेरो यै तनको सुगन्ध पसिना फैलन्छ बस्तीभरि
मैंरै धड्कनको तरङ्ग बटुली गुन्जिन्छ बाजा पनि।

(पुरुषोत्तम आचार्य : मानसिंह विश्वकर्माको बयान)

कुनै भन्छ टुक्रा गरी भाग लाऊँ
कुनै भन्छ देऊ कलेजो म खाऊँ
लुछी सेकुवा खान यी सल्बलाए
र, यो देशलाई खरानी बनाए।

(रुद्र ज्ञवाली : खरानी बनाए)

बेरोजगारीका कारण नेपालको मुख्य श्रमशक्ति बिदेसिँदै आएका छन्। एकातिर बिदेसिनुपर्ने बाध्यता छ र अर्कोतिर नेपालमा सबै पुगेकै भए पनि अमेरिका जस्ता देशमा गएर मोज गर्न पाए हुन्थ्यो भन्ने लोभले देश र आफन्तलाई पनि बिर्सेर उतै जाने कृतघ्नहरू पनि छन्। बाध्यताका कारण जानुपर्नेहरूमा उत्पन्न निराशा र त्यसबाट मुक्तिको अभिलाषा अनि लोभले देश र आफन्तलाई नै बिर्सने कृतघ्नता दुवैलाई सम्बोधन गर्दै लेखिएका छन्दकविताहरू प्रशस्त छन्। देवी नेपालको 'परिवर्तन', प्रभा भट्टराईको 'परदेसिएकालाई पत्र', भुवनहरि सिग्देलका 'यो फुलेको जवानी' र 'कोरिया जाने चिठी', बाजुराम पौडेलको 'सुसाएको बस्तीबाट', प्रकाश चापागाईंको 'बाँकी सबै बिर्सिएँ' लगायतका अनेक कविका अनेक कविताहरूमा यस युगचेतनाको अभिव्यक्ति पाइन्छ। जस्तै :

भन्छन् खै ! सुन फल्छ त्यो मुलुकमा, सारा खुसी छन् त्यहीँ
होला ! झैँ पनि लाग्छ, फर्कन यता खोज्दैन कोही पनि
केले तान्छ घरी घरी किन उतै ? कस्तो छ त्यो चुम्बक ?
जिज्ञासा अति बल्झियो मन भरी, केही बताऊ न त !

(प्रभा भट्टराई : परदेसिएकालाई पत्र)

छोरा भन्थिस् अब घर नयाँ हुन्छ निर्माण चाँडै
चर्को काढिस् ऋण अति भयो आज काटिस् तँ डाँडै
अर्को बर्खा दलिन घरको खस्छ हामी पुरिन्छौँ
फर्की खोस्रेस् पछि जग बना भित्र गल्छौँ कुहिन्छौँ।

(भुवनहरि सिग्देल : कोरिया जाने चिठी)

नेपालीपन बिर्सिएँ र घरको माया भुलेँ बिर्सिएँ
बाआमा पनि बिर्सिएँ मुलुक नै कस्तो छ खै बिर्सिएँ
धर्तीपुत्र र देशको रगतको नाता टुट्यो बिर्सिएँ
पैसामात्र छ जिन्दगी जगतमा बाँकी सबै बिर्सिएँ !

(प्रकाश चापागाईं : बाँकी सबै बिर्सिएँ)

नेपालको इतिहासमा प्रायः सबैजसो युगको चेतनाका रूपमा राष्ट्रियताको चेतना रहँदै आएको छ। खास गरी भारतीय विस्तारवाद र पुँजीवादी सांस्कृतिक आक्रमणका विरुद्धमा नेपाली राष्ट्रियताको चेतना मुखरित हुँदै आएको पाइन्छ। यस चेतनालाई पनि छन्दकविहरूले दशकौँदेखि अभिव्यञ्जित गर्दै आएका छन्। पीताम्बर भण्डारीको 'झुक्दैन हाम्रो शिर', रामप्रसाद ज्ञवालीको 'देश यो मर्न दिन्नँ म', प्रह्लाद पोखेरलको 'आँखा', भाग्यशाली अधिकारीको 'छैन झुकेको', डा.भीम खतिवडाको 'अग्निचर्या' र 'म : राष्ट्र', भुवनहरि सिग्देलको 'नाकाबन्दीमा सङ्कल्प प्रस्ताव', रुद्र ज्ञवालीको 'जाऊँ पर्खाल लाउन', लेखप्रसाद निरौलाको 'नाका सधैँ बन्द होस्', हिरण्यलाल ज्ञवालीको 'खै बुद्धको लुम्बिनी ?' नारायण निराशीको 'खुम्चिरहेको नक्सा' लगायतका अनेक कविका छन्दकविताहरूमा यस चेतनाको प्रतिबिम्बन पाइन्छ। जस्तै :

लाग्दो हो म त भव्य, उच्च बलको, मैंरै छ धेरै धन
निम्छा निम्न दुःखी छिमेक मसँगै आऊन् सबै पस्रिन
यस्तै दुष्ट विचार हो यदि भने आँखा नहोस् तिर्मिर
दु:खी छौँ तर स्वाभिमान-सुन हौँ, झुक्दैन हाम्रो शिर !

(पीताम्बर भण्डारी : 'झुक्दैन हाम्रो शिर)

मेरो भूमि नदीनाला तँलाई टेक्न दिन्नँ म
मै लेख्छु जिन्दगी मेरो तँलाई लेख्न दिन्नँ म
नयाँ नेपालको यात्रा तँलाई रोक्न दिन्नँ म
कानमा गीत गाएर गालामा टोक्न दिन्नँ म।
(रामप्रसाद ज्ञवाली : देश यो मर्न दिन्नँ म)

खप्नै सक्तिनँ मुड्कीले बजार्दा मुटु फुट्दछ
गण्डकी कहिले दुख्छ कहिले त टनक्पुर
पानीमा दुख्छु, माटोमा, हिउँमा, टाकुरासँग,
लिपुलेक कतै दुख्छु, कतै दशगजासँग।
(डा.भीम खतिवडा : म राष्ट्र)

चिन्ता लाग्छ सदैव लागिरहने माटो र भूगोलको
को खोज्ला अब औषधी दिनदिनै रोगी बन्यो देश यो
छातीभित्र छ छैन देश सबले छामेर साँचो भन
नक्सा खुम्चिरहेछ यो मुलुकको हेरेर बस्छौ किन ?
(नारायण निरासी : खुम्चिरहेको नक्सा)

२०७२ सालको महाभूकम्प र त्यसपछिका सानाठुला परकम्पहरूले नेपाली जनजीवनमाथि पारेको डरलाग्दो असर र त्यसले उत्पन्न भएको मानवीय संवेदना र कारुणिक चेतना पनि नेपालको पछिल्लो युगचेतनाका रूपमा देखा परेको छ। यस युगचेतनालाई सम्बोधन गर्दै नारायणप्रसाद पोखरेलको 'भूकम्प', भाग्यशाली अधिकारीको 'भूकम्पको कम्पन', रामचन्द्र भट्टराईको 'मान्छे बाँचे सबै बाँच्छ', सीता भट्टराईको 'यसै थियो नि लेखिनु'लगायतका दर्जनौँ छन्दकविताहरू लेखिएका छन्। यस्ता कविताहरूमा एकातिर भूकम्पको शक्ति, यसले गरेको विनाशलीला, त्यसबाट नेपालीहरूले सहनुपरेको पीडा, भोग्नुपरेको जीवनसङ्कट, सहनुपरेको असहनीय कष्ट र अनुभूत गरेको मर्मान्तक वेदनाको अभिव्यक्ति पाइन्छ भने अर्कातिर यस्तो पीडानुभूतिको समयमा पनि केही निर्दयी, क्रूर तथा अमानवीय स्वभावका दुष्ट व्यक्तिहरूले पीडितहरूलाई सघाउनुको ठाउँमा लुटपाट मच्चाउने, राहतका नाममा आएका सामग्री र सम्पत्तिमाथि कब्जा जमाउने र घुस खाने जस्ता दुष्कर्महरू गरेको यथार्थको प्रतिबिम्बन पाइन्छ। जस्तै :

पुर्खाका पसिना प्रतीक छहरा आस्था अडेका कुरा
पल्ट्यो देश चिनाउने धरहरा अस्तित्व धान्ने पुरा
उम्दा मन्दिर माथका गजुर के गर्लम्म गुम्बा लडे
काँक्रा झैँ चिरिए अमूल्य गहना काँप्दै धुलामा गडे।
(नारायणप्रसाद पोखरेल : भूकम्प)

पल्टेका तलमाथि छन् जमिनमा बेनामका लास छन्
मान्छेभित्र छ त्रास मात्र सबमा, सङ्कष्टमा सास छन्
चारैतर्फ सडे गले सिनु हेरे ! सर्वत्र दुर्गन्ध छ
कोही बस्न तयार छैन घरमा ढोका सबै बन्द छ।
(भाग्यशाली अधिकारी : भूकम्पको कम्पन)

पर्यावरणीय चेतना आजको विश्वकै युगचेतनाका रूपमा देखा परेको छ। प्रकृतिको विनाश र सहरिया तथा औद्योगिक प्रदूषणले समग्र पर्यावरणमा नकारात्मक असर पारेको छ। एकातिर यो क्रम बढ्दै छ भने अर्कातिर यसबाट मुक्तिको खोजी पनि गरिँदै छ। केही छन्दकविहरूले यस युगचेतनालाई पनि अभिव्यक्त गरेको देखिन्छ। नरेन्द्र पराशरको 'ग्लोबल वार्मिङ', नवराज लम्सालको 'वागमतीको बिलौना', बमबहादुर थापा जितालीको 'विश्व-वातावरण' यस दृष्टिले उल्लेख्य कविता हुन्। मूलतः औद्योगिक विकास, वैज्ञानिक आविष्कार, बढ्दो सहरीकरण र बढ्दो जनसङ्ख्या तथा मान्छेका अनावश्यक विलासी प्रवृत्ति आदिका कारणले प्रकृति र विश्वको पर्यावरणमाथि परिरहेको नकारात्मक असरको बोध गर्दै यस्ता कविता लेखिएका देखिन्छन्। जस्तै :

जसै झोल भै पग्लिनेछन् हिमाल
उसै सागरै अग्लिनेछन् विशाल
महाघाम ज्वालामुखी ओर्लिंदै छ
महामृत्युले जाल फैलाउँदै छ !
(नरेन्द्र पराशर : ग्लोबल वार्मिङ)

ज्वाला र जलको द्वन्द्व चर्कियो यसरी किन ?
भोग्दै छ विश्वले ऐले अमिलो-तिक्त जीवन
हावामा शुद्धता छैन, शान्ति छैन कतै किन ?
पानीमा शुद्धता भेट्न सकिएन कुनै दिन।
(बमबहादुर थापा 'जिताली' : विश्व-वातावरण)

कविता पनि मानवीय र सामाजिक वस्तु हो। मानवजीवनमा र समाजमा जेजस्ता यथार्थ छन् तीबाट कवि प्रभावित हुन्छ। सारभूत रूपमा माथि उल्लेख भएका युगीन चेतनालाई नेपाली छन्दकविताले

सम्बोधन गरेकै छन् । साथमा त्याग र बलिदानको सम्मान नभएको युगीन यथार्थप्रतिको पीडानुभूति पनि नेपाली छन्दकवितामा अभिव्यक्त भएको पाइन्छ । राणाकालीन सहिदकाण्डदेखि लिएर २०६२/०६३ सालको महान् जनआन्दोलन र त्यसपछिको मधेस आन्दोलनसम्मको राजनीतिक इतिहास हेर्ने हो भने देश र जनताको हित र अधिकारका नाममा सयौँ वीर नेपालीहरूले बलिदान गरे, सहादत प्राप्त गरे तर ती सहिदका सपनामाथि राजनीतिक नेतृत्वले सदैव खेलबाड गर्दै आएको छ। यस कुरूप यथार्थका कारण उत्पन्न आक्रोश र असन्तुष्टिको जनचेतनालाई पनि छन्दकविहरूले सम्बोधन गरेका छन्। चेतकान्त चापागाईंको ‘अब के हुन्छ ?’ त्रिलोचन आचार्यको ‘सहिद भन्छन्’, रामप्रसाद ज्ञवालीका ‘प्यारो छ नेपाल यो’ र ‘सहिदको सन्देश’, श्रीहरि फुयाँलको ‘नयाँ बत्ती बाल्ने सहिद’ लगायतका दर्जनौँ कविका सयौँ कविताहरूमा यस्तो युगचेतनाको अभिव्यक्ति पाइन्छ। यसै गरी विश्वमा साहित्यकार र तिनको साहित्यिक स्वतन्त्रताका विरुद्ध भएका तानाशाही दमनविरुद्ध पनि छन्दकविहरूले आवाज उठाएका छन्। नुमराज बरालको ‘असरफ फयादप्रति’, रमेश खकुरेलको ‘कवि मर्दैन’लगायतका केही कविताहरूमा यस्तै युगचेतना पाइन्छ । जस्तै :

जब नव कविताले नेत्रका खोल्छ पट्टी
तब यस पृथिवीमा न्यायको बल्छ बत्ती
नबन हृदय-घाती पादरी, पोप जस्तो
फुलसरि कविलाई निर्दयी दण्ड यस्तो !

(नुमराज बराल : असरफ फयादप्रति)

कवि मारेर मर्दैन अजरामर हुन्छ यो
कवि हो सिर्जना भन्नु देह ता गेह मात्र हो।

(रमेश खकुरेल : कवि मर्दैन)

नेपाली छन्दकविहरूले आत्मसन्तुष्टि र आनन्दका लागि मात्र नभई सामाजिक रूपान्तरणका लागि लेखकीय दायित्वसमेत निर्वाह गर्दै युगचेतनाको अभिव्यक्ति दिँदै आएका छन्। समाज र जीवनको सकारात्मक परिवर्तनमा कविताको उल्लेख्य भूमिकाको खोजी गर्दै लेखिएका गोविन्दराज विनोदीको ‘भाँचे भयो लेखनी’, राजेन्द्र सुवेदीको ‘कलम’ लगायत माथि उल्लेख भएका र नभएका धेरै कविका अनेक कविताहरूमा यो युगचेतना पाइन्छ ।

फुटकर कवितामा मात्र नभई खण्डकाव्य र महाकाव्यका तहमा पनि नेपाली छन्दकविहरूले युगीन चेतनाको सशक्त अभिव्यक्ति दिँदै आएको पाइन्छ। महाकवि देवकोटाले सुलोचना (२००३) मा राणाशासनको अन्त्यतिरको सामाजिक चेतनालाई, लेखनाथ पौड्यालले तरुण-तपसी (२०१०) मा मानवसभ्यताको विकास, अन्धविश्वास र वर्गीय भिन्नताको सामाजिक चेतनालाई, मोदनाथ प्रश्रितले मानव (२०२३) मा वर्गीय उत्पीडन, गरिबी र सामन्तवादी शोषणले उत्पन्न सामाजिक चेतनालाई, प्रश्रितले नै देवासुर सङ्ग्राम (२०३१) मा मानवसभ्यताको विकासको ऐतिहासिक द्वन्द्वात्मक युगचेतनालाई, रामप्रसाद ज्ञवालीले औंसीका फूलहरू (२०५३) मा २०१७ सालदेखि २०४७ सालसम्मको राजनीतिक सङ्घर्ष, परिवर्तन र असफलताको राजनीतिक युगचेतनालाई तथा यिनले नै स्वप्नदृष्टि (२०७३) मा चीन, भारत, उत्तरकोरिया र अमेरिकासम्मको अन्तर्राष्ट्रिय विषयलाई, चन्द्रप्रसाद न्यौपानेले चन्द्रयुग (२०६५) मा सामाजिक, सांस्कृतिक तथा राजनीतिक चेतनालाई, बुनू लामिछानेले विद्रोही इन्द्रकुमारी (२०६५) मा नारीवादी चेतनालाई, नवराज लम्सालले धरा (२०७३) मा समयुगीन राजनीति, सामाजिक यथार्थ र मानवतासम्बन्धी आधुनिक चेतनालाई तथा, भुवनहरि सिग्देललगायतका तेह्र जना कविहरूको संयुक्त लेखनमा तयार पारिएको महाकाव्य आरोहण (२०७५) मा २०७२ सालको भूकम्पले निम्त्याएको सङ्कट र सामाजिक चेतनालाई सशक्त रूपमा अभिव्यञ्जित गरेको पाइन्छ भने छन्दमा लेख्ने अरू अनेक महाकाव्यकारहरूले पनि विभिन्न युगीन चेतनाको अभिव्यक्ति दिएको देखिन्छ ।

यसै गरी छन्दमा लेखिएका खण्डकाव्यका कुरा गर्ने हो भने युगचेतनाको अभिव्यक्ति दिने दजैनौँ खण्डकाव्यहरू पाइन्छन्। लेखनाथ पौड्यालले ऋतुविचार र सत्यकलि संवादमा राणाकालीन युगीन यथार्थका केही पक्षहरूको प्रतिबिम्बन साङ्केतिक रूपमा गर्ने प्रयास गरेको देखिन्छ। २००७ सालपछि शास्त्रीय छन्दमा लेखिएका खण्डकाव्यहरूमध्ये गोविन्द भट्टको शान्तिसन्देश (२०२४), युद्धप्रसाद मिश्रको मुक्तसुधामा (२०२९), रामचन्द्र भट्टराईको, बोई (२०३३), रविलाल अधिकारीको एकलव्य (२०३५), मित्रलाल पंज्ञानीको गतिमान् गण्डकी (२०५०), चन्द्रप्रसाद न्यौपानेका बेचिएकी चेली (२०४९) र कुभिन्डे र संघर्ष (२०५२), घनश्याम कँडेलको उज्यालोतिर (२०५५), भुवनहरि सिग्देलका कानी (२०५५) र खाते (२०५५), हेमराज अधिकारीको महासम्मेलन (२०५९), रामप्रसाद ज्ञवालीको एकादेशमा (२०६१), पोषराज पौडेलको आदर्श कोकिल (२०६५), नारायणप्रसाद पोख्रेलको प्रतिबिम्ब (२०६५), नुमराज बरालको बिहे (२०६७), बालकृष्ण लामिछानेको युग आरम्भकर्ता (२०६७), प्रकाश चापागाईंको बुलेट नम्बर पाँच (२०७०) लगायतका दर्जनौँ खण्डकाव्यहरूमा सामाजिक, सांस्कृतिक, राजनीतिक, लैङ्गिक, उत्पीडित वर्गीय युगचेतनाको अभिव्यक्ति पाइन्छ।

२०७० सालपछिको नेपाली छन्दकविता नयाँ पुस्ताको सशक्त उपस्थितिका कारण थप विस्तारित र प्रभावशाली बन्दै गएको देखिन्छ। त्यसमा पनि छन्दमा लेख्ने नारीप्रतिभाको सशक्त उपस्थिति यस अवधिको उल्लेखनीय पक्ष देखिन्छ। नारायण निरासी, बलराम दाहाल, सुदेश सत्याल, मनोज भण्डारी, पुरुषोत्तम आचार्य, विष्णु न्यौपाने, वासुदेव पाण्डेय, सोम निरौला, टीका आत्रेय, मेनुका चापागाईं, भवानी खतिवडा, कल्पना काफ्ले, सिर्जना अधिकारी, हिरा शर्मा जस्ता युवाकविहरूले आजको नेपाली छन्दकवितालाई थप उचाइमा पुऱ्याउने प्रयास गरिरहेका छन्।

८. निष्कर्ष

कवि आफ्नो राष्ट्रको जिम्मेवार नागरिक र विश्वको असल मानिस तथा सिर्जनशील व्यक्तिप्रतिभा भएकाले उसले आनन्दानुभूति र आत्मसन्तुष्टिका लागि मात्र लेखेर पुग्दैन। उसले नागरिक दायित्व र विश्वको असल मानिस हुनुको जिम्मेवारीबोध समेत गरी युगचेतनाका साथ कवितासिर्जना गर्नुपर्छ। नेपाली छन्दकविहरूले प्रारम्भदेखि नै यो दायित्व निर्वाह गर्दै आएका छन्। नेपाली छन्दकविहरूले नेपाली वीरता, नेपालको सांस्कृतिक वैभव, नेपाली प्रकृतिको विराट् सौन्दर्य, नेपालको ऐतिहासिकता, नेपाली जीवनपद्धतिका बहुल आयाम, नेपाली समाजका कुरीति र अन्धविश्वास, नेपाली राष्ट्रियता र स्वाभिमान, नेपालका राजनीतिक तथा सामाजिक क्रान्तिहरू, पर्यावरण, सीमान्तकृत वर्गीय समस्या, वर्गीय द्वन्द्व, आर्थिक विपन्नता र गरिबी, देशभित्र बढ्दै गएका अपसंस्कृति र पाश्चात्य प्रभाव आदि युगीन यथार्थका सबैजसो विषय र क्षेत्रलाई सम्बोधन गर्दै युगचेतनाको अभिव्यक्ति दिएको पाइन्छ।

यस अर्थमा नेपाली छन्दकविता प्रत्येक युगको समकालीनतालाई सम्बोधन गर्दै सबै युगका बहुल युगचेतनाको सशक्त र बहुआयामिक अभिव्यक्ति दिन सक्षम देखिन्छ। अघिको कुनै अनुच्छेदमा भनिएजस्तै आजको विश्वमा संस्कृत भाषामा समेत छन्दकविता-काव्य लेखिने क्रम लगभग समाप्त भइसकेको अवस्थामा नेपाली भाषामा मात्र छन्दकविताको गौरवमय यात्रा चलेको र यसले साहित्यका अन्य विधाकै समान युगचेतनासहितको अभिव्यक्ति पनि दिइरहेकाले नेपाली कविताका सन्दर्भमा मात्र नभई सिङ्गो नेपाली भाषासाहित्यका सन्दर्भमा नेपाली छन्दकविताको गौरवपूर्ण स्थान रहेको छ।

सन्दर्भसूची

- उपाध्याय, जगत्, ज्ञवाली, रामप्रसाद ज्ञवाली र लम्साल, नवराज (२०७३). (सम्पा.). प्रज्ञा समकालीन प्रतिनिधि नेपाली छन्दकविता. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।
- ज्ञवाली, रामप्रसाद (२०६८). शब्दार्थ-सौन्दर्य. काठमाडौँ : ऐरावती प्रकाशन प्रा.लि.।
- ज्ञवाली, रामप्रसाद (२०७०) . नेपाली महाकाव्यमा वर्गीयता र वर्गद्वन्द्व. काठमाडौँ : प्रकाश थापा ।
- ज्ञवाली, रामप्रसाद (२०७५ . केही अवधारणा : केही समालोचना . काठमाडौँ : दिल पौडेल ।
- नेपाल, देवी (२०७३) . छन्द-पराग. (दोस्रो संस्क.). काठमाडौँ : ऐरावती प्रकाशन प्रा.लि. ।
- नेपाल, देवी (२०७२) . प्रगतिवादी नेपाली खण्डकाव्यमा द्वन्द्वविधान . विद्यावारिधि शोधपत्र . काठमाडौँ : ने.सं.वि. ।
- पोखरेल, बालकृष्ण तथा अन्य (सम्पा.). (२०७५) . नेपाली बृहत् शब्दकोश. (२०७५) . काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।
- श्रेष्ठ, दयाराम (२०५७). वीरकालीन कविता. ललितपुर : साझा प्रकाशन ।

वैजयन्ती द्वैमासिकका छन्दकविता-अङ्कहरू

अङ्क ३ (२०६८, फागुन-चैत्र)
अङ्क ५ (२०७०, फागुन-चैत्र)
अङ्क ६ (२०७१, फागुन-चैत्र)
अङ्क ७ (२०७२, फागनु-चैत्र)
अङ्क ८ (२०७३, फागुन-चैत्र) ।

***

देवघाटधाम विराट् ज्ञानमहायज्ञ २०७५ को ज्ञानसभा

महेश सन्यास आश्रम, देवघाटधाम, तनहुँ

२०७५ माघ २२ देखि फागुन १ गतेसम्म

कार्यप्रत्र

वर्तमान समाजद्वारा अपेक्षित गुरुकुल शिक्षा

प्रस्तुति- प्रा. डा. वेणीमाधव ढकाल

***

देवघाटधामको साँस्कृतिक गौरव

समीक्षात्मक व्याख्यान - प्रा. जगमान गुरुङ्ग

वर्तमान समाजद्वारा अपेक्षित गुरुकुल शिक्षा

- प्रा. डा. वेणीमाधव ढकाल

१. विषयप्रवेश

चेतनाको स्तरोन्नति गर्दै मानवलाई एकपछि अर्को जीवनका उज्याला क्षितिजहरूको सन्दर्शन गराउने एकमात्र साधन ज्ञान हो । **ऋते ज्ञानान्न मुक्तिः** भनिएको र धर्म, अर्थ, काम र मोक्षरूप पुरुषार्थको सिद्धिका लागि ज्ञान नै अत्युत्तम साधन हुँदा त्यसका लागि विद्या ग्रहण गर्नु विशेष प्रयोजनीय हुन आउँछ । अर्कातिर धार्मिक एवं आध्यात्मिक रूपबाट हेरेमा प्रत्येक व्यक्तिलाई जन्मसँगै तीन प्रकारका ऋणहरू स्वतः लाग्छन्- देवऋण, ऋषिऋण र पितृऋण। यज्ञसम्पादनबाट देवऋणमुक्ति, प्राचीनविद्याको अध्ययनबाट ऋषिऋणमुक्ति र पुत्रोत्पादनबाट पितृऋणमुक्ति हुने कुरा शास्त्रमा बताइएकाले वेदादिशास्त्रको अध्ययन अनिवार्य हुन आउँछ ।

विद्याध्ययनको अत्यावश्यकता बुझेपछि शिक्षाको चरणमा प्रवेश गरिन्छ अनि शिक्षाका पद्धति, गुरु, शिष्य, अध्ययनीय विषय, तिनलाई अध्यापन गर्ने खास खास विधि र प्रक्रिया भएका पाठ्यक्रम, पाठ्यपुस्तक, अध्यापन गर्ने शिक्षक वा अध्यापक, अध्यापन सुव्यवस्थित गर्नका लागि गुरुकुल, पाठशाला, तिनका दैनिकी, त्यसका लागि आवश्यक पर्ने आचारसंहिता आदि अनेक पक्षहरू स्वतः जोडिएर आउँछन् । यिनै पक्षसँग सर्वाधिक लोकप्रिय बनेर सुदूर प्राचीनकालदेखि अभ्यासमा ल्याइएको शिक्षापद्धति गुरुकुलीय प्रणाली रहेको हो र यो प्रणाली अद्यावधि अस्तित्वमा छँदै छ । श्री १००८ डा. स्वामी रामानन्द गिरिजस्ता सन्यस्त योगी तपस्वीका तपःसाधनाको परिणतिस्वरूप आजभन्दा पच्चीस वर्षपूर्व अस्तित्वमा आएर गुरुकुलीय पद्धतिबाट संस्कार, संस्कृति र आचार सिकाउँदै संस्कृतविद्याका क्षेत्रमा अग्रणी स्थान हासिल गर्न सफल, पवित्र देवघाटधाममा अवस्थित **महेश संस्कृत गुरुकुलम्**को रजतवर्ष महोत्सवका अवसरमा आयोजित विशेष कार्यक्रमका बीच वर्तमानमा समाजद्वारा अपेक्षित गुरुकुल शिक्षापद्धतिको सान्दर्भिकताको विषयलाई राष्ट्रिय शिक्षापद्धतिको महत्त्वपूर्ण अङ्गका रूपमा विस्तारित गर्ने उद्देश्यका साथ विचारपत्र प्रस्तुत हुन लागेको हो ।

२. गुरुकुल शिक्षाको स्वरूप

प्राचीन वैदिक ऋषि, महर्षिहरू र शास्त्रकारहरूको चिन्तनको आधारमा लोककल्याणका लागि संस्कृत शिक्षाप्रधान गुरुकुल व्यवस्था कायम गरिएको थियो । जसलाई गुरुकुल शिक्षा प्रणाली भनिन्छ । यसलाई परम्परागत संस्कृत शिक्षा प्रणाली पनि भनिन्छ । यसको उद्देश्य मानवजीवनका प्रत्येक क्षेत्रमा प्रतिभाहरूको विकास एवं उज्ज्वल व्यक्तित्वको निर्माण गर्नु थियो । मानवजातिको रचनालाई क्रियाशील बनाउने आन्तरिक क्षमता र अन्तर्दृष्टि विस्तार गरेर त्यसमा अन्तर्ज्योति प्रादुर्भाव गराउनु गुरुकुल शिक्षाको विशिष्ट उद्देश्य थियो ।

गुरुकुल शिक्षापद्धति प्राच्य शिक्षापद्धतिको आदर्श स्वरूप हो । व्यक्तिको सर्वाङ्गीण विकास गरी दक्ष र सुयोग्य जनशक्ति प्रदान गर्ने गुरुकुल शिक्षा आफैंमा परिपूर्ण हुन्छ । गुरु र शिष्यको भूमिकालाई गुरुकुल शिक्षाले यथेष्ट निर्देश गरेको हुन्छ । उपनयन संस्कारपश्चात् हातमा समिधा लिएर श्रोत्रिय ब्रह्मनिष्ठ गुरुकहाँ ज्ञान लिन शिष्य जान्छ–

परीक्ष्य लोकान् कर्मचितान् ब्राह्मणो
निर्वेदमायान्नास्त्यकृतः कृतेन ।
तद्विज्ञानार्थं स गुरुमेवाभिगच्छेत्
समित्पाणिः श्रोत्रियं ब्रह्मनिष्ठम् ।।

(कठोपनिषद् १/२/१२)

गुरुले पनि आफूकहाँ आएको शिष्यलाई परीक्षा लिएर वेदादि शास्त्रको ज्ञान दिन्छन् । गुरु र शिष्यको यस्तो वातावरण अत्यन्त मैत्रीपूर्ण हुन्छ । गुरुले शिष्यलाई पुत्रवत् व्यवहार गर्छन् भने शिष्यले गुरुलाई ब्रह्मा, विष्णु, महेश्वर र साक्षात् परब्रह्मका रूपमा स्वीकार गरेको हुन्छ ।

प्राचीन गुरुकुलशिक्षामा १४ विद्या र ६४ कलाको पठनपाठन हुन्थ्यो । १४ विद्याअन्तर्गत ४ वेद– ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद; ६ वेदाङ्ग– शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द, ज्योतिष र पुराण, न्याय मीमांसा र धर्मशास्त्र पर्दछन् । त्यस्तै गरी ६४ कलाको प्रसङ्ग पनि गुरुकुल शिक्षा अन्तर्गत पाइन्छ । गुरुकुलमा शिष्यको परीक्षणसमय तोकिएको हुन्थ्यो । वर्णअनुसार ब्राह्मणलाई एक वर्ष, क्षत्रियलाई दुई वर्ष, वैश्यलाई तीन वर्ष र शूद्रलाई चार वर्ष परीक्षण गरिन्थ्यो अनिमात्र अध्यापनमा प्रवृत्त गराइन्थ्यो । यसैअनुसार गुरुकुलको गुरु–शिष्यपरम्परा चल्दै आएको पाइन्छ ।

क) गुरुकुलका गुरु

कुलार्णवतन्त्रअनुसार प्रेरक, सूचक, वाचक, दर्शक, शिक्षक र बोधक गरी गुरुका ६ भेद हुन्छन् । सामान्यतया दीक्षागुरु र शिक्षागुरुका रूपमा गुरुलाई लिइन्छ । साधनाव्यापारको अवस्थामा दीक्षागुरु र त्यसपछि शिक्षागुरु रहन्छन् । कतिपय तन्त्रग्रन्थहरूमा गुरुलाई आचार्य र देशिक नामले सम्बोधन गरेको पनि पाइन्छ । निरुक्तमा आचार्य, उपाध्याय र गुरुको भेद बताइएको छ । आचार्यले धर्मार्थ शिक्षा दिन्छन् ।

प्रमुख आचार्यलाई कुलपति भनिन्छ, जोसँग दश हजार विद्यार्थी पढाउन सक्ने क्षमता हुन्छ । आचार्यले शिष्यमा चरित्रको निर्माण गर्छन् । शास्त्रको रहस्य खोलिदिन्छन् र शिष्यको बुद्धि विकसित पार्छन्– **'आचारं ग्राहयति, आचिनोति अर्थात्, आचिनोति बुद्धिमिति वा'** (निरुक्त) । आचार्य स्वयं सर्वशास्त्रवित् हुन्छन् । आचारको पालना गर्छन् र गराउँछन् । उपाध्याय वैतनिक हुन्छन् । जीविकाका लागि पढाउँछन्, जो वेतन लिन्छन् र आंशिक रूपमा वेद र वेदाङ्गको अध्यापन गरी जीविका चलाउँछन्–

एकदेशं तु वेदस्य वेदाङ्गान्यपि वा पुनः ।
योऽध्यापयति वृत्त्यर्थमुपाध्यायः स उच्यते ।।

(मनुस्मृति, २/१४१)

जसले सत् शिक्षा दिन्छ त्यो गुरु कहलाउँछन् । एकाक्षरसम्म पनि पढाउने गुरु कहलाउँछ । पाँच किसिमका गुरुको चर्चा शास्त्रमा पाइन्छ ।

गुरुकुल स्वावलम्बन सिक्ने थलो भएकाले गुरुकुलभित्रै अन्न उपार्जन गर्ने खेत, त्यसलाई कुट्ने पिट्ने औजार, पानीको स्रोत, गोधन, जङ्गल, बोटबिरुवा सबै पूर्वाधार हुनुपर्दछ । वसिष्ठ, वाल्मीकि, अङ्गिरा, भरद्वाज आदि प्राचीनकालका कुलपति थिए । उनीहरूसँग दश हजार विद्यार्थीलाई आवास र पठन–पाठनको व्यवस्था गर्न सक्ने क्षमता थियो । महर्षि दुर्वासासँग साठी हजार शिष्य भएको घुम्ती गुरुकुल थियो । शौनकादि अठासी हजार ऋषिहरूको प्रसङ्ग भागवतमा आउँछ उनीहरूले एउटै गुरुबाट शिक्षा लिएको प्रसङ्ग पनि भागवतमा नै आउँछ । त्यो पनि प्राचीन गुरुकुलकै स्वरूप हो । यसरी प्राचीन गुरुकुलको स्वरूपलाई नियाल्दा गुरुकुल एउटा पूर्णसंसार भएजस्तो प्रतीत हुन्छ । जहाँ चौसट्ठी कला र अष्टादश विद्याका अलग–अलग विभाग, प्रयोगशाला आदि रहन्थे । यस्ता गुरुकुल सानो पर्णशालादेखि लिएर विशाल क्षेत्रमा फैलिएका समेत हुन्थे ।

ग) गुरुकुलका शिष्य

गुरुकुलका शिष्य आफ्नो विशेषताअनुसार विभिन्न नामले सम्बोधित हुन्छन्। शिष्य, छात्र, विद्यार्थी, अन्तेवासी आदिका रूपमा । शासन गर्न योग्य शिष्य हुन्छ । गुरुजनको दोषलाई ढाकेर यशलाई फैलाउने छात्र कहलाउँछ । विद्यालाई धन ठानेर विनम्रतापूर्वक विद्याको याचना गर्ने विद्यार्थी हुन्छ भने अन्तेवासीले गुरुको सान्निध्यसहित विद्याध्ययन गर्ने अवसर पाउँछ ।

शास्त्रको विधानअनुसार पाँच वर्षको उमेरमा उपनयनपूर्वक हातमा समिधा लिएर श्रोत्रिय, ब्रह्मनिष्ठ गुरुकहाँ गएको बालक, शास्त्र अध्ययन सकेपछि स्नातक भएर घर फर्कन्छ । गुरुकुलमा शिष्यले बस्ने समय सामान्यतया बाह्र वर्ष मानिन्छ । तर पनि कतिपय ठाउँमा एक वेदका लागि बाह्र वर्षका दरले गुरुकुलमा बस्ने नियम भएको पनि पाइन्छ । गुरुकुलको परीक्षाप्रणाली दैनिक रूपमा नै हुन्छ । तर पनि कुलपतिबाट शास्त्र–अध्ययन गरिसकेपछि विभिन्न विधिद्वारा शिष्यको परीक्षण गरेर शास्त्रमा पारङ्गत भए–नभएको टुंगो लगाइन्छ । त्यसपछि दीक्षान्तसमारोह गरिन्छ जुन समारोह गृहस्थाश्रममा फर्कन चाहने ब्रह्मचारीका लागि गुरुको अगाडि गरिएको शपथसमारोह हुन्छ ।

३. वैदिक गुरुकुल शिक्षापद्धतिका पौराणिक आधार

पौराणिककालमा सात्त्विक गुणाधान गरी राष्ट्रका नागरिकहरूलाई मानवताको बोध गराउने र जीवात्मालाई महात्मामा रूपान्तरण गराउने क्षमता भएका गुरुकुलहरू समग्र नेपाल–भारतलगायतका एसियाका अनेक देशहरूमा रहेका थिए । आजभन्दा ५११९ वर्ष पहिले द्वारका गुरुकुलमा रहेका आचार्यहरूद्वारा सम्पूर्ण यदुकुमारहरूलाई अध्यापन गराएको प्रसङ्ग र स्वयं श्रीकृष्णले सुदामा आदि सतीर्थ्यहरूका साथ उज्जैनको सान्दीपनि गुरुकुलमा गई ६४ दिनमा नै सम्पूर्ण वेद–वेदाङ्गका साथ सम्पूर्ण कलाहरूमा विज्ञता प्राप्त गरेको विषयमा श्रीमद्भागवतले नै बताएको छ ।

त्रेतायुगमा ब्रह्मर्षि र महर्षिहरूका आश्रमहरूमा ठूला–ठूला गुरुकुल सञ्चालित थिए । कोशी किनारमा रहेको महर्षि विश्वामित्रको गुरुकुलमा मुनिकुमार र राजकुमारहरूलाई निःशुल्क आवास, भोजन शिक्षा प्रदान गरेका कारण त्यो गुरुकुल लोकप्रसिद्ध थियो । यसै गुरुकुलका स्नातक ऋष्यशृङ्गले गुल्मीको रेसुङ्गामा गई तपस्या र धर्मप्रचार गरेको प्रसङ्ग स्मरणीय छ । जनकपुरका राजा जनकको गुरुकुलमा वैषम्पायन, याज्ञवल्क्य, वाचश्रवा, गार्गी, गौतमी आदि विद्वान् र विदुषीहरूको उपस्थिति थियो । यिनैद्वारा ऋषि र ऋषिकाहरूले औपनिषद ज्ञान प्राप्त गरेका थिए । हरिवंशपुराणअनुसार पशुपति दर्शन गर्न नेपाल आउनुभएका भगवान् श्रीकृष्णले हिमालयमा स्थित उपमन्युको आश्रममा गई शिवतत्त्वको ज्ञान प्राप्त गरेपछि १२ वर्षसम्म तपस्या गरेर भगवान् शिवको दर्शन र पुत्रप्राप्तिको वरदान पाउनुभएको थियो ।

मत्स्यपुराणअनुसार राजा पुरुरवाले नेपालका हिमचुलीहरूको पर्यवेक्षण गर्दै वर्तमान प्यूठानबाट प्रवाहित हुने ऐरावती (राप्ती) नदीको मुहानमा पुगेर महर्षि अत्रिको दर्शन गरेका थिए । उहाँकै कृपाबाट उनले समस्त वेद–वेदाङ्गका ज्ञान प्राप्त गरेका थिए । प्रयागस्थित भारद्वाज आश्रममा रहेको गुरुकुलमा क्षत्रिय बालकहरू शस्त्रास्त्र शिक्षा प्राप्त गर्दथे । नर्मदा किनारमा रहेको महर्षि जमदग्निको गुरुकुल ज्यादै समृद्ध थियो त्यहाँ हजारौं शिष्यहरूले अध्ययन गरेका थिए । ज्ञान र विज्ञानका मूलस्रोत भगवान् शिवका काशी, कैलास, काठमाडौं र काश्मीरमा रहेका गुरुकुलहरूमा देवता, दानव, असुर, मानव आदि जातिका शिष्यहरूले पाशुपतशास्त्रको अध्ययन गरेका थिए ।

पछिल्ला चरणमा रामायण, महाभारत एवं कालिदास, भवभूति आदि विशिष्ट कविहरूका रचनाहरूमा पनि प्राचीन गुरुकुलशिक्षाको आदर्श स्वरूप र तिनबाट दीक्षित स्नातकहरूको विशेष चर्चा गरिएको पाइन्छ ।

४. भारतवर्षको प्राचीन वैदिक गुरुकुल प्रणाली

वैदिक गुरुकुल शिक्षा व्यवस्था आंशिकरूपमा आज पनि नेपाल र भारतमा प्रचलित छ । यो व्यवस्था आधुनिक संस्कृत शिक्षा व्यवस्थाभन्दा पनि भिन्नकोटिको छ । प्राचीनकालमा शिक्षण कार्यको शुभारम्भ श्रावणीपूर्णिमामा

गरिने संस्कारबाट हुन्थ्यो । **छन्दसां विसर्जनम्** को नियमानुसार पौषपूर्णिमामा समापन गरिन्थ्यो । यो शिक्षाको अवधि ६ महिनाको हुन्थ्यो । जब पछिल्लो समयमा गुरुकुलीय पाठ्यक्रममा व्याकरण, ज्योतिष, धर्मशास्त्र आदि विषय थपिँदै गए त्यसबेला यसको अवधि ६ महिनाको सट्टा वर्षदिनको गराइयो । वर्षदिनभित्र पर्ने पर्व, एकादशी, अष्टमी, चतुर्दशी आदिमा अवकाश दिने प्रावधान थियो अर्थात् ती दिनहरूमा अध्ययन वर्जित थियो । गुरुकुलमा प्रवेश उपनयनपछि हुन्थ्यो । त्यसपछि वैदिक शिक्षाका साथ शिष्यको धार्मिक जीवनको शुभारम्भ हुन्थ्यो । शैक्षणिक अवधि १२ वर्षको मानिएको थियो ।

वस्तुतः शिक्षाको प्रारम्भ घरबाट नै हुन्थ्यो, माता–पिता गुरु हुन्थे । ५ वर्षको उमेरमा बालकमा विद्याप्रतिको अभिरुचि जगाउने काम गरिन्थ्यो र उपनयनपछि बालकलाई गुरुकुलमा प्रवेश गराइन्थ्यो । यी गुरुकुलहरू पाठशालाका रूपमा र परिषद्‌को रूपमा पनि थिए । विद्वत् परिषद्‌ले गुरुकुलहरूको सञ्चालन गर्दथ्यो । प्राचीनकालका शिक्षाकेन्द्र गुरुकुलहरूको हाम्रो शैक्षणिक इतिहासमा गरिमामय स्थान छ । यो शिक्षा गुरुकुल, मठ, मन्दिर, आश्रम आदिमा पनि चलाइन्थ्यो । गुरुकुल शिक्षालाई सञ्चालन गर्ने श्रेय तत्कालीन राजा, सामन्त, सेठ, साहुकार, मूर्धन्य विद्वान् र समृद्ध एवं सुसंस्कृत आश्रमहरूलाई जान्छ । यी पाठशालाहरूले मनीषा, धारणशक्ति र ज्ञानको सञ्चयको प्रक्रियालाई आश्रय दिएका थिए । उच्चकोटिका आचार्यहरूको निर्देशनमा सुव्यवस्थित, संस्कारोत्पादक र मनीषावर्द्धक शिक्षाव्यवस्था परिचालित थियो । गुरुकुल प्रणालीमा छात्रहरूको लिखित परीक्षा र उपाधिको व्यवस्था थिएन । उनका विशेषज्ञ आचार्यहरूको संस्तुतिका आधारमा उनीहरूलाई प्रामाणिक विद्वान् मानिन्थ्यो ।

क) अध्ययनको दिनचर्या

ब्राह्ममुहूर्तमा उठेपछि नित्यकर्म गरेर सन्ध्योपासन गर्नु, त्यसपछि आश्रमका लागि जल, समिधा ल्याउनु, आश्रमको सरसफाइ गर्नु, गाई दुहुनु, हवन गर्नु र दूधपान गरेपछि गुरुको निकटमा गई हातमाथि हात राखेर दायाँ हातले गुरुको बायाँ पाउको स्पर्श गरी चुपचाप बसेर गुरुले पढाएको पाठ सुनाउने काम गर्नु र नयाँ पाठ लगाउनु, यी दैनिकीका प्रारम्भिक कृत्य थिए । शिष्यले आफ्नो पाठ पूरा गरेपछि गुरुको आज्ञा लिएर आफूलाई लागेको शङ्का प्रकट गर्दथे र गुरुले ती शङ्काहरूको समाधान गर्थे ।

मध्याह्नमा भोजन र विश्राम गरेपछि पाठशालाहरूमा सम्बन्धित विषयका गृहकार्य र अभ्यास गराइन्थ्यो । त्यहाँ सञ्चित पुस्तकहरूको सहायताबाट सम्बद्ध पाठ कण्ठस्थ गराइन्थ्यो । कण्ठस्थ गर्नका लागि पारायण गर्ने काम प्रातःकालदेखि नै आरम्भ हुन्थ्यो । नयाँ पाठ मध्याह्नपछि दिइन्थ्यो । वास्तवमा गुरुकुलका विद्यार्थीका लागि सम्पूर्ण दिन नै अध्ययनकाल थियो । गुरुकुलस्तरीय संस्कृत पाठशालाहरूमा वेद, व्याकरण, धर्मशास्त्र, ज्योतिष, दर्शन, राजनीतिशास्त्र, महाभारत, उपवेद र कलाहरूको अध्यापन प्रमुखरूपमा गराइन्थ्यो । गुरुकुलहरूमध्ये विशिष्ट गुरुकुल र पाठशाला तक्षशिला, नालन्दा, काशी, नदिया एवं विक्रमशिलामा रहेका थिए ।

परम्परागत विशिष्ट गुरुकुलहरूमा विद्यार्थीहरूलाई संस्कृति, धर्म र नैतिकताको शिक्षाका साथै शारीरिक शिक्षा, व्यावहारिक शिक्षा र व्यावसायिक शिक्षा प्रदान गरिन्थ्यो । सांस्कृतिक, धार्मिक शिक्षाअन्तर्गत वेद, वेदान्त, दर्शन, नीतिशास्त्र, धर्मशास्त्र (आचारशास्त्र)को अध्यापन गराइन्थ्यो । नैतिकशिक्षाअन्तर्गत मानवीय गुणहरूको शिक्षा, पारस्परिक स्नेह जगाउने शिक्षा, सहयोगको भावना प्रादुर्भाव गराउने शिक्षा, स्वयं कष्ट सही अरूलाई सहयोग गर्ने भावना जगाउने शिक्षाका साथ छात्रहरूमा सहानुभूति, दया, मैत्री, करुणा र संवेदनशीलताको वृद्धिका लागि गुरुहरूले प्रवचन र उपदेश प्रदान गर्दथे । क्षत्रिय छात्रहरूका लागि शस्त्रशिक्षाप्रदान गरिन्थ्यो । गुरुकुलका छात्रहरूलाई

गुरुकुलमा आवश्यक हुने दाउरा–पानी ल्याउन श्रम गराइन्थ्यो । उनीहरूले हवनका लागि समिधा खोजेर ल्याउँथे ।

व्यावहारिक शिक्षाअन्तर्गत सन्ध्याकालिक हवन, इतिहास–पुराण र धर्मशास्त्रको अध्ययन, भौगोलिक विषय र ऐतिहासिक इतिवृत्तको ज्ञान गराइन्थ्यो । व्यावसायिक शिक्षाअन्तर्गत पौरोहित्य, कर्मकाण्ड र आचारशास्त्रको शिक्षा प्रदान गरिन्थ्यो । क्षत्रिय बालकहरूलाई दण्डनीति, राजनीति, शल्यशास्त्र, अर्थशास्त्र, धनुर्वेद आदि विषय पढाइन्थ्यो । वैश्य बालकहरूले पशुपालन, कृषिकर्म एवं वाणिज्यशास्त्रको अध्ययन गर्दथे । कामशास्त्र, कलाशास्त्र, सामवेद, गान्धर्वशास्त्र, धनुर्वेदसम्बन्धी विषयलाई कलाअन्तर्गत अध्ययन गराइन्थ्यो । यसै अन्तर्गत ६४ कलाहरूको पनि अध्ययन र प्रयोग गराइन्थ्यो । आर्थिक परिज्ञानका निमित्त अथर्ववेदअन्तर्गतको अर्थशास्त्रको विशिष्ट अध्ययन गराइन्थ्यो र मोक्षशास्त्रअन्तर्गत दर्शन र योगसम्बन्धी विषय निर्धारित थिए ।

ख) शिक्षणविधि

गुरुकुलहरूमा अध्यापन गर्दा प्रश्नोत्तर प्रणालीलाई प्रमुख विधि मानिएको थियो । शिष्यहरूले प्रश्न गर्थे गुरुले उत्तर दिन्थे । कुनै शास्त्रीय सूत्र वा श्लोकहरूको अर्थ गराउँदा गुरुले व्याख्या प्रणाली अँगालेर विषय विवेचन गर्दथे । गुरुकुलको अध्ययनकक्षमा छात्रहरूले कुनै पनि विषयमा अनावश्यक आलोचना, छिद्रान्वेषण, निरर्थक र हठपूर्ण वादविवाद र कुतर्क गर्न पाउँदैनथे । विद्यार्थीको चित्तमा विषयको अभिरुचि जगाउन र अभिरुचि जागेका विद्यार्थीहरूको बुद्धिलाई विवेकद्वारा परिष्कार गर्न गुरुहरू कटिबद्ध हुन्थे । गुरुकुलमा चार प्रकारका गुरुहरू हुन्थे– कुलपति, आचार्य, गुरु र उपाध्याय ।

ग) गुरुकुलमा शिष्टाचार

गुरुकुलका छात्रहरूमा विनय र शीलको भावना व्याप्त थियो । छात्रको गुरुसँग शिष्टाचारपूर्वक व्यवहार हुन्थ्यो । गुरुकुलमा उच्छृङ्खलता, मारपीट, कलह, दु:शीलता, दुष्टता, अभिनयजस्ता कुरा हुँदैनथे । गुरुले पढाउनुमात्र नभएर छात्रहरूको आचरणको रक्षा गर्नु, उनीहरूमा सदाचारको भावना पैदा गर्नु, उनीहरूको योग्यता, वृद्धि र प्रतिभाको विकासमा ध्यान दिनुका साथै उत्तम कार्य गर्ने छात्रको कार्यकुशलताको प्रशंसा गर्नु पनि गुरुको कार्य थियो । गुरुले रोगी छात्रहरूको सेवा गर्थे । आमा–बाबुबाट टाढा रहेका ती साना–साना शिष्यहरूलाई उनीहरूले आमालेझैं माया–ममता दिन्थे । शिष्यको विषयगत सफलतामा गुरु आनन्दित हुन्थे । छात्रहरू गुरुलाई देवता र अभिभावक मान्दथे । छात्रहरूमा गरीब–धनी र साना–ठूलाको भेदभाव थिएन । गुरुका एक–एक वाक्यलाई उनीहरू अमृतसमान मान्दथे । यस्तो किसिमको शिष्टाचार पालन गर्ने गुरुकुलहरूबाट राष्ट्रका लागि एकसे एक मेधावी र तेजस्वी विद्वान् पैदा हुन्थे । छात्रहरू गुरुहरूका पाउ दबाउँथे र उनले खाएका भाँडा माझ्दथे । गुरुले बोलाउँदा आएर गुरुको बायाँतर्फ उभिएर कुरा सुन्थे । आफ्नो शिक्षा पूरा नभएसम्म ती गुरुकुलका छात्रहरू घर फर्कदैनथे । कुनै विशेष अवसरमा अनध्याय हुन्थ्यो तर बिदा हुँदैनथ्यो । विशेष अतिथि आउँदा अष्टमी, चतुर्दशी र प्रतिपदा तिथिहरूमा अनध्याय हुन्थ्यो । किनकि– **'अष्टमी गुरुहन्त्री च शिष्यहन्त्री चतुर्दशी'**को मान्यता कायम थियो । यस अतिरिक्त सूर्यग्रहण, चन्द्रग्रहण, संक्रान्ति, वर्षा, विशिष्ट पर्व र उत्सव आदिमा पनि अनध्याय हुन्थ्यो ।

घ) परीक्षा प्रणाली

गुरुकुल शिक्षामा परीक्षाको पद्धति आजको जस्तो थिएन । प्राय: परीक्षा नित्य हुन्थ्यो । गुरुले प्रतिदिन आफूले पढाएको विषयलाई छात्रमुखबाट सुनेर परीक्षा लिन्थे । शास्त्रार्थको रूपमा पनि छात्रहरूको परीक्षा हुन्थ्यो । यसका लागि गुरुकुलका छात्रहरू दुई समूहमा बाँडिन्थे– एउटा पूर्वपक्ष र अर्को उत्तरपक्ष हुन्थ्यो । गुरुले मध्यस्थ भएर शास्त्रार्थ सञ्चालन गर्दथे । कहिलेकाहीं दुई गुरुकुलबीच पनि शास्त्रार्थ गराइन्थ्यो । यसबाहेक

गुरुकुलका छात्रहरूको विशेष समयमा कला–कौशल परीक्षा र बौद्धिक परीक्षा पनि लिइन्थ्यो ।

ङ) परम्परागत गुरुकुल प्रणालीको आर्थिक पक्ष

प्राचीन गुरुकुलहरूको व्यवस्थापन कसरी हुन्थ्यो ? आर्थिक अवस्था के थियो ? उनीहरूलाई भोजन र आवासको सामान्य व्यवस्था गर्न कसले लगानी गर्थ्यो? यी ज्वलन्त प्रश्न हुन् । यस विषयमा भन्न सकिन्छ कि हाम्रा शास्त्रहरूले विद्यादानको महत्त्व बताएका कारण राजा, सामन्त, धनी–मानीहरूले आ–आफ्नै आर्थिक योगदानबाट यी गुरुकुलहरूको रक्षा गरेका थिए । तदनुसार समाजद्वारा, जनसाधारणद्वारा र धनी गृहस्थद्वारा आर्थिक योगदान गरी गुरुकुल शिक्षाको परम्परालाई धानिएको थियो र अग्रसारित गरिएको थियो । यसमा देशी राज्यहरूको ठूलो सहयोग थियो ।

च) परम्परागत गुरुकुलशिक्षाको सञ्चालन

गुरुकुल पद्धतिलाई अग्रसारित गर्ने काममा धार्मिक व्यक्ति र संघ–संस्थाहरूले ठूलो योगदान गरेका थिए । दोस्रो कोटिमा शासकहरूको नाम आउँथ्यो। केही धार्मिक संस्था हिन्दू धर्ममा आधारित थिए भने केही मुस्लिम सम्प्रदाय र केही इसाई सम्प्रदायले पनि आ–आफ्ना नागरिकहरूका लागि धार्मिक शिक्षाको प्रबन्ध गरेका थिए । कतिपय धर्मनिरपेक्ष पाठशालाहरू थिए भने कतिपय धार्मिक पाठशालाहरू थिए । यद्यपि यी पाठशालाहरूको प्रबन्धन कसरी गरिन्थ्यो भन्ने विषयमा पूर्ण अभिलेखहरू पाइँदैनन् तापनि तत्कालीन समाजका श्रेष्ठ–वरिष्ठ व्यक्ति र संस्थाहरूद्वारा गुरुकुल शिक्षाको प्रबन्धन गरिएको थियो ।

छ) गुरुकुलमा नारीशिक्षा

प्राचीन गुरुकुल शिक्षाअन्तर्गत नारी शिक्षाका लागि संस्थाविशेषको स्थापना गरेको उल्लेख गरेको पाइँदैन तर कन्याशिक्षा भने उच्चस्तरीय गुरुहरूका घरमा प्रदान गर्ने व्यवस्था थियो । अथर्ववेदमा गुरुको घरमा बसेर ब्रह्मचर्यधारण गरी अध्ययन गरेपछि कन्याले निश्चित समयसम्म ब्रह्मचर्य पालन गरी योग्य वरको स्वयं चयन गर्ने व्यवस्थाबारे बताइएको छ– **ब्रह्मचर्येण कन्या युवानं विन्दते पतिम् ।** (अथर्ववेद ११/५/१८)

यस प्रसङ्गको उदाहरणको रूपमा विद्योत्तमा र कालिदासलाई लिन सकिन्छ। गुरुगृहमा अध्ययन गरेका कन्या पनि समाजमा विद्वान्सरह विदुषीका रूपमा सम्मानित हुन्थे । शिक्षित नारीहरू मन्त्रदर्शन गर्ने ऋषिकाको रूपमा पनि सम्मानित थिए । ऋषिका र ऋषिहरूबीच शास्त्रार्थका घटनाहरू पनि उपनिषद्हरूमा चित्रण गरिएको पाइन्छ ।

ज) समावर्तन संस्कार

गुरुकुलको महत्त्वपूर्ण अङ्ग समावर्तन संस्कार थियो । यसको तात्पर्य हो गुरुकुलीय छात्रजीवनको समाप्तिमा शिष्यहरूलाई उनका घरमा प्रत्यावर्तन गर्नु । गुरुकुलमा रहँदासम्म छात्रहरूलाई ज्ञान र विद्याकै पर्खालभित्र घेरिएर रहनुपर्दथ्यो । समावर्तनपछि उसलाई समाजसेवाका निमित्त अग्रसारित गरिन्थ्यो । त्यस्तो छात्रलाई ज्ञानदीप्त मनीषीको रूपमा समाजसामु समर्पण गर्नु समावर्तनको विशिष्ट लक्ष्य थियो। यसरी गुरुकुल त्याग गरी घर फर्किने छात्रलाई उक्त संस्कारका माध्यमबाट गुरुले विश्वास, प्रेम र सम्मानसमेत प्रदान गरी आजीवन आत्मीय स्नातक तुल्याउँथे। समावर्तनका बेला कहींकहीं गुरुले त्यस्ता छात्रहरूसँग भौतिक दक्षिणाको सट्टा अभौतिक दक्षिणाको याचना गरेका उदाहरण पाइन्छन् । यस सम्बन्धमा गुरु व्रजानन्दले स्वामी दयानन्दसँग वैदिक साहित्यको प्रचारको लागि गुरुदक्षिणा मागेका थिए ।

प्राचीन गुरुकुल शिक्षा व्यावसायिक दृष्टिबाट पनि महत्त्वपूर्ण थियो किनकि वैदिक समाजमा कर्मको आधारमा वर्णहरूको विभाजन गरिएको थियो । जसमा व्यावसायिक दृष्टिबाट ब्राह्मणलाई पौरोहित्य कर्म, क्षत्रियलाई सैन्यकर्म, वैश्यलाई वाणिज्यकर्म र शूद्रलाई कला–कौशलका निमित्त नियोजित गरिएको थियो । यसका साथै समाजमा स्वास्थ्य रक्षा र चिकित्सासम्बन्धी

सुविधाका लागि आयुर्वेद र चिकित्सासम्बन्धी ग्रन्थहरूको अध्ययन गराइन्थ्यो ।

वास्तवमा अरू शिक्षापद्धतिले ज्ञान र सीप दिन्छन् भने गुरुकुलीय शिक्षाद्धपतिले ज्ञान र सीपसँगसँगै आचरण र संस्कार पनि सिकाउँछ । बिहान कतिबेला उठ्ने, उठेर के कस्ता नित्य कर्म गर्ने, कसरी पढ्ने, कस्तो भोजन गर्ने, सायँकालमा कतिबेला सुत्ने, कसरी स्वावलम्बनी बन्ने, कसरी सन्तुष्ट र अपरिग्रही बन्ने, अनि माता–पिता–गुरु, अतिथि र साथीहरूसँग कसरी व्यवहार गर्ने भन्ने ज्ञान दिएर गुरुकुलीय शिक्षापद्धतिले एउटा शिष्यलाई पूर्ण स्नातक बनाउँछ । अन्य औपचारिक शिक्षाले व्यक्तिलाई रोजगारीमूलक शीप, आवश्यक जानकारी र विधागत ज्ञान त अवश्य दिन्छ तर यीदेखि बाहेक यथार्थ ज्ञान, आत्मज्ञान, समदर्शिता, सर्वत्र ईश्वरदृष्टिका लागि गुरुकुलशिक्षापद्धतिमा निर्धारित संस्कृत भाषा साहित्यमा डुबुल्की मार्नैपर्ने हुन्छ ।

गुरुकुलहरू राष्ट्रका धरोहर हुन् । यिनीहरूको संवर्धन, संरक्षण र विकास आवश्यक छ । राज्यले गुरुकुलीय शिक्षाका लागि कदम चाल्नुपर्दछ । गुरुकुल चलाउने अनुमति, कक्षा थप, एकमुष्ट अनुदान, भौतिक सुधारलगायतका पक्षमा लचिलो नीति लिनुका साथै आवश्यक सहयोग हुन सकेमा गुरुकुलहरूको उत्थान र विकासमा सहयोग पुग्नेछ । गुरुकुलको संरक्षण र विकासले संस्कृत भाषा, धर्म, संस्कृति, परम्पराको संरक्षण र विकासका साथै नेपाली भाषाको पनि विकास र समृद्धि हुने कुरामा कसैको पनि विमति हुने छैन ।

५. गुरुकुलशिक्षाका विशेषता

गुरुकुलको निश्चित शिक्षापद्धति थियो । जीवनका समग्र कला र ज्ञान–विज्ञानका विविध विषयको अध्यापन हुने गुरुकुलको शिक्षाप्रणाली कुलपतिद्वारा गरिने निरीक्षणमा, सुव्यवस्थापनमा चलेको थियो । वर्तमानमा शिक्षण अस्पतालमा सञ्चालन गरिने शिक्षणपद्धति गुरुकुलीय विशेषताको द्योतक हो । यसै सन्दर्भमा गुरुकुलपद्धतिका विशेषताहरूलाई सूचीबद्ध गर्नु यहाँ सान्दर्भिक देखिन्छ ।

क) धार्मिकताको भावना र चरित्र-निर्माण

प्राचीन गुरुकुल शिक्षाको वातावरणमा हुर्किएका छात्रहरूमा ईश्वरप्रति निष्ठा र भक्तिभावना हुन्थ्यो । धेरैजसो ब्राह्मणजातिका आचार्यहरू नै अध्यापन गर्दथे । उनीहरूको सामाजिक र व्यक्तिगत जीवनमा धर्मनिष्ठा र ईश्वरभक्तिको आफ्नै किसिमको विशेषता थियो । चरित्रको निर्माणमा अरू धर्मका छात्रहरूमा भन्दा हिन्दू धर्मका छात्रहरूको विशेष योगदान रहेको छ । त्यसैले गुरुकुल प्रणालीमा हुर्किएका छात्रहरूको चरित्र धार्मिक र नैतिक दृष्टिले उच्चस्तरीय थियो । यस विषयमा युनानी राजदूत मेघस्थनीजले भारतवर्षका छात्रहरू असत्यभाषणको दोषबाट मुक्त छन् उनीहरू सत्य र असत्यको विवेक गर्न समर्थ छन् साथै उनीहरू मानवीय उच्चगुणको आदर–कदर गर्न पनि सिपालु छन् भनेका थिए । यसैगरी चिनी यात्री युवान च्वांगको भनाइमा भारतवर्षका मानिसहरू यद्यपि चञ्चल हुन्छन् परन्तु आफ्नो सिद्धान्तका प्रति अटल पनि हुन्छन् । यसरी भारतवर्षका गुरुहरू आफ्नो गुरुकुल शिक्षाको आधारबाट संसारमा नै चरित्रको शक्ति प्रदर्शन गर्न समर्थ थिए भन्ने कुरा बुझिन्छ ।

ख) व्यक्तित्व विकासमा सफलता

प्राचीन गुरुकुल प्रणालीबाट शिक्षित व्यक्तिहरूले जीवनका विभिन्न क्षेत्रहरूमा ज्ञान–विज्ञानको विकासमा पर्याप्त सफलता प्राप्त गरे । गुरुकुल शिक्षाबाट भारतवर्षमा उच्चकोटिका व्यक्तित्वहरूको विकास भयो । धर्म–संस्कृतिको प्रचार–प्रसारबाट सनातन समाजमा आत्मविश्वास र आत्मसम्मानको भावना व्याप्त भयो । हामीहरूले अरूसँग कसरी व्यवहार गर्नुपर्दछ, उत्तम चरित्रको निर्माणका लागि कस्तो आधार हुनुपर्छ, चरित्र निर्माण र व्यक्तित्व विकासका

लागि मानवजीवनमा कस्ता–कस्ता कर्महरू गर्नुपर्छ ? यस्ता प्रश्नहरूको उत्तर गुरुकुल शिक्षाबाट उत्तीर्ण भएका स्नातकहरूले राम्ररी दिन्थे ।

ग) प्राच्यसंस्कृति र विद्याको विस्तार

आधुनिक देश–विदेशका शिक्षाविद्हरूले सनातन गुरुकुल परम्परालाई अत्यन्त उच्चकोटिको शिक्षा प्रणाली मानेका छन् । गुरुकुल शिक्षालाई संसारमा सम्मान दिलाउनुमा संस्कृत भाषाका विशिष्ट विद्वान्हरूको ठूलो योगदान रहेको छ । यिनै बुद्धिजीवीहरूले संस्कृत भाषा र साहित्यको अध्ययन–अध्यापनद्वारा प्रचार–प्रसार गरे र संस्कृत भाषा र संस्कृत साहित्यको विकासमा अवरोध आएन । सनातन संस्कृतिको आन्तरिक मर्म सदाकाल जीवितै रह्यो र प्रचार–प्रसार हुँदै पुस्तौंपुस्ता हस्तान्तरित पनि भइरह्यो । गुरुकुलमै अध्ययन गरेर प्राप्त गरेको विद्याको ऊर्जा र आधिकारिकताले विश्वलाई विस्मित पार्ने गरी स्वामी विवेकानन्द, महर्षि अरविन्द, महर्षि महेश योगी, स्वामी वल्लभाचार्य जस्ता मनीषीहरूले प्राच्य संस्कृति र प्राच्य संस्कारको विस्तारमा महनीय योगदान दिएको यथार्थ सर्वविदित विषय हो ।

घ) व्यावहारिक कुशलता र समाजसेवा

गुरुकुलपद्धतिबाट उत्पादित जनशक्तिबाट नै सदाचार र व्यक्तित्व विकासका कार्य सर्वोत्तम शैलीबाट सम्पन्न हुन सक्छन् भन्ने कुरा शिक्षाविद्हरूले मानेका छन् । गुरुकुल शिक्षा केवल कोरा किताबी शिक्षामात्र होइन । कार्यसम्पादनको प्रमाणपत्र तत्कालीन प्राचीन गुरुकुल शिक्षामा अनिवार्य थियो । हारिद्रुम मुनिले जाबाल सत्यकामलाई पुस्तकीय शिक्षा दिनुपूर्व अत्यन्त दुर्बल चार गाई दिएर यी गाई बढेर जबसम्म एक हजार हुँदैनन् तबसम्म तिम्रो किताबी शिक्षा अपूर्ण हुन्छ भन्ने कुरा छान्दोग्योपनिषद्को प्रसङ्गबाट बोध हुन्छ । सत्यकामले प्रकृतिको साहचर्यबाट शिक्षा लिए । आँधी, हुरी, गर्मी, जाडो, दिन, रात, भोक, प्यास, हिंस्रक–अहिंस्रक जीवहरूको साहचर्य उनले गरे । यसरी गुरुकुलको शिक्षा अनुभवात्मक हुन्थ्यो भन्ने कुरा दत्तात्रेय अवधूतको चौबीस गुरुको प्रसङ्गबाट पनि स्पष्ट हुन्छ ।

गुरुकुलमा रहँदा वनजङ्गलबाट समिधा, घाँसपात, काठ आदि ल्याउनुपर्ने, गाई चराउनु पर्ने, गौशालाको भकारो सोहोर्नुपर्ने, भिक्षा माग्नु पर्ने जस्ता व्यावहारिक जीवनमा आइपर्ने सबै खाले काम गर्नुपर्दा उच–नीचभावको अन्त र समानताको जीवनशैली, विश्वमानवतावादी दृष्टि, सामाजिकता प्राप्तिजस्ता भावगुणहरू व्यक्तिमा भरिन्थे र अनि परिआउने चुनौतीको सामना गर्न सक्षम हुन्थे । अनि स्वस्थ, समाजोपयोगी र कलामय जीवन जिउन दक्ष एवं दीक्षित बन्थे ।

गुरुकुलमा उच–नीच वा धनी–गरीबको विषमता थिएन । सात्त्विक आहार–विहार, शान्त नैसर्गिक वातावरणमा अध्ययन–अध्यापन, सहभोजन आदि परिवेशमा एकप्रकारले तपोमय दिनचर्याबाट आनन्दमय जीवन जिउन पाइन्थ्यो । विलासमय जीवनको निषेध थियो ।

समय प्रवाहले अब यस किसिमको गुरुकुलीय शिक्षाको प्रणाली पुस्तकमा मात्र पढ्न सकिने भएको छ । हुन त आधुनिक अवस्थामा पनि गाउँ–गाउँ, टोल–टोलमा शिक्षाका निमित्त बोर्डिङ्ग विद्यालयहरू प्रशस्त खुलेका छन् । तर ती सबको व्यवस्थापन खर्च विद्यार्थीहरूले व्यहोर्नुपर्ने स्थिति हुनाले सर्वसाधारणका निमित्त दुष्प्राप्य छन् ।

ङ) उच्च राष्ट्रियताको भावना

गुरुकुल प्रणालीबाट उत्पन्न भएका विद्वान्हरूले उत्तम नागरिकका रूपमा आफ्नो राष्ट्रप्रति भक्ति गर्न सम्पूर्ण मानव समाजलाई अभिप्रेरित गरे । गुरुकुलका स्नातकहरू सनातन समाजका पथप्रदर्शक र चरित्र निर्माता हुन् । माता र मातृभूमिलाई समान महत्त्व दिएर उच्च सम्मान गर्ने र सदाकाल उनीहरूप्रति श्रद्धाभाव राख्ने शिक्षा गुरुकुलले नै प्रदान गरेको थियो । जननी र

जन्मभूमि स्वर्गभन्दा पनि ठूला हुन्छन् भन्ने उद्घोषका साथै यही देशमा जन्मेका अग्रज महान् सपूतहरूको उच्च शिक्षालाई पृथिवीभरिका सम्पूर्ण मानिसहरूले ग्रहण गरून् भन्ने जस्ता हजारौं राष्ट्रियताका द्योतक शिक्षाको अभ्यास विद्यार्थीले गुरुकुलमै गर्दछन् ।

च) महनीय जीवनशैलीको अवतारणा

गुरुकुल शिक्षण व्यवस्थामा अध्ययनका साथै चिन्तनलाई महत्त्व दिइएको छ । मानसिक विकास वा व्यक्तित्व विकासलाई प्रधानता दिइएको छ । गुरु र शिष्यको अध्ययन–अध्यापन केबल पुस्तकमा आधारित हुँदैन । उनीहरू सम्पूर्ण विषयलाई कण्ठस्थ पढाउने र पढ्नेले पनि कण्ठस्थ गर्ने परिपाटी बसेको हुन्छ । यो केही अंशमा आज पनि पाइन्छ । कुनै पनि शास्त्रीय विषयमा उठेका शङ्काहरूको तत्काल समाधान पनि यस्तै अध्ययनशील गुरु र उच्चस्तरीय छात्रहरूबाट हुन्छ । अध्ययन गराउँदा प्रश्नोत्तर, व्याख्या, प्रवचन, भाषण आदि विधिहरूको उपयोग गरिँदा विषयवस्तुलाई छात्रहरूले सजिलै पचाउँछन् र तिनीहरूको शास्त्रमा अभिरुचि बढ्दै जान्छ । यस्ता गुरु र शिष्यहरूमा गवेषणात्मक प्रवृत्ति रहेको देखिन्छ । शिक्षाका लागि निर्देश गरिएका विभिन्न संस्कारहरूका कारण गुरु र शिष्यको बीचमा आत्मीय सम्बन्ध कायम हुन्छ । जुन सम्बन्ध आधुनिक शिक्षामा पाइँदैन । गुरु र शिष्यका प्रत्येक क्षण गुरुकुलमा परस्पर सेवा, श्रद्धा, आत्मीयता र स्नेह हुने गर्दछन् । सबै संस्कारमध्ये विद्यारम्भ संस्कारद्वारा बालकहरूको हृदयमा गुरुका प्रति असीम श्रद्धाभाव र गुरुहरूका हृदयमा विद्यार्थीका प्रति असीम स्नेहभाव भर्ने काम गरिन्छ । बालकहरू गुरुकुलमा रहेर गुरुवन्दना गर्दछन् । प्रसन्न हृदयका गुरुहरूबाट स्नेह पाएर पारिवारिक जीवनमा आमा–बाबुको स्नेह पाएझैं रमाउँछन् ।

उपनयन संस्कारपछि देवताहरूको आराधना गर्ने विधि, गुरुको आज्ञापालन गर्नुपर्ने प्रतिबद्धता, गायत्रीमन्त्र जप, दण्डधारण आदि विषयको महत्त्व बुझ्न पाउँछन्। बालकहरूका हृदयमा गुरुप्रति असीम श्रद्धा पैदा गराउने काम गुरुकुलको क्रियाकलापले गर्दछ । शिष्य गुरुकै अधीनमा रहेर श्रद्धापूर्वक ज्ञान आर्जन गर्दै संस्कारसिद्ध र सुशिक्षित बन्दछन् । यिनै शिष्य असल नागरिकको रूपमा समाजका लागि आदर्शपुरुष बन्न सक्दछन् ।

पुस्तकीय ज्ञानका साथै ज्ञानलाई जीवनमा उपयोग गर्ने विधि, सद्व्यवहार, सदाचारको जुन संस्कृति छ त्यसको व्यावहारिक ज्ञान प्राप्त गरेर शिष्यहरू पूर्णमानव भई उच्चस्तरीय मानवीय गुणहरूका मुहान बन्दछन् जुन कुरा आधुनिक शिक्षाप्रणालीमा पाइँदैन । यसैले प्राचीन गुरुकुल प्रणालीको शिक्षा महनीय छ ।

६. नेपालमा गुरुकुल शिक्षाको ऐतिहासिक स्वरूप

प्राचीनकालमा पाइने गुरुकुलका स्वरूपहरू नै नेपालका गुरुकुलका ऐतिहासिक स्वरूप हुन् । भौगोलिक हिसाबले नेपाल, भारत विभाजन हुनुपूर्वको अवस्थालाई भारतवर्ष भनिन्थ्यो । यही क्षेत्रमा नारद–सनत्कुमार, भृगु–वरुण, श्वेतकेतु–उद्दालक, यम–नचिकेता, राम–वसिष्ठ, कृष्ण–सान्दीपनि, धौम्य–युधिष्ठिर आदि गुरु–शिष्यको सुमधुर सम्बन्ध विकसित भएको पाइन्छ ।

आत्मविद्याको परम्परा नारायणबाट ब्रह्मा, वसिष्ठ, शक्ति, पराशर, व्यास, शुकदेव, गौडपाद, शङ्कराचार्य आदिका क्रमले विकसित भएको पाइन्छ । कालान्तरमा पूर्वका यस्ता गुरुकुलहरू कहिले शिथिल बन्दै र कहिले उत्कर्ष रूप लिँदै विकसित भएको र सेतीगण्डकीको बीचको टापुमा बसेर व्यासले वेदलाई विभाजन गरी आफ्ना शिष्यहरू मध्ये पैललाई ऋग्वेद, वैशम्पायनलाई यजुर्वेद, जैमिनिलाई सामवेद, सुमन्तुलाई अथर्ववेदलगायत वेदहरू पढाएर गुरुकुल शिक्षाको परम्परालाई सजीव तुल्याएको पाइन्छ । नेपालमा प्राचीन गुरुकुलशिक्षा लिच्छविकाल, मल्लकाल, राणाकाल हुँदै आधुनिक समयसम्म विभिन्न रूपमा सञ्चालनमा रहेको छ ।

क) लिच्छविकालीन गुरुकुल

लिच्छविकालको चौथो शताब्दीतिर वेद, व्याकरण, न्याय, साहित्य, दर्शन, ज्योतिष आदिको पठन–पाठन हुन्थ्यो । त्यतिबेला नेपालीहरूले नालन्दा र विक्रमशिला विहारमा गई उच्च शिक्षामा निकै नाम कमाएका थिए । नेपालको लिच्छविकालीन गुरुकुलको स्वरूप अनौपचारिक हुँदाहुँदै पनि शास्त्रीय विषयको अध्ययन–अध्यापनपरम्परा निकै सुदृढ रहेको पाइन्छ । राजाहरू आफैं गुरुकुलको शिक्षाबाट प्रशिक्षित हुन्थे । त्यतिबेलाको राजकीय भाषा संस्कृत थियो । दरबारमा गुरु राखेर पढ्ने अथवा राजकुमारहरू नै गुरुकहाँ गएर पढ्ने दुवै परम्परा त्यतिबेला थियो । गुरुकुलहरू दाताको दानदातव्यबाट सन्तमहन्त, महात्मा, साधु र राज्यले गुरुकुल सञ्चालनका लागि खटाएको गुठीको व्यवस्थाबाट सञ्चालित हुन्थे । त्यतिबेलाका राजाहरू विद्याप्रेमी भएको कुरा सातौं शताब्दीका राजा अंशुवर्माले शैक्षिक संस्थाहरूलाई वर्गीकृत गरेबाट स्पष्ट हुन्छ । लिच्छविकालीन इतिहासमा अंशुवर्माको महत्त्वपूर्ण स्थान छ । उनी आफैं शिक्षित र सुयोग्य थिए । भनिन्छ– उनी शैव र वैष्णव, बौद्ध तीनै सम्प्रदायप्रति तत्कालीन अवस्थामा सहिष्णु थिए । त्यसैको परिणामस्वरूप उनले शैव, वैष्णव र बौद्ध सम्प्रदायका गुरुकुलहरूको छुट्टाछुट्टै वर्गीकरण गरेका थिए र शिक्षाका संरक्षण भने आफैं थिए ।

ख) मल्लकालीन गुरुकुल

मल्लकालमा संस्कृत गुरुकुलहरूसँगै बौद्ध गुरुकुलहरू पनि प्रशस्त रहेको इतिहास पाइन्छ । त्यतिखेर कर्मकाण्ड र बौद्धशिक्षा प्रचलनमा भएको पाइन्छ । साहित्य, कला, विज्ञान आदिका त्यतिबेला लेखिएका ग्रन्थहरू आज पनि उपलब्ध छन् । मल्लकालका राजप्रासादमा रहने आचार्य, दैवज्ञ, द्यौभाजु, गुभाजु, मास्के र भण्डारीहरू उच्च पठित हुन्थे । यिनीहरूले नै राजकुमार र राजकुमारीलाई अध्ययन–अध्यापन गराउँथे । यस्तो पठनपाठनको स्वरूप गुरुकुलीय हुन्थ्यो । चौधौं शताब्दीका राजा जयस्थिति मल्लले शिक्षालाई जीवनको आधार मानी व्यावसायिक शिक्षाको थालनी गरेको पाइन्छ । मल्लकालमा पूर्वी नेपालका दिक्तेल, मादी, कुरुले, ओखलढुङ्गा, तेह्रथुम, पाँचथर र इलामका ब्राह्मणहरू विद्वान् रहेको र यिनीहरूले गुरुकुल चलाएको इतिहास पाइन्छ ।

ग) शाहवंशीय गुरुकुल

पृथ्वीनारायण शाहभन्दा पूर्व गोर्खा, लमजुङ, कास्की, तनहूँलगायतका स्थानमा गुरुकुल शिक्षा रहेको पाइन्छ । त्यसैले न्याय हराए गोर्खा जानू, विद्या हराए कास्की जानू जस्ता लोकोक्ति पाइन्छ । राजाहरूले आ–आफ्ना गुरु स्थापना गर्ने र गुरुको निर्देशनमा राज्यसञ्चालन गर्ने परम्परा पनि शाहवंशीय राजाहरूमा पाइन्छ । अनौपचारिक गुरुकुलहरू विशुद्ध शिक्षाका लागि संस्कृत पढेका विद्वान् गुरुहरूले घरघरमा चलाएका थिए । राजा पृथ्वीनारायण शाहले पनि गुरुकुलबाट नै आफ्नो अध्ययन पूरा गरेका थिए । पृथ्वीनारायण शाह यद्यपि राष्ट्रनिर्माणमा नै बढी संलग्न भएकाले उनले खासै गुरुकुलशिक्षाको उन्नयन गर्न पाएनन्, उनीपछिका शाहवंशीय राजाहरूले पनि गुरुकुलशिक्षालाई राज्यस्तरबाट त्यस्तो ठूलो मद्दत वा सहयोग गरेनन् । गुरुकुल घरघरमा नै चलेको थियो ।

शाहवंशपछि राणाशासनताका भने गुरुकुल झनै कमजोर हुँदै गएको पाइन्छ। राणाकालमा नेपालभित्रका केही संस्कृत पाठशालाहरू आर्थिक स्रोतका कारण चल्न नसकी वि.सं. १९३१ मा बन्द भएका थिए । राणाकालमा देवसमशेरको पालामा आएर भने नेपालको समग्र शिक्षाको विकाससँगै गुरुकुल शिक्षाप्रति पनि चासो देखाएको पाइन्छ । हुन त देवसमशेरले आफ्नो कार्यकालमा खोलेका ५७ वटा पाठशालाहरू प्रायः आधुनिक शिक्षासँग नजिक थिए तर पनि त्यसमध्ये केही विशुद्ध संस्कृत गुरुकुल पाठशालाहरू पनि रहेको पाइन्छ । चन्द्रसमशेरका पालामा ती पाठशालाहरू

निष्क्रिय भए । गुरुकुलमा पढ्ने विद्यार्थीहरूको परीक्षा भने त्यतिखेर भारतका विश्वविद्यालयहरूले लिन्थे । २००२ सालमा पद्मसमशेर प्रधानमन्त्री भएपछि संस्कृतविरोधी विचारहरू व्यक्त भए जसको परिणामस्वरूप जयतु संस्कृतम्को आन्दोलन भयो । यस आन्दोलनले गुरुकुल शिक्षाको पक्षमा केही बचाउ त गऱ्यो तर पछि राजा महेन्द्रको पालामा नयाँ शिक्षा लागू गरिएपछि गुरुकुलशिक्षा ओझेलमा पऱ्यो । आधुनिक शिक्षापद्धतिले गुरुकुल शिक्षालाई कमजोरमात्र बनाएन प्रायः सखाप नै बनाइदियो । गुठीसंस्थानहरू कमजोर हुँदै गए, व्यक्ति र सरकारका हस्तक्षेपहरू बढ्दै गए । गुरुकुलहरूले पनि गुरु र विद्यार्थीको अभाव झेल्नुपऱ्यो ।

७. वर्तमान गुरुकुल

यसरी सुस्ताएको गुरुकुलशिक्षा पचासको दशकबाट फेरि जुर्मुराउँदै छ । अहिले सरकार विशेषगरी शिक्षा मन्त्रालयले समेत गुरुकुल शिक्षालाई मूल प्रवाहीकरणमा ल्याएको छ । आधुनिक स्वरूपका कतिपय गुरुकुलहरू भौतिक सम्पन्नताले पूर्ण पनि छन् । यस अन्तर्गत महेश संस्कृत गुरुकुल, परमानन्द संस्कृत गुरुकुल, वेदवेदाङ्ग गुरुकुल नेपालको देवघाटमा रहेका गुरुकुलका नमुना हुन् । यी गुरुकुलले प्राचीन गुरुकुलको मर्यादालाई जोगाउँदै आधुनिक शैक्षिक संस्थाहरूसँग प्रतिस्पर्धा गर्दै आज आफ्नो अस्तित्वबोध गराउन सफल भइरहेका छन् । आवासीयलगायत सम्पूर्ण सुविधाले सम्पन्न यी गुरुकुल अहिले राष्ट्रकै नमुना शैक्षिक संस्थाका रूपमा रहेका छन् । यसदेखि बाहेक नेपालमा करिब दुई सय गुरुकुल सञ्चालनमा रहेको तथ्यांक राष्ट्रिय गुरुकुल परिषद्सँग रहेको छ । समाजमा रहेका विभभिन्न समुदायका व्यक्ति, साधु, सन्त, महन्त, पुजारी वा कुनै धार्मिक व्यक्ति, संघ–संस्थाहरूबाट गुरुकुलको पुनरुत्थान हुँदै छ । आज जुर्मुराइरहेको गुरुकुलशिक्षा लामो इतिहास पार गरेर यहाँसम्म आइपुगेको हो ।

नेपालको गुरुकुलपरम्परा निकै पुरानो हो । नेपाल वेदव्यास, राजा जनक, वसिष्ठ, भरद्वाज आदि ऋषिमुनिहरूको तपःस्थली हो । यहाँको गुरुकुल परम्परा अनादि छ । गुरुकुलमा रहेर परा र अपराविद्या गुरुबाट शिष्यले विधिवत् प्राप्त गर्ने यसै स्थलमा समयक्रममा औपचारिक र अनौपचारिक गुरुकुलहरू स्थापना भएको ऐतिहासिक आधार पाइन्छ । लिच्छविकाल, मल्लकाल र शाहवंशमा गुरुकुलशिक्षाले लामो इतिहास पार गरेको पाइन्छ । पछिल्लो समयमा बालगुरु षडानन्द, स्वर्गद्वारी महाप्रभु, ईश्वरानन्द ब्रह्मचारीलगायतले स्थापना गरेका कैयौं गुरुकुलहरूले गुरुकुलको गौरवपूर्ण इतिहासलाई अहिले पनि स्मरण गराइरहेका छन्। आज नेपालमा खुलेका कतिपय आधुनिक शैक्षिक संस्थाहरूमा पनि गुरुकुल शिक्षाबाट प्रभाव परेको स्पष्ट बोध हुन्छ । त्यतिमात्र नभएर नेपालको गुरुकुल शिक्षा पिँढीशिक्षाका माध्यमले पुस्ता दरपुस्तामा हस्तान्तरित हुँदै आएको पनि पाइन्छ । बाबुले छोरालाई, आमाले छोरीलाई बुहारीलाई घर–घरमा नै प्रशिक्षित गर्थे । पिँढी शिक्षामा एकपुस्ताले अर्को पुस्तालाई शिक्षासँगै उच्च मानवीय मूल्यबोध गराउँथे । कर्तव्याकर्तव्यविवेक गर्नसक्ने चेतनशील बनाउँथे । देश र समाजको कल्याण सोच्ने संवेदनशील मानवीय गुण प्रदान गर्थे । व्यावहारिक कलाहरू सिकाउँथे । यस आधारले हेर्दा नेपाली गुरुकुल शिक्षाको इतिहास घर–घरबाट विकसित हुन्छ । पछिल्लो समयमा ख्यातिप्राप्त विद्वान् नयराज पन्तले समेत आफ्ना छोरा र शिष्यहरूलाई यस्तै अनौपचारिक गुरुकुलबाट प्रशिक्षित गराई सुयोग्य विद्वान् बनाएको प्रसङ्ग निकट इतिहासले नै बताउँछ । यसरी नेपालको गुरुकुल शिक्षाको इतिहास विभिन्न स्वरूपमा नेपाली समाजभित्र क्रियाशील रहेको बोध हुन्छ ।

८. वर्तमान गुरुकुलहरूको वर्गीकरण

वर्तमान समयमा अनेक प्रकारका विघ्न उपस्थित हुँदा हुँदै पनि नेपालमा लामो समयदेखि आजपर्यन्त अस्तित्वमा रहेका गुरुकुलहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ–

१. ब्राह्मण छात्रहरूमात्र रहेका गुरुकुल ।
२. समाजवेशी शैलीमा छात्रहरूमात्र अध्ययनरत गुरुकुल ।
३. ब्राह्मण छात्रामात्र अध्ययनरत नारीगुरुकुल ।
४. सारश्वरसहित वेद अध्ययन गर्ने छात्राहरू रहेको गुरुकुल ।
५. वेद र कर्मकाण्डबाहेकका अरू विषयमा अध्ययनरत छात्रहरूको गुरुकुल ।
६. अंग्रेजी अनिवार्य भएका गुरुकुल ।
७. अंग्रेजी ऐच्छिक भएका गुरुकुल ।
८. गुरुको घरमा बेग्लाबेग्लै अध्ययन गर्ने छात्रका गुरुकुल ।
९. गुरुको घरमा बेग्लाबेग्लै अध्ययन गर्ने छात्राहरूको गुरुकुल ।
१०. आफ्नो गुरुकुलबाट परीक्षा दिन पाउने गुरुकुल ।
११. आफ्नो गुरुकुलबाट परीक्षा दिने अधिकार नहुँदा नेपालकै अन्य गुरुकुलबाट परीक्षा दिलाउने गुरुकुल ।
१२. नेपालमा पढेर भारतीय परीक्षा बोर्डको परीक्षामा सहभागी हुने गुरुकुल ।

यी सबै गुरुकुलहरूलाई एकताको सूत्रमा बाँधेर परिष्कृत बनाउँदा नेपालको गुरुकुल शिक्षाले राष्ट्रिय शिक्षाप्रदायमा अपूर्व गुणाधान गर्न सक्ने सम्भावना देखिन्छ ।

९. आधुनिक शिक्षाका दुर्बल पक्ष

गुरुकुलीय शिक्षामा चौबिसै घण्टा विद्यार्थीहरू कुलपति, आचार्य, उपाध्याय तथा अग्रज विद्यार्थीको प्रत्यक्ष निगरानीमा रहने हुनाले प्रत्येक विद्यार्थीको आचरण, बोली–चाली, मर्यादापालन, शिष्टतानुसरण, आदरणीय मान्यजनको सम्मान आदिको नित्य निरन्तर निरीक्षण सम्भव थियो । आफूभन्दा ठुलाको आदर र सानाप्रति स्नेह राख्ने विषय उनीहरू पुस्तकबाट नभई व्यवहारको प्रत्यक्षताबाट सिक्थे र त्यसलाई व्यवहारमा उतार्दथे । सेवाको भावनाको विकाससँगै परिश्रमको मूल्यवत्तालाई पनि उनीहरू राम्ररी बोध गर्न समर्थ हुन्थे । यसरी उनीहरूमा असल संकार स्थिर बन्दै जान्थ्यो र उनीहरू मानवतावादी, राष्ट्रवादी, परोपकारी, परिश्रमी र आत्मविश्वासी बनेर प्रायः सबै विषयको ज्ञान पाएर स्नातक भई दीक्षा पाएर समाजमा समाहित हुन्थे । यसरी सुसंस्कृत र सभ्य नागरिकको उत्पादन गुरुकुलबाट हुने गर्दथ्यो ।

भारतमा बेलायती उपनिवेशको आरम्भसँगै पूरै भारतवर्षलाई प्रभावित पार्ने गरी पाश्चात्य शिक्षाको प्रवेश हुन गएपछि गुरुकुलीय परम्परालाई विच्छिन्न पार्ने अनि विपरीत नीतिको निर्माण हुँदै रोजगारी र व्यावसायीकरणका नाममा आधुनिक शिक्षाका बारेमा अनेक प्रचारबाजीहरू भए । मेकाले प्रतिवेदनबाट प्रभावित भई अंग्रेजहरूले सुदूर प्राचीनकालदेखि अभ्यासमा रहेको शिक्षाप्रणालीलाई विस्तारै भत्काउँदै लगे र संस्कृतवाङ्मयका विभिन्न विधाको अध्ययन, अध्यापन, चिन्तन–मनन हुने स्तुत्य परम्परालाई छिन्नभिन्न पारिदिए । भारतको काशी र वृन्दावनजस्ता विद्यानगरीमा रहेर विद्याध्ययन गरिरहेका नेपाली विद्यार्थीहरू पनि त्यसबाट अस्पृष्ट रहन सकेनन् । आधुनिक शिक्षाबाट मात्रै गरीबी निवारणका द्वारहरू खुल्छन् भन्ने भ्रमको जालो फैलाएर अनुदानका लालचहरू देखाइए र नेपालमा पनि गुरुकुलीय परम्परामा परिवर्तन गर्नुपर्छ भन्ने प्रस्तावहरू अघि सारिए । यसैको फलस्वरूप विशेष गरी २००७ सालको ऐतिहासिक परिवर्तनपछि बनेका उड कमिसन, नयाँशिक्षाको योजना २०२८ हुँदै संस्कृत शिक्षा र त्यसमा पनि गुरुकुलीय पद्धतिको अध्ययन–अध्यापनको प्रणालीलाई विदेशी दाताहरूको प्रभावमा परेर सीमित पार्दै किनारा लगाउने कार्यहरू निरन्तर भइरहे । हाम्रो माटो सुहाउँदो शिक्षाप्रणाली

विस्तारै छायामा पर्दै गयो ।

आधुनिक शिक्षाका नाममा बाह्य प्रभाव भित्रिँदा हाम्रो शिक्षाले सिकाउँदै आएका सामाजिक संस्कार, नैतिकमूल्य र मान्यता, सदाचार, सद्भावना, शिष्टता आदि मूल मर्मका विषयहरू ओझेलमा पर्दै गए । शिक्षा जीवनका लागि हो भन्ने मान्यता राखेर समग्र जीवनपद्धति सिकाउने हाम्रो पवित्र शैक्षिक परम्परा विखण्डित हुँदै गयो । स्थानीय जनसाधारणको स्रोत, साधनको उपयोगमा शैक्षिक गुरुकुलहरू सञ्चालन गरेर निःशुल्क शिक्षा दिने र सादा जीवन जिउने कला सिकाउने गुरुहरू वेतन लिने अध्यापक बने । विद्यार्थीहरू शुल्क तिरेर अध्ययन गर्ने भए । उपनयन संस्कार सकेर गुरुका आश्रममा बसी उनका प्रत्यक्ष निरीक्षण र निर्देशनमा मानवतावादी उच्चचरित्रको विकास गर्ने लक्ष्य नै विस्थापित हुन पुग्यो र विद्या किनबेचको साधन बन्न पुग्यो । यसले सिक्ने र सिकाउने दुवै पक्षलाई भौतिक सुख–सुविधाको भोगी बन्न सिकायो ।

विद्यार्थीहरूले अनेक विषय त पढे तर व्यवहार सिकेनन्; परीक्षामा जसरी पनि उच्च अङ्क ल्याउनुपर्छ भन्ने जाने तर किताबी ज्ञानभन्दा बाहिर पनि जीवन जिउने कला सिकाउने विद्याको फराकिलो संसार छ भन्ने कुरा सिक्नै पाएनन् । जसरी पनि अरूलाई उछिन्नुपर्छ भन्ने कुरा किताबबाट होइन व्यवहारबाट सिकाइयो । फलतः पढेकाहरू विषय जानेका तर त्यसको उपयोग कहाँ र कसरी गर्ने भन्ने बोध नभएका निस्कन थाले । पैसाको लेनदेन भएपछि गुरु–शिष्यका बीचको शिष्टता पनि अर्थहीन बन्न पुग्यो । राजनीति अपठितहरूको व्यवसाय बन्यो । तिनै सत्तामा पुग्ने भए । तिनको दौराको फेर नसमाती जागिर नपाइने भएपछि मानिसहरूले चाकरीको शैली सिके । अयोग्यताका कारण पछाडिको ढोकाबाट छिरेकाहरूले पनि पैसाको खेल चलाएर शिक्षालाई उपहासको विषय बनाए । योग्यहरू पछाडि पर्दै जाने र अयोग्यहरू सबैतिर हावी हुने वातावरण विकसित हुँदै आयो पैसा, पद, प्रतिष्ठाका लागि जे पनि गर्न हुने रहेछ भन्ने कुरा अरूले भोग गरेको सम्भ्रान्त जीवनशैली देखेर त्यतैतिर आकर्षण बढ्न थाल्यो । जीविका चलाउनका लागि जागिर खानु अनिवार्य बन्न गएपछि र त्यसका लागि माथिको मुख ताक्न परेपछि आर्थिक अनियमितताका खेलहरू चले। सबैतिर भ्रष्टाचार व्याप्त भयो । शिक्षाले, विद्याले, ज्ञानले मानवलाई सच्चा मानव बनाएर मानवले जस्तै व्यवहार गर्ने असल मानव बनाउनुपर्ने र सभ्य मानव समुदायको सृजना गर्ने शिक्षाको उद्देश्य हुनुपर्नेमा भ्रष्टहरू जमात सिर्जना गर्ने अखडाका रूपमा विद्यालय, शिक्षालयहरू परिणत भए । तिनैलाई राजनीतिक क्रीडास्थल बनाइयो र शैक्षिक जगत्लाई अपवित्र पारियो । विभिन्न चरणका आन्दोलमा मुख्य गरी विद्यार्थीको उपयोग गर्ने परिपाटी बसेपछि त पढ्नुपर्छ भन्ने धारणा पनि हराउँदै गयो । अनैतिक व्यवहार गर्न नदिने गुरुहरू विद्यार्थीको पिटाइ र भौतिक कारवाहीको सिकार बने । यसले अनेक अनैतिक क्रियाकलापलाई बढावा दियो र शैक्षिक, प्राज्ञिक जनशक्ति उत्पादन गर्ने उच्च मर्यादित शैक्षिक संस्थाहरू समेत उच्च पदासीन व्यक्तिहरूको राजनीतिक नियुक्तमा देखिएको भागबन्डाका कारण पूर्णतया निष्क्रिय बन्दै गएको अवस्थामा आज हामी आइपुगेका छौं । यसैको परिणामस्वरूप हत्या–हिंसा, यौनदुर्व्यवहार, बलात्कार, लुटपाट, चोरी–डकैतीजस्ता नकारात्मक क्रियाकलापको सिकार बन्न हामी विवश भयौं । यसको मूलमा कहीं न कहीं हाम्रो शिक्षापद्धति जिम्मेवार बनेर रहेको देखिन्छ । वास्तवमा प्राच्य भारतीय शिक्षाप्रणालीलाई ध्वस्त पार्ने लर्ड मेकालेबाट प्रभावित नेपालमा २०११ सालमा गठित उड कमिसन र नयाँ शिक्षाप्रणालीले आर्यसंस्कृतिको मर्ममा प्रहार गरी नेपाली छात्र–छात्रालाई आर्यसंस्कार र संस्कृतिबाट वञ्चित गराएर जीवनप्रधान शिक्षाको सट्टा जीविकाप्रधान शिक्षा प्रवर्तन गरे ।

१०. आधुनिक संस्कृतशिक्षाको दयनीय अवस्था

उड कमिसनको सिफारिसअनुसार भारतमा सञ्चालित आधुनिक शिक्षाबाट प्रभावित नेपालको संस्कृतशिक्षालाई संस्कृत माध्यमिक विद्यालय, राजकीय महाविद्यालय एवं स्वतन्त्र महाविद्यालयको सञ्चालन गर्दै जाँदा महाविद्यालयीय शिक्षालाई त्रिभुवन विश्वविद्यालयको संस्कृत अध्ययन संस्थानअन्तर्गत राखेर अध्ययन, अध्यापन गराइँदै आएकोमा पछिल्लो चरणमा संस्कृत विश्वविद्यालयको स्थापना पनि भयो तर सोचेजस्तो परिणाम आउन सकेन । संस्कृत अध्यापन गर्ने विद्यालयका गुरुहरूलाई नै समाप्त पार्ने अभियान चलेपछि धेरैजसो संस्कृत विद्यालयहरू साधारण विद्यालयमा रूपान्तरित हुन बाध्य भए भने चलेका विद्यालयमा पनि संस्कृत पढ्न विद्यार्थी जान छाडे । साधारण विद्यालयमा राखिएका नैतिकशिक्षाका पाठ्यविषय पनि क्रमशः हटाउँदै लगेर केवल वस्तु सिकाउने प्रणालीलाई उच्च मान्यता दिइएकाले त्यहाँबाट पनि मर्यादित जनशक्तिको उत्पादन हुने सम्भावना मरेर गयो ।

पदाधिकारीको नियुक्तिका भागबन्डाले विश्वविद्यालयको अभिभावक बनेर रहनुपर्ने कार्यकारी अधिकार पाएका पदाधिकारीहरू आफूलाई नियुक्ति गर्न सिफारिस गर्ने विभिन्न राजनीतिक दलकाप्रति उत्तरदायी बन्न पुगेकाले संस्कृत शिक्षालाई उच्चअध्ययनको तहसम्म विस्तारित गर्ने र नेपाललाई संस्कृतविद्याको ज्ञानप्राप्तिको केन्द्रका रूपमा विकसित गर्ने पवित्र उद्देश्यले स्थापित संस्कृत विश्वविद्यालय पनि त्यही खिचातानीको सिकार बनेर अकिञ्चित्कर बन्न गएको छ । विनायोग्यता, विनापरिश्रम उच्चओहदाको प्राप्ति र समृद्धिको शिखर चुमेका मानिसलाई चारैतिर देखेपछि योग्यताको कदर नभएको अनुभव गर्दै संस्कृत पढ्ने रहर भएको युवाजमात पराङ्मुख बन्न पुगेको छ ।

११. वर्तमान गुरुकुलका चुनौती

१. नेपालका संस्कृत गुरुकुलहरू दुई सयभन्दा बढी संख्यामा रहेका छन् । तर तिनको स्पष्ट खाका छैन । गुरुकुल शिक्षाको उद्देश्य, पाठ्यविषय, शिक्षणविधि, व्यवस्थापन र समकक्षताको दृष्टिबाट लेखाजोखा हुन सकेको छैन ।

२. अनेक किसिमका गुरुकुललाई एउटै सूत्रमा बाँध्ने व्यवस्था भएको छैन ।

३. प्राचीन आर्षज्ञानमा सन्निहित विज्ञानको गवेषणा गर्ने प्रवृत्ति नहुनु पनि समस्याको रूपमा रहेको छ ।

४. गुरुकुल सञ्चालन प्राच्यज्ञानमा आधारित पाठ्यक्रमका साथ आधुनिक शिक्षामा सन्निहित विज्ञान र प्रविधिका पाठ्यक्रमको समावेश नहुनुले गुरुकुल शिक्षालाई एकाङ्गी बनाइरहेको छ । यस्ता विषयहरू पढाउने गुरुहरूमा आ–आफ्नो विषयको गम्भीर ज्ञान आवश्यक हुन्छ । त्यस विषयमा विचार पुऱ्याइएको छैन । त्यस्ता गुरुहरूको संख्या निकै अल्प छ ।

५. जातीय व्यवस्थामा आधारित गुरुकुल र सार्ववर्णिक गुरुकुलमा समन्वय हुन सकेको छैन ।

६. गुरुअनुकूलका गुरुकुलहरूको प्राचुर्य छ तर प्रत्येक गुरुकुलका शिक्षाप्रदायमा उल्लेख्य विज्ञता र विशेषज्ञताको लेखाजोखा गरिएको पाइँदैन ।

७. प्राच्य, पौराणिक एवं उपनिषद् वाङ्मयमा देखिने परस्पर विरोधी तथ्यहरू समस्याका रूपमा रहेका छन् । जस्तै– शुकदेवको जन्मजात वैराग्य कहीं देखाइएको छ भने कहीं उनको घरबार र पुत्र–पौत्र आदि सन्तति भएको देखाइएको छ । यस्ता विषयको ग्रन्थिभेदन गर्ने प्रवृत्ति देखिएको छैन र पाठ्यपुस्तकहरू पनि लेखिएको पाइँदैन ।

८. गृहस्थ, कृषक, पशुपालक, व्यापारी, यज्ञ गर्ने–गराउने ब्राह्मण एवं राष्ट्रको रक्षा गर्ने

क्षत्रियहरू र कलाकौशलका धनी शूद्रहरू समाजका अङ्ग हुन् । यिनीहरूमा पूर्णरूपमा वर्तमान गुरुकुलशिक्षाको पहुँच भएको देखिँदैन ।

९. हाम्रा गुरुकुलहरूका पाठ्यक्रमहरूमा भौतिक र आध्यात्मिक ज्ञानका विषय मिश्रित रूपमा रहेका छन् । प्रपञ्चमय जगत्मा रही जीवन निर्वाह गर्नुपर्ने हुँदा भौतिक ज्ञानको आफ्नै किसिमको महत्त्व छ । भौतिक ज्ञानलाई व्यावहारिक शिक्षाअन्तर्गत राखी सिद्धान्त र प्रयोगको व्यवस्था गरेको पाइँदैन । बालकहरूको मस्तिष्कमा पारमार्थिक ज्ञान थोपरेर जीवनको प्रारम्भकालदेखि नै उदासीन बनाउने वेदान्त ज्ञान दिनु पनि एउटा समस्या हो । यी दुवै किसिमका शिक्षाको समान महत्त्व भए पनि यिनको दिशा र सीमा निर्धारण नहुनु पनि जटिल समस्या हो ।

१०. कार्यान्वयन गर्न योग्य र उपयुक्त गुरुकुलसम्बन्धी शिक्षानीति नहुनु पनि एउटा समस्या हो ।

११. गुरुकुल शिक्षामा अहिले पठनपाठनमा समसामयिकताको अभाव देखिएको छ । जातीयताको अनावश्यक विवादले त्यसलाई गाजेको छ । सैद्धान्तिक आडम्बर आधिकारिक वक्रदृष्टि र वास्तविक तथ्यप्रति उदासीनताका कारण गुरुकुल शिक्षाले राम्ररी पाइला चाल्न सकेको छैन । समाजमा धार्मिक र नैतिक पतन हुँदा पनि शिक्षाविद्हरूले त्यसतर्फ आँखा चिम्लिएका छन् । योजना बनाउनेहरूमा पूर्वाग्रहपूर्ण दबाव देखिन्छ । संस्कृत पाठशालाहरूको खारेजी गर्नु सांस्कृतिक तत्त्वको उपेक्षा हो । आफ्नै धन, श्रम आदिबाट सुलभ संस्कृत शिक्षाका गहन ज्ञानले भरिपूर्ण विषयहरूको उपेक्षा गरी खर्चिलो श्रमसाध्य पाश्चात्य पद्धति अपनाएर अनन्त र अमूल्य राष्ट्रिय धनराशिको व्ययभार गराई राष्ट्रियताको विनाशको बीजारोपण गर्नेहरूको दबाबका कारण संस्कृत शिक्षा पद्धतिमा गतिहीनता आएको छ । दुर्लभ ग्रन्थराशिहरू कीराले काटेर, विदेशमा पुऱ्याएर राख्नुपरेको छ। संस्कृतमा रहेका गहन ज्ञानराशिको अनुसन्धान गर्न राष्ट्रले धनराशि खर्च गर्न सकेको छैन । सरकारी सेवाप्रवेशमा नेपाली र संस्कृतका सम्बन्धित विषयवस्तुको समावेश नगरिएका कारण संस्कृतका स्नातकहरूले पाश्चात्य शिक्षातर्फ उन्मुख हुनुपर्ने स्थितितर्फ राज्यले उदासीनता देखाएको छ । संस्कृत शिक्षा र वैदिक गुरुकुल प्रणालीका समस्या आज पनि जस्ताको तस्तै छन् ।

१२. संस्कृत माध्यमिक विद्यालयहरू विद्यार्थीहरूको अभावले चाउरिएका छन् । नेपाली समाजमा संस्कृत शिक्षा पाएका जनशक्तिको चरम अभाव अनुभव गरेर जनस्तरबाट भने गुरुकुलको थालनी गर्ने प्रयास भइरहेको छ ।

१३. गुरुकुलबाट उत्पादित शिष्यहरू देश, धर्म र समाजका लागि मूल्यवान् पुरुष बन्दथे । यसको विपरीत आधुनिक शिक्षाले उच्चत्तम मानस व्यक्तित्व निर्माणको अपेक्षा अनेक विषयको पुस्तकीय भारी बोकाएर व्यक्तिलाई साक्षर त बनाउँछ तर ती छात्रहरूमा अनुशासन र मर्यादाको ज्ञान नहुनाले उच्छृंखल बन्न जान्छन् र तिनै छात्र समाजका लागि बोझ बन्दछन् ।

१२. गुरुकुल व्यवस्थापनका समाधानसूत्रहरू

वर्तमान समयमा गुरुकुल व्यवस्थापनमा देखिएका चुनौतीहरूको समाधान निम्न आधारमा गर्न सकिन्छ–

१. गुरुकुलहरूका प्राक्तन स्वरूपको गम्भीर अनुसन्धान गर्नुपर्ने ।

२. गुरुकुलको खाका प्रष्ट गर्नुपर्ने ।

३. गुरुकुलको उद्देश्य, पाठ्यविषय, शिक्षणविधि,

गुरुकुल व्यवस्थापन र गुरुकुलहरूको समकक्षताबारे प्रष्ट नीति–निर्देश हुनुपर्ने ।

४. गुरुहरूमा गुरुत्व कायम गर्न र त्यसलाई उजिल्याउन गुरुहरूलाई पूर्ण विज्ञ गुरु बनाउने उद्देश्यले निर्देशिका तयार गर्नुपर्ने ।

५. सरकारी तौरमा गुरुकुल शिक्षा पद्धतिलाई सञ्चालन गर्न अधिकारप्राप्त संयन्त्र गठन गरी एकजातीय गुरुकुल र बहुजातीय गुरुकुलहरूको समन्वय गर्ने र कार्यक्षेत्र निर्धारण गर्ने।

६. प्रत्येक गुरुकुललाई विषयगत विज्ञतामा आधारित जनशक्ति पैदा गर्नको लागि श्रेणीबद्ध गराउने ।

७. सरकारी तौरमा सुविधासम्पन्न कन्या गुरुकुलको व्यवस्था गरी तदनुसार पाठ्यक्रम तर्जुमा गर्नुपर्ने ।

८. क्षमतामा आधारित गुरुकुल शिक्षाको अवधि निर्धारण गर्ने । १२ वर्ष अवधि भनिएकोमा सक्षम शिष्यले सो भन्दा पहिले नै कोर्स पूरा गरेमा त्यसलाई अवधिको नियमबाट छुट दिने व्यवस्था मिलाउने ।

९. गुरुकुल शिक्षालाई समाजसापेक्ष, समाजको उपकारक र दरबारदेखि घरबारसम्मको पहुँच भएको बनाउने ।

१०. गुरुकुल शिक्षालाई शास्त्रीय विषय र आधुनिक विषयको सङ्गम तुल्याएर युगबोध सम्पन्न र शास्त्रबोध सम्पन्न जनशक्ति उत्पादन गर्ने व्यवस्था मिलाउने ।

११. आजका नेपाली गुरुकुल कुन अवस्थामा छन्, कसरी चलिरहेका छन्, के पढाइरहेका छन् भन्ने बारे अनुसन्धान गरी गुरुकुलको सुव्यवस्था गर्नुका साथै पाठ्यक्रममा आवश्यक परिवर्तन गर्नुपर्ने ।

१२. सरकारले गुरुकुल शिक्षापद्धतिलाई चासो दिएर गुरुकुलहरूका साधन, स्रोतको अभाव, स्तरीय जनशक्तिको अल्पता र आर्थिक अभावका समस्या निराकरण गर्न आयोग खडा गरी त्यसबाट नीति–निर्माण गराएर उक्त आयोगकै संस्तुतिअनुसार गुरुकुलशिक्षालाई सञ्चालन गर्दा सो शिक्षा अत्यन्त समुन्नत हुने देखिन्छ ।

१३. गुरुकुलसम्बन्धी ठोस नीति–निर्माण नगरेसम्म मेकाले (सन् १८३५), ह्युग वी उड (सन् १९५६) का संस्कृत विरोधी भावनाले प्रश्रय पाइरहनेछ । यसका लागि गुरुकुलहरूले संगठितरूपमा काम गर्दा उक्त समस्याको समाधान हुनेछ ।

१३. वर्तमान नेपालका गुरुकुलशिक्षाका समुन्नायक श्री १००८ डा. स्वामी रामानन्द गिरि महाराज

सिङ्गै मुलुकको सांस्कृतिक तथा शैक्षिक चिन्तनका मौलिक दिशा अल्मलिँदै गएका अवस्थामा नेपालको संस्कृत शिक्षामा पुनर्जागरण ल्याउनुपर्ने विषयको स्थितिबोध गरिरहेका श्री १००८ स्वामी रामानन्द गिरि (रामप्रसाद सुवेदी, २००३ धादिङ, ब्रह्मलीन २०७४) को विशिष्ट साधना तथा योगदान रहेको छ ।

देवभूमि नेपालको धार्मिक, आध्यात्मिक तथा पूर्वीय आदर्शयुक्त संस्कृतिको पुनरुत्थानको अभियानमा समर्पित हुने सङ्कल्पका साथ २०४८ सालमा संन्यास ग्रहण गरिसकेका स्वामीजीले २०५० सालमा आएर पवित्र तीर्थस्थल देवघाट धाममा महेश संन्यास आश्रम तथा महेश संस्कृत गुरुकुलको स्थापना गरी त्यसको परिचालनका निम्ति आवश्यक जमिन र विद्यार्थीहरूका निम्ति भोजन र आवास, पठनपाठन र पुस्तकालयको परिचालनका निम्ति आवश्यक स्रोतको समेत व्यवस्थापनमा जुट्नुभयो । यस विद्यालयमा आधारभूततहदेखि आचार्य तहसम्मको न्याय, व्याकरण, वेदान्त, संस्कृतानुवाद, नीतिशास्त्रजस्ता विषयको औपचारिक शिक्षा प्रदान गर्ने व्यवस्थाको परिचालनमा पनि समर्पित हुनुभयो ।

गुरुकुलको सञ्चालन, सन्तसेवा, गोसेवा, अतिथि सेवा, पुस्तकालयको परिचालन, सामाजिक तथा

सांस्कृतिक एवं साहित्यिक पुनर्जागरण गर्ने उद्देश्य राखेर स्वामीजीबाट गरिएका कार्यहरू निरन्तर चलिरहेका छन् । प्राज्ञिक क्षमता र अनुपम आत्मज्ञानका धनी स्वामीज्यूको योगदान चारैदिशामा विस्तारित बनेका छन् । संस्कृतसेवा, संस्कृतिसेवा र वाङ्मयसाधनाजस्ता महनीय कार्य सम्पादन गरेका आधारमा स्वामीज्यू देशभित्र र देशबाहिरबाट पनि सम्मानित, अभिनन्दिन र पुरस्कृत पनि बन्न सक्नु आफैंमा गरिमाको विषय बनेको छ ।

१४. गुरुकुल शिक्षाप्रति सार्वत्रिक अभिरुचि

नेपालमा गुरुकुल शिक्षापद्धति र संस्कृत शिक्षाको क्षेत्रमा सरकार र राजनीतिक दलहरूले ठोस योगदान दिन नसकेको विगतको स्थिति रहेता पनि अहिले आएर गुरुकुलशिक्षाको संवर्द्धन र विकासको क्षेत्रमा आशाका किरण देखिएका छन् । नेपाल सरकारले पनि गुरुकुल शिक्षालाई राष्ट्रिय शिक्षाको मूलप्रवाहमा समावेश गरी यसको व्यवस्थापनका लागि शिक्षामन्त्रालयअन्तर्गत गुरुकुल आश्रम व्यवस्थापन परिषद् गठन गरेको छ । यद्यपि यो पर्याप्त छैन तापनि भविष्यमा नेपाल सरकारको सहयोगबाट गुरुकुलशिक्षाको संवर्द्धन र विकास हुने सम्भावनालाई नकार्न सकिँदैन । आज भारतमा विभिन्न संघ–संस्था र सम्प्रदायहरूद्वारा सञ्चालित छात्रहरूमा सदाचार एवं संस्कारप्रति अभिरुचि जगाउने आधुनिक सुविधासम्पन्न, फराकिलो पाठ्यक्रम एवं शिक्षण व्यवस्था भएका सयकडौं गुरुकुलहरूले राष्ट्रिय शिक्षा प्रदायमा गम्भीर प्रभाव पारेको देख्दा त्यस्तै व्यवस्थापन हुन सकेमा हाम्रा गुरुकुलहरूको पनि कायाकल्प भई नेपाल राष्ट्र गौरवान्वित हुने कल्पना गर्न सकिन्छ ।

गुरुकुल पद्धति वास्तवमा संस्कृत अध्ययन परम्परामा आधारित छ । संस्कृतमा निबद्ध वेद, दर्शन, पुराण, मीमांसा, इतिहास, ज्योतिष, छन्द आदि विभिन्न शास्त्रीय विधाका ग्रन्थहरूको अध्ययन गर्दा उच्चारणको स्पष्टता, विषयबोधको गम्भीरता, अध्ययनप्रतिको लगनशीलताजस्ता गुणात्मक पक्षहरूको उच्चमूल्यांकन गरेर अमेरिका, बेलायत, अष्ट्रेलिया, जर्मनी, क्यानडालगायतका विभिन्न पाश्चात्य मुलुकहरूमा विद्यालयका प्रवेशको आरम्भिक चरणमा नै संस्कृत भाषा र यसका ग्रन्थहरूको अध्यापन गर्ने प्रणाली विकसित गर्दै ल्याइएको छ । उच्चारणगत शुद्धताकै आधारमा मानवमस्तिष्क विस्तारित हुने, सन्धारणको पक्ष प्रबल बन्दै जाँदा धारणाशक्ति पूर्णरूपमा विकसित भई शिक्षार्थीहरूको भाषान्तरको उच्चारणमा पूर्ण शुद्धता आउने देखेर पनि उनीहरू संस्कृत विद्याप्रति उत्साहित र आकर्षिक भएको वर्तमान विश्वपरिवेशले देखाउँछ ।

नेपालमा वर्तमान गुरुकुलशिक्षा सन्दर्भमा थप आशाको किरण देखापरेको छ त्यो हो महर्षि फाउण्डेशन । महर्षि महेश योगीको फाउण्डेशनले नेपालका करिब सयवटा गुरुकुलहरूको सञ्चालनमा टेवा पुगोस् भनेर प्रत्येक गुरुकुललाई एक–एक जना प्राचार्यको खर्च र मासिक ५५ हजार अनुदान दिन थालेको छ । यसरी अनुदान दिने दाता संस्थाको कुनै स्वार्थ र सर्त पनि देखिँदैन । उनीहरूको एउटा आग्रह के छ भने प्रत्येक गुरुकुलमा एउटा शिवालय होस् र सो शिवालयमा वटुकहरूले अविच्छिन्नरूपमा दैनिक रुद्रि पाठ गरिदिऊन् ।

नेपाल सनातन वैदिक दर्शन, धर्म र संस्कृतिको केन्द्रभूमि हुनाले र यो देवभूमि एवं तपोभूमि भएकाले विश्वमा आध्यात्मिकताको नेतृत्व नेपालले नै गर्नुपर्ने हुन्छ । वैदिक गुरुकुल प्रणाली सफल भएमा एक दिन नेपाल अवश्य पनि विश्वगुरुको पदमा आसीन हुनेछ।

१५. उपसंहार

आजको मानिस यद्यपि गुरुकुलप्रणालीअनुरूप छैन तापनि उसको व्यक्तित्वमा केही खोट छ भने त्यो शिक्षा प्रणालीकै दोष हो । लगभग छैठौं शताब्दीदेखि लिएर उन्नाइसौं शताब्दीसम्म भारतवर्षमा राजनीतिक

उथलपुथल हुनुका कारण सामाजिक, धार्मिक र सांस्कृतिक क्षेत्रमा उतारचढाव हुँदै रह्यो । यति हुँदा पनि गुरुकुल शिक्षा प्रणालीमा रहेको विशेष गुणका कारण मर्यादा, संस्कार, संस्कृति र अनुशासनमा भारतवर्षका मानिसहरू पछि परेनन् । विदेशी आक्रमण हुँदा पनि उनीहरूले आफ्नो धर्मको रक्षा गरे ।

प्राचीन सनातन संस्कृतिको रक्षाका निमित्त यिनै गुरुकुलबाट पैदा भएका विद्वान्हरूले ठूलो प्रयास गरे । आज सम्पूर्ण भारतवर्ष भन्नाले नेपाल, भारत, पाकिस्तान, बंगलादेश आदि देशहरूमा जुन सनातन संस्कारको र आचार–विचारको एकरूपता देखिन्छ त्यो उनीहरूकै योगदान हो । अझ भनौं भने प्राचीन गुरुकुल प्रणालीको योगदान हो । चीन, जापान, तिब्बत, मध्यएसिया, मलाया, जावा, सुमात्रा, म्यान्मार आदि देशमा सनातन संस्कृतिका जुन अवशेषहरू पाइन्छन् त्यो गुरुकुल प्रणालीबाट उत्पन्न भएका विद्वान्हरूको सत्प्रयासबाट गरिएको महत्तम कर्म हो ।

समग्रमा भन्दा गुरुकुल समस्त ज्ञानको मूल देखापर्दछ । हाम्रा पौरस्त्य ईश्वरीय विभूतिहरू राम, परशुराम र कृष्णले ज्ञानका लागि गुरुकुलको आश्रय लिए । हजारौं ऋषि–महर्षिहरूले गुरुकुलमा रहेर अनमोल ज्ञानसम्पदाको अभ्यास गरे । गुरुकुलबाहेक पौरस्त्यपरम्परामा ज्ञानप्राप्तिको कुनै प्रकार र पद्धति थिएन । पाश्चात्य अध्यात्मवादी प्लेटोले पनि सुकरातको गुरुकुलमा पढे । महामनीषी अरस्तुले प्लेटोको गुरुकुलमा पढे । विश्वविजयी सिकन्दर महान्‌ले अरस्तुको गुरुकुलमा पढे । तिनीहरूमा पनि बीसौं वर्ष आफ्नो घर छोडेर गुरुको आश्रयमा रही गुरुको निर्देशनअनुसार ज्ञान हासिल गर्ने र गुरुलाई सम्मान गर्ने परम्परा थियो । तिनीहरूको ज्ञानग्रहण परिपाटी पनि चौतर्फी थियो । यो प्रकृतिको विद्यापरम्परा अहिले पाश्चात्य मुलुकमा छैन तथापि अहिले पनि नेपाल–भारतजस्ता देशबाट विदेशमा छात्रवृत्तिमा स्नातकोत्तर र विद्यावारिधि गर्न जाने विद्यार्थीलाई विश्वविद्यालयको भन्दा त्यहाँको प्राध्यापकको सिफारिस चाहिन्छ । त्यहाँ गइसकेपछि पनि विश्वविद्यालयसँग विद्यार्थीको खासै सम्बन्ध हुँदैन । विद्यावारिधि गर्न चाहने विद्यार्थी पाँचौं वर्षसम्म गुरुकै निर्देशनमा रही आफ्नो अनुसन्धानलाई अगाडि बढाउँछ । त्यसमा पनि गुरुकुलकै प्रभाव देख्न सकिन्छ । प्रमाणपत्र विश्वविद्यालयबाट लिए पनि मुक्तविश्वविद्यालयका विद्यार्थी विश्वभरि अहिले पनि गुरुकै आश्रयमा रहेर अध्ययन गरिरहेका देखिन्छन् । त्यसमा पनि गुरुकुलको प्रकारान्तरीय प्रभाव देख्न सकिन्छ । गुरुकुलले दिने ज्ञान अहिले औपचारिक शिक्षालयले दिने ज्ञानजस्तो सतही र प्राविधिक ज्ञानजस्तो वस्तुप्रधान ज्ञान होइन ।

गुरुकुल शिक्षा युगयुगान्त प्रभावी शिक्षा हो र यो अपरिहार्य निर्विकल्प शिक्षा हो । यो जीवनमात्र पाएको मानवलाई पूर्ण मानव र अझ त्यसबाट माथि देवकोटिमा विकसित गराउन खोज्ने शिक्षा हो । गुरुकुल शिक्षाले विद्यार्थीलाई धर्म, संस्कृति, परम्परा र शास्त्रीय ज्ञान एकैपटक आचरणका साथ सिकाउँछ । अहिले औपचारिक शिक्षालयमा पढ्ने विद्यार्थीलाई अभिभावकले सम्पूर्ण कुरा तयार पारेर विद्यालय पठाउनुपर्दछ भने गुरुकुलको विद्यार्थी सम्पूर्ण कुरा आफैं तयार गर्न सक्तछ । गुरुकुलका विद्यार्थीले गर्ने क्रियाकलाप र व्यवहारले उसको व्यवहारपक्षको सर्वाङ्गीण विकास गर्दछ भने त्यहाँ दिइने ज्ञानले उसको ज्ञानपक्षको सर्वाङ्गीण समुन्नति गरिदिन्छ । अहिलेको औपचारिक शिक्षामा न अनुशासनको पक्ष बलियो छ न त विद्याको नै । न राष्ट्रिय आस्थाको पक्ष बलियो छ न त जीवनमूल्यको नै। आधुनिक शिक्षाको मूल्य जीवनमा उत्तरोत्तर बढ्दै गएको देखिन्छ । मानिसको उमेर जति बढ्दै गयो आधुनिक शिक्षा उति उति प्रयोगहीन बन्दै जान्छ भने जति जति उमेर बढ्दै गयो गुरुकुल शिक्षा उति उति प्रयोगयोग्य र अपरिहार्य बन्दै जान्छ । आधुनिक शिक्षाले समाजमा रहेर सामान्य व्यवहार गर्न सक्ने मानव निर्माणको लक्ष्य राख्दछ भने गुरुकुल शिक्षाले राष्ट्र र विश्वलाई प्रभावित पार्न सक्ने विलक्षण

मानवशक्ति निर्माणको अपेक्षा राख्दछ । अझ त्यसभन्दा माथि सामान्य जीवन पाएको मानवलाई सम्पूर्णरूपमा विकसित गर्दै देवता र भगवान् बन्ने मार्गदर्शनसमेत गर्दछ । यतिखेर हाम्रो मुलुक शिक्षापद्धतिको खोजीका लागि पश्चिमतिर फर्किएको छ तर सिङ्गै पश्चिमी जगत् हामीतिर फर्किएको छ । हाम्रा यम, नियम, आसन, ध्यान, धारणा र समाधिको अभ्यास उनीहरू गर्न थालेका छन् । हामी उनीहरूको समाजमा विकृतसिद्ध भएका शिक्षापद्धतिको फजुल भारीले थिचिन थालेका छौं । यो हाम्रो लज्जास्पद विडम्बना र विरोधाभास हो । हामीले आफैंतिर फर्केर आफूभित्रकै अनन्त सम्भावनालाई उद्घाटित गऱ्यौं भने शिक्षामा हामी विश्वगुरु बन्दछौं । हामीलाई विश्वगुरु बनाउन सक्ने सामर्थ्य भएको शिक्षा भनेको गुरुकुल शिक्षा नै हो । हामी संसारलाई चिन्न र चिनाउन चाहन्छौं भने आफैंलाई चिनौं । आफैंलाई चिनाएर संसार चिनाउने शिक्षा गुरुकुलशिक्षा मात्रै हो । यिनै सकारात्मक परिणाम र गुरुकुलका उत्पादनको आचार, चरित्र, व्यावहारिकता र सामर्थ्यलाई देखेर नै वर्तमान समयमा गुरुकुलप्रति समाजको अभिरुचि, अपेक्षा र अगाध श्रद्धा बढ्न गएको देखिन्छ ।

मूल कुरा शिक्षार्थीलाई के सिकाउने, कस्तो बनाउने, राष्ट्रलाई चाहिएको उच्चगुणस्तरीय जनशक्ति कुन–कुन विषयका, कुन–कुन शाखाका आवश्यकताहरू पूरा गर्ने खालको हो भन्ने कुरालाई केन्द्रमा राखेर सच्चरित्रवान्, राष्ट्रभक्त, सदाचारी र सुयोग्य आधिकारिक विद्वान् उत्पादन गर्ने कुरामा वर्तमान गुरुकुलहरूले आफूलाई केन्द्रित गर्नुपर्ने कुरा देखिन्छ । जीविकोपार्जनका लागि चाहिने रोजगारमूलक मात्रै शिक्षाभन्दा जीवनपद्धति सिकाउने र असल मानव बन्न अभिप्रेरित गर्ने शिक्षा गुरुकुलले दिएको हो । त्यसकारणले गुरुकुल शिक्षापद्धतिका राम्रा पक्षहरूलाई आधुनिक शिक्षाप्रणालीमा समायोजन गर्ने र आधुनिक शिक्षाप्रणालीका प्रविधि र ज्ञान–विज्ञानका विषयलाई गुरुकुल प्रणालीअन्तर्गत नै अध्यापन गर्ने गरी सुव्यवस्थापन गर्न सकेमा नेपालको शिक्षाप्रणालीमा राष्ट्रले अपेक्षा गरेअनुसारको जनशक्ति उत्पादन हुने कुरामा पूर्ण विश्वस्त हुन सकिन्छ ।

सन्दर्भसूची

१. डा. दुर्गावती उपाध्याय, संस्कृत शिक्षा की स्थति, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, इ. १९९१ ।

२. कल्याण शिक्षा अङ्क ।

३. गुरुकुल सन्देशका विभिन्न अङ्क ।

४. प्रा. राजेन्द्र सुवेदी र प्रा.डा. विद्यानाथ कोइरालाका कार्यपत्र ।

५. संस्कृतवाङ्मयका विभिन्न ग्रन्थहरू ।

***

ज्ञानमहायज्ञको महान् उपलब्धि

- प्रा. शिवगोपाल रिसाल

कसैको पनि प्रसन्नताका लागि उपासकले, भक्तले, यजमानले, सन्तानले आफ्ना उपास्य, आराध्य, इष्ट आदिका लागि गरिने विशेष वैदिक कर्म विशेषको नाम यज्ञ हो। सामान्यतया वैदिक विधिले गरिने हवन, पूजन, जप, पाठ आदि धार्मिक कर्मलाई यज्ञ भनिन्छ। यो एक प्रकारको धार्मिक अनुष्ठान हो। यसको सम्पादन गरिन्छ वैदिक विधिले। यज्ञकर्ता सात्त्विक, कामनारहित भए, यज्ञ सात्त्विक भए, सात्त्विक विधिले यज्ञ सम्पादन गरिएको भए फल पनि सात्त्विक नै प्राप्त हुन्छ।

यज्ञका पर्यायवाची हुन्-

यागः, सवः, अध्वरः, सप्ततन्तुः, मखः, क्रतुः, इष्टिः, इष्टम्, वितानम्, मन्युः, आहवः, सवनम्, हवः, अभिषवः, होमः, हवनम्, महः इत्यादि (हलायुधकोशः, सम्पादन : जयशङ्कर जोशी)

यज्ञ पाँच प्रकारका छन्-

अध्यापनं ब्रह्मयज्ञो पितृयज्ञस्तु तर्पणम्।
होमो दैवो बलिर्भौतो नृयज्ञोऽतिथिपूजनम्॥

अध्ययन-अध्यापनलाई ब्रह्मयज्ञ भन्दछन्। श्राद्ध तर्पण आदि पितृकर्मलाई पितृयज्ञ, अग्निस्थापनापूर्वक गरिने होम आदि देवयज्ञ, गाईलाई गोग्रास दिनु, अन्य प्राणीहरूलाई खुवाउनु भूतयज्ञ हो भने अतिथिसेवा गर्नु नृयज्ञ हो।

आहुति, बलि, नैवेद्य समर्पण गरिएको वस्तु आदिको अर्थमा पनि यज्ञ शब्द व्यवहृत भएको पाइन्छ। अतः यज्ञशब्दलाई व्यापक अर्थमा लिन सकिन्छ। यजुर्वेद, ब्राह्मणग्रन्थहरू र श्रौतसूत्रहरूमा यज्ञविधिको विस्तृत विवेचना पाइन्छ। यज्ञ वैदिक विधाहरूमा प्रधान धार्मिक कर्म हो। यज्ञलाई विधिपूर्वक सम्पादन गरिएको छ भने यस लोकमा पाइने भौतिक भुक्ति र परलोकमा पाइने सुख, शान्ति प्राप्त हुन्छ भन्ने वैदिक मान्यता छ। यज्ञ त धार्मिक सेतु हो, जसले धरतीदेखि स्वर्गसम्म पुऱ्याइदिन्छ, मर्त्यलाई अमरतामा उचालिदिन्छ, चित्त शुद्ध गराएर ज्ञानालोकमा अवतरित गराइदिन्छ। अतः यज्ञमा दिएको आहुति देवलोकसम्म पुग्छ, पितृलोकसम्म पुग्छ। यज्ञ त स्वर्गसम्म पुग्ने सिँढी हो। सय अश्वमेध यज्ञ सम्पन्न भयो भने स्वर्गको राजा इन्द्रसम्म बन्न पाइन्छ भन्ने वैदिक एवं पौराणिक मान्यता छ। पुत्रेष्टि यज्ञले पुत्र प्राप्त हुने, पर्जन्य यज्ञले पानी पार्न सकिने जस्ता अनेकौँ यज्ञको विधान वेदमा पाइन्छ।

श्रौतयज्ञ भनेको अग्निहोमादि हो भने स्मार्तयज्ञ भनेको देवताप्रीत्यर्थ गरिने यज्ञ हो। वेदको, उपनिषद्को अध्ययन अध्यापन गर्नु ब्रह्मयज्ञ हो। त्यस्तै नै धेरै किसिमका यज्ञहरूमा श्रेष्ठ यज्ञ त जपयज्ञ हो भनी भगवान् श्रीकृष्णले आफ्ना विभूतिहरूको परिचय दिने क्रममा अर्जुनलाई बताउनुभयो-

यज्ञानां जपयज्ञोऽस्मि।

(श्रीमद्भगवद्गीता १०/२५०)

यज्ञ अत्यन्त पवित्र भएकैले त्यसलाई कदापि नछोड्नू भनी भगवान् भन्नुहुन्छ।

यज्ञदानतपः कर्म न त्याज्यं कार्यमेव तत्।

यिनले मानिसलाई पवित्र बनाउँछन्।

यज्ञ त परब्रह्म परमात्मा हुनुहुन्छ, भगवान् विष्णु हुनुहुन्छ। **यज्ञः परमेश्वरः, यज्ञो वै विष्णुः।**

यसरी यज्ञ भन्नाले आत्मा पनि बुझिन्छ। कुनै पनि यज्ञ गरेर बाँकी रहेको यज्ञशेष खानु भन्ने विधान छ। यज्ञ नगरी खानु हुँदैन। देवप्रसाद, पितृप्रसाद खानु भन्ने हाम्रो मान्यता छ।

यज्ञ भनेको त्याग हो, समर्पण हो। महायज्ञ भनेको यज्ञको महानतालाई द्योतन गरेको हो भने यज्ञ स्वयंमा सामान्य होइन असाधारण हो, महान् हो भनेको हो। धेरै दिन लगाएर, धेरै ब्राह्मणहरूद्वारा धेरै प्रकारका विधिपूर्वक, धेरै अनुष्ठानलाई उद्देश्य गरेर धेरै जना यजमानहरूको सहयोगबाट सम्पन्न गरिने यज्ञ महान् भयो, विराट् भयो महायज्ञ भयो।

यज्ञपुरुष भगवान् विष्णुका हजारौँ नाममध्ये यज्ञ शब्द जोडिएका मा चौध नाम अत्यन्त प्रसिद्ध छन्। तिनको अर्थले पनि यज्ञसँग साक्षात् नारायण श्रीविष्णु जोडिनुभएको छ।

यज्ञो यज्ञपतिर्यज्वा यज्ञाङ्गो यज्ञवाहनः।
यज्ञभृद्यज्ञकृद्ययज्ञी यज्ञभुग्यज्ञसाधनः॥
यज्ञान्तकृद्ययज्ञगुह्यमन्नमन्नाद एव च॥

(विष्णुसहस्रनामस्तोत्रम्, १०७, ११८)

सबै प्रकारका यज्ञस्वरूप यज्ञरूपले सबै देवतालाई सन्तुष्ट गराउने, यज्ञरूप नै भएका जगत्को आरम्भमा र अन्तमा यज्ञ गर्ने वा नाश गर्ने, यज्ञहरूमा मुख्य ज्ञानयज्ञ भएका, फल कामनारहित गुह्य यज्ञ भएका, यज्ञका पालक, रक्षक वा स्वामी, यज्ञको भोग गर्ने, यज्ञको रक्षा गर्ने, यज्ञलाई धारण गर्ने, यज्ञको रक्षा गर्ने, फलको हेतुभूत यज्ञहरूको वहन गर्ने, यज्ञ नै भगवद्प्राप्तिको साधन भएका, यज्ञवराहरूप भगवान्को अङ्ग भएका, यज्ञको अन्त अर्थात् यज्ञको फल प्राप्त गराउने, पूर्णाहुतिद्वारा यज्ञको पूर्णता गराउने, आफ्नो आराधनात्मक यज्ञको शेषको पूर्ति गर्ने। (शाङ्करभाष्यका आधारमा प्रा. शिवगोपाल रिसाल, विष्णुसहस्रनामस्तोत्रम्, २०६४)

यसबाट थाहा भयो यज्ञ कति व्यापक रहेछ भनेर। यज्ञ, दान र तपलाई कहिल्यै पनि नछोड्नू भनेर भगवान् श्रीकृष्णले गीताका (१७/२७, १८/३-५, ३/९, १०, १३, १४) विभिन्न स्थानमा उपदेश गर्नुभएको छ। वेद, पुराण, महाभारत आदि वैदिक र पौराणिक ग्रन्थमा यज्ञको व्यापक चर्चा पाइन्छ । यज्ञ शरीरले गरिने कर्मविशेष मात्र नभएर मनले गरिने धर्मविशेष पनि हो। मनले सङ्कल्प नगरीकन शरीरले यज्ञ नगरिने हुनाले यो शारीरिक भन्दा पनि मानसिक निर्णयको परिणाम हो। भगवान् श्रीकृष्णले दैवी सम्पत्तिमा दान र दमका साथमा यज्ञको पनि गणना गर्नुभएको छ-

दानं दमश्च यज्ञश्च स्वाध्यायस्तपच आर्जवम्॥

(श्रीमद्भगवद्गीता १६/१)

ज्ञेय त तपस्या हो नि, मनले वचनले र शरीरले गरिने। परब्रह्म परमात्मामा सर्वात्मभावेन समर्पित भएर आत्मसमर्पण गर्नु महान् यज्ञ हो भगवान्को भक्ति पनि यज्ञभित्रै पर्दछ। पूजा, पाठ, जप आदि। तीर्थाटन, तीर्थस्नान पनि यज्ञ नै हो।

वैदिक ऋषिहरूको सर्वस्व नै तपस्या थियो। उनीहरू तपोमय जीवनलाई नै जीवन मान्दथे। त्यसैले उनीहरूलाई तपोधन भनिन्थ्यो। भौतिक र आध्यात्मिक सबै पक्षबाट विचार गर्दा यज्ञको महान् भूमिका छ मानव जीवनमा। यज्ञले आभूषित भएको जीवन जीवन नै होइन। विद्यार्जन गर्नु पनि एक प्रकारको तपस्या नै हो। तपस्या यज्ञ हो। स्वाध्याय पनि यज्ञभित्रै पर्दछ। यसरी व्यापक दृष्टिले विचार गर्नुपर्दा हाम्रा षोडश संस्कार पनि यज्ञ नै हुन्। हामी वैदिक सनातनीहरू यज्ञमय जीवन बाँचिरहेका छौँ। त्यसैले हामी सुखी छौँ, शान्त छौँ।

पवित्र तीर्थस्थल देवघाटधाममा वि.सं. २०७५ माघ २२ गतेदेखि फागुन १ गतेसम्म विभिन्न कार्यक्रमसहित देवघाटधाम विराट् ज्ञानमहायज्ञ २०७५ सफलतापूर्वक, निर्विघ्नतापूर्वक, हर्षोल्लासका साथ सम्पन्न भयो। यसमा आरम्भदेखि अन्त्यसम्म पूर्ण सहभागी बन्ने सौभाग्य पाइयो। महायज्ञको उद्देश्य अवश्य पनि प्राप्त भयोजस्तो लाग्छ। पाँचओटा उद्देश्यको उल्लेख भएअनुसार तेस्रो उद्देश्य पूर्णमात्रामा प्राप्त भएको पंक्तिकारले अनुभव गरेको छ। महायज्ञ आयोजक मूल समितिले प्रचार-प्रसार गरेको निमन्त्रणपत्र लगायतका अन्य पत्रपत्रिका र सञ्चारमाध्यममा आएका सूचना अनुसार एउटा उल्लेखनीय उद्देश्य छ-

समाजमा आध्यात्मिक चेतनाको पुनर्जागरण, यो भएको छ। आध्यात्मिक चेतनालाई पुनर्जागृत गराउनका लागि यस महायज्ञले असाधारण योगदान दिएको छ। वैदिक यज्ञीय पद्धतिको प्रशिक्षण पनि भएको छ। यस यज्ञको एउटा उल्लेखनीय उपलब्धि भनेको जनसहभागिता पनि हो। पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका श्रद्धालु भक्तजनको अपार भीड थियो, उपस्थिति थियो, सहभागिता थियो, जनताको सागर नै उर्लिएको थियो। हर्ष उल्लासपूर्वक जनसागर नै उर्लिएको देवघाटको यो विराट् ज्ञानमहायज्ञ हर दृष्टिकोणले असाधारण, अद्वितीय, ऐतिहासिक र अविस्मरणीय रह्यो। यहाँको यज्ञव्यवस्थापन अत्यन्त सशक्त र प्रबल थियो। अन्नपूर्ण भण्डारमा हजारौँ हजार ब्राह्मण, यजमान, यात्री, कार्यकर्ता, विद्यार्थीहरू र आएका सारा दर्शनार्थी र वरपरका छिमेकीहरूले समेत प्रसाद ग्रहण गरे प्रत्येक दिनमा। बिहान ७ बजेदेखि चलेको दैनिक भण्डारा रातको ९ बजे सम्म चलेको थियो। कोही भोका रहेनन्, सबैलाई इच्छाभोजन थियो। व्रतीलाई फलाहारको अत्यन्त राम्रो व्यवस्था थियो। दिनका दिन नयाँ परिकारले स्वागत गरिन्थ्यो भान्छामा।

सबै प्रसन्न। सबै सन्तुष्ट। सबैमा हर्षको आभा। स्वामी महात्माहरू आनन्दविभोर हुनुहुन्छ। ब्रह्मचारी वटुक, विद्यार्थी आ-आफ्ना कार्यमा व्यस्त। गुरुहरू पनि आफ्ना कर्तव्यमा मस्त। अन्नपूर्ण भण्डारमा नयाँ नयाँ परिकार बनेका छन्, साराका सारा (ज्ञानमहायज्ञमा सहभागीहरू)ले इच्छाभोजन पाएर आनन्दमग्न छन्। एकदिने, दुईदिने, तीनदिने यात्रीले पनि सारा सुविधाको उपभोग गरेका छन्। बस्नको समस्या छैन। पलङ, सिरक, डस्ना समेत पाएका छन्। खानको समस्या छैन। अब के चाहियो ? सुन्न पाएका छन् दिव्य वाणीहरू, सामूहिक भागवत पारायण।

महायज्ञको सबभन्दा ठुलो र महत्त्वपूर्ण एवं ऐतिहासिक आकर्षण थियो १०८ जना पण्डितहरूले अझ विशेष गरी ब्रह्मचारी ईश्वरानन्द र ब्रह्मचारी भूमानन्दको असाधारण भागवतपारायण। यी दुई प्रमुख वाचकको नेतृत्वमाा सस्वर १०८ जना अरू पण्डितहरूले वाचन गरेको भागवतको अमृतमय वाणी आजसम्म सम्झनासाथ कानमा गुञ्जायमान हुन्छ। अति मीठो। कति मीठो। कति मीठो। देववाणी हो नि।

यस्तो भागवत त आजसम्म कतै पनि, कहिल्यै पनि सुनिएको थिएन। यसले सारा श्रोताको मन छोएको छ। संस्कृत नबुझ्ने श्रोता पनि मख्ख परेर आनन्दविभोर भएर सुनिरहेका छन्। यो अलौकिक भागवत पारायण थियो।

श्री १००८ स्वामी मधुसूदनानन्द गिरिज्यूको विशेष निर्देशन र निरीक्षण, श्री १००८ स्वामी रमणानन्द गिरिज्यूबाट भएको भागवत विषयक प्रवचन, श्री १००८ स्वामी केशवानन्द गिरिज्यूको चारैतिरको व्यवस्थापन एवं निरीक्षण, स्वामी गोकुलानन्दको अन्नपूर्ण भण्डारसञ्चालन, निर्देशन, निरीक्षण, उपप्राध्यापक श्री फणीन्द्रप्रसाद पौडेलको यात्री व्यवस्थापन, डा. श्री गुरुप्रसाद सुवेदीज्यूको उद्घोषण, अतिथिहरूको स्वागत आदि, प्रा. भावानीप्रसाद खतिवडाज्यूको यज्ञमण्डप सञ्चालन आदि विशेष उल्लेखनीय मान्नुपर्दछ। अरु गुरुहरू, विद्यार्थीहरू, महात्माहरू साराका साराले आ-आफ्ना क्षेत्रमा रहेर यज्ञको सफलताका लागि समर्पित भावनाले प्रेम र श्रद्धापूर्वक गरेको सेवा अवश्य पनि अविस्मरणीय छ।

सम्माननीय राष्ट्रपतिबाट समुद्घाटन भएको कार्यक्रम प्रदेश नम्बर चारका मुख्यमन्त्रीबाट समापन भएको यज्ञले राजनैतिक गरिमा पनि पर्याप्त मात्रामा प्राप्त गरेकै हो। स्थानीय राजनैतिक निकायहरूबाट मनग्गे सहयोग पाएको र देवघाट गाउँपालिका, देवघाट क्षेत्र विकास समितिजस्ता जिम्मेवार निकायहरूले यस कार्यक्रमलाई आफ्नै कार्यक्रमका रूपमा स्वीकार गरेका थिए। आवश्यक सबै प्रकारका सहयोगमा कुनै निकायबाट कुनै कमी भएको थिएन। स्थानीय जनताको पूर्ण सहभागिता भएको हुनाले पनि स्थानीय तहमा समेत यस कार्यक्रमले हर्ष र उल्लासको सञ्चार गरेको हो।

स्थानीय सञ्चार माध्यमले प्रत्येक दिनको कार्यक्रमलाई प्रमुखताका साथ प्रसारण गरेर आफ्नो दायित्व पूर्ण मात्रामा वहन गरेका थिए। साथै राष्ट्रिय स्तरका पत्रपत्रिका, रेडियो, टेलिभिजनहरूले पनि महायज्ञको समाचारलाई महत्त्वका साथ सम्प्रेषण गरेका थिए।

कलशयात्राबाट आरम्भ भएको र वैदिक विधिपूर्वक पूर्वाङ्ग गरी शुभारम्भ भएको विराट् महायज्ञ २०७५ को सवा करोडभन्दा बढी दीप प्रज्वालन र पूर्णाहुति अनन्तर कालीगण्डकी र त्रिशूलीका सङ्गममा अवभृथ स्नान गरी पूर्ण रूपमा समापन भएको यो असाधारण ज्ञानमहायज्ञले यस कालखण्डमा एउटा अविस्मरणीय इतिहासको श्रीगणेश गरेको छ।

अपराह्नकालको प्रवचनले पनि श्रोताहरूको भोकलाई शान्त गरायो। विशेषतः स्वामी रमणानन्द गिरिज्यूको भागवतमा आधारित प्रवचनका साथै अन्य स्वामीज्यूहरू र धार्मिक, सामाजिक र राजनैतिक व्यक्तिहरूको प्रवचन पनि अविस्मरणीय थियो।

समग्रमा भन्नुपर्दा सबभन्दा ठुलो उपलब्धि धार्मिक, आध्यात्मिक क्षेत्रमा यस महायज्ञले अत्यन्त प्रभावकारी सन्देश दिएको छ। आध्यात्मिक चेतनाको, त्यागको, परमात्माप्रतिको निष्ठाको र वैदिक सनातन धर्मको महत्ताको, यज्ञमा सङ्कल्प गरिएका अन्य विधिहरूमा र इक्षुरसले गरिएको रुद्राभिषेक, धान्याचल, तण्डुलाचल, चार वेदको पारायण, तुलादान, गोदान, दशदान, हवन, जप आदि पनि पूर्ण मात्रामा सम्पन्न भए। संक्षेपमा भन्नुपर्दा महेश संन्यास आश्रम तथा महेश संस्कृत गुरुकुलको पच्चीस वर्षको तपस्या र त्याग, शैक्षिक सेवा, वैदिक संस्कृतिको पुनरुत्थान, गुरुकुलका विद्यार्थीहरूले प्रदर्शन गरेको असाधारण प्रतिभा उल्लेखनीय रह्यो।

साँझदेखि रातीसम्म सञ्चालित सांस्कृतिक कार्यक्रम झाँकी। सङ्गीत, सङ्कीर्तन, नृत्य, नाटिका आदिले पनि दर्शकहरूको मन छोएको थियो। यसमा भएको स्थानीय जनसहभागिता अत्यन्त प्रशंसनीय मान्नुपर्दछ। यसबाट आश्रमप्रति स्थानीय जनता कति आकर्षित भएका र समर्पित भएका रहेछन् भन्ने तथ्य र सत्यलाई अझ उजागर गरेको पाइयो।

श्री परमात्माका कृपाले, स्वामीज्यूहरूको तपोबलले, गुरुहरूको उपयुक्त निर्देशनले, विद्यार्थीहरूको सिर्जनात्मक प्रतिभाले, शुभेच्छुकहरूको शुभकामनाले, दानवीरहरूको दानदातव्यले, स्थानीय प्रशासनको सद्भावनापूर्ण सहयोगले, गाउँपालिकाको रचनात्मक सहकार्यले र संक्षेपमा भन्नुपर्दा ठूलाको आशीर्वादले, सानाको श्रद्धाले, समानको समभावले ज्ञानमहायज्ञ निर्विघ्नतापूर्वक सम्पन्न भयो। हामी सबै नै धन्य भयौँ। यही नै महान् उपलब्धि हो।

***

मेरो दृष्टिमा महायज्ञ २०६५ र २०७५

- शरत्कुमार भट्टराई

पवित्र पुण्यभूमि तथा देवभूमि देवघाटमा गत २०६५ साल फागुन १८ गतेदेखि लिएर २६ गतेसम्म विराट् ज्ञानमहायज्ञको आयोजना महेश संस्कृत गुरुकुल विद्यापीठले गरेको थियो। उक्त महान् आयोजन मूलसमितिका प्रधान संरक्षक स्वामी पुण्यानन्द गिरि हुनुहुन्थ्यो भने अध्यक्ष स्वामी रामानन्द गिरि हुनुहुन्थ्यो। मूलसमिति र अन्य समितिहरूमा समेत स्वनामधन्य धेरै स्वामी सन्त, महन्त, प्रेमी भक्त तथा तथा ज्ञानीहरू हुनुहुन्थ्यो र सामान्य म जस्तो अकिञ्चनले पनि त्यसमा सहभागी हुने सौभाग्य पाएको थिएँ। यस लेखमा त्यसै महा ज्ञानयज्ञका सम्बन्धमा मैले प्रत्यक्ष देखेका र अनुभव गरेका अनुपम दृश्यावलीहरूलाई सङ्क्षिप्तमा मेरा टुटेफुटेका वाक्यावलीमा अनुस्यूत गर्ने धृष्टता गर्न लागेको छु।

केही वर्षदेखि म आफ्ना बाहिरी क्रियाकलाप र गतिविधिहरूलाई नियमन गरेर आफूभित्र सीमित हुने असफल प्रयास गरिरहेको छु। यसै अन्तरालमा स्वामीजीले विभिन्न कार्यक्रममा धेरैपटक देवघाटमा मलाई आमन्त्रण गर्नुभयो तर म दुर्भाग्यवश जान असमर्थ भएँ। ममा त्यसको पश्चाताप भरपूर भएर बसेको थियो। त्यसै समयमा स्वामीजीको सत्सङ्कल्प, सत्प्रयास र सदिच्छाको फलस्वरुप देवघाटमा विराट् ज्ञान महायज्ञ २०६५ को आयोजना हुने भएछ। विशाल मूल समिति, उपसमितिहरू र विभिन्न जिल्लासमितिहरू पनि गठन गरिएछन्। त्यसै क्रममा स्वामीजीको इच्छा अनुसार म पनि काठमाडौं जिल्लासमितिको संयोजकमा परेको रहेछु। स्वामीजीको आदेशलाई स्वीकार गर्दै मैले संयोजक भएर त्यस यज्ञलाई यत्किञ्चित् सहयोग पुऱ्याउने प्रयाश गरेको थिएँ।

त्यसरी लामो अथक प्रयासपछि महायज्ञको शुभारम्भ हुने समय आयो। स्वामीजीको प्रेरणा र निम्तोलाई पनि आदर गर्दै उक्त विराट् ज्ञान महायज्ञमा सहभागी हुन आदरणीय गुरु प्रा. डा. दीर्घराज घिमिरेज्यूका साथमा नारायणी माता सहितका अरु केही सहाध्यायीहरूका साथमा मिनीबस रिजर्भ गरेर २०६५ साल फागुन १७ गते अपराह्न हामीहरू देवघाट पुगेका थियौँ। त्यहाँ पुगेपछि हाम्रा लागि विशेष आवासस्थान व्यवस्थापकहरूले उपलब्ध गराउनु भएको थियो।

महेश संस्कृत गुरुकुलको विशाल परिसरलाई दुलही सिंगारेझैँ गरेर भव्यरुपमा सजाइएको थियो। एकातार्फ स्वामी पुण्यानन्द गिरिबाट वाचन गरिने श्रीमद्भागवत महापुराणको कथाका लागि विशाल तथा भव्य पण्डालको व्यस्था गरिएको थियो। जसमा हजारौं श्रोताहरू आरामसाथ बसेर भागवतकथाको रसास्वादन गर्न सक्तथे। अर्कोतर्फ कोटिहोमका लागि विशाल यज्ञमण्डप तयार गरिएको थियो। त्यसैका विभिन्न पुराणहरू, चार वेदहरू, उपनिषद्, शतरूद्री लगायतका अन्य धार्मिकग्रन्थहरूको पारायणका लागि विभिन्न मण्डपहरू तयार थिए। त्यसैगरेर धान्याञ्चल, सामूहिक व्रतबन्ध, तुलादान, अन्नकूट, विभिन्न भोजनालय र अन्य क्षेत्रको पनि सुन्दर रुपमा अत्यन्त योजनाबद्ध रूपमा व्यवस्था गर्नुका साथै आमन्त्रित व्यक्तिहरूका लागि स्नानागर, शौचालय समेतको सुविधायुक्त व्यवस्था भएका विभिन्न आवासस्थानहरूको व्यवस्था भएको देखेर म शुरूका दिनदेखि नै अत्यन्त प्रभावित भएको थिएँ। हामी नेपालीहरूले पनि त्यस प्रकारको सुन्दर व्यवस्था गर्नसक्ने रहेछौं भन्ने देखेर मलाई खुशी लागेको थियो।

त्यसै दिन अपराह्न गलेश्वर पीठाधीश स्वामी आत्मानन्द गिरिले विशाल भण्डाराको आयोजना गर्नुभएको थियो। मैले पनि त्यसमा सम्मिलित भएर प्रसाद पाउने अपूर्व सौभाग्य पाएको थिएँ। त्यस

रमणीय साँझमा मैले कालीगण्डकीको किनारामा गएर गण्डकीको शीतल पवित्र जलले बाहिरी शरीरलाई सिञ्चन गर्नुको साथै निर्मल जलको मनोहारी कल्लोल निनादबाट अन्तःकरणलाई पनि आह्लादित गराएको थिएँ। साँझमा विराट् यज्ञस्थलभित्र अवस्थित विशाल शिवमन्दिरमा संस्कृत गुरुकुलका सुसंस्कृत तथा प्रशिक्षित विद्यार्थीहरूबाट सुसभ्य परिधानमा रहेर विधिपूर्वक गरिएको शिवको पूजन, समवेत स्वर र शुद्धरुपमा गाइएका संस्कृत भाषाको आरती र शिवको स्तुतिले सम्पूर्ण उपस्थित श्रद्धालु आमन्त्रित भक्तवृन्द, त्यस विराट् ज्ञान महायज्ञको विशाल परिसर र देवघाटको सम्पूर्ण क्षेत्रलाई समेत मन्त्रमुग्ध गराएको थियो।

केही बेरपछि रातको भोजनको घण्टी बज्यो र हामीहरू आ–आफ्नो संस्कार र चलन अनुसार भोजन गर्न विशाल भोजनशालामा गयौं। म धोती फेरेर भोजन गर्न पहिलो पङ्क्तिमा गएँ। जहाँ काठका सुविधायुक्त पिरामा बसेर ष्टिलका थाल र कचौरामा भोजन गर्ने व्यवस्था थियो। त्यहा इच्छा अनुरुप रोटी, भात जे खाए पनि पाइन्थ्यो। पङ्क्तिबद्ध जानु पर्ने त्यस भोजनगृहको व्यवस्था अनुशासनपूर्ण र स्वच्छ थियो। गुरुकुलका अत्यन्त अनुशासित र शिष्ट विद्यार्थी र गुरुहरूबाट सञ्चालित त्यो भोजनको प्रबन्ध सबैका लागि अत्यन्त अनुकरणीय थियो। एकातिर हजारौं श्रद्धालु आमन्त्रितहरूलाई त्यसरी भोजनगृह भित्र अत्यन्त सुव्यवस्थित र स्वच्छरुपमा आफ्नू संस्कार र इच्छानुरुप भोजन गर्ने प्रबन्ध गरिएको थियो। अर्को तर्फ विशाल खुला मैदानमा पाल हालेर त्यस क्षेत्रका हजारौं सम्पूर्ण स्थानीय जनताका लागि खुला रुपमा अन्नक्षेत्र खोलिएको थियो। जसमा सुस्वादु पुलाउ समेतको परिकार यथेच्छ मात्रामा सबैलाई उपलब्ध गराइएको थियो। त्यसप्रकारको सुव्यवस्थित भव्य व्यवस्था मिलाउन कुशल त्यस गुरुकुलका डा. गुरुप्रसाद सुवेदी लगायत सबै गुरुहरू विद्यार्थीसमेतसूग म अत्यन्त प्रभावित भएको थिएँ। बस्तै जाँदा यस प्रभावले मलाई अन्तिमसम्म पनि प्रभावित पारी नै रह्यो।

हामीहरूले धेरै दिनदेखि प्रतीक्षा गरेको विराट् ज्ञान महायज्ञको कार्यक्रम २०६५ साल फागुन १८ गते बिहानै ब्रह्ममुहूर्तबाटै सुरु भयो। शिवका मन्दिरमा रहेका विशाल घण्टा वादनबाट शुरू भएको शिवपूजन, रूद्राभिशेक, कोटिहोमको पुण्याहवाचन र पुराणहरूको पारायणका लागि ब्राह्मणवरणको इतिकृत्यको कलरवले मेरो बिहानको निद्रा टुटेको थियो। किनभने मलाई त्यही नजिकै बस्न दिइएको थियो। साथसाथै गएका र एउटै आवासस्थानमा बसेका श्रीरामकृष्ण पन्त, श्रीहरिकृष्ण पन्त र डा. घनश्याम खतिवडाका साथमा म पनि पवित्र कालीगण्डकीमा प्रातः स्नान गर्न गलेश्वर आश्रम हुँदै त्रिशूली र गण्डकीका सङ्गममा गएर मैले स्नान गरेको थिएँ। त्यो क्रम अन्तिम दिनसम्म पनि चली नै रह्यो।

स्नान गरेर यज्ञस्थलमा प्रवेश गर्दा त्यस भव्य तथा विशाल परिसरमा कोटिहोम, पुराणपारायण, धान्याञ्चल, अन्नकूट आदि धार्मिक कृत्यहरू शुरू भइसकेका थिए। त्यस विराट् ज्ञानयज्ञको प्रमुख आकर्षण श्रीमद्भागवत महापुराण कथाको प्रारम्भ दिनको १० बजे भएको थियो।

चिरप्रतीक्षित श्रीमद्भागवत महापुराणकथा स्वामी श्रीपुण्यानन्द गिरिबाट अत्यन्त भव्यसमारोहका बीच विभिन्न स्वामी र विद्वान्हरूका प्रवचनपछि शुरू भएको थियो। कला र गलाका धनी स्वामीजीले हजारौं श्रोताहरूका बीचमा उच्च व्यासासनमा विराजमान भएर श्रीमद्भागवत महापुराणको माहात्म्यको 'सच्चिदानन्दरूपाय' भन्ने मङ्गलाचरण श्लोकबाट आफ्नू विशिष्ट शैली र स्वरमा उच्चारण गर्न शुरू गर्नु भएको थियो। हजारौं विशिष्ट श्रद्धालु श्रोताहरूका बीचमा शुरू भएको उक्त ज्ञान महायज्ञ ८८ हजार शौनकादि ऋषिमुनिहरूका बीचमा पुराणवाचक सूतजीले भागवत वाचन गरेजस्तो मलाई भान भएको थियो। अथवा हजारौं ब्रह्मज्ञानी ऋषिमुनिहरूका बीचमा म्रियमाण राजा परीक्षित्लाई शुकदेव मुनिले गङ्गाका तटमा श्रीमद्भागवत श्रवण गराएजस्तो पनि

मैले त्यसबेला अनभूति गरेको थिएँ। किनभने वाचक ब्रह्मज्ञानी स्वामी पुण्यानन्द गिरि र मुख्यकर्ता तथा श्रोता ब्रह्मज्ञानी डा. स्वामी रामानन्द गिरी भएका र त्यो भूमि पनि गङ्गा जस्तै पवित्र कालीगण्डकी र त्रिशूलीको तट तथा सङ्गमस्थल देवघाट भएको हुँदा पनि मलाई त्यस्तो लागेको थियो।

अत्यन्त आनन्द र उल्लासमय वातावरणमा प्रथम दिनको कार्यक्रम समाप्त भएको थियो। दोस्रो दिन फागुन १९ गते निर्धारित समयमा 'जन्माद्यस्य यतः' भन्ने श्रीमद्भागवत महापुराणको प्रथम मङ्गलाचरण श्लोकको अत्यन्त आकर्षक उच्चारणका साथ स्वामीजीले पुराणवाचनको क्रममा शुरू गर्नुभएको थियो। म दिनभरि नै मन्त्रमुग्ध भएर हजारौं श्रोताहरूका बीचमा बसेर अविचल रुपमा पुराण श्रवण गरेर बसिरहे। काठमाडौंबाट त्यहाँ जाँदा दुई दिन कथा श्रवण गरेर गुरु डा. दीर्घराज घिमिरेसूगै काठमाडौं फर्कने विचार गरेर गएको म त्यहाँको अलौकिक वातावरणले आखिरी पूर्ण समयसम्म बसेर फागुन २६ गतेमात्रै काठमाडौं फर्कने गरी बसेको थिएँ।

श्रीमद्भागवत महापुराणको ७ दिनसम्म समपूर्ण कथा सुनेर समाप्ति पछि फागुन २६ गते अहोभावका साथ म साथै गएका मित्रहरूका साथ काठमाडौं फर्किएको थिएँ। त्यसको स्मृति अहिलेसम्म पनि मेरो स्मृतिपटलमा ताजै छ र त्यसले अहिले पनि पवित्र प्रेरणा प्रदान गरिरहन्छ। यसमा म डा. स्वामी रामानन्द गिरिप्रति कृतज्ञता ज्ञापन गर्दछु।

देवघाटधाम विराट् ज्ञानमहायज्ञ २०६५ का केही अविस्मरणीय र उल्लेखनीय पक्षहरू म निम्न अनुसार उल्लेख गर्नु सान्दर्भिक ठान्दछु —

१. मैले अनुभव गरेका र म सम्मिलित भएका ज्ञानमहायज्ञहरूमा योभन्दा भव्य, सुव्यवस्थित, ज्ञानवर्धक र विशाल अरु मैले देखेको थिइन भन्नु अत्युक्ति ठहरिने छैन।

२. त्यति विशाल र हजारौं व्यक्तिहरू सम्मिलित भएको त्यस ज्ञान यज्ञको सम्पूर्ण पक्षको सुव्यवस्था मिलाउनु अत्यन्त चुनौतीपूर्ण काम थियो। तर समितिका अध्यक्ष स्वामी रामानन्द गिरिको उदार र दूरदर्शी दृष्टिकोण, समितिका महासचिव डा. श्रीगुरुप्रसाद सुवेदीको सक्षम नेतृत्व, सरल तथा मृदुभाषी व्यक्तित्व र व्यवस्थापकीय कुशलताले गर्दा त्यो सम्भव भएको थियो। उहाँहरूको म जति प्रशंसा गरे पनि कमै हुने ठान्दछु। त्यस विराट् महायज्ञलाई निर्विघ्न र पूर्णरुपमा सफल गराउन सुवेदीको व्यक्तित्वले मुख्य भूमिका खेलेको थियो भन्ने मैले ठानेको छु।

३. महेश संस्कृत गुरुकुलका प्राचार्य सहितका प्राध्यापकहरू, गुरुहरू र सम्पूर्ण विद्यार्थीहरूको पनि त्यस महायज्ञलाई सफल गराउन त्यत्तिकै भूमिका रहेको थियो। उनीहरूले हजारौं आमन्त्रित श्रोता, भक्त र श्रद्धालुहरूको अथकरुपमा स्वागत, सत्कार, भोजनको व्यवस्था, भान्साको काम, मण्डपदेखि लिएर शौचालयसम्मको सुव्यवस्था मिलाउन दिनरात एक गरेको देख्ता मैले त्यस गुरुकुलका योग्य, विद्वान् तथा परिश्रमी गुरुहरूसूग र अनुशासित तथा कर्तव्यपरायण विद्यार्थीहरूसूग पनि म अत्यन्त प्रभावित भएको थिएँ। त्यसप्रकारको चरित्र र अनुशासन सबै गुरुकुलका विद्यार्थीहरू र अरु विद्यालयहरूका विद्यार्थीहरूले पनि अनुकरण गर्नु आजको आवश्यकता भएको मैले महसूस गरेको छु।

४. त्यस गुरुकुलका संरक्षक तथा विराट् ज्ञानमहायज्ञ मूलसमितिका अध्यक्ष डा. स्वामी रामानन्द गिरिको भूमिका सबैभन्दा उल्लेखनीय भएको मैले त्यसबेला पाएको थिए। उहा़ आफ्ना सहयोगीहरूलाई सम्पूर्ण अभिभारा जिम्मा लगाएर निश्चिन्त भएर हामीहरूसूग स्वाध्याय गरेर बिहानभरि बिताउनुहुन्थ्यो। उहाँ 'पद्मपत्रमिवाम्भसा' भएर साक्षीरुपमा विनातनाव बसेको देखिनु हुन्थ्यो। अर्को शब्दमा भन्ने हो भने 'जनकदर्शन' का प्रवर्तक स्वामीजी राजा जनकले

जस्तै 'मिथिलायां प्रदग्धायां न मे किञ्चन दह्यते' भनेर आनन्दसूग बस्नुभएजस्तो बाहिरबाट देखिनु हुन्थ्यो, तर उहाँको भित्र के थियो ? यसै भन्न सिकूदैन। त्यस महायज्ञका अवसरमा उहाँको झक्की रिसाउने स्वभावले पनि धेरैमात्रामा विश्रान्ति पाएजस्तो भान हुन्थ्यो।

५. अविस्मरणीयरुपमा सञ्चालित त्यस विराट् ज्ञानमहायज्ञका धान्याञ्चल, कोटिहोमदेखि लिएर स्वामी पुण्यानन्द गिरिको अत्यन्त स्पृहणीय कथावाचन समेत उल्लेखनीय थिए। खास गरेर त्यस कार्यक्रमको मुख्य आकर्षणको केन्द्र नै पुण्यानन्द गिरिको पुराण थियो। त्यस कथाबाट सम्पूर्ण रसिक कथाप्रेमीहरू परितृप्त र कृतकृत्य भएको मैले अनुभव गरेको थिएँ। म पनि त्यसको अपवाद थिइन। अझ यसमा पनि स्वामी पुण्यानन्द गिरिजस्ता अद्वैतवेदान्तका अग्रणी तथा विद्वान् कुशल वक्ताका रुपमा हुनुहुन्थ्यो भने डा. स्वामी रामानन्द गिरिजस्ता अद्वैतवेदान्तका प्रखर व्याख्याता मुख्य श्रोता भएको अपूर्व कथाको प्रवाहमा वक्ताले बाहिरी अप्रासङ्गिक कुराहरूको साटो अद्वैतवेदान्तपरक ज्ञानको केही अंश भए पनि प्रवाहित गरिदिनु भएको भए अझ सुनमा सुगन्ध हुने थियो भनेर धेरै मुमुक्षु तथा जिज्ञासु श्रोताहरूको भनाइ भएको त्यसबेला मैले पाएको थिएँ।[४]

यसको १० वर्षपछि अर्थात् २०७५ साल माघ २२ गतेदेखि फागुन १ गतेसम्म पुनः विराट् ज्ञानमहायज्ञको आयोजना महेश संन्यास आश्रम देवघाट धाम तनहूँले गरेको थियो। त्यस विराट् ज्ञानमहायज्ञमा उपस्थित हुनको लागि निमन्त्रणापत्र प्राप्त हुनुको साथै परामर्शमण्डलको सदस्यको रुपमा पनि मलाई राखिएको हुँदा त्यहाँ जानुपर्ने मेरो कर्तव्य हुन आयो। त्यतिमात्रै नभएर त्यही महायज्ञको बीचमा श्रीराजर्षिजनकस्मृतिकोषको कार्यक्रम पनि समावेश गरिदिन कोषले आयोजक समितिलाई अनुरोध गरी पठाएको हुँदा सो सम्पादन गर्नको लागि पनि कोषको अध्यक्षको नाताले म सहितका कोषका पदाधिकारीहरू जानु आवश्यक थियो।

उपर्युक्त सन्दर्भमा काठमाडौँबाट उक्त महायज्ञमा सम्मिलित हुन २०७५ साल माघ २३ गते कोषका पदाधिकारीहरूसहित म विराट् ज्ञानमहायज्ञस्थल देवघाटधाम, तनहूँमा पुगेँ। कोषले अनुरोध गरी पठाएको कार्यक्रम अनुसार २४, २५ र २६ गते कोषको तर्फबाट शास्त्रार्थको कार्यक्रम पनि राखिने सोचिएको थियो र तदनुरुप नै तयारीका साथ हामीहरू त्यहाँ पुगेका थियौँ। देवघाट पुगेपछि कोषपरिवारका लागि सन्त निवासमा आवासको व्यवस्था गरिएको रहेछ। हामी त्यहीँ गएर बस्यौँ। आमन्त्रित, श्रद्धालु, भक्त तथा सहयोगीहरूको अपार भीड भइसकेको थियो। पुगैकै रातदेखि पानी पर्ने र केही हुरी चल्ने समेतको प्रतिकूल परिस्थिति भए तापनि व्यवस्थापनले अत्यन्त सुन्दर सबैकुराको व्यवस्था मिलाएको हुनाले त्यस्तो कुनै असुविधाको महशुस भएन।

विराट् ज्ञानमहायज्ञमा हामीहरू सम्मिलित भयौँ। नाम अनुसार नै कार्यक्रम अत्यन्त भव्य र विस्तृत रुपमा सञ्चालन भइरहेको थियो। त्यहाँ महेश संन्यास आश्रम र महेश गुरुकुलका भव्य भवनहरूका बीच विशाल प्राङ्गणमा महायज्ञको आयोजना गरिएको थियो। जुन महायज्ञमा प्रत्येक दिन पूर्वाह्नमा १०८ विद्वान् तथा गुरुकुलका बटुहरूद्वारा श्रीमद्भागवतमहापुराणको पारायण र अपराह्न २:०० बजेदेखि महेश संन्यास आश्रमका पीठासीन श्री १००८ स्वामी रमणानन्द गिरिज्यूबाट श्रीमद्भागवतको कथावाचन हुन्थ्यो। त्यसका अतिरिक्त दैनिक रुपमा सप्तशती चण्डीपाठ, षडङ्ग रुद्राभिषेक, तुलादान, चतुर्वेदपाठ, गणेशपुराण, विष्णुपुराण, सूर्यपुराण, शिवमहापुरण, श्रीमद्देवीभागवत महापुराणको वाचन लगायत ब्रह्मगायत्री लक्ष्यहवन आदि अरु पनि धेरै कार्यक्रमहरू समावेश गरिएका थिए।

त्यहाँ गएका आमन्त्रित सहयोगीका साथै विभिन्न अनुष्ठानमा संलग्न र वरण गरिएका विद्वान् तथा

४ लेखको यो अंश समुदय पत्रिका २०६८ पूर्णाङ्क ७२ मा प्रकाशित भएको छ- सम्पादक।

ब्राह्मणहरूलाई दैनिक भोजन, सामूहिक जलपान, साधुसन्त एवं ब्राह्मणहरूका लागि तदनुरुपको भोजन त्यसका अतिरिक्त दैनिक रुपमा सामूहिक भोजन, समष्टि विशेष भण्डारा आदि भोजनको व्यवस्थाका साथै आमन्त्रित तथा सहभागीहरूको यथोचित सुविधापूर्ण आवास र वासस्थानको व्यवस्था पनि थियो।

उपर्युक्त अनुसारको अत्यन्त व्यस्त तथा भव्य कार्यक्रमको अन्तरालमा नै मुख्य मञ्चमा श्रीमद्भागवत कथाको वाचन स्वामीज्यूबाट हुने र त्यसै बीचमा समय निकालेर श्रीराजर्षिजनकस्मृतिकोषको कार्यक्रम पनि सञ्चालन गर्ने व्यवस्था विराट् ज्ञानमहायज्ञ आयोजक मूल समारोह समितिले मिलाएको थियो। तदनुरुप माघ २४ गते स्वाध्याय, माघ २५ गते महावाक्य र माघ २६ गते शास्त्रार्थको कार्यक्रम राखिएको थियो। त्यसपछि २७ गते श्रीराजर्षिजनकस्मृतिकोषबाट प्रकाशित ऋते ज्ञानान्न मुक्तिः, अष्टावक्र गीता र अवधूत गीताको नेपालीमा भावानुवाद, सङ्क्षेपशारीरक सारसङ्ग्रहको साथै जयतु संस्कृतम् नेपालले प्रकाशित गरेको समीक्षात्मक ग्रन्थको पनि स्वामीज्यूहरूबाट लोकार्पण गर्ने कार्यक्रम राखिएको थियो। किन्तु कार्यक्रमको अत्यन्त व्यस्तताले गर्दा शास्त्रार्थ जुन रुपमा सञ्चालन गर्नुपथ्र्यो सो अनुसार हुन सम्भव भएन र माघ २५ गते कोषका अध्यक्ष श्रीशरत्कुमार भट्टराईद्वारा शास्त्रार्थको महत्त्वका साथै उपर्युक्त तिनैथरी शास्त्रार्थका विषयमा सङ्क्षिप्त परिचय दिने कार्यमात्र भयो। त्यसपछि माघ २६ गते ग्रन्थहरूको लोकार्पण भव्यताका साथ सम्पन्न भयो। जसमा स्वामीज्यूहरूका अतिरिक्त पतञ्जलि योगपीठ हरिद्वारबाट आउनुभएका अतिथि आचार्य बालकृष्णज्यूद्वारा पनि ग्रन्थ लोकार्पणको कार्य सम्पन्न भएको थियो। माघ २७ गते कोषले निर्णय गरेअनुसार नै महेश संन्यास आश्रमका पीठाधीश श्री १००८ स्वामी रमणानन्द गिरिज्यूमा र प्रा.भवानीप्रसाद खतिवडाज्यूमा पनि कोषका तर्फबाट कोषका प्रमुख सल्लाहकार श्री १००८ स्वामी मधुसूदनानन्द गिरिज्यूका हातबाट सम्मान अर्पण गरिएको थियो।

यसरी देवघाट धाम विराट् ज्ञानमहायज्ञ २०७५ को पुनीत उपलक्ष्यमा श्रीराजर्षिजनकस्मृतिकोषबाट अघिसारिएका कार्यक्रमहरू सञ्चालन गर्न आयोजक मूल समितिले अनुमति दिनुका साथै प्रस्तुत पनि गरिदिएकोमा स्वामी रमणानन्द गिरिज्यू लगायत कार्यक्रमका सञ्चालक प्राचार्य डा. गुरुप्रसाद सुवेदीज्यूमा पनि यो कोष हार्दिक कृतज्ञता ज्ञापन गर्दछ।

उपर्युक्त सम्पादित यस विराट् ज्ञानमहायज्ञले वैदिक सनातन धर्म, परम्परा, हाम्रो संस्कृति र संस्कारको समेत संरक्षणमा सहयोग पुऱ्याउने छ भन्ने आशा गर्दछु। अन्त्यमा यस महायज्ञका आयोजक मूल समितिलगायत सहयोगी सबैमा श्रीराजर्षिजनकस्मृतिकोषका तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दै यो संस्मरण यहीँ समाप्त गर्दछु। ॐ ब्रह्मार्पणमस्तु।

***

स्वामी रामानन्द गिरि र स्वामी रमणानन्द गिरि

- मुकुन्दप्रसाद उपाध्याय

पूर्वीय दर्शनको केन्द्र हिमवत्खण्ड आर्यावर्तमा करिब १ अर्ब जनसङ्ख्या नाघिसक्यो। हामी मनुष्यहरूको यो चोला दुर्लभ मानिन्छ, तथापि यो बलेको कलिमा यहाँ छिनका छिन मर्नेहरूको सङ्ख्या लाखौँमा छ। हजारौँको सङ्ख्यामा दिनका दिन मर्नेहरू छन्। पटकपटक मर्नेहरू पनि सयौँ छन्। जन्मेपछि एकपटक मात्र मर्नेहरू अर्थात् स्वाभिमानपूर्वक, निष्ठामा रही बाँचेर जानेहरू निकै कम हुन्छन्। यसमा पनि देहत्याग गरेर पनि केही छाडेर जाने (धनसम्पत्ति होइन), इतिहासले समेत स्मरण गरिरहने, पुस्तौँपुस्ताले नमन गर्ने पुरुषहरू नगन्यप्रायः हुन्छन्। नेपालको कुरा गर्दा आध्यात्मिक क्षेत्रमा यस्ता व्यक्तित्वहरू यदाकदा जन्मने गर्दछन्। प्राचीनकालका ऋषिमुनिहरू, सीता, बुद्ध आदिको कुरो छोडौँ, एकीकृत नेपालयताको इतिहास हेर्दा गुरु मच्छिन्द्रनाथ, गुरु गोरक्षनाथपछि योगी नरहरिनाथ, खप्तड बाबा, शिवपुरी बाबा, श्यामचेतन बाबा आदिको नाम आउँछ।

पूर्वीय दर्शनको मुख्य आधार नै वैदिक वाङ्मय हो, अनि वैदिक वाङ्मयको प्राणवायु भनेको संस्कृत भाषा। संस्कृत भाषाको समुचित उत्थान र विकास नभई वैदिक वाङ्मयको विकास हुँदैन। यो सत्यलाई आत्मसात गर्दै नेपालमा संस्कृत वाङ्मयको विकासका लागि मन, वचन र कर्मले समर्पित भई त्यसैमा जीवन उत्सर्ग गर्ने हस्तीहरूमा एक मूर्धन्य स्रष्टा हुनुहुन्थ्यो स्वामी डा. रामानन्द गिरि। नेपालमा पूर्वमा दिङ्लामा बालागुरु षडानन्द अधिकारीले र पश्चिममा प्युठानमा स्वर्गद्वारी महाप्रभुले बाल्नुभएको वैदिक ज्ञानको ज्योतिलाई निरन्तरता दिँदै मध्यभाग आदिप्रयाग देवघाटधाममा झन् प्रखर ज्योति बाल्नुभयो स्वामी रामानन्द गिरिले। उहाँले २०५० सालमा बाल्नुभएको त्यो अखण्ड ज्योति अहिले महेश संस्कृत गुरुकुलको नामले दिव्य प्रकाशित छ र गुरुप्रेरणा र इच्छाले त्यो ज्योतिपुञ्जको मसाल स्वामी रमणानन्द गिरिजीको हातमा पर्न आएको छ।

संस्कृत भाषा मात्र होइन, संस्कृति पनि हो, सनातन वैदिक धर्मको प्राण हो भन्दा फरक परोइन। एकथरि सन्तहरूले हाम्रो हिन्दूधर्मलाई अड्याइराख्ने, जीवन्त राख्ने चौखम्बाहरूमा गाई, गङ्गा, गायत्री र गीताको नाम लिन्छन्। यी चार खम्बामाथिको फलेकचाहिँ संस्कृत वाङ्मय हो, जसमाथि बसेर पिँढी–दरपिँढी रामानन्द गिरिजस्ता तपस्वी गुरुहरूले संस्कृतको ज्ञानधारा बगाइरहेका हुन्छन्।

जसरी हामी प्राचीन ऋषिमुनिहरूलाई सम्झँदा वैदिक वाङ्मयका अभिन्न अङ्गका रूपमा सम्झन्छौँ, त्यसरी नै स्वामी डा. रामानन्द गिरिलाई सम्झँदा नेपालको संस्कृत वाङ्मयका एक उज्ज्वल नक्षत्रका रूपमा सम्झन्छौँ। नेपाली धर्तीमा संस्कृत वाङ्मयको बिँडो उठाउने काम राणाकालमा पूर्वमा बालागुरु षडानन्दले र पश्चिममा स्वर्गद्वारी महाप्रभु र दधिराम मरासिनीले गर्नुभयो। मध्यनेपालमा चाहिँ श्री ३ पद्म शमशेरको पालामा काठमाडौँमा तीनधारा पाकशाला खुल्यो। पछि पञ्चायती कालमा सरकारी स्तरमा ज्ञानकुप जनकपुर, मटिहानी महोत्तरी र वाल्मीकि क्याम्पस हुँदै महेन्द्र संस्कृत विश्वविद्यालय नै खुल्यो, तर पनि नेपालमा संस्कृत वाङ्मयको अपेक्षित विकास नभएको महसुस गरेर स्वामी डा. रामानन्द गिरिले गैरसरकारी अर्थात् दलगत राजनीतिक संस्कारले मुक्त विशुद्ध प्राज्ञिक शिक्षण संस्थाको सपना देख्नुभयो। केही वर्षको छटपटीपछि उहाँले तनहूँको देवघाटमा आफ्ना गुरु महेशानन्द गिरिको नामबाट २०५० सालमा महेश संस्कृत गुरुकुलम्को स्थापना गर्नुभयो। यस पुनीत कार्यमा उहाँलाई खप्तड बाबाको साथ र आशीर्वाद प्राप्त थियो।

उहाँले २०५० सालमा संस्कृत गुरुकुल खोल्दा देशमा प्रजातन्त्र पुनर्स्थापना भइसकेको भए पनि राज्य र शीर्ष नेतृत्व संस्कृत मैत्री थिएनन् भन्दा पनि हुन्छ। छिमेकी भारतमा अङ्ग्रेज सरकारकै पालामा बनारस

हिन्दू विश्वविद्यालय स्थापना भइसकेको थियो, जसमा महामना पं. मदनमोहन मालवीयको कडा मिहिनेत परेको थियो। भारत स्वतन्त्र भएपछि भारतमा शासन गर्ने केन्द्रीय नेतृत्वहरू प्रायः वैदिक वाङ्मयमैत्री थिए, संस्कृत भाषाप्रेमी थिए। पण्डित जवाहरलाल नेहरू, डा. राजेन्द्र प्रसाद, डा. सर्वपल्ली राधाकृष्णन्, लालबहादुर शास्त्री, पीभी नरसिंह राव, डा. शङ्करदयाल शर्मा, विश्वनाथप्रताप सिंह, अटलविहारी बाजपेयी (अहिले पनि नरेन्द्र मोदी छन्) आदिका कारण संस्कृत ज्ञानधारा अवरुद्ध हुन पाएन भने नेपालको स्थिति ठीक उल्टो थियो। राज्य, नेतागण प्रायः संस्कृतप्रेमी थिएनन्, केही वैरी पनि थिएनन्, त्यो कुरा बेग्लै हो। गैरसरकारी क्षेत्रमा पनि शिक्षामा विज्ञान तथा प्रविधि शिक्षाप्रतिको मोह, सूचना–प्रविधि शिक्षामा बढ्दो आकर्षण त छँदै थियो। त्यसका अतिरिक्त माओवादी जनयुद्ध, जनजाति आन्दोलन आदिको तारो पनि वैदिक वाङ्मय, संस्कृत शिक्षा र गुरुकुलहरू नै हुने गर्दथे। संस्कृत वाङ्मयका विरोधीहरूले संस्कृत भाषालाई मृत भाषा भन्न थाले। राणाशासनजस्तो निरङ्कुश शासनमा श्री ३ पद्म शमशेरले एक प्रसङ्गमा संस्कृत भाषालाई मृत भाषा भनिदिँदा जयतु संस्कृतम् आन्दोलनको ठूलो ज्वारभाटा नै उठेको थियो। तर बहुदलीय शासनकालमा संस्कृत वाङ्मयको पक्षमा नागरिकहरू त्यसरी उठिदिएनन्।

यस्तो विषम र प्रतिकूल परिस्थितिमा सरकारी अनुदानविना, राजनीतिक एकदलीय संरक्षणविना गुरुकुलको स्थापना र सञ्चालन गर्नु फलामको चिउरा चपाउनुभन्दा ठूलो चुनौतीपूर्ण कार्य थियो, जसमा केही सहयोगी हातहरूका साथ स्वामी डा. रामानन्द गिरि एकदम खरो उत्रनुभयो। गुरुकुलको स्थापना, सरकारी अनुदानविना निःशुल्क आवास र भोजनसहितको शिक्षा, आफैँले जग्गा किनेर आफैँले भौतिक संरचना खडा गरेर गुरुकुल सञ्चालन गर्न कठिन अवस्थामा पनि देशको सबैभन्दा गुणस्तरीय वैदिक शिक्षाकेन्द्रका रूपमा महेश संस्कृत गुरुकुललाई स्थापित गर्नु, जति नै प्रशंसा गरे पनि त्यो कम हुन्छ। यस किसिमको कठोर तपभन्दा त बरू वैदिक ऋषिमुनिहरूले जङ्गलमा गरेको तप सहज हुन्थ्यो होला। नेपालमा गैरसरकारी क्षेत्रमा निजी प्रयासबाट शिक्षण संस्था खडा गर्न कति कठिन हुन्छ भन्ने कुरा राम्ररी बुझेकाले डा. रामानन्द गिरिले त्यस्तै कठिन कार्य गर्न सफल काठमाडौँ विश्वविद्यालयका संस्थापक उपकुलपति डा. सुरेशराज शर्मालाई २०७१ सालमा गुरुकुलको वार्षिकोत्सव कार्यक्रममा प्रमुख अतिथिका रूपमा आमन्त्रण गरी उहाँले सार्वजनिक रूपमा सहकार्य, सहधर्म र समान पीडाका प्रतिमूर्ति डा. सुरेशराज शर्मालाई 'तपाईं मेरो मीत हुनुभयो' भनेर उद्घोष गर्नुभएको थियो। अनि संयोग नै मान्नुपर्छ, स्वामीजीको अन्तिम औपचारिक प्रवचन कार्यक्रम काठमाडौँ विश्वविद्यालय केन्द्रीय हातामा भएको थियो। २०७४ असार महिनामा भएको भव्य प्रवचन कार्यक्रममा संस्थापक उपकुलपति डा. सुरेशराज शर्मा, बहालवाला उपकुलपति डा. रामकण्ठ माकजू, बहालवाला रजिस्ट्रार डा. भोला थापालगायत डिनहरू, प्राध्यापक, शिक्षक–कर्मचारीहरूको बाक्लो उपस्थिति थियो। अर्को खड्केको कुराचाहिँ के हो भने स्वामीज्यूको अर्को प्रवचन २०७४ गुरुपूर्णिमाका सन्दर्भमा स्कुल अफ म्यानेजमेन्टमा गर्ने तय भएको थियो। 'गुरु–शिष्य परम्पराबारे बोल्छु' भन्नुहुन्थ्यो। तर असार दोस्रो हप्तामा नै उहाँको स्वास्थ्य खराब भई पोखराबाट काठमाडौँ ल्याई ग्रान्डी अस्पतालको आईसीयूमा राखियो। आईसीयूमै केही होस आएर कुराकानी गर्न सक्ता भेट्न आउने शिष्यलाई 'म केयूको गुरुपूर्णिमाको शनिबारको प्रवचनका लागि त तयार हुन्छु होला नि' भन्नुहुन्थ्यो। तर दुर्भाग्य, स्वामीज्यूको त्यो इच्छा अधुरै रह्यो। गुरुपूर्णिमापूर्व नै उहाँले शङ्कराचार्य मठ पशुपतिनाथमा देहत्याग गर्नुभयो।

स्वामीजीद्वारा स्थापित गुरुकुलले प्रत्येक दस वर्षमा ज्ञानमहायज्ञ गर्ने गरेअनुसार २०७५ सालमा गुरुकुलको रजत महोत्सवसमेत पर्ने भएकाले देवघाटमा विराट् ज्ञानमहायज्ञ गर्नुपर्छ भनेर भन्नुभएको थियो अरे। स्वामी रामानन्द गिरिज्यूले नै पत्याएका दोस्रो पुस्ताका छोरा उमेर समूहका शिष्य श्री रमणानन्दजीलाई उत्तराधिकारी बनाइएको थियो। हिन्दूस्थानमा प्रायः

आश्रमहरूमा उत्तराधिकारी चयनसम्बन्धी विवाद हुने गरेको प्रसङ्ग सुन्ने गरिन्छ। तर हाम्रो सौभाग्य नै भनौँ, स्वामीजीका भाइपुस्ता गुरुभाइ आदि कसैले पनि झिनो प्रश्न, किन्तु, परन्तुसमेत गरेनन् र स्वामीजीको षोडशीमा भव्य समारोहबीच भागवतमर्मज्ञ, अद्वैत वेदान्तका दक्ष प्रवक्ता श्री १००८ स्वामी रमणानन्द गिरि महाराजलाई साधुसमाजको रोहबरमा पीठाधीशमा नियुक्त गरिएको थियो। स्वामी रमणानन्द गिरिको प्रतिभा थाहा नपाएर, उहाँको सान्निध्य प्राप्त नगरेका केही शुभेच्छुक, दाताहरूलाई आश्रम सञ्चालन र गुरुकुल सञ्चालनको त्यत्रो जिम्मेवारी कसरी सम्हाल्नुहोला, गुरुकुल यथावत सञ्चालन होला कि नहोला, समकक्षीबीच समझदारी, मैत्री यथावत रहला कि नरहला भन्ने चिन्ताचाहिँ थियो। तर करिब १ वर्षको परीक्षण कालमा स्वामी रमणानन्द गिरिजी महाराज आशातीत दक्षता, सुझबुझ र नेतृत्व कुशलतामा खरो उत्रनुभयो। त्यो देखेर लोकले, साधुसमाजले स्वामी रामानन्द गिरिजीको दूरदर्शिताको समेत सह्राहना गर्न थालेका छन्।

हामी व्यवस्थापनमा भन्छौँ योग्यता हुनु, क्षमता हुनु अनि दक्षता हुनु एउटा पक्ष हो, तर 'आउटपुट' दिन सक्यो कि सकेन, त्योचाहिँ महत्त्वपूर्ण हुन्छ। व्यवस्थापककीय सिद्धान्तअनुसार पनि स्वामी रमणानन्द गिरि खरो उत्रनुभएकोमा दुई मत छैन।

सुयोग्य गुरुको सुयोग्य उत्तराधिकार प्राप्त गरेपछि रमणानन्दजीको एउटा सङ्कल्प, एउटा लक्ष्य थियो गुरुकुलको रजत महोत्सवमा विराट् ज्ञानमहायज्ञ सम्पन्न गर्ने। ठूलो तयारी चाहिन्थ्यो, ठूलो धनराशी पनि चाहिन्थ्यो, सबैको सहयोग अनि सहभागिता पनि उत्तिकै जरुरी थियो। यी सबका लागि स्वामी रमणानन्दजी महाराजले मेचीदेखि महाकालीसम्म अनि प्रदेश नं. २, ३, ४, ५ का प्रायः सबै क्षेत्रको भ्रमण गरी ठाउँठाउँमा उपसमितिहरू गठन गरेर महायज्ञको तयारी गर्नुभएको हामी सबैले देखेकै कुरा हो। अन्ततः २०७५ सालको गुप्त नवरात्रमा २०७५ माघ २२ गतेदेखि फागुन १ गतेसम्म देवघाटधाम विराट् ज्ञानमहायज्ञ २०७५ को भव्यताका साथ आयोजना भयो। हजारौँ भक्त, ज्ञानी, सन्त, महात्माहरूको सहभागिता रह्यो। सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीबाट महायज्ञको समुद्घाटन भयो। नौ दिनको विस्तृत विवरणको लेखनमा एउटा पुस्तक नै तयार हुन्छ, म त्यतातिर जान्नँ। सङ्क्षिप्त मजबुन पस्कने धृष्टतासम्म गर्ने जमर्को गर्दछु।

महायज्ञको समग्र व्यवस्थापन, भोजन व्यवस्था, आवास व्यवस्था, वैदिक कर्मकाण्ड, पुराणवाचन एवं प्रवचनहरू हेर्दा हामीलाई लाग्यो प्रभुकृपा र गुरुकृपाको वर्षा भइरहेछ आकाशबाट, अनि धर्तीमा पूर्वतिरबाट त्रिशूली जलमार्गबाट माता अन्नपूर्णा र माता लक्ष्मीको कृपा प्राप्त भइरहेछ अनि पश्चिमबाट माता महाकाली र महासरस्वतीको अनुकम्पा पनि प्राप्त भइरहेको छ।

यो पङ्क्तिकारको एउटा सानो अनुभव राख्न चाहन्छु। विराट् ज्ञानमहायज्ञ समुद्घाटन समारोहमा नेपाल र भारतदेखि बाहेक युरोपतिरका केही गोरा सन्तहरूको पनि उपस्थिति थियो। मञ्चासीन विशिष्ट व्यक्तित्वहरूमा देवघाटघामका हस्ती सन्तहरू हरिहर आश्रमका स्वामी ज्ञानानन्दजी महाराज, गलेश्वर आश्रमका महामण्डलेश्वर स्वामी आत्मानन्द गिरिजी महाराजसमेत प्रमुख वक्ता रहेको समारोहमा दारी–कपाल नफुलेका छोरा पुस्ताका युवक स्वामी रमणानन्द गिरिजीको प्रस्तुति कस्तो होला, अलि सामान्य पो हुने हो कि भन्ने चिन्ता अनि पङ्क्तिकार महेश संन्यास आश्रमप्रति समर्पित भएकाले मनमा कताकता अघोषित प्रतिस्पर्द्धा, विश्वकप फुटबल हेर्दै गर्दाको आग्रहयुक्त टिमको 'परफरमेन्स' को कौतूहलताजस्तो थियो। तर जब अन्त्यमा स्वामी रमणानन्द गिरिजीले आफ्नो भनाइ राख्नुभयो, सशक्तता, ओजपूर्ण निर्भीकता, शालीनता र शिष्टतासमेतको समायोजन गर्दै जुन सशक्त अभिभाषण गर्नुभयो उहाँले, तब श्रोतादीर्घामा बसेका हामी सबैलाई लाग्यो स्वामी रामानन्द गिरिजी महाराजले फोटोकपी उत्तराधिकारी नै छोडेर जानुभएको रहेछ भनेर।

जे होस्, यत्रो भव्य विराट् ज्ञानमहायज्ञ निर्विघ्नतापूर्वक, भव्यताका साथ, आस्तिक भाव खण्डित हुन नदिईकन सम्पन्न गर्न आआफ्नो क्षेत्रबाट श्रम, सद्भाव, अर्थ, सेवा आदि समर्पण गर्ने सम्पूर्ण भक्तजनहरूमा साधुवाद ! अस्तु।

***

देवघाटधाम विराट् ज्ञानमहायज्ञ-२०७५को अनुगमन प्रतिवेदन

-भूपेन्द्र प्रसाद पौड्याल

पृष्ठभूमि

नेपालमा वैदिक सत्य सनातन धर्म र त्यसको मूलबाट उठेको संस्कृतिको संरक्षण गरी संस्कृत शिक्षाको विकास एवं प्रचार प्रसार गर्ने उद्देश्यले श्री १००८ स्वामी डा. रामानन्द गिरिबाट २०५० सालमा दर्ता भई महेश सन्यास आश्रम स्थापना भएपछि २०५२ सालदेखि महेश संस्कृत गुरुकुलको नामबाट संस्कृत पठनपाठनको औपचारिक काम शुरु भएको पाइन्छ। कक्षा ६ देखि आचार्यसम्मको पठनपाठन हुने गरेको यस गुरुकुलमा हाल करिव २५० छात्रहरु अध्ययनरत रहेको र शास्त्री पास गरेर जानेको संख्या एवं आचार्य पास गरेर जानेको सख्या सयभन्दाबढी रहेको देखिन्छ।

श्री १००८ स्वामी डा. रामानन्द गिरिको पार्थीव शरीर २०७४ साल मा जलसमाधि भएपछि स्वामीज्यूको स्मृतिमहोत्सवको पावन सन्दर्भ र प्रत्येक दश वर्षको अन्तरालमा विराट ज्ञानमहायज्ञ गर्ने गुरुकुलको संकल्प अनुसार २०७५ माघ २२ देखि फागुन १ गतेसम्म विभिन्न कार्यक्रम सहित देवघाटधाम विराट ज्ञानमहायज्ञ आयोजना भएको पाइन्छ।

मूलतः गुरुकुल शिक्षाको सुदृढीकरणका निम्ति अक्षयकोष स्थापना गर्न धनराशि संकलन गर्नु ज्ञानमहायज्ञको उद्देश्य रहेको भएपनि केही धनराशि अनुसन्धान केन्द्रको संचालन, पुस्तकालयको आधुनिकीकरण, अध्यात्मिक ग्रन्थहरुको प्रकाशन इत्यादि काममा खर्च गर्ने उद्देश्य लिइएको देखिन्छ। आश्रमले प्रचारप्रसार गरेको पर्चा एवं निमन्त्रणापत्रहरुमा यस यज्ञबाट देहायका फाइदाहरु हुने भनी उल्लेख भएको पाइन्छ।

१ पवित्र तीर्थ देवघाटधामको धार्मिक एवं सांस्कृतिक महत्त्वको प्रचारप्रसार

२ वैदिक सत्य सनातन धर्म र संस्कृतिको संरक्षण एवं संवर्धन

३ प्राचीन वैदिक यज्ञीय पद्दतिको प्रशिक्षण र प्रचार प्रसार

४ समाजमा अध्यात्मिक चेतनाको पुनर्जागरण

महायज्ञमा चारै वेदको पाठ पारायण, उखुको रसद्वारा महारुद्राभिषेक, ब्रह्मगायत्री लक्ष हवन, शतचण्डी अनुष्ठान, १०८ वटुकहरुद्वारा श्रीमद्भागवत महापुराण पाठ पारायण, धान्याचल ,तण्डुलाचल, तुलादान, भूमिदान, गोदान एवं अन्नदान लगायतका दानहरु, पितृउद्धार अनुष्ठान, कोटीदीप प्रज्वलन, गणेश पुराण, विष्णु पुराण र सूर्य पुराण तथा शिवमहापुराण र देवीभागवत महापुराणको पाठ पारायण लगायतका विविध कार्यक्रमहरु गर्ने उद्देश्य रहेको देखिन्छ। महायज्ञको अवसरमा गुरुकुल शिक्षण भवन, सन्त सेवा आश्रम र गुरु स्मृति मन्दिर समुद्घाटन गर्ने लक्ष लिइएको देखियो।

महायज्ञ संचालनको लागि पीठाधीश श्री १००८ स्वामी रमणानन्द गिरिजीको अध्यक्षतामा महायज्ञ आयोजक मूल समिति गठन भएको र सो अन्तर्गत विभिन्न समिति तथा उपसमितिहरु गठन हुनुका साथै सहयोग जुटाउने प्रयोजनको लागि मुलुकका विभिन्न जिल्ला नगर एवं गाउँहरुमा सहयोग समिति समेत गठन भएको पाइयो। यसै क्रममा ज्ञानमहायज्ञको अनुगमन गरी प्रतिवेदन दिनका लागि महायज्ञ आयोजक मूल समितिको मिति २०७५।९।५ मा बसेको बैठकद्वारा संयोजक पदमा भूपेन्द्र प्रसाद पौड्याल र सदस्य पदमा चन्द्रप्रकाश दवाडी, माधव उपाध्याय र भानु रिजाल रहनुभएको महायज्ञ अनुगमन समिति गठन भएको थियो। लेखक सो समितिको संयोजक भएकोले अनुगमनका क्रममा लेखकले देखेक कुराहरु यहाँ प्रस्तुत गरिएको छ।

महायज्ञ २०७५।१०।२२ मा शुरु भई २०७५।११।१ सम्म संचालित रह्यो। यस महायज्ञको अनुगमनबाट देखिएका कुराहरु देहाय बमोजिम उल्लेख

गरिएको छ ।

१ महायज्ञको निमन्त्रणा र प्रचार प्रसारः

महायज्ञको निमन्त्रणा र प्रचार-प्रसारको लागि पीठाधीश स्वयं नेपालको मेचीदेखि महाकालीसम्मका विभिन्न जिल्ला सदरमुकाम एवं सहरहरु घुम्नुभएको थियो । उक्त स्थानहरुमा घुमेर उहाँले स्थानीय जनतासँग भेटघाट तथा छलफल एवं प्रवचनको माध्यमबाट यस महायज्ञको कार्यक्रमबारे जानकारी गराई उक्त महायज्ञमा सपरिवार सहभागिता जनाउन निमन्त्रणा सहितको आग्रह गर्नुभएको थियो । यसका साथै आश्रमले लिखित निमन्त्रणापत्र बनाई विभिन्न भक्तजनहरुलाई वितरण गरेको, टेलिभिजन, एफ् एम्, पत्रपत्रिका र वेभ साइट समेतको प्रयोग गरी प्रचार गरेको र २०७५।१०।२० गतेका दिन नारायणघाट बजारमा भव्य शोभायात्रा गरेकोबाट महायज्ञको निमन्त्रणा र प्रचार प्रसार पर्याप्त भएको छ भन्न सक्ने अवस्था देखिन्छ ।

२ महायज्ञको स्थलगत नक्साः

महायज्ञको लागि आवश्यक पर्ने यज्ञस्थल, पूजास्थल, पारायणस्थल, प्रवचनस्थल, प्रसाद वितरणस्थल, पञ्चगव्य वितरणस्थल, इक्षुरस वितरणस्थल, भोजनस्थल, हवनकुण्ड, धान्याचलस्थल, तण्डुलाचलस्थल, पूजा सामग्री संकलन स्थल, सहयोग संकलन स्थल, आवास स्थल, प्रवेशद्वार, प्रस्थानद्वार, पार्किङ लगायतका विविध कुराहरु देखिने गरी स्थलगत नक्सा बनाइएको र सो नक्सामा उचित विषयलाई उचित स्थानमा पायक पर्ने गरी मिलाइएको देखिएकोले अनुगमनकले यसलाई राम्रो पक्ष ठान्यो । तथापि मन्दिरको उत्तरपट्टि निर्माण गरिएको सूचना केन्द्र वास्तवमा प्रयोगमा आएको देखिएन । यो केन्द्र मूल प्रवेशद्वारकै छेउमा बनाइएको भए स्वागत तथा विदाइ कक्ष एवं टीका प्रसाद वितरण स्थलको रुपमा प्रयोगमा ल्याउन सकिने थियो भन्ने लाग्यो ।

३ साजसज्जाः

महायज्ञ स्थललाई ध्वजापताका, तोरण, झिलिमिली बत्ती इत्यादिबाट भव्यतापूर्वक सजाइएको पाइयो । आश्रमको विभिन्न द्वारहरुमा र चौबाटोहरुमा समेत स्वागतका तुल र महायज्ञको प्रचार गर्ने तुलहरुद्वारा सजाइएको देखियो । यसलाई राम्रो पक्ष मानियो ।

४ पारायणः

१०८ वटुकहरुद्वारा श्रीमद्भागवत महापुराण पाठ पारायण भयो । पारायणमा मूलतः दुईजना मूल पारायणकर्ताहरुले पालैपालो पारायण गरेको स्वर माइकमा सुनियो । मूल पारायणकर्ताहरुको पारायण अत्यन्त मिठासपूर्ण, शुद्ध र स्पष्ट भयो । महायज्ञको मूल आकर्षण नै त्यही बन्यो । यसलाई राम्रो पक्ष मानियो । तर शुरुमा प्रचार भएजस्तो १०८ जना ब्राह्मणले नै पारायण गरेको एकमुष्ट आवाज यजमानले सुन्न पाउने गरी माइक व्यवस्था रहेको देखिएन । त्यसैगरी कर्ता यजमानले पारायण श्रवण गरिरहेको अवस्थामा पारायण श्रवणस्थलमा कहिलेकाहीं ज्ञानमञ्च तर्फबाट र कहिलेकाहीं सचिवालय तर्फबाट आएको माइकको आवाज समेत जुध्दा पारायण सुन्ने यजमानलाई बाधा परेको महसुस गरियो । कर्ता यजमानले रुद्री, चण्डी एवं अन्य पुराणको पारायणको आवाज पनि उल्लेख्य रुपले सुन्न नसकेको पाइयो । मन्दिरमा रुद्रीको माइक लगाइएकोले त्यहाँ वरपरका भक्तहरुले भागवत पारायण सुन्न निकै कठीन थियो ।

५ कथावाचनः

महायज्ञमा अवसरमा कथा प्रवचनका लागि बनाइएको पण्डाललाई ज्ञानमञ्च नामाकरण गरिएको थियो । ज्ञानमञ्चमा पीठाधीश श्री १००८ स्वामी रमणानन्द गिरिजीको श्रीमुखबाट अमृतमय श्रीमद्भागवत कथावाचन भयो । कथावाचन धाराप्रवाह गयो । बीचबीचमा टुक्का कथा र दृष्टान्तहरु जोड्दै श्रोताहरुलाई हँसाउँदै भागवतको सार अंशहरु सुनाउँदै उहाँले प्रवचन गर्नुभयो । यसबाट उहाँ भागवत मर्मज्ञ र अद्वैत दर्शनका प्रखर प्रवक्ता हुनुहुँदोरहेछ भन्ने कुरा प्रमाणित गर्‍यो । पाण्डालको साइज हेर्दा लगभग ३००० व्यक्तिहरु एकैपटक अटाउने खालको थियो र पाण्डालमा श्रोताहरुको खचाखच उपस्थिति थियो । यसलाइ राम्रो

पक्ष मानियो ।

६ पोशाकः

ब्राह्मण एवं कर्ता यजमानहरुलाई देवघाटधाम विराट् ज्ञानमहायज्ञ २०७५ उल्लेख भएको ज्याकेट वितरण भएको थियो । रंग भिन्न गरी त्यस्तै खालको ज्याकेट आयोजक पदाधिकारीहरुलाई समेत वितरण भएको थियो । ज्याकेट त्यहाँको मुख्य आकर्षणको विषय बन्यो । को ब्राहमण, को कर्ता, को आयोजक, को पदाधिकारी, को स्वयंसेवक र को अन्य भक्तजन हो भन्ने छुट्याउन अत्यन्त सरल भएको अवस्था थियो । यो व्यवस्थालाई अनुगमन समितिले अत्यन्त प्रशंसाको रुपमा लियो । श्रीमद्भागवत महापुराण पारायण गर्ने ब्राह्मणहरुले धोती लगाएका थिए । यजमान एवं श्रोता भक्तजनहरुका लागि कुनै पोशाक निर्धारण नगरिएको भएपनि महिलाहरुले धोती चोलो र पुरुषले कुर्ता सुरुवाल लगाएको अवस्था थियो । एकनास पोशाक लगाएर बसेको उनीहरुको उपस्थितिले सुन्दर दृष्य बनाइरहेको थियो। यसलाई राम्रो पक्ष मानियो।

७ आवासः

श्रीमद्भागवत कथा सहितको यस ज्ञानमहायज्ञ श्रवणका लागि कति जना आउँछन् र कतिलाई आवास व्यवस्था गर्नुपर्ने हो भन्ने यकिन गर्न नसकिने अवस्था भएको र श्रवणका लागि आउने पाहुनालाई आवास व्यवस्था हुन नसकेमा महायज्ञको सार्थकता नरहने हुनाले यो विषय अत्यन्त चुनौतीपूर्ण थियो । तथापि आश्रम परिसरभित्र रहेका सन्त सेवा आश्रम, सन्त निवास, विद्यालय छात्रावास, गुरु निवास, अध्यापक निवास, आचार्य निवास, धर्मशाला, कर्मचारी आवास, पुरानो गौशाला, शिक्षण भवन, भक्त निवास र अस्थायी टहराहरु समेत गरी १८५ कोठाहरु रहेकामध्ये केही कोठाहरुमा शौचालय र भान्छासमेतको सुविधा भएका, केही कोठाहरुमा शौचालयको सुविधा भएका, केही कोठाहरुमा बस्नेका लागि साझा शौचालयको सुविधा भएका, केही कोठाहरुमा खाट नभएपनि फोम र डस्ना ओछ्याई शयन व्यवस्थापन गर्न सकिने र केही कोठाहरु अस्थायी टहराको रुपमा रहेको समेत गरी १५०० जनाको शयन व्यवस्था आश्रममा रहेको देखियो । आवासमा रहेका सिरक, डस्ना, तकिया, मण्डी, ब्लान्केट लगायतका सामानको स्तर हेर्दा आवास व्यवस्था अत्यन्त प्रभावकारी रहेको पाइयो । यसलाई राम्रो पक्ष मानियो ।

८ खानेपानीः

देवघाटका दुई प्रमुख खानेपानी आयोजनाहरुबाट प्राप्त दुई लाइन खानेपानी रहेकोले पानीको अभाव रहेन र वितरणमा कुनै समस्या पनि देखिएन । जाडोको मौसम भएकोले तातोपानीको मागलाई पूर्ति गर्न भोजनकक्षको बाहिर तातोपानीको प्लान्ट राखिएको थियो तापनि विद्युत सप्लाइको गडबडीले गर्दा पानी तात्न नसकेकोले भक्तजनहरु तातोपानी खानबाट वञ्चित रहे । पानीको शुद्धतामा कुनै शंका थिएन । यस बाहेक दाताको सौजन्यतामा मिनरल वाटरको जार एवं बोतलहरु पर्याप्त वितरण भएको देखियो । खानेपानी वितरणलाई राम्रो पक्ष मानियो ।

९ प्रसाद भोजन भण्डाराः

प्रसाद भोजनको लागि दुई ठाउँको व्यवस्था थियोः ब्राह्मण तथा कर्ता यजमानको लागि भोजन कक्षमा र अन्य सबैको लागि अन्नपूर्ण भोजनालयमा । प्रसाद भोजन सबैका लागि सबै दिनका लागि व्यवस्था थियो । प्रसादमा भात रोटी तरकारी अचार मिठाइ लगायतका कुराहरु रहन्थ्यो । बिहान सबेरै चिया र नास्ता तत्पश्चात दिनभरी नै भोजनको सेवा उपलव्ध थियो । प्रसाद भोजन गर्नेको लर्को देख्दा त देवघाटभरिका सबै मानिसहरु आआफ्नो घरको चुलो चौको बन्द गरेर आश्रममै खान आएका थिए कि भनेझैं लाग्दथ्यो । यसलाई राम्रो पक्ष मानियो ।

१० टीका प्रसाद वितरणः

आश्रमबाट बाहिरिन लागेका व्यक्तिलाई स्वयंसेवकले टीका प्रसाद लगाइदिई बुनियाँको पोको थमाउँथे । बुनियाँको पोको ठूलो थियो र यसले सातजनासम्मलाई पुग्थ्यो । तर प्रतिव्यक्ति एकपोका

लिएर जान सक्ने हुनाले सामान्यतया लिएर जान्थे । तर बाहिर लगेर जथाभावी पोख्ने वा अर्कालाई दिने वा दुरुपयोग गर्ने सम्भावना पर्याप्त थियो । बुनियाँको पोको सानो पारेको भए अलिकति मितव्ययिता हुन्थ्यो कि भन्ने लाग्यो ।

११ नगद व्यवस्थापनः

यत्रतत्र दानपेटिका राखिएका र प्रशस्त रसिदका प्याडहरु विभिन्न व्यक्तिहरुलाई जिम्मा लगाइएको देखिएको अवस्थाबाट अर्थ संकलनमा आश्रम निकै संवेदनशील थियो जस्तो देखियो । पुस्तक र मन्दिरमा चढाइएका रकमहरु दानपेटिकामा खसालिन्थे । ठूलो रकम दिनेलाई रकम हेरी विभिन्न खालको सम्मानपत्र दिने व्यवस्था थियो । यसले गर्दा सम्मानपत्र पाउने इच्छाले पनि बढी भन्दा बढी दानको रसिद कटाउन भक्तजनहरु उद्यत हुन सक्ने अवस्था देखिन्थ्यो । दान वा सहयोग नगद वा चेक दुबै रुपमा हुन सक्थ्यो । आश्रममा प्राप्त रकम बैंक दाखिला गर्नका लागि सिद्धार्थ बैंकले आश्रम परिसरभित्रै काउन्टर खोलेको थियो । यस बाहेक पनि सिद्दार्थ बैंकको खाता नंबर ००८१५१४८१४८ मा रकम जम्मा गर्न सकिने व्यवस्था थियो । नगद व्यवस्थापनमा कुनै कमजोरी रहेको देखिएन । यसलाई राम्रो पक्ष मानियो ।

१२ आकस्मिक स्वास्थ सेवाः

आश्रमभित्र रहेका सबै भक्तजनहरुको लागि निःशुल्क रूपमा स्वास्थ सेवा उपलब्ध गराउन आकस्मिक स्वास्थ सेवाको काउन्टर स्थापित थियो । यस काउन्टरमा सामान्यतया प्रेसर, झाडापखाला, ग्यास्टिक र ज्वरोको जाँच बढी मात्रामा भएको पाइन्थ्यो । यस आकस्मिक स्वास्थ सेवाले कार्यक्रमलाई सकारात्मक प्रभाव पारेको पाइयो। यसलाई राम्रो पक्ष मानियो ।

१३ सुरक्षा व्यवस्थाः

आश्रमभित्र भिड नियन्त्रण गर्न सकियोस् र अवाञ्छित तत्वले प्रवेश नपाओस् भन्ने उद्देश्यले सुरक्षाकर्मीहरु परिचालन गरिएका थिए । त्यसैगरी आश्रमको विभिन्न आठ ठाउँहरुमा सि. सि. क्यामरा जडान भएको थियो । सहअध्यक्ष स्वामी केशवानन्द गिरीज्यूको कन्ट्रोलमा वाकिटकि सेट संचालित थियो जसले गर्दा आश्रमको कुन ठाउँमा के समस्या परिरहेको छ तुरुन्त जानकारीमा आउँथ्यो र स्वामीज्यूबाट निर्देशन हुन्थ्यो । यसले पनि आश्रमको कार्यक्रमलाई सकारात्मक प्रभाव पारेको पाइयो। यसलाई राम्रो पक्ष मानियो ।

१४ स्वयसेवकहरुको परिचालनः

पूजा सामग्री संकलन केन्द्रमा आमा समूहका भक्तजनहरुले सघाउ पुऱ्याएका थिए भने अन्नपूर्ण भोजनालयमा तरकारी व्यवस्थापन एवं भोजन पानी वितरण गर्ने प्रयोजनको लागि श्री गणेश समूहका महिलाहरु परिचालित थिए । सो बाहेक स्थानीय तहका विभिन्न विद्यालयहरुका विद्यार्थीहरुबाट पनि सेवा प्राप्त भएको देखियो । कार्यसंचालनको लागि आश्रमका पीठाधीश एवं अन्य साधुहरु, विद्यार्थीहरु, भक्तजनहरु, स्थानीय स्वयंसेवकहरु एवं स्थानीय जनताहरु स्वतः स्फूर्त रुपमा संचालित भएको देखियो । यसप्रकार स्वयंसेवकको परिचालन प्रभावकारी रह्यो । यसलाई राम्रो पक्ष मानियो ।

१५ उद्घाटनहरुः

पहिलो दिन माघ २२ गते सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीबाट शिक्षण भवन समुद्घाटन भयो । पाचौं दिन पतञ्जलि योगपीठ नेपालका प्रमुख आचार्य बालकृष्णबाट सन्त सेवा आश्रमको समुद्घाटन भयो । तर लक्ष्य लिएबमोजिम गुरु स्मृति मन्दिर उद्घाटन भएन । किनकि गुरुको मूर्ति अलिकति नमिलेकोले सच्याउनुपर्ने हुनाले भ्याइएन भन्ने जानकारी पाइयो ।

१६ भजन कीर्तन नाचगान र झाँकीः

महायज्ञको कार्यक्रमलाई भव्य र आकर्षक बनाउन भजन कीर्तन नाचगान एवं झाँकी इत्यादिको पनि व्यवस्था गरियो । हरेक दिन बेलुका ७ देखि ९ सम्म भजन कीर्तन हुने गर्दथ्यो । भजनको बीचमा माहात्म्य एवं दाता सम्मान कार्यक्रम पनि हुने गर्दथ्यो । स्थानीय बासिन्दाहरुबाट खैंचडीको साथमा नारायण हरि हरि भजन तथा काठमाडौ लगायत विभिन्न ठाउँबाट आउनुभएका

कलाकारहरुले भजन प्रस्तुत गर्नुभयो। भजनमा नाचगान गर्नेको संख्या पनि पर्याप्त रह्यो । भजनको बीचबीचमा कहिलेकाही झाँकीको प्रदर्शनी पनि भयो। भजन कीर्तन नाचगान र झाँकीको व्यवस्थालाई राम्रो पक्ष मानियो।

१७ विराट् ज्ञानसभाः

पहिलो दिन ज्ञानसभामण्डपमा विराट् ज्ञानसभाको आयोजना भयो । शिक्षाक्षेत्रमा कार्यरत विशिष्ट विद्वज्जन र शिक्षाप्रेमी महानुभावहरुको सहभागितामा विराट ज्ञानसभा सम्पन्न गर्ने लक्ष थियो। ज्ञानसभाको शीर्षक "गुरुकुलको लक्ष्य चिन्तन र भावी कार्यदिशा" रहेको थियो। विराट् ज्ञानसभामा देशभरमा सन्चालित विभिन्न गुरुकुलका पदाधिकारीहरु एवं सन्त महात्माहरुको साथै आचार्य एवं अन्य विशिष्ट विद्वान्हरु समेत गरी ३०० जना बुद्धिजीवीहरुको सहभागी रहने लक्ष्य रहेको थियो । विराट् ज्ञानसभामा नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति प्रा. डा. जगमान गुरुङ र नेपाल संस्कृत विश्वविध्यालय सेवा आयोगका अध्यक्ष प्रा. डा. वेणीमाधव ढकाल तथा विचार विश्लेषकहरुमध्येबाट प्रा. शिवगोपाल रिसाल, प्रा. दीर्घराज घिमिरे, शरद कुमार भट्टराइ, मोहन लामा, प्रा. भवानी प्रसाद खतिवडा लगायतका व्यक्तिहरु उपस्थित थिए। विराट् ज्ञानसभामा अत्यन्त राम्रा राम्रा विचारहरु आए तर लक्ष्य गरिएजति बुद्धिजीवीहरु उपस्थित भएनन् र ज्ञानसभाको शीर्षक "गुरुकुलको लक्ष्य चिन्तन र भावी कार्यदिशा" विषयमा सीमित पनि भएनन् । तथापि ज्ञानमहायज्ञको समयमा विराट् ज्ञानसभा संचालन हुनु सराहनीय कुरा हो।

१८ धन्यवाद ज्ञापनः

महेश सन्यास आश्रमद्वारा आयोजित विराट् ज्ञान महायज्ञ सोचे बमोजिम नै भव्य रुपमा सुसम्पन्न भएको पाएर सबका सब भक्तजनहरु प्रसन्नताका साथ आश्रमप्रति धन्य धन्य भन्दै आभार व्यक्त गरिरहेका थिए। आश्रमका पीठाधीश श्री १००८ स्वामी रमणानन्द गिरिले महायज्ञको अन्त्यमा सहअध्यक्ष स्वामी केशवानन्द गिरि, आचार्य कपिलदेव सुवेदी, डा. गुरुप्रसाद सुवेदी, फणीन्द्रप्रसाद पौडेल, माधवप्रसाद पौडेल, प्रा भवानी प्रसाद खतिवडा, गुरु प्रा. शिवगोपाल रिसाल, प्राज्ञ दधिराज सुवेदी, पं. रामशरण सापकोटा, रामप्रसाद भण्डारी, दीपक रिमाल, लीलाभक्त आचार्य, महेश पराजुली, भोलानाथ योगी, टंकनाथ पौडेल, ममता शर्मा न्यौपाने, राजन गौतम, पंडित पुण्यप्रसाद उपाध्याय, रामप्रसाद सुवेदी, माधव त्रिपाठी, शिवराज पौडेल, माधव गौतम, हेमन्त अग्रवाल, चिरन्जिवी ढकाल, रमेश पोखरेल लगायत सबै ब्राह्मण, यजमान, कर्ता, साधु, सन्त, गुरु, विद्यार्थी लगायत सबैलाई तोकिएबमोजिमको कार्य उत्साहप्रद ढंगले सुसम्पन्न गरे बापत धन्यवाद दिनुभयो । साथै आश्रमलाई यस महायज्ञमा तन मन वा धनद्वारा सहयोग गर्ने सबै दाताहरुलाई समेत धन्यवाद दिनुभयो। धन्यवाद ज्ञापनको कार्क्रमलाई राम्रो पक्ष मानियो।

उपसंहार

महेश सन्यास आश्रमद्वारा आयोजित विराट् ज्ञानमहायज्ञ सोचे बमोजिम नै भव्य रुपमा हर्षोल्लासपूर्वक सुसम्पन्न भयो। आश्रमका पीठाधीश श्री १००८ स्वामी रमणानन्द गिरिजीको शालीन व्यक्तित्व, प्रखर वक्तृत्व र निर्देशनात्मक मार्गदर्शनले गर्दा नै यो महायज्ञ सफल भएको देखिएकोले उहाँ असीमित धन्यवादको पात्र हुनुभएको पाइयो । मूलतः महेश सन्यास आश्रमका संरक्षक श्री १००८ स्वामी मधुसुदनानन्द गिरिजी महाराजको प्रधान संरक्षकत्वमा यो कार्यक्रम रहेको र उहाँ आफैंले हरेक बैठक र हरेक कार्यको अगुवाइ गरी आश्रम परिवारलाई दिशानिर्देश गर्नुभएकोले नै यो यज्ञ सफल भएको हुनाले उहाँ अत्यन्त धन्यवादका पात्र हुनुभएको पाइयो।

विराट् ज्ञानमहायज्ञ सम्पन्न गरेर आश्रमले आफ्नो लक्ष साधन गऱ्यो । रमणानन्द स्वामीजीको नाम, ओज, तेज र प्रकाश देशको कुना कुनासम्म पुग्यो । आश्रमको दिगो विकासको लागि अक्षयकोष स्थापना गर्न केही रकम जम्मा भयो । भक्तजनहरुले भागवत पारायण र कथा प्रवचन सुन्न पाए । ज्ञानमहायज्ञमा विद्यार्थीको काम गर्ने क्षमता र कौशलता समेत प्रदर्शित भयो । पारायण गर्ने वटुकको पारायणक्षमता

अझै बढ्यो । मुलुकको संस्कृत भाषाको विकास एवं वैदिक सत्य सनातन धर्मको संरक्षणमा केही टेवा पुग्यो । मुलुकको विभिन्न ठाउँबाट भेला भएका भक्तजनहरु एकापसमा चिनजान र भलाकुसारी गर्न पाए । देवघाट भ्रमण गर्ने नेपाली पर्यटकहरुको संख्या बढ्यो । यसरी ज्ञानमहायज्ञबाट चौतर्फी फाइदै फाइदा भयो ।

के आश्रमले सँधै मागेरै आश्रम चलाउनुपर्ने हो भन्ने दिगो आय आर्जनको प्रश्नमा आश्रम विगत पच्चीस बर्षदेखि रुमलिइरहेको अवस्थामा अक्षयकोषको स्थापनाले समस्या केही हदसम्म खुकुलो पार्ला भन्ने देखिन्छ । आश्रमका केही कोठाहरु अतिथिको लागि व्यावासायिक किसिमले सशुल्क संचालन गरेमा स्थायी आयस्रोत केही बढ्थ्यो जस्तो लाग्छ । वैदिक सनातन धर्मको वास्तविक स्वरुपलाई विकृत हुन नदिने गरी समयको प्रवाहमा बग्न नसकेका शास्त्रीय विषय वस्तुलाई पाखा लगाउँदै जानुपर्ने अवस्था रहेको आजको सन्दर्भमा आश्रमलाई वैदिक सनातन धर्म र संस्कृतिको संरक्षण एवं संवर्धनको आधिकारिक निकाय बनाउन सके आश्रमको छवि अझै उजिलिन्थ्योहोला जस्तो लाग्छ । आश्रममा धर्म र संस्कृतिको अनुसन्धान केन्द्र स्थापना गर्नु र समाजमा अध्यात्मिक चेतनाको पुनर्जागरण गराउनु जस्ता काम पनि आश्रमले सोचेको देखिएको छ । वेदान्त दर्शन एवं नेपाली लोकधर्म लगायतका विषयमा पुस्तक तथा लेख रचनाहरुको प्रकाशन पनि अपेक्षित छ ।

ज्ञानमहायज्ञ भनेको ज्ञान नै प्रधान हुने महायज्ञ हो । ज्ञानले विज्ञानसँग जुध्न सक्छ । यज्ञको कला कौसलताको प्रदर्शनभन्दा ज्ञानको मन्थन अहिलेको समयको अपेक्षा हो । यज्ञयागादि कर्म वर्णन गर्ने हाम्रो धर्मशास्त्रहरुमा जातीय र लैंगिक भेदभावहरु टड्कारो देखिन्छ भन्ने जनगुनासो रहेको सन्दर्भमा आश्रमले ज्ञानमूलक कार्यक्रमहरु नै अघि बढाउँदा राम्रो हुने देखिन्छ भन्ने जनभनाइ रहेको पाइएको छ ।

महेश सन्यास आश्रम उपनिषद्को खानी हो । यो आश्रम महात्मा, साधु, सन्त, वैराग्यवान् महापुरुष, वेदका ज्ञाता गुरु एवं विद्यार्थी तथा धर्मप्राण भक्तजनहरुको संगमस्थल हो । त्यसैले आश्रमले जे गर्छ त्यो जनताको लागि अनुकरणीय बनोस् र आश्रमले जे बोल्छ त्यो जनताको लागि निर्णायक बनोस् भन्ने जनअपेक्षा रहेको पाइन्छ ।

***

महायज्ञ आयोजक मूल समितिका प्रमुख पदाधिकारीहरू

प्रधान-संरक्षक
श्री १००८ स्वामी मधुसूदनानन्द गिरिजी महाराज
संरक्षक- महेश संन्यास आश्रम, देवघाटधाम

संरक्षक
महामण्डलेश्वर श्री १००८ स्वामी आत्मानन्द गिरिजी महाराज
पीठाधीश - गलेश्वर आश्रम, देवघाटधाम
श्री १००८ स्वामी ज्ञानानन्द सरस्वतीजी महाराज
पीठाधीश - हरिहर संन्यास आश्रम, देवघाटधाम
श्री १००८ स्वामी कृष्णानन्द सरस्वतीजी महाराज
पीठाधीश- अभय वेदान्त साधना कुटीर, देवघाटधाम

अध्यक्ष
श्री १००८ स्वामी रमणानन्द गिरिजी महाराज

सहअध्यक्ष
स्वामी केशवानन्द गिरि
आचार्य कपिलदेव सुवेदी

उपाध्यक्ष
प्रा. भवानीप्रसाद खतिवडा काठमाडौँ
प्राज्ञ दधिराज सुवेदी, मोरङ
पं.रामशरण सापकोटा, काठमाडौँ
रामप्रसाद भण्डारी, भक्तपुर
दीपक रिमाल, ललितपुर
लीलाभक्त आचार्य, कास्की
महेश पराजुली, म्याग्दी
भोलानाथ योगी, दाङ
टङ्कनाथ पौडेल, चितवन
ममता शर्मा न्यौपाने, चितवन
राजन गौतम, चितवन
पं. पुण्यप्रसाद उपाध्याय, स्याङ्जा
रामप्रसाद सुवेदी, मकवानपुर
माधव त्रिपाठी, बारा
शिवराज पौडेल, तनहुँ
माधव गौतम, नवलपरासी
हेमन्त अग्रवाल, रूपन्देही
चिरञ्जीवी ढकाल, बेलायत
रमेश पोख्रेल, अमेरिका

परामर्श-मण्डल
स्वामी देवराजाचार्यजी महाराज
स्वामी कमलनयनाचार्यजी महाराज
आचार्य हरिशरण उपाध्याय
प्रा.शिवगोपाल रिसाल
शरदकुमार भट्टराई
व्यासाचार्य किशोरकुमार गौतम
अंगुरबाबा जोशी
सुश्री मैयादेवी श्रेष्ठ
मा. कृष्णकुमार श्रेष्ठ
मा. कृष्णभक्त पोख्रेल
मा. शशाङ्क कोइराला
मा. हरिबहादुर चुमान
दुर्गबहादुर थापा
महेन्द्रलाल प्रधान
उमाशङ्कर अग्रवाल
ताराप्रसाद श्रेष्ठ
रामनाथ मिश्र

महासचिव
डा.गुरुप्रसाद सुवेदी

सह-महासचिव
फणीन्द्रप्रसाद पौडेल

कोषाध्यक्ष
माधवप्रसाद पौडेल

सह-कोषाध्यक्ष
ब्रह्मचारी ईश्वरानन्द

सचिव
ध्रुव अधिकारी
नारायण अधिकारी
सरोज बराल
दशरथ सुवेदी
हरिहर ढकाल
कृष्ण बिंडारी
भरत ढकाल
शिवराज लामिछाने
तोमा दाहाल

का. स. सदस्य
ज्ञानहरि घिमिरे, चितवन

देवघाटधाम विराट् ज्ञानमहायज्ञ- २०७५
उपसमिति

उपसमितिहरू	संयोजक	सम्पर्क नं.
महायज्ञ प्रचार-प्रसार उपसमिति	फणीन्द्रप्रसाद पौडेल	9855050964
सूचना/सञ्चार समन्वय उपसमिति	टङ्कनाथ पौडेल	9851045665
सचिवालय व्यवस्था उपसमिति	दशरथ सुवेदी	9847830157
ब्राह्मण व्यवस्थापन उपसमिति	कमल सुवेदी	9855053240
यज्ञमण्डप निर्माण उपसमिति	भवानीप्रसाद तिमल्सेना	9845066717
यज्ञपद्धति परामर्श उपसमिति	प्रा. भवानीप्रसाद खतिवडा	9841653821
पण्डाल/टेण्ट व्यवस्था उपसमिति	जनक अर्याल	9855057911
ध्वनि व्यवस्था उपसमिति	कपिलदेव सुवेदी	9841408864
मञ्च सञ्चालन उपसमिति	पुरुषोत्तम सापकोटा	9841408864
सांस्कृतिक महोत्सव उपसमिति	दुर्गबहादुर थापा	
स्वागतद्वार व्यवस्थापन उपसमिति	तनहुँ - होम भारती	9855017770
	चितवन - श्रीकृष्ण पण्डित	9845141210
स्थानीय परामर्श उपसमिति	स्थानीय राजनीतिक दलका प्रमुखहरू	
शोभायात्रा व्यवस्थापन उपसमिति	उमाशङ्कर अग्रवाल	9855055610
आवास व्यवस्था उपसमिति	फणीन्द्रप्रसाद पौडेल	9855050964
स्वागत तथा सत्कार उपसमिति	चिरञ्जीवी ढकाल	9841093780
सन्तसेवा व्यवस्था उपसमिति	ब्रह्मचारी हंसानन्द	
गुरुकुल प्रतिभा प्रदर्शनी व्यवस्था उपसमिति	सच्चिदानन्द पौडेल	9818020170
स्वयंसेवक परिचालन उपसमिति	सुकु गुरुङ्ग	9845204487
शान्ति सुरक्षा व्यवस्थापन उपसमिति	इलाका प्रहरी कार्यालय	
मातृशक्ति परिचालन उपसमिति	ठाकुरकुमारी काफ्ले	9845470800
आर्थिक स्रोत सङ्कलन उपसमिति	विश्वनाथ रेग्मी	9849396891
सडक मर्मतसुधार व्यवस्था उपसमिति	यालबहादुर गुरुङ्ग	9851038009
विद्युत् व्यवस्थापन उपसमिति	अर्जुन अधिकारी	9855051776
आपूर्ति/ढुवानी व्यवस्थापन उपसमिति	महेन्द्र ढकाल	9845359075
खाद्यान्न व्यवस्थापन उपसमिति	दीपककुमार सिग्देल	9845290950
सम्मानपत्र व्यवस्था उपसमिति	शिवराज लामिछाने	
	नारायण घिमिरे	9851140671
सोधपुछ/अवलोकन व्यवस्था उपसमिति	ध्रुवराज अधिकारी	9856061099

भोजन व्यवस्था उपसमिति	स्वामी गोकुलानन्द	9843832887
खानेपानी व्यवस्था उपसमिति	शालिग्राम मिश्र	9855063480
इन्धन/ समिधा व्यवस्थापन उपसमित	तोयनारायण खराल, भोजराज नैनाबस्ती	
	दीर्घराज चापागाई, विष्णुहरि न्यौपाने	
	प्रवीण कार्की, सन्तबहादुर थापा	
यज्ञ समिधा व्यवस्था उपसमिति	देवघाटका सामुदायिक वनहरू	
यातायात व्यवस्था उपसमिति	सम्राट् अधिकारी	9845549341
जुत्ता चप्पल व्यवस्थापन उपसमिति	समीर ढुङ्गाना	9845182099
सरसफाइ व्यवस्था उपसमिति	अनिल मिश्र	9845214079
पञ्चगव्यप्राशन व्यवस्था उपसमिति	महेश बाल समूह	
यज्ञसामग्री व्यवगस्था उपसमिति	सोमनाथ कोइराला	9865177810
इक्षुरस व्यवस्थापन उपसमिति	अर्जुन गौतम, दीपक लामिछाने	
धान्याचाल/धान, चामल व्यवस्था उपसमिति	बलबहादुर पण्डित	9855054668
तुलादान व्यवस्था उपसमिति	हरिहर ढकाल	9841378451
बत्ती सङ्कलन उपसमिति	प्रगतिशील महिला समूह, देवघाट	
दैनिक आरती व्यवस्था उपसमिति	गोदा सुवेदी	
फूल प्रसाद वितरण उपसमिति	धर्मार्थ आमा समूह	
भजन कीर्तन व्यवस्था उपसमिति	सच्चिदानन्द पौडेल, शान्ति सुवेदी	
प्राथमिक उपचार व्यवस्था उपसमिति	देवघाट गाउँपालिका स्वास्थ्य शाखा	
स्वास्थ्य सेवा व्यवस्था उपसमिति	गोविन्दप्रसाद न्यौपाने	9845372733
अनुगमन तथा निरीक्षण उपसमिति	भूपेन्द्र पौडेल	
स्थानीय बजार व्यवस्थापन उपसमिति	रोशन श्रेष्ठ	9845597044
लेखा व्यवस्थापन उपसमिति	दशरथ सुवेदी	9847830157
श्रव्यदृश्य व्यवस्थापन उपसमिति	सूर्यमणि जमरकट्टेल	9811243413
	अनमोल धिताल	
प्रविधि व्यवस्थापन उपसमिति	पर्वतराज घिमिरे	9845431942
	चिरञ्जीवि खतिवडा	
जलपान व्यवस्था उपसमिति	नीराजन पन्त	9855052942
डुङ्गा व्यवस्था उपसमिति	सोम बोटे	9845529583
स्थानीय सञ्चार उपसमिति	आशिक राना, करिश्मा गुरुङ्ग	

***

देवघाटधाम विराट् ज्ञानमहायज्ञ २०७५ को सम्पादनका लागि गठित सहगोग समितिहरू

क्र. सं.	संयोजक	सहयोग समिति	जिल्ला
१	अरुणकुमार सुवेदी	काठमाडौँ सहयोग समिति	काठमाडौँ
२	अर्जुन चालिसे	कावासोती सहयोग समिति	नवलपरासी
३	अर्जुन थापा	इलाम सहयोग समिति	इलाम
४	इन्द्रमणि सापकोटा	अरुणखोला सहयोग समिति	नवलपुर
५	उमेश पण्डित	भरतपुर सहयोग समिति	भरतपुर-१२, चितवन
६	कपिल खनाल	भरतपुर सहयोग समिति	भरतपुर-१२, चितवन
७	कमलापति शर्मा	गैडाकोट सहयोग समिति	भरतपुर-१२, चितवन
८	कर्णबहादुर सापकोटा	शियारी छपिया सहयोग समिति	रूपन्देही
९	कर्णेल प्रयागराज भण्डारी	प्रगतिचोक आमा समाज सहयोग समिति	कास्की
१०	काशीराम चौधरी	शियारी गा.पा.-३ सहयोग समिति	रूपन्देही
११	कुलबहादुर भण्डारी	भरतपुर सहयोग समिति	भरतपुर-१२, चितवन
१२	कृष्णबहादुर थापा	देउराली मन्दिर सहयोग समिति	कास्की
१३	कृष्णराज पौडेल	राम मन्दिर सहयोग समिति	पर्वत
१४	कृष्णहरि भण्डारी	लेखनाथ उद्योग वाणिज्य सङ्घ सहयोग समिति	कास्की
१५	केदार खतिवडा	झापा साधुटार क्षेत्रीय सहयोग समिति	साधुटार, झापा
१६	केशव धिताल	हेटौँडा नगरस्तरीय सहयोग समिति	हेटौँडा, मकवानपुर
१७	गिरिराज न्यौपाने	बद्रेश्वर सहयोग समिति	पाल्पा
१८	गोकर्ण मरासिनी	गैडाकोट, भेडाबारी सहयोग समिति	नवलपरासी
१९	घनश्याम पौडेल	भेलरैया, वाणगङ्गा सहयोग समिति	नवलपरासी
२०	घनश्याम लम्साल	चन्द्रगढी सहयोग समिति	झापा
२१	चूडामणि पोख्रेल	खरेन्द्रपुर सहयोग समिति	कपिलवस्तु
२२	चूडामणि पौडेल	नीलकण्ठ बाबाधाम सहयोग समिति	रूपन्देही
२३	जगदीशचन्द्र न्यौपाने	बुटवल नगरस्तरीय सहयोग समिति	बुटवल, रुपन्देही
२४	टीकाराम लामिछाने	गोन्द्राङ सहयोग समिति	चितवन
२५	ठाकुरप्रसाद शर्मा	खाँदबारी सहयोग समिति	संखुवासभा
२६	डा. आनन्द आचार्य	धरान नगरस्तरीय सहयोग समिति	धरान, सुनसरी
२७	डा. रामचन्द्र गौतम	छाउनी, शिवमन्दिर सहयोग समिति	काठमाडौँ
२८	डी. आर्. शर्मा	भैरहवा नारायणस्थान सहयोग समिति	रूपन्देही
२९	डोमनाथ खतिवडा	उर्लाबारी सहयोग समिति	मोरङ
३०	तुलबहादुर गुरुङ	शान्तिरूपा वराहथोक तमु समाज सहयोग समिति	कास्की
३१	थममाया गुरुङ	समाजसेवी आमा समूह सहयोग समिति	कास्की
३२	दयाराम खनाल	भिरकोट ,सुन्दरबजार सहयोग समिति	स्याङ्जा
३३	दामोदर आचार्य	वाणगङ्गा सहयोग समिति	नवलपरासी

३४	दामोदर सापकोटा	ब्राह्मण समाज नेपाल सहयोग समिति	नवलपरासी
३५	दुर्गादत्त पौडेल	सुनवल सहयोग समिति	नवलपरासी
३६	देवीप्रसाद चापागाईं	तुम्लिङटार सहयोग समिति	संखुवासभा
३७	धनप्रसाद सापकोटा	कालिका मन्दिर सहयोग समिति	नवलपरासी
३८	नन्दप्रसाद तिवारी	उमामहेश्वर शिव मन्दिर सहयोग समिति	कास्की
३९	नन्दप्रसाद रिजाल	नीलकण्ठ सहयोग समिति	धादिङ्ग
४०	नन्दिकेश्वर तिम्सिना	झापा, चारपाने सहयोग समिति	झापा
४१	नवराज श्रेष्ठ	त्रिनेत्र आध्यात्मिक चिन्तन प्रतिष्ठान स. समिति	वर्दघाट-७, सुस्ता
४२	नारायणकुमार आचार्य	तुलसीपुर सहयोग समिति	दाङ
४३	नारायणप्रसाद भट्टराई	टीकुलीगढ सहयोग समिति	रूपन्देही
४४	निर्मलप्रसाद आचार्य	कालिका मन्दिर सहयोग समिति	रूपन्देही
४५	नेत्रप्रसाद अधिकारी	गैडाकोट सहयोग समिति	भरतपुर-१२, चितवन
४६	नेमराज पौडेल	रत्ननगर सहयोग समिति	चितवन
४७	पदमप्रसाद खतिवडा	बछौली सहयोग समिति	चितवन
४८	पदमराज रेग्मी	कैलासटोल, बसेनी सहयोग समिति	चितवन
४९	पद्मप्रसाद अर्याल	मालुङ्गा सहयोग समिति	स्याङ्जा
५०	पुष्मा न्यौपाने	भरतपुर सहयोग समिति	भरतपुर-१२, चितवन
५१	पूर्ण बुढाथोकी	लोकन्थली, राममन्दिर सहयोग समिति	भक्तपुर
५२	प्रेम घिमिरे	भरतपुर सहयोग समिति	भरतपुर-१२, चितवन
५३	प्रेम लिगल	राधाकृष्ण वृद्धाश्रम सहयोग समिति	कास्की
५४	प्रेमनाथ गौतम	गणेश मन्दिर सहयोग समिति	नवलपरासी
५५	प्रेमनारायण अर्याल	हेलु, भीरकोट सहयोग समिति	स्याङ्जा
५६	बद्री कँडेल	बेगनास ताल वराह मन्दिर सं. सहयोग समिति	कास्की
५७	बद्रीप्रसाद श्रेष्ठ	कृष्णपुर चितवन, अन्नपूर्ण चोक सहयोग समिति	चितवन
५८	भीमनाथ पराजुली	बेनी बजार सहयोग समिति	म्याग्दी
५९	भुवन पराजुली	गाइघाट सहयोग समिति	उदयपुर
६०	मनोज भण्डारी	सिनामङ्गल सहयोग समिति	काठमाडौँ
६१	महेन्द्रलाल प्रधान	नारायणगढ नगरस्तरीय सहयोग समिति	नारायणगढ, चितवन
६२	माधव मिश्र	धनकुटा जिल्लास्तरीय सहयोग समिति	धनकुटा
६३	माधवप्रसाद पौडेल	कपन सहयोग समिति	काठमाडौँ
६४	मुक्तिनाथ गौतम	चैनपुर सहयोग समिति	संखुवासभा
६५	यादवराज घिमिरे	सुपा देउराली मन्दिर सहयोग समिति	अर्घाखाची
६६	युक्तप्रसाद गौडेल	कावासोती सहयोग समिति	नवलपरासी
६७	रमानाथ पौडेल	ॐकारेश्वर शिवमन्दिर, पोखरा सहयोग समिति	कास्की
६८	रमेशकान्त अधिकारी	पाणिनी आधुनिक गुरुकुल सहयोग समिति	स्याङ्जा
६९	रमेशकुमार राजभण्डारी	राधाकृष्ण मन्दिर सहयोग समिति	बागलुङ
७०	रविराज ज्ञवाली	वाणगङ्गा सहयोग समिति	नवलपरासी

७१	राजु अधिकारी	गैडाकोट सहयोग समिति	नवलपरासी
७२	रामकान्त सुवेदी	भरतपुर सहयोग समिति	भरतपुर-१२, चितवन
७३	रामप्रसाद भण्डारी	बालुवा, गोकर्ण सहयोग समिति	काठमाडौँ
७४	रुद्रप्रसाद वस्ती	कालिका मन्दिर, भरतपुर-१० सहयोग समिति	चितवन
७५	रूपनारायण भट्टराई	पथरी सहयोग समिति	मोरङ
७६	रेखा पोखरेल	पारसनगर सहयोग समिति	चितवन
७७	लक्ष्मण खतिवडा	गोकर्णेश्वर सहयोग समिति	काठमाडौँ
७८	लक्ष्मी पौडेल	सिद्धाश्रम शक्ति केन्द्र सहयोग समिति	कास्की
७९	लक्ष्मीप्रसाद सापकोटा	हरिहर सेवा समाज, गीतानगर सहयोग समिति	भ.न.पा. २१, चितवन
८०	लीलाभक्त आचार्य	पोखरा महानगरस्तरीय सहयोग समिति	पोखरा, कास्की
८१	लेखनाथ भट्टराई	गल्याङ् सहयोग समिति	स्याङ्जा
८२	लोकप्रसाद उपाध्याय	ठाकुरबाबा सहयोग समिति	
८३	लोकप्रसाद रिजाल	भूरिगाउँ सहयोग समिति	बर्दिया
८४	वसन्त सिग्देल	दहचोक, थानकोट सहयोग समिति	काठमाडौँ
८५	वासुनाथ लुईंटेल	टोखा सहयोग समिति	काठमाडौँ
८६	विजय पौडेल	इटहरी सहयोग समिति	सुनसरी
८७	विष्णुप्रसाद जमरकट्टेल	अमृतनगर सहयोग समिति	चितवन
८८	विष्णुप्रसाद तिवारी	जलेश्वर शिवमन्दिर सहयोग समिति	कास्की
८९	विष्णुप्रसाद नेपाल	विदुर सहयोग समिति	नुवाकोट
९०	विष्णुप्रसाद पोख्रेल	रैनादेवी छहरा गा. पा. ४ सहयोग समिति	पाल्पा
९१	वृषबहादुर अधिकारी	तोरीखेत, भरतपुर-५ सहयोग समिति	
९२	शंकरराज बराल	भरतपुर सहयोग समिति	भरतपुर-१२, चितवन
९३	शङ्कर सुवेदी	अर्जुनधारा सहयोग समिति	झापा
९४	शान्ति लुईंटेल	नर्मदेश्वर शिवालय सहयोग समिति	नवलपरासी
९५	शान्तिरमण वाग्ले	दमौली सहयोग समिति	तनहुँ
९६	शारदा पोखरेल	घोराही सहयोग समिति	दाङ
९७	शालिकराम सापकोटा	गोपेश्वर महादेव मन्दिर, गैँडाकोट सहयोग समिति	नवलपरासी
९८	शिला थापा	तिलोत्तमा-८, सहयोग समिति	रूपन्देही
९९	शिव बराल	देवेन्द्रपुर, माडी सहयोग समिति	चितवन
१००	शिवा रिमाल	ललितपुर जिल्लास्तरीय सहयोग समिति	जाउलाखेल, ललितपुर
१०१	शेषकान्त आचार्य	कालिका मन्दिर, ज्योतिनगर सहयोग समिति	चितवन
१०२	श्रीराम पौडेल	भरतपुर सहयोग समिति	भरतपुर-१२, चितवन
१०३	हरि कण्डेल	त्रिपुरासुन्दरी सहयोग समिति	धादिङ्ग
१०४	हुमानसिंह कार्की	रैनादेवी छहरा गा. पा. ५ सहयोग समिति	पाल्पा
१०५	होमादेवी रिजाल	रामजानकी मन्दिर, गौरीगञ्ज सहयोग समिति	चितवन

GHIMIRE ASSOCIATES
REGISTERED AUDITORS

Firm Reg. No: 3200
C.O.P. No: 181 C
Pan No: 300482474
Mobile No: 9841804914
Office: 5547038

देवघाटधाम विराट् ज्ञानमहायज्ञ २०७५ मूल समितिमा
पेश गरेको प्रतिवेदन

हामीले यस महेश संन्यास आश्रम देवघाट तनहुँको देवघाटधाम विराट ज्ञानमहायज्ञ २०७५ को आय व्यय हिसाब बिल, भौचर तथा आम्दानी रसिदको आधारमा जाँची संलग्न विवरण प्रमाणित गरेका छौँ।



श्यामहरि घिमिरे
घिमिरे एसोसियट्स
रजिष्टर्ड लेखापरिक्षक
मिति : २०७५।१२।१७

ॐ




महेश-सन्यास-आश्रम
देवघाटधाम विराट ज्ञानमहायज्ञ २०७५

आय - व्यय विवरण

आय			व्यय		
क्र.सं.	शिर्षक	रकम	क्र.सं.	शिर्षक	रकम
क)	गत बर्षको आय	2,554,088.00	१	प्रचार प्रसार	914,544.00
ख)	यस बर्षको आय		२	यातायात, भ्रमण तथा इन्धन	471,245.00
१	यज्ञ अनुस्ठान सहभागिताका लागि दान	16,496,363.00	३	निर्माण तथा मर्मत	7,689,432.00
२	यज्ञसम्पादनका लागि सहयोग	3,690,601.00	४	यज्ञ संचालन	5,931,919.00
३	विविध (यज्ञका लागि अन्य सहयोग)	35,263,573.00	५	आवास तथा भोजन व्यवस्था	7,060,593.00
			६	विविध	474,380.41
			७	नगद बाँकी	0.00
			८	बैंक मौज्दात :-	35,462,511.59
				ज्योति विकास बैंक हि.नं. 100119587000001मा रू.133213.59	
				कृषि विकास बैंक हि.नं. 0508900311128015 मा रू.55555.00	
				सिद्धार्थ बैंक हि.नं. 00815148148 मा रू.2977424.00	
				सिद्धार्थ बैंक हि.नं. 00815117469मा रू.4196319	
				मूद्ती खातामा रू. 28100000.00	
	जम्मा	58,004,625.00		जम्मा	58,004,625.00





बोलप्रसाद भुसाल
गैडाकोट गा.वि.स. वडानं ६, न.प.
पानःनं.- ३०१११२९१४
प्रमाणपत्र नं. ०५८८ 'ग'
सदस्यता नं. ४८१७

श्री महेश संन्यास आश्रम
देवघाटधाम विराट ज्ञानमहायज्ञ २०६५
आयोजक मूल समिति
देवघाट-२, तनहूँ

विषयः <u>लेखापरीक्षण प्रतिवेदन पेस गरेको</u>

मलाई यस महेश संन्यास आश्रम देवघाट धामले देवघाटधाम विराट ज्ञानमहायज्ञ २०६५ सम्पन्न भएकोमा सोको लेखापरीक्षण गरिदिन अनुरोध गरे बमोजिम यज्ञ शुभारम्भ गर्न तयार गरिएको मिति २०६५ । ५ । १३ देखि २०६६ । ६ । २५ सम्मको अन्तिम कारोवारलाई मान्यता दिई पेश भएका, बिल-भर्पाइ, नगदीरसिद, खातापत्रहरु र व्यवस्थापन पक्षले पेश गरेको आय व्यय विवरणको आधारमा लेखा परीक्षण गरी प्रतिवेदन पेस गरेको छु । लेखा परीक्षण गर्दा छड्के परीक्षण समेतलाई आधार मानी व्यवस्थापन पक्षले गरेको खर्चलाई मान्यता दिई गरिएको हुँदा वित्तीय विवरणहरुप्रतिको उत्तरदायित्व मूल आयोजक समितिको नै रहने छ । परीक्षण गर्दा लेखापरीक्षकको कैफियत कलमहरु तपसिल बमोजिम भएको व्यहोरा पेस गरेको छु ।

१) सोधनी भएका कुराहरुको सन्तोष जनक रुपमा जबाफ पाइयो ।

२) महायज्ञको सुरुवात सँगै महेश संन्यास आश्रमको मूल आयोजक समितिले स्थाई निर्माण कार्यहरु एवं सरसफाई समेत गरी खर्च गरेको पाइयो । जसबाट आश्रमको भौतिक सुधार एवं विकासलाई टेवा पुग्न गएको छ ।

३) यस यज्ञबाट पेश भएका विवरणको आधारमा कुनै हानि नोक्सानी भए गरेको पाइएन ।

४) पेश भएको आय व्यय विवरण उचित एवं यथार्थ छ ।

५) यस महायज्ञमा खरीद भएका खप्ने सामानहरुको मूल आयोजक समितिले विवरण तयार गरी महेश संन्यास आश्रममा हस्तान्तरण गर्नु गराउनु आवश्यक छ ।

६) यज्ञमा उठेको रकम मध्ये रु १०६०००००।– (एक करोड छ लाखमात्र) महेश संन्यास आश्रमको नाममा कृषि विकास बैक नारायणगढमा मुद्दती खातामा जम्मा भइसकेको छ । देवघाटधाम विराट ज्ञानमहायज्ञ २०६५ को नाममा रहेको बैक खाता एवं नगद समेत महेश संन्यास आश्रममा यथाशीघ्र हस्तान्तरण गर्नु उचित हुने देखिन्छ ।

अन्त्यमा, लेखापरीक्षण कार्यमा पाएको सहयोगको लागि धन्यवाद दिँदै महेश संन्यास आश्रमको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

बोलप्रसाद भुसाल
(रजिष्टर्ड लेखापरीक्षक)

महेश संन्यास आश्रम
देवघाटधाम तनहुँ
देवघाटधाम विराट ज्ञानमहायज्ञ २०६७ को
आमदानी खर्चको विवरण


क्रमांक	विवरण	रकम	क्रमांक	विवरण	रकम
१	दान	१८६११०९७/८७	१	निर्माण खर्च	१२८०४५१/–
२	बैंक ब्याज	११९११८/२३	२	खाद्य वस्तु	१३५९५७२/–
३	सापटी (बिल अनुसार)	२३६०१/–	२	छपाई	४८४५५/–
			३	प्रचार प्रसार	३१७३१०/–
			४	दान दक्षिणा	५७०५५०/–
			५	इन्धन	११२७७५ /–
			७	खप्ने सामान	२३६१२८/–
			८	यज्ञ सामान	७२५२३१/–
			९	टेन्ट किचन	७०६५६०/–
			१०	मसलन्द	११५७१६ /–
			११	विविध	३४७९४०/–
			१२	बैंक कमिशन	२७५६/८७
			१३	करकट्टी	५९५५/९१
			१४	मुद्दती जम्मा(आश्रम)	१०६००००/–
			१५	आश्रम खातामा जम्मा	२१२३४९२/–
			१६	पाउनुपर्ने बाँकी विभिन्न	११८९६५ /–
			१७	बैंक मौज्दात	७११९८/३२
			१८	नगद	१०७६१/–
	जम्मा	१८७५३८१७/१०		जम्मा	१८७५३८१७/१०

कृष्णप्रसाद अर्याल
लेखापाल

माधवप्रसाद पौडेल
कोषाध्यक्ष

डा. गुरुप्रसाद सुवेदी
महासचिव

डा. स्वामी रामानन्द गिरि
अध्यक्ष



बोलप्रसाद भूसाल
लेखापरीक्षक

संस्थाको स्थापनाकाल (वि.सं.२०५०) का संस्थापक सदस्यहरूको नामावली

क्र.सं.	नाम	पद
क	डा.स्वामी रामानन्द गिरिजी महाराज	अध्यक्ष
ख	स्वामी श्री शान्तानन्द गिरिजी महाराज	उपाध्यक्ष
ग	स्वामी श्री परमानन्द सरस्वती	सदस्य
घ	ब्र. श्री ज्ञानानन्द	सदस्य
ङ	श्री दीर्घराज कोइराला	सदस्य
च	श्री गिरिधारिलाल टिखडवाला	सदस्य
छ	श्री गोपाल सँघई	सदस्य
ज	श्री विदुरप्रसाद पौडेल	सदस्य
झ	श्री मधुसूदन ज्ञवाली	सदस्य
ञ	श्री जंगबहादुर विष्ट	सदस्य
ट	श्री मणिराज उपाध्याय	सदस्य
ठ	श्री मंगल कार्की	सदस्य
ड	श्री पूर्णबहादुर भुजु	सदस्य
ढ	श्री नरहरी चालिसे	सदस्य
ण	श्री माधवप्रसाद पौडेल	सदस्य
त	श्री रामप्रसाद भण्डारी	सदस्य
थ	श्री हिरालाल महासरस्वती	सदस्य
द	श्री हेमबहादुर प्रधान	सदस्य
ध	श्री लिलाभक्त आचार्य	सदस्य

महेश संस्कृत गुरुकुल विद्यालय व्यवस्थापन समिति २०७४

अध्यक्ष-	श्री १००८ स्वामी रमणानन्द गिरि
सदस्य-	डा. गुरुप्रसाद सुवेदी
सदस्य-	विष्णुप्रसाद जमरकट्टेल
सदस्य-	यमुना सोती
सदस्य-	विद्यालय निरीक्षक (पदेन)
सदस्य-	फणीन्द्रप्रसाद पौडेल
सदस्य सचिव	स्वामी केशवानन्द गिरि (प्रधानाचार्य)

महेश संन्यास आश्रमको वर्तमान संचालक समितिका पदाधिकारीहरूको नामावली

क्र.सं.	पद	नाम	ठेगाना	संपर्क नं.
१	अध्यक्षः	श्री स्वामी रमणानन्द गिरि	देवघाट ५ तनहुँ	
२	उपाध्यक्ष	श्री स्वामी केशवानन्द गिरि	देवघाट ५ तनहुँ	
३	सदस्य	श्री ब्रह्मचारी ईश्वरानन्द	देवघाट ५ तनहुँ	
४	सदस्य	श्री विदुरप्रसाद पौडेल	काठमाडौं	
५	सदस्य	श्री दीर्घराज घिमिरे	काठमाडौं	
६	सदस्य	श्री माधवप्रसाद पौड्याल	ललितपुर	
७	सदस्य	श्री प्रा.शिवगोपाल रिसाल	जाउलाखेल ललितपुर	
८	सदस्य	श्री रामप्रसाद भण्डारी	काठमाडौं	
९	सदस्य	श्री केदार विष्ट	काठमाडौं	
१०	सदस्य	श्री दीपक रिमाल	जाउलाखेल ललितपुर	
११	सदस्य	श्री डा.गुरुप्रसाद सुवेदी	भरतपुर १ चितवन	
१२	सदस्य	श्री प्रा. भवानीप्रसाद खतिवडा	काठमाडौं	
१२	सदस्य	श्री निर्मला पोखेल	काठमाडौं	
१४	सदस्य	श्री मन काफ्ले	काठमाडौं	
१५	सदस्य	श्री ईश्वरी पाण्डेय	काठमाडौं	
१६	सदस्य	श्री रामप्रसाद सुवेदी	मकवानपुर	
१७	सदस्य	श्री कपिलदेव सुवेदी	चितवन	
१८	सदस्य	श्री फणीन्द्र पौडेल	चितवन	
१९	सदस्य	श्री यमुना सोती	तनहुँ	
२०	सदस्य	श्री सरला कुमारी खत्री	चितवन	
२१	सदस्य	श्री उमेश घिमिरे	रामेछाप	

महेश संन्यास आश्रमको वर्तमान कार्य समितिका पदाधिकारीहरूको नामावली

क्र.सं.	पद	नाम	ठेगाना	सम्पर्क नं.
१	अध्यक्षः	श्री स्वामी रमणानन्द गिरि	देवघाट ५ तनहूँ	
२	उपाध्यक्ष	श्री स्वामी केशवानन्द गिरि	देवघाट ५ तनहूँ	
३	सदस्य	श्री रामप्रसाद भण्डारी	काठमाडो	
४	सदस्य	श्री डा.गुरूप्रसाद सुवेदी	भरतपुर १ चितवन	
५	सदस्य	श्री रामप्रसाद सुवेदी	मकवानपुर	
६	सदस्य	श्री फणीन्द्र पौडेल	चितवन	
७	सदस्य	श्री यमुना सोती	तनहुँ	
८	सदस्य	श्री सरला कुमारी खत्री	चितवन	
९	सचिव	श्री माधवप्रसाद पौड्याल	ललितपुर	